CC-0. Nepal Sanskrit Academy, Kathmandu



# नेपालमा नाथ योगदर्शनको परम्परा

प्रा.डा. कृष्णचन्द्र शर्मा

नेपाल प्रज्ञा-प्रतिष्ठान

CC-0. Nepal Sanskrit Academy, Kathmandu

CC-0. Nepal Sanskrit Academy, Kathmandu

# नेपालमा नाथ योगदर्शनको परम्परा

प्रा.डा. कृष्णचन्द्र शर्मा

नेपाल प्रज्ञा-प्रतिष्ठान
कमलादी, काठमाडौं

CC-0. Nepal Sanskrit Academy, Kathmandu

**नेपालमा नाथ योगदर्शनको परम्परा**


लेखक : प्रा.डा. कृष्णचन्द्र शर्मा

प्रकाशक : नेपाल प्रज्ञा-प्रतिष्ठान
कमलादी, काठमाडौँ


सर्वाधिकार : नेपाल प्रज्ञा-प्रतिष्ठान


संस्करण : पहिलो, वि.सं. २०७९ (१,२०० प्रति)

कम्प्युटर सज्जा : रञ्जन घिमिरे/सीताराम राई

आवरण सज्जा : वसन्तराज अज्ञात

मूल्य : रु. ३००/-

मुद्रक : प्रज्ञा छापाखाना
कमलादी, काठमाडौँ

ISBN : 978-9937-781-01-5

CC-0. Nepal Sanskrit Academy, Kathmandu

# कुलपतिको मन्तव्य

नेपालका भाषा, साहित्य, कला, संस्कृति तथा ज्ञान-विज्ञानका विविध विधाको अध्ययन, अनुसन्धान एवम् प्रवर्धन गर्दै त्यो विषयमा उत्कृष्ट ग्रन्थ प्रकाशन गर्ने अभिप्रायका साथ वि.सं. २०१४ मा स्थापित नेपाल एकेडेमीले क्रमश: रोयल नेपाल एकेडेमी र नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानका नामबाट विकसित हुँदै आफूले राज्यबाट प्राप्त गरेको उत्तरदायित्वलाई गहनतापूर्वक वहन गर्दै आएको कुरा सबैलाई अवगत भएकै छ। २०६२/०६३ को जनआन्दोलनपछि साबिकको नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानबाट ललित कला एवम् नाट्य-सङ्गीत विधालाई छुट्याई छुट्टाछुट्टै प्रज्ञा-प्रतिष्ठान गठन गरिएको र नेपाल प्रज्ञा-प्रतिष्ठान ऐन २०६४ ले नेपालका भाषा, साहित्य, संस्कृति, सामाजिक शास्त्र र दर्शनको अध्ययन, अनुसन्धानमार्फत प्रवर्धन गर्ने जिम्मेवारी प्रदान गर्दै वर्तमान नेपाल प्रज्ञा-प्रतिष्ठान गठन गरेको हो। यस अर्थमा प्रज्ञा-प्रतिष्ठानको गठनदेखिकै विरासत ग्रहण गर्दै हाल आफूले पाएका कार्यक्षेत्रमा यो प्रज्ञा-प्रतिष्ठान कार्यरत छ।

भाषा, साहित्य, संस्कृति, धर्म, दर्शन, सामाजिक शास्त्र आदि क्षेत्रमा रहेको मुलुकको विविधतालाई सम्बोधन गर्दै यस्तो विविधताभित्र रहेको एकतालाई अझ समृद्ध पार्ने क्रममा नेपालका प्राज्ञिक जगत्का समग्र विज्ञहरूलाई समेट्दै अघि बढ्न हामी कटिबद्ध छौँ। देशभित्र र बाहिर रहेका समग्र नेपाली स्रष्टाको छाता भई उनीहरूको ज्ञान र सिपलाई अधिकतम प्रयोग गर्दै उनीहरूलाई प्राज्ञिक स्थान प्रदान गर्न प्रज्ञा-प्रतिष्ठान कटिबद्ध छ। यसरी राष्ट्रिय रूपमा समग्र नेपालीहरूको साझा प्राज्ञिक थलो बनाउने लक्ष्यका साथ नेपाल प्रज्ञा-प्रतिष्ठानका नीति र कार्यक्रम रहने

CC-0. Nepal Sanskrit Academy, Kathmandu

गरेका छन्। यसका अतिरिक्त अन्तर्राष्ट्रिय जगत्मा स्थापित समान प्रकृतिका प्राज्ञिक संस्थाहरूसँग संस्थागत समझदारी बढाउँदै प्राज्ञिक आदान-प्रदानमार्फत नेपाल प्रज्ञा-प्रतिष्ठानको अन्तर्राष्ट्रिय छवि निर्माण गर्न पनि हामी प्रतिबद्ध छौँ। यसरी स्पष्ट राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय छवि भएको प्रज्ञा-प्रतिष्ठानका रूपमा नेपाल प्रज्ञा-प्रतिष्ठानलाई विकसित गर्ने हाम्रो प्रयासलाई सार्थक बनाउन सरोकारवाला समग्र प्राज्ञहरूको सहयोगको आवश्यकता हामीले महसुस गरेका छौँ। यसरी नेपालभित्र र बाहिर पनि गोष्ठी, सेमिनार, सभा, सम्मेलन, अध्ययन, अनुसन्धान एवम् ग्रन्थ प्रकाशनसहित अनुवादमार्फत ज्ञान र सृजनाको आदान-प्रदानमा नै नेपाल प्रज्ञा-प्रतिष्ठान सक्रिय रहने प्रतिबद्धता सरोकारवाला सबै प्राज्ञहरूसँग जाहेर गर्दछौँ।

**(गङ्गाप्रसाद उप्रेती)**
**कुलपति**
**नेपाल प्रज्ञा-प्रतिष्ठान**

CC-0. Nepal Sanskrit Academy, Kathmandu

# प्रकाशकीय

भाषा, साहित्य, धर्म, दर्शन, संस्कृति, समाजशास्त्र, ज्ञान-विज्ञान एवम् कला-वास्तुकला आदि नेपाली जनजीवनका विविध पक्षहरूको अध्ययन/अनुसन्धानका माध्यमद्वारा सिङ्गो नेपाल राष्ट्रको सुदृढीकरण र समष्टि रूपमा नेपाली राष्ट्रियताको दिगो विकासमा सघाउ पुऱ्याउने पवित्र उद्देश्यबाट अभिप्रेरित भएर नेपाल प्रज्ञा-प्रतिष्ठानको स्थापना गरिएको हो। नेपाल राष्ट्रलाई आवश्यक पर्ने प्रज्ञानको पूर्ति गर्नु नेपाल प्रज्ञा-प्रतिष्ठानको प्रमुख दायित्व हो। नेपाल प्रज्ञा-प्रतिष्ठान स्थापना कालदेखि नै नेपालको मूर्त-अमूर्त सांस्कृतिक सम्पदाको अध्ययन/अनुसन्धानका माध्यमबाट नेपाल राष्ट्रको आवश्यकता परिपूर्ति र विश्वसामु नेपाललाई चिनाउने काममा लागिरहेको छ।

अहिले नेपाल प्रज्ञा-प्रतिष्ठानअन्तर्गत एघारओटा विभाग छन् र ती विभागहरू प्रवचन, गोष्ठी, अनुसन्धान परियोजना तथा पत्रिका एवम् पुस्तक प्रकाशनका माध्यमबाट आआफ्ना क्षेत्रको विषयगत उन्नयनमा लागिरहेका छन्। युगअनुसार नेपालीहरूका बिच आपसी सद्भाव बढाएर नेपालको अस्मितालाई कायम राखिराख्न सघाउ पुऱ्याउने खालको अध्ययन/अनुसन्धानमा नेपाल प्रज्ञा-प्रतिष्ठान निरन्तर रूपले अगि बढिरहेको छ।

यस प्रज्ञा-तिष्ठानले केन्द्रीय र विभागीय अनुसन्धान परियोजनाअन्तर्गत तयार भएका पाण्डुलिपिहरूलाई विषय विज्ञहरूबाट मूल्याङ्कन गराई उहाँहरूको सिफारिसका आधारमा प्रकाशन गर्दै आएको छ। त्यस्तै विगतमा विभिन्न कालखण्डमा प्रज्ञा-प्रतिष्ठानबाट प्रकाशित तर हाल अप्राप्य अवस्थामा रहेका ग्रन्थहरूलाई समेत आवश्यकता र औचित्यका आधारमा पुनः प्रकाशन गर्ने नीति लिइएको छ। प्रस्तुत 'नेपालमा नाथ योगदर्शनको परम्परा' नामक ग्रन्थ दर्शनशास्त्र विभागको अनुसन्धान परियोजनाअन्तर्गत प्रा.डा कृष्णचन्द्र शर्माले तयार गर्नुभएको

CC-0. Nepal Sanskrit Academy, Kathmandu

हो । नेपाल र भारतमा व्यापक प्रभाव भएको नाथ सम्प्रदायको चिन्तनसँग सम्बद्ध यस ग्रन्थलाई प्रकाशन गर्न पाउँदा हामीलाई खुसी लागेको छ । यो ग्रन्थ नाथ योगदर्शनको सैद्धान्तिक ज्ञान र नेपालमा त्यसको परम्पराका विषयमा अध्ययन गर्न चाहने पाठकहरू एवम् अनुसन्धानकर्ताहरूका लागि उपयोगी हुने ठानिएको छ। म यस्तो महत्त्वपूर्ण सामग्री तयार गरिदिनुभएकोमा विद्वान् प्रा.डा. कृष्णचन्द्र शर्माप्रति आभार व्यक्त गर्दछु । यस पुस्तकलाई प्रकाशनयोग्य तुल्याउन भाषा सम्पादन गरिदिनुभएकोमा डा. माधव लामिछानेलाई धन्यवाद प्रदान गर्दछु । त्यस्तै सुसाङ्ख्य सज्जा गर्ने रञ्जन घिमिरे र सीताराम राई तथा आवरण सज्जा गर्ने वसन्तराज श्रेष्ठका साथै योजना तथा कार्यक्रम र प्रकाशनसँग सम्बद्ध विश्वास घिमिरे, इन्द्रप्रसाद सुवेदीलगायत समस्त कर्मचारीलाई हृदयतः साधुवाद दिन्छु ।

**(डा. जगमान गुरुङ)**
उपकुलपति
कमलादी, काठमाडौं

CC-0. Nepal Sanskrit Academy, Kathmandu



# नाथ योगदर्शनको खोजीमा महत्त्वपूर्ण प्रयास

नेपाल प्रज्ञा-प्रतिष्ठान ऐन-२०६४ अनुसार निर्धारित भाषा, साहित्य, संस्कृति, दर्शनशास्त्र र सामाजिक शास्त्र विषयक्षेत्रअन्तर्गत रहेर गठन गरिएका एघारओटा विभागमध्ये दर्शनशास्त्र विभाग एक हो। २०६६ सालमा प्रज्ञा-प्रतिष्ठानअन्तर्गत पहिलो पटक दर्शनशास्त्र विभाग गठन भएको हो। भाषा, साहित्य, संस्कृति र सामाजिक शास्त्र विभागसरह मान्यतासहित काम गर्न सुरु गरेको यस विभागले छोटो अवधिमै अध्ययन/अनुसन्धान र प्रकाशन तथा विचार-गोष्ठी, कार्यशाला र सम्मेलनका माध्यमबाट दर्शनशास्त्रको विकास र विस्तारमा महत्त्वपूर्ण भूमिका खेलिरहेको छ। वर्तमान प्राज्ञ परिषद् (२०७५-२०७९) को गठन र विभागीय जिम्मेवारी निर्धारणपश्चात् बसेको दर्शनशास्त्र विभागको पहिलो बैठकमा विभागीय प्रमुखद्वारा प्रस्तुत अध्ययन/अनुसन्धान, प्रकाशन एवम् विचार-गोष्ठी आदिसँग सम्बद्ध तात्कालिक, मध्यकालिक र दीर्घकालिक योजनासहितका विषयगत शीर्षकहरू पारित र प्राज्ञ परिषद्बाट अनुमोदन भएसँगै तिनको कार्यान्वयन प्रक्रिया अगाडि बढाउने सन्दर्भमा केही महत्त्वपूर्ण काम सम्पन्न भएका छन्, केही सम्पन्न हुँदै छन् र केही भविष्यमा सम्पन्न हुनैपर्ने अवस्थाका कार्यका लागि सूचीबद्ध भएका छन्।

यसै सन्दर्भमा पौरस्त्य ज्ञान र विज्ञानको उद्गम भूमिका रूपमा रहेको नेपालमा प्रवर्तन र विकास भएका दार्शनिक चिन्तनहरूका साथै वर्तमान बहुविधतायुक्त नेपाली समाजका जातीय जीवनदर्शनहरूको उत्खनन गर्ने कार्य अन्तिम चरणमा पुगेको छ र केही दिनभित्रै 'नेपाली दर्शन' का रूपमा पाठकहरूका हातमा आइपुग्ने गरी प्रकाशन हुँदै छ। यसबाट नेपाली भूमिमा प्रवर्तित र आविष्कृत दर्शन/चिन्तनहरूले अर्कै देशको नामबाट संसारमा चिनिनुपर्ने र त्यसको पहिचानको कुनै पनि स्वत्व हामीसँग नरहने स्थितिको अन्त्य हुने छ। विभिन्न कालखण्डमा कठोर तपस्या र दीर्घ साधनाद्वारा हाम्रा प्राचीन ऋषिमुनिहरूले आफ्नो मस्तिष्कबाट निकालेका चिन्तन र दर्शनहरू संसारमा नेपाली विशेषण

CC-0. Nepal Sanskrit Academy, Kathmandu

बोकेरै चिनिने छन् । यसले आज र यसपछिका नेपाली चिन्तकहरूमा आफ्नै माटो, पानी र हावाको स्पर्श पाएर अनि यहीँका हिमाल र पहाडका शिखर, खोँच, गुफा तथा उपत्यका र तराईका नदी किनारहरूमा बसेर हाम्रा पुर्खाहरूले आफ्नो समयमा कसरी प्राज्ञिक चिन्तन गरेका रहेछन् ? उनीहरूले विकास गरेको ज्ञान र विज्ञानको संस्कृति कस्तो रहेछ ? उनीहरूका चिन्तन कति दूरगामी महत्त्वका रहेछन् ? पाश्चात्त्य प्राचीन ज्ञान-विज्ञानसँग तिनको साम्य-वैषम्यको अवस्था कस्तो रहेछ ? र आधुनिक प्राच्य-पाश्चात्त्य चिन्तनहरूमाथि तिनको प्रभाव वा उपजीव्यत्व कति रहेछ ? यी र यस्तै अनेकौँ प्रश्नहरूको उत्तर खोज्ने उत्प्रेरणा जागृत गराउने छ । यसरी नेपाली दर्शनको खोजीका साथै प्राच्य र पाश्चात्त्य दुवै परम्पराका दर्शन/चिन्तनहरूको अन्वेषण-विश्लेषण तथा प्राचीन र आधुनिक दर्शनका बिचमा तुलनात्मक अध्ययन/अनुसन्धान गराउने कार्यमा समेत दर्शनशास्त्र विभाग लागिरहेको छ। प्राच्य संस्कृत दर्शनका साथै चिनियाँ दर्शन, पाश्चात्त्य दर्शन र समकालिक विश्वदर्शनको खोजीमा समेत दर्शन विभाग लागिरहेको छ र ती सामग्री पनि तयारीको अन्तिम अवस्थामा छन् । यथासमयमा तिनको प्रकाशन हुने नै छ। नेपाली दर्शनहरूको उत्खनन गर्ने क्रममा एकीकृत र भिन्न भिन्न दुवै स्वरूपमा विद्वान्/विदुषीहरूबाट सामग्री निर्माण गराई प्रकाशनका माध्यमबाट आदरणीय अध्येता/अनुसन्धाताहरूसमक्ष प्रस्तुत गर्ने कार्य भइरहेको कुरा जानकारी नै छ ।

प्रस्तुत 'नेपालमा नाथ योगदर्शनको परम्परा' शीर्षकको ग्रन्थ नेपाली दर्शनहरूको उत्खनन र विश्लेषण गर्ने सन्दर्भमा तयार गराइएको हो । दर्शनशास्त्र विभागको वार्षिक अध्ययन/अनुसन्धान परियोजनाअन्तर्गत अङ्ग्रेजी, नेपाली र संस्कृत वाङ्मयका विशिष्ट विद्वान् प्राध्यापक डाक्टर कृष्णचन्द्र शर्मा (वि.सं.२०१६, गुल्मी) ले यस ग्रन्थलाई तयार गर्नुभएको छ। प्रस्तुत ग्रन्थ निर्माणको फरक सन्दर्भ पनि छ। विश्वव्यापी महामारीका रूपमा फैलिएको कोरोना भाइरस 'कोभिड-१९' बाट नेपाल पनि आक्रान्त भइरहेका अवस्थामा योगका विभिन्न प्रकारमध्ये आसन, प्राणायाम आदि नियमित गर्नाले कोरोनाबाट बच्न सकिने भन्ने सन्दर्भमा प्रा. डा. शर्माले विभिन्न युट्युब च्यानलहरूमा गर्नुभएका प्रवचन र ती प्रवचनमा पनि योगदर्शनका शास्त्रीय मान्यताका साथै नाथ योगदर्शनका विषयमा उहाँबाट भएको साधिकार प्रस्तुतिले मेरो ध्यान आकर्षण गऱ्यो । नेपाली

CC-0. Nepal Sanskrit Academy, Kathmandu

दर्शनका विभिन्न पक्षहरूको खोजी गरी तिनको प्रकाशनमा तन्मयतापूर्वक लागिरहेको प्रज्ञा-प्रतिष्ठान, दर्शनशास्त्र विभागका लागि उहाँको नाथ योगदर्शनप्रतिको ज्ञान, अभिरुचि र विश्लेषण उपयोगी हुने महसुस गरेर उहाँलाई 'नेपालमा नाथ योगदर्शनको परम्परा' विषयमा अनुसन्धान गरिदिन म आफैले विभागीय प्रमुखका नाताले आग्रह गरेँ। उहाँले त्यसलाई स्वीकार गरेर प्रस्ताव प्रस्तुत गर्नुभयो। यसै पृष्ठभूमिमा प्रस्तुत ग्रन्थ तयार भयो।

वास्तवमा योगदर्शन पौरस्त्य परम्परामा प्रचलित छओटा आस्तिक दर्शनमध्येको एक दर्शन हो। हुन त योग शब्द बौद्ध र जैन सम्प्रदायमा पनि प्रचलित नै छ तर दर्शनका रूपमा यसको गणना वैदिक षड्दर्शनभित्रै गर्ने गरिएको छ। योग शब्दको सामान्य अर्थ जोड्नु हुने भए पनि दर्शनका सन्दर्भमा प्रयुक्त योग शब्दको अर्थ समाधि हो। पौरस्त्य दर्शनका परम्परामा जीवात्मा र परमात्माका बिचको सम्बन्धलाई योग मान्ने गरिएको छ। संसारकै सर्वप्राचीन ग्रन्थ 'ऋग्वेद' मा योग शब्दको प्रथम प्रयोग भएको देखिन्छ। ब्राह्मण ग्रन्थ र उपनिषद् ग्रन्थहरूमा समेत योग शब्दको प्रयोग गरिएको पाइन्छ। महाभारतमा वर्णन गरिएका बाह्रओटा योगमध्ये हठयोग पनि एक हो। श्रीमद्भगवद्गीतामा ज्ञानयोग, साङ्ख्ययोग, कर्मयोग, भक्तियोग, सन्न्यास योग, बुद्धियोग, राजयोग, आत्मसंयोग योग, ध्यानयोग, ब्रह्मयोग, सतत योग, आत्मयोग र समत्व योगको चर्चा भेटिन्छ। ऋग्वेदमा सर्वप्रथम उल्लेख भएर विभिन्न ब्राह्मण र उपनिषद् ग्रन्थहरू तथा उत्तरवर्ती आर्ष महाकाव्यहरूमा योगको धारा अनवरत वर्णन र प्रयोगमा रहेको पाइए पनि र योगको प्रवर्तकका रूपमा हिमाली देवता शिवलाई लिने गरिएको भए पनि योगलाई व्यवस्थित र सूत्रबद्ध गर्ने कार्य भने विद्वान्हरूका अनुसार इसापूर्व २०० देखि २५० सम्मको अवधिका पतञ्जलिले गरेका हुन्। पतञ्जलिद्वारा प्रणीत योगसूत्रलाई पातञ्जल सूत्र र योगदर्शनलाई पातञ्जल दर्शन भन्ने गरिएको हुनाले पनि उक्त कुराको पुष्टि हुन्छ। शास्त्रहरूमा योग शब्दका अनेकौँ अर्थ भेटिए तापनि पतञ्जलिले 'योगश्चित्तवृत्तिनिरोधः' भनेर चित्तका वृत्तिहरूलाई निरोध गर्नु वा रोक्नुलाई नै योग मानेका छन्। पतञ्जलिका अनुसार इन्द्रिय, मन र बुद्धि अविचल रूपमा आत्मा वा अन्तश्चैतन्यमा मिल्न गएको अवस्था वा स्थिर इन्द्रियधारणा नै योग हो। श्वेताश्वतर उपनिषद्मा क्रियात्मक योगको वर्णन गरिएको छ। समाधि गर्दाखेरि शिर, गर्दन र रिढलाई सिधा राख्नु, इन्द्रियलाई मनद्वारा वशमा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

गर्नु, श्वास-प्रश्वासलाई नियमित गर्नु, गिटी, बालुवा आदि नभएको समतल, पवित्र र उपयुक्त स्थानमा योगको अभ्यास गर्नु, योगसिद्धि भएपछि लघुता, आरोग्य, मुखाकृतिमा प्रसन्नता र स्वरमा मधुरता उत्पन्न हुनु प्रत्याहार, प्राणायाम र समाधिका साक्षात् परिचायक लक्षण हुन् भनेर उक्त उपनिषद्मा भनिएको छ ।

योगदर्शनमा चित्त र यसका वृत्तिहरू- विपर्यय (विपरीत ज्ञान), विकल्प (कल्पना), निद्रा र स्मृतिका साथै अविद्या, अस्मिता, राग, द्वेष र अभिनिवेश (जीवनप्रतिको मोह वा मृत्युप्रतिको डर) एवम् द्रष्टा, दृश्य जगत् र ईश्वरजस्ता दार्शनिक विषयहरूको वर्णन एकातिर पाइन्छ भने अर्कातिर यम, नियम, आसन, प्राणायाम, प्रत्याहार, धारणा, ध्यान र समाधि जस्ता अष्टाङ्ग योगको विस्तृत चर्चा पनि पाइन्छ। यी अष्टाङ्ग योग योगसाधना वा योगाभ्यासमा आधारित छन्। यी अष्टाङ्ग योगभित्रै राजयोग र हठयोगको समन्वय पाइन्छ। हठयोगको सम्बन्ध शरीरको विकास र परिवर्तनसँग देखिन्छ भने राजयोगको सम्बन्ध मोक्षसँग रहेको पाइन्छ। हठयोगलाई प्रधान मानेर नाथ सम्प्रदायका सन्तहरूले प्रतिपादन गरेको योगशाखा नै नाथ योगदर्शन हो । नाथ शब्दको प्रयोग 'अथर्ववेद' र 'तैत्तिरीय ब्राह्मण' मा रक्षक या शरणदाताका अर्थमा अनि 'बोधिचर्यावतार'मा बुद्धका अर्थमा तथा जैन एवम् वैष्णव आगमहरूमा ठुला देवताका अर्थमा पाइए पनि इसाको दसौं शताब्दीतिर योगपरक पाशुपत शैव मतको विकास नाथ सम्प्रदायका रूपमा भएपछि त्यस सम्प्रदायमा शिव अर्थमा भएको पाइन्छ। मत्स्येन्द्रनाथ/मच्छेन्द्रनाथ र उनका शिष्य गोरक्षनाथ/गोरखनाथद्वारा यस नाथ योगदर्शनको प्रतिपादन भएको हो । यस सन्दर्भमा मत्स्येन्द्रनाथद्वारा लिखित 'कौलज्ञाननिर्णय' र 'अकुलवीरतन्त्र' तथा गोरक्षनाथद्वारा संस्कृतमा लिखित लगभग तिसओटा पुस्तकमध्ये 'अमनस्क', 'अमरौध', 'शासन', 'गोरक्षशतक', 'गोरक्षसंहिता', 'योगमार्तण्ड', 'योगबीज', 'विवेकमार्तण्ड', 'हठसंहिता' र 'सिद्धसिद्धान्तपद्धति' को विशिष्ट भूमिका रहेको देखिन्छ। 'सिद्धसिद्धान्तपद्धति' का अनुसार 'हठ' शब्दमा प्रयुक्त दुईओटा अक्षरमध्ये 'ह' को अर्थ सूर्य र 'ठ' को अर्थ चन्द्रमा हुन्छ। सूर्यले प्राणवायु र चन्द्रमाले अपानवायुलाई बुझाउने कुरासमेत नाथ योगदर्शनमा वर्णित छ। प्राणायामद्वारा यी दुवै वायुको निरोधलाई हठयोग मानिएको छ। अर्को मतमा सूर्य भनेको इडा नाडी हो र चन्द्रमा भनेको पिङ्गला नाडी हो। इडा र पिङ्गला नाडीलाई रोकेर सुषम्ना नाडीबाट

CC-0. Nepal Sanskrit Academy, Kathmandu
प्राण सञ्चार गर्नु नै हठयोग हो। नाभिबाट आरम्भ भएर मेरुदण्ड हुँदै ब्रह्मरन्ध्रसम्म पुग्ने नाडी नै सुषुम्ना हो।

नाथ योगदर्शनसँग सम्बद्ध आचार्यहरूलाई सिद्ध भन्ने गरिएको छ। 'हठयोगप्रदीपिका' ग्रन्थमा केही महासिद्धहरूको नाम दिइएको छ। नाथपरम्परामा चौरासी सिद्धको वर्णन पाइन्छ। यीमध्ये कतिपय सिद्धहरूका नाम शैव र बौद्ध दुवै परम्परामा भेटिन्छन्। यसबाट नाथ योगदर्शन शैव र बौद्ध दुवै परम्परामा लोकप्रिय रहेको र शैव र बौद्ध परम्पराका बिचमा समन्वय गराउनमा समेत यस चिन्तनधाराको महत्त्वपूर्ण सहयोग रहेको अनुमान हुन्छ। यसलाई नेपालको राजधानी काठमाडौँमा लिच्छवि राजा नरेन्द्रदेवका पालादेखि हालसम्म प्रचलित मत्स्येन्द्रनाथको जात्राले पनि पुष्टि गर्दछ। साथै काठमाडौं उपत्यकाका जात्राहरूमा नाथयोगीहरूले चक्रपूजा गर्ने प्रचलन परम्परादेखि हालसम्म पनि कायम रहेको यथार्थबाट समेत उपर्युक्त स्थिति थप प्रमाणित हुन्छ।

पतञ्जलिद्वारा सूत्रबद्ध र व्यवस्थित गरिएको योगदर्शनको हठयोग संस्करणका रूपमा विकसित नाथ योगदर्शन समेत नेपालसँग प्रारम्भदेखि नै जोडिएको थियो। मत्स्येन्द्रनाथ र उनका शिष्य गोरक्षनाथको सम्बन्ध नेपालसँग जोडिएका अनेकौं ऐतिहासिक सन्दर्भहरू साक्ष्यका रूपमा हाम्रा अगाडि खडा छन्। यद्यपि नाथ योगदर्शनको प्रभाव हालका दक्षिण एसियाली मुलुकहरू भारत, पाकिस्तान, अफगानिस्तान आदिमा समेत विस्तारित छ र मत्स्येन्द्रनाथ र गोरक्षनाथसँग सम्बद्ध असङ्ख्य किंवदन्ती वा दन्त्यकथा पनि ती सबै क्षेत्रमा प्रचलित छन्। यसरी वर्तमान नेपाली समाजका साथै भारतीय समाजमा समेत नाथ योगदर्शनको व्यापक र सशक्त प्रभाव छ। यस दर्शनको आफ्नै किसिमको स्थान र महत्त्व पनि छ। यसै महत्त्वलाई आत्मसात् गरेर नेपाल प्रज्ञा-प्रतिष्ठान, दर्शनशास्त्र विभागले प्राध्यापक डाक्टर कृष्णचन्द्र शर्माद्वारा प्रस्तुत ग्रन्थ तयार गराएर प्रकाशन गरेको छ। योगदर्शनको प्रवर्तनकालिक शास्त्रीय मान्यतासहितका पृष्ठभूमिमा नाथ योगदर्शनको गहिराइमा पुगेर विद्वान् लेखकले यस सामग्रीलाई तयार गर्नुभएको छ भन्ने कुरामा हामी विश्वस्त छौं। यस ग्रन्थमा नाथचिन्तन र नेपाल, नेपाली नाथपरम्पराका केही वैशिष्ट्य, योगपरम्परामा नाथ योगसाधना, नाथ योगमा दीक्षा, वेशभूषा, जीविका, अन्त्येष्टिकर्म, नाथपरम्पराका मानक सिद्धान्तहरू, योगदर्शनमा नाथसिद्धान्त, नेपाली नाथपरम्परासित सम्बद्ध योगीहरू, नाथ सम्प्रदायसँग सम्बद्ध

CC-0. Nepal Sanskrit Academy, Kathmandu

ऐतिहासिक अभिलेखहरूका साथै नेपालमा रहेका नाथ मठमन्दिर र स्मारकहरूलगायतका विषयमा गम्भीर र प्रामाणिक अध्ययन गरिएको छ। यो नाथ योगदर्शनको खोजीमा महत्त्वपूर्ण प्रयास हो। नाथ योगदर्शन र नेपालमा त्यसको परम्पराका विषयमा जान्न चाहने अध्येता/अनुसन्धाताहरूका लागि यो ग्रन्थ उपयोगी प्राज्ञिक सामग्री सिद्ध हुने अपेक्षा हामीले गरेका छौं। अन्त्यमा अत्यन्त परिश्रमपूर्वक यस ग्रन्थलाई तयार गरिदिनुभएकोमा विद्वान् लेखक प्रा.डा. कृष्णचन्द्र शर्माप्रति दर्शनशास्त्र विभागका तर्फबाट म आभार व्यक्त गर्दछु। यस पुस्तकलाई प्रकाशनयोग्य तुल्याउन वर्णविन्यासका लागि डा.माधवप्रसाद लामिछाने, सुसाङ्ख्य सज्जाका लागि नायब सुब्बा रञ्जन घिमिरे तथा आवरण सज्जाका लागि वसन्तराज श्रेष्ठका साथै योजना र प्रकाशनसँग सम्बद्ध सम्पूर्ण कर्मचारीलाई हार्दिक धन्यवाद दिन्छु।

२०७९ आषाढ १७ गते शुक्रवार

**प्रा.जगत् उपाध्याय 'प्रेक्षित'**
प्रमुख
दर्शनशास्त्र विभाग
नेपाल प्रज्ञा-प्रतिष्ठान

CC-0. Nepal Sanskrit Academy, Kathmandu

# लेखकीय

नाथ योगदर्शन साधनाप्रधान समन्वयवादी दर्शन हो। यसको चिन्तन र साधनामा जातीयता र सामाजिक भेदभावलाई कुनै ठाउँ छैन। नाथ योगदर्शन आध्यात्मिक दर्शन हो किनभने शिव र शक्तिको एकता 'सामरस्य' यसको लक्ष्य हो। यसको साधनापद्धति हठयोग हो त्यसैले यसलाई हठयोग दर्शन पनि भनिन्छ। यस दर्शनको माध्यम शरीर हो। षट्कर्मबाट शरीर शुद्ध भइसकेपछि योगसाधना खास गरी आसन र प्राणायामबाट गोरखनाथको शब्दमा 'पक्व देह' बन्छ। योगसाधनाबाट शुद्ध र बलियो भएको शरीर र चञ्चलताबाट मुक्त मनले मात्र ठिक ढङ्गले चक्रसाधना र कुण्डलिनी साधनामार्फत ध्यानमा जान र त्यसपछि समाधिमा वा राजयोगमा पुगिन्छ। नाथयोगले भनेको साधनाको बाटो नसमाती, शरीर र मनस्साधना नगरी सोझै ध्यानमा अझ समाधिमा पुग्न सम्भव देखिँदैन। यसरी ध्यान र समाधिमा पुग्ने उपयुक्त माध्यम शरीर र मन नै हुन्। ती दुइलाई अनुशासित पारेर तयार पार्ने काम श्वासप्रश्वास साधना अर्थात् प्राणायाम साधनाले गर्छ।

हठयोग साधना नाथयोग साधनाको प्रमुख अङ्ग हो। समग्र योगदर्शनमा शरीर र मनलाई बुझ्न प्रयास गर्ने हुनाले नाथ योगदर्शन नै व्यावहारिक र उपयोगी देखिन्छ। नाथ योगदर्शनको सैद्धान्तिक निरूपण मत्स्येन्द्रनाथको **कौलज्ञान निर्णय**, गोरखनाथको **गोरक्षशतक** र **सिद्धसिद्धान्तपद्धति**ले गरेको पाइन्छ। त्यस परम्परालाई अनुसरण गरेर धेरै ग्रन्थहरू लेखिए। तीमध्ये नेपालको राष्ट्रिय अभिलेखालयमा रहेको हालसम्म प्रकाशन नभएको तर माइक्रोफिल्ममा उतारेर नेपाल र बर्लिनमा राखिएको **गोरक्षयोगशास्त्र** अति महत्त्वपूर्ण रहेको छ। नाथयोगको साधनापद्धति हठयोग त्यसको लामो परम्परालाई लिपिबद्ध गरी व्यवस्थित गर्ने काम स्वात्मारामसम्मले आफ्ना सिद्धान्तग्रन्थ, '**हठयोग प्रदीपिका**'मा स्पष्ट पारेका छन्। संसारभरिका नाथयोगीहरूले यिनै सिद्धान्तको अनुसरण र अभ्यास गर्दै आएका छन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

सैद्धान्तिक रूपमा नेपालका नाथयोगी र अन्य ठाउँका नाथयोगीमा तात्त्विक भिन्नता पाइँदैन तर स्थानीयताका प्रभावले साधनामा र अभ्यासमा केही भिन्नता देखिन्छ। यस प्रसङ्गलाई यस पुस्तकमा स्पष्ट पार्ने प्रयास गरिएको छ। नाथ योगपरम्परा नेपालको संस्कृति, इतिहास, दर्शन र राजनीतिसित घनीभूत रूपमा गाँसिएको छ। काठमाडौँ उपत्यकाको नाम एउटै काठले बनेको सत्तल या पाटी 'काष्ठमण्डप'को नामबाट रहेको मानिएको छ। यस काष्ठमण्डप सत्तलमा गोरखनाथको मूर्ति र गोरखपादुका रहेको र यहाँ नाथयोगीलाई बस्न राजा जयस्थिति मल्लले अनुमति दिएको कुरा त्यहाँ रहेका नेपाल संवत् ४९९ वि.सं.१४३६ को ताम्रपत्रमा उल्लेख भएको पाइन्छ। त्यस बेलासम्म नेपालमा नाथहरूको प्रभाव बढिसकेको देखिन्छ। संस्कृति र इतिहास धेरै ठाउँमा मिथकसित जोडिएको पाइन्छ। अनुसन्धातालाई संस्कृतिका अनेक पाटा कतै इतिहास, कतै भूगोल र कतै मिथक अर्थात् पौराणिक आख्यानहरूसित जोडिएको हुनाले छुट्ट्याउन गाह्रो पर्छ। नेपालको सभ्यता खास गरेर काठमाडौँ उपत्यकाको सभ्यता र संस्कृति गोरखनाथको मिथकसित जोडिएको छ। गोरखनाथले पशुपति मृगस्थलीमा काठमाडौँको सेरोफेरोका मुख्य नागहरूको आसन बनाएर त्यसमा बसी १२ वर्ष तपस्या गर्दा यहाँ खडेरी पऱ्यो र विज्ञ र ज्योतिषीहरूसँग रायसल्लाह लिँदा गोरखनाथका गुरु मत्स्येन्द्रनाथलाई ल्याउन सकियो भने गुरुको सम्मान गर्न उनी आसन छाडेर उठ्छन् र नागहरू मुक्त भएपछि पानी पर्छ भन्ने सुझावअनुरूप तात्कालिक राजा नरेन्द्रदेव र तान्त्रिक बन्धुदत्त कामरूप कामाख्या गएर अनुरोध गरी जनकल्याणका लागि गुरु मत्स्येन्द्रनाथ नेपाल आएका थिए। गुरु मत्स्येन्द्रनाथको काठमाडौँ उपत्यकामा आगमन भएपछि गुरु मत्स्येन्द्रनाथलाई सम्मान गर्न योगी गोरखनाथ उठे र उनी उठ्नासाथ नागहरू मुक्त भए। त्यसपछि उपत्यकामा वर्षा भयो। यसरी मत्स्येन्द्रनाथ उपत्यकामा आउने र पानी पर्ने एकै समयमा भयो। पानी परेपछि खेतीपाती भयो। यहाँको जनजीवनमा सहकाल आयो र त्यति बेलादेखि नै सहकालका देवताका रूपमा मत्स्येन्द्रनाथको जात्रा निकाल्न सुरु गरियो। त्यति बेला लिच्छविराजा नरेन्द्रदेवको समय थियो। यसरी उनका पालादेखि सुरु भएको मत्स्येन्द्रनाथको जात्रा अहिलेसम्म निरन्तर रूपमा चलिरहेको छ। नेपालमा मनाइने जात्रामध्ये यो सबभन्दा भव्य जात्रा मानिन्छ। ललितपुरमा मत्स्येन्द्रनाथलाई अवलोकितेश्वरका रूपमा मुख्य देवता मानिन्छ। भक्तपुर, ललितपुर र काठमाडौँका नेवार समुदायका जात्राहरूमा विघ्नबाधा नपरोस् भनेर नाथयोगीहरूले चक्रपूजा गर्ने चलन त्यति बेलादेखि अहिलेसम्म निरन्तर रूपमा चलिरहेको छ। यसरी

CC-0. Nepal Sanskrit Academy, Kathmandu

उपत्यकामा बौद्ध परम्परा र नाथ परम्पराका बिचमा सहकार्य र समन्वय रहेको देखिन्छ।

सिन्जाराज्यका राजाहरूलाई शिरपेच पहिराउने काम नाथयोगी चन्दननाथले सुरु गरेका थिए। यो परम्परा सिन्जाका राजाहरूको राज्यपरम्परा रहँदासम्म जारी रह्यो। त्यस क्षेत्रको सांस्कृतिक परम्परामा नाथयोगीहरूको ठुलो हात रहेको छ। यिनै योगी चन्दननाथले काश्मीरबाट मार्सीधानको बिउ ल्याएका थिए र उनले नै सिन्जा उपत्यकाको फाँटमा मार्सी धान लगाउन सुरु गराएको मानिन्छ। त्यसै गरी दाङक्षेत्रमा थारूहरूका राजाहरूको शासन रहँदासम्म नाथयोगी रत्ननाथलाई इष्टदेवता मान्दथे र दाङको रत्ननाथ मठ सञ्चालनमा आवश्यक जग्गाजमिन गुठिका रूपमा राखिदिएका थिए। पछि चौबिसे राजाहरूले खास गरी सल्यानी राजाहरूले रत्ननाथ मठको संरक्षण र सम्भारको काम गरेको देखिन्छ। नेपालको एकीकरण गर्ने राजा पृथ्वीनारायण शाह गुरु गोरखनाथलाई इष्टदेवता मान्दथे र यो चलन राजा पृथ्वीनारायण शाहको वंशपरम्पराको शासन रहँदासम्म जारी रह्यो। पृथ्वीनारायण शाहले आफ्ना सिक्कामा श्री श्रीगुरु गोरखनाथ भनेर उनको नाम अङ्कित गरे। शाहवंशको नेपालमा राज चल्दासम्म गोरखनाथको नाम सिक्कामा अङ्कित गर्ने काम कायम थियो। राजा पृथ्वीनारायण शाहले आफ्नो जीवनभर राजकीय सरसल्लाह सल्यान राना गाउँमा मठ रहेका श्रीभगवन्तनाथसँग लिने गर्थे। उनलाई देशभरिका जोगीहरूको महन्त्याइँ दिइएको थियो। पटक पटक राजा पृथ्वीनारायण शाहले उपहार पठाउँथे र भगवन्तनाथलाई अनेक पटक पत्र लेखेका थिए। ती पत्र जनकलाल शर्माको **'जोसमनी सन्त परम्परा र साहित्य'**मा छापिएको छ। त्यसै गरी योगी सिंहनाथको **सिद्धसिद्धान्तपद्धतिको** नेपाली अनुवादसहित छापिएको पुस्तकमा पनि उक्त कुरा उल्लिखित छ।

नेपालमा गृहस्थ नाथयोगीहरूको ठुलो जनसङ्ख्या रहेको छ। नेपालको सुदूर पश्चिम, मध्यपश्चिम र पश्चिम क्षेत्रमा नाथ थर भएका गृहस्थ जोगीको धेरै ठुलो सङ्ख्या रहेको छ। अहिले नाथपरम्पराको निरन्तरतामा चाहे त्यो थापाथलीको गोरखमन्दिर र अखाडा, मृगस्थलीको गोरक्षसिद्धपीठ, वसन्तपुर दरबारक्षेत्रको पीर पीठ, गोरखाको गोरख गुफा, दाङको रत्ननाथको पीरपीठ, डोटीको दिलीपेश्वर मठलगायत नेपालभरिका नाथ मठमन्दिरको सञ्चालन र व्यवस्थापनमा अवधूत र औघढ (सन्न्यासी नाथ र गृहस्थी नाथ) दुवै थरी नाथको महत्त्वपूर्ण भूमिका देखिन्छ। यस्तो दुवै थरी नाथको समन्वयात्मक भूमिका नेपालको विशेषता हो। भारतका प्रसिद्ध नाथमठहरूमा अवधूत नाथहरूको स्थान प्रमुख रहेको र औघडहरूको भूमिका केवल गौणरूपमा मात्र देखिन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

अन्त्यमा नेपालमा नाथयोग दर्शनको परम्पराका बारेमा अनुसन्धानका लागि अवसर प्रदान गर्नुभएकोमा प्रज्ञा-प्रतिष्ठानका सदस्य सचिव तथा दर्शनशास्त्र विभागका प्रमुख प्रा.जगत्प्रसाद उपाध्यायप्रति कृतज्ञता प्रकट गर्दछु। आवश्यक सरसल्लाह दिनुभएकोमा कुलपति श्री गङ्गाप्रसाद उप्रेती, प्रा.डा.योगेन्द्रप्रसाद यादव, प्रा.डा.हेमनाथ पौडेल, प्रा.डा. उषा ठाकुर, प्रा.डा.गोपीन्द्र पौडेल, डा. देवी नेपालप्रति आभार व्यक्त गर्न चाहन्छु। यस अध्ययनका क्रममा आवश्यक सामग्री दिएर एवम् वेबसाइटको जानकारी गराउनुभएका मेरा आदरणीय गुरु प्रा.डा. श्रीधर लोहनीप्रति विशेष कृतज्ञ छु। नाथपरम्पराका बारेमा जानकारी दिनुहुने लेखक अर्जुन ज्ञवाली, योगी सिंहनाथ (डा.कर्णबहादुर थापा), योगी श्रीष नाथ (मृगस्थली), योगी नारायणनाथ (गोरक्षमठ थापाथली), योगी बलभद्रनाथ (पचभैया, पोखरा), प्रेमनाथ योगी (सिलगढी, डोटी), शङ्कर योगी (रत्ननाथ मठ, दाङ) प्रति कृतज्ञता जाहेर गर्न चाहन्छु। मैले यस अध्ययनलाई अध्ययनमात्र नभएर नेपालको इतिहास र संस्कृतिको परम्परा जान्ने बुझ्ने सुअवसरका रूपमा लिएको छु। त्यसैले यस ज्ञानसंसारलाई बुझ्ने अवसरमा सहयोग गर्नुहुने विभिन्न नाथपीठका सन्न्यासी र औघढ योगीहरूप्रति तथा अन्य सहयोगी व्यक्तित्वहरू सबैको नाम राख्न सम्भव नभएकाले सबैप्रति आभार प्रकट गर्न चाहन्छु। भविष्यमा पनि आवश्यक सहयोगको अपेक्षाको साथ हार्दिक नमन गर्न चाहन्छु।

**प्रा.डा.कृष्णचन्द्र शर्मा**

CC-0. Nepal Sanskrit Academy, Kathmandu

# सङ्केताक्षरको विवरण

| | |
|---|---|
| ना.यो.द. | नाथ योगदर्शन |
| ना.प. | नाथपरम्परा |
| ना.यो.पं. | नाथ योगपरम्परा |
| गु.गो.ना. | गुरु गोरखनाथ |
| गु.म.ना. | गुरु मत्स्येन्द्रनाथ |
| न.ना.क. | नव नाथकथा |
| म.गु.गो.ने. | महायोगी गुरु गोरखनाथ |
| म.गु.गो.अ.ने.ए. | महायोगी गुरु गोरखनाथ: अवतरण र नेपाल एकीकरण |
| गो.ना.स.प. | गोरखनाथ : नाथ सम्प्रदाय के परिप्रेक्ष्य में |
| गो.वा. | गोरखबानी / गोरखवाणी |
| गो.क. | गोपीनाथ कविराज |
| ह.प्र.द्वि. | हजारी प्रसाद द्विवेदी |
| सि.सि.प. | सिद्धसिद्धान्तपद्धति |
| गो.श. | गोरक्षशतक |
| गो.र.सं. | गोरक्षसंहिता |
| ह.यो.प्र. | हठयोग प्रदीपिका |
| (ब्रिग्स)ज.वे.ब्रि. | जर्ज वेस्टन ब्रिग्स |
| गो.क.यो. | गोरखनाथ एन्ड कनफटा योगिज् |
| घे.सं. | घेरण्ड संहिता |
| कौ.ज्ञा.नि. | कौलज्ञाननिर्णय |
| मो.वा. | मोनास्टिक वान्डेरर्स |

CC-0. Nepal Sanskrit Academy, Kathmandu

CC-0. Nepal Sanskrit Academy, Kathmandu

# विषयसूची

## अध्याय एक
## नेपालमा नाथयोग दर्शनको परम्परा


**१.१ नाथचिन्तन र नेपाल** १

१.१.१ गोरखा र गोरखाली ३

**१.२. नेपाली नाथपरम्पराका केही वैशिष्टच** ४

१.२.१. हिन्दु र बौद्ध दुवैका आराध्य मत्स्येन्द्रनाथ, पशुपति र मुक्तिनाथ ४

१.२.२. फेरी लगाउने चलन ५

१.२.३. नेपाली मुद्रामा गोरखनाथ ६

१.२.४. मच्छिन्द्रनाथको जात्रा ६

१.२.५. सन्न्यासी र औघढ दुवै थरी नाथहरूको दायित्व ६

१.२.६. श्रीपात्र देवताको तीर्थयात्रा ७

१.२.७. चक्रपूजाको परम्परा ९

**१.३. भारतका विभिन्न ठाउँमा प्रसिद्ध नाथसिद्धहरू** ११

**१.४. नाथपरम्परा संस्थापनाको श्रेय** १३

**१.५. नाथयोगीहरूलाई बुझाउने विभिन्न नामकरण र अभ्यास** १३

**१.६. नाथसाहित्यमा शैव र वैष्णव भक्ति परम्पराको प्रभाव** १६

**१.७. नाथसम्प्रदायमा प्रयुक्त नाथ शब्दको अर्थ र परिभाषा** १७

**१.८ नाथहरूको स्थिति र अन्य परम्परासितको सम्बन्ध** १८

**१.९ नाथ अनुयायीको वर्गीकरण : बाहपन्थ** २०

१.९.१ **कौलज्ञाननिर्णय भाग १** (पृ.७७)मा बाह्र पन्थका विवरण... २१

१.९.२ योगेन्द्रनाथ योगीका अनुसार बाह्रपन्थको सूची ... २१

१.९.३ हजारी प्रसाद द्विवेदीका अनुसार बाह्र पन्थको सूचना... २३

१.९.४ राजा चन्द्रनाथले **योगियों का नित्याचार -अखण्डपूजा**... २४

१.९.५ **सिद्ध घोरा कोलिनाथ** पुरानो हिन्दी भाषामा लिखित... २४

**१.१० नाथपीठमा महन्त या पीर नियुक्तिमा विविधता** २६

CC-0. Nepal Sanskrit Academy, Kathmandu

## अध्याय दुई

## योगपरम्परामा नाथयोग साधना

**२.१ वेद र उपनिषद्मा योगसाधना** २८
**२.२ नाथपरम्पराका आदर्श** २९
**२.३ नाथयोग दर्शनको आधार योगसाधना** ३२
२.३.१ हठयोग ३२
२.३.२ अजपा गायत्री ३४
२.३.३ योग आसन ३५
२.३.४ षट्कर्म ३६
२.३.५ प्राणायाम ३६
२.३.६ नाथयोगीमा हुनुपर्ने ज्ञान ३७
२.३.७ चक्रसाधना ३८
२.३.८ कुण्डलिनी साधना ४६
२.३.९. कुण्डलिनी र नाडी सम्बन्ध ५१

## अध्याय तीन

## नाथयोगमा दीक्षा, वेशभूषा, जीविका, अन्त्येष्टिकर्म

**३.१ पाँच गुरुबाट दीक्षा** ५३
**३.२ नाथ जोगीलाई चिनाउने वस्तुहरू र प्रयोग** ५३
३.२.१ कर्णकुण्डल ५३
३.२.२ सिङ्गीनाद ५४
३.२.३ यज्ञोपवीत या जनै ५४
३.२.४ मेखला ५४
३.२.५ पवित्रा ५४
३.२.६ कौपिन या लगौटी ५४
३.२.७ हालमातङ्गा ५४
३.२.८ धन्धारी ५४
३.२.९ रुद्राक्ष माला ५४
३.२.१० आधारी ५५
३.२.११ कन्था या गुदारी ५५
३.२.१२ खप्पर ५५
३.२.१३ भस्म र त्रिपुण्ड ५५
३.२.१४ धुनी जगाउने ५५
३.२.१५ किङ्गारी वा सारङ्गी ५५
**३.३ नाथयोगीको अन्तिम संस्कार** ५६

CC-0. Nepal Sanskrit Academy, Kathmandu

## अध्याय चार

## नाथसम्प्रदायबारे लेखेका विद्वान्हरू

४.१ नाथसाहित्य, दर्शन र परम्पराबारे प्रकाश पारेको मुख्य... ६३
४.२ नाथपरम्परामा नवनाथ र चौरासी सिद्ध ६४
४.२.१ नवनाथ कथा र भैरवनाथावतार कथाबाट ६७

## अध्याय पाँच

## नाथपरम्पराका मानक सिद्धान्तहरू

५.१ कौलज्ञाननिर्णय ७२
५.२ गोरक्षशतकम् (सारांशमा) ८४
५.३ सिद्धसिद्धान्तपद्धति ८६
५.४ गोरक्षयोगशास्त्र (नेपालमा प्राप्त नाथग्रन्थको पाण्डुलिपि) ९२
५.५. गोरक्षगायत्री ९८

## अध्याय छ

## नाथसिद्धान्तमा आधारित योगदर्शन

६.१ नाथदर्शनको परम्परामा गोरखनाथ दर्शन १०५
६.२ नेपालको नाथपरम्परासित अभिसम्बद्ध योगीहरू १०९
३.३ मत्स्येन्द्रनाथ वा मच्छिन्द्रनाथ १०९
६.४ गोरखनाथको जीवनलीला ११३
६.४.१ गोरखनाथका संस्कृत ग्रन्थहरू ११६
६.४.२ गोरखनाथका सधुक्कडी भाषामा रचित ग्रन्थहरू ११८
६.४.३ जुम्ला, दाङ र गोरखाराज्य तथा नाथयोगीहरू १२३

## अध्याय सात

## नाथ सम्प्रदायबारे ऐतिहासिक अभिलेखहरू

७.१ मृगस्थली गोरक्षपीठको महन्त परम्परा १४५
७.२ नाथसम्प्रदायबारे प्राप्त ताम्रपत्र र अभिलेखहरू १४५
७.३ नेपाली मुद्रा १४७
७.४ गोरखनाथलाई साक्षी राख्ने चलन १४७
७.५ नाथयोगीबारे आख्यान र जनश्रुतिहरू १४८
७.५.१ मच्छिन्द्रको जात्रामा कल्पवृक्षको आगमन १४८
७.५.२ काष्ठमण्डपको वास्तु सम्पन्न नभएको किंवदन्ती १४९

CC-0. Nepal Sanskrit Academy, Kathmandu

## अध्याय आठ

## नेपालमा रहेका नाथमठ, मन्दिर र स्मारकहरू

८.१ काठमाडौँ उपत्यका र सेरोफेरोका नाथ मठमन्दिर र स्मारकहरू १५०
८.२ पश्चिम नेपालमा रहेका नाथसम्प्रदायका मठमन्दिरहरू १५२
८.३ चक्र र शक्तिपीठको अन्तःसम्बन्धबारे मत्स्येन्द्रनाथ र गोरखनाथ... १६१
८.४ नेपालका नाथयोगीहरूले उपासना गर्ने मुख्य देवीदेवता १६२
 ८.४.१ श्रीपात्र देवता १६२
 ८.४.२ भैरव देवता १६४
 ८.४.३ त्रिपुरसुन्दरी, योगमाया र बालासुन्दरी १६५
 ८.४.४ योगी गोरखनाथको मूर्ति एवम् पादुका १६६
 ८.४.५ श्रीयन्त्रको पूजा १६६
 ८.४.६ नवनाथ र सिद्धहरू १६७

## अध्याय नौ

## नाथहरूमा नाद र बिन्दुपरम्परा (सन्न्यासी र गृहस्थ योगी)

९.१ नेपालमा गृहस्थ नाथ योगी 'औघढ' १७५
९.२ थारू नाथ जोगी १७६
९.३ नेवार नाथ जोगीहरू १७६
९.४ भारतका गृहस्थ नाथयोगीको परम्परा १७७

## अध्याय दश

## उपसंहार

सन्दर्भ ग्रन्थसूची १८२
परिशिष्ट १८६

CC-0. Nepal Sanskrit Academy, Kathmandu

# अध्याय १

# नेपालमा नाथयोग दर्शनको परम्परा

## १.१ नाथचिन्तन र नेपाल

संसारका विभिन्न देशहरूमा जहाँ नेपाल र भारतका मानिसहरू पुगेका छन् त्यहाँ नाथहरू पनि पुगेका छन् र उनीहरूका साथमा नाथचिन्तन र साधना पनि पुगेको छ। सबै नाथपरम्पराका अनुयायीहरूका दार्शनिक आधार र प्रमुख स्रोत सिद्ध मत्स्येन्द्रनाथ र सिद्ध गोरखनाथ हुन्। मत्स्येन्द्रनाथको चिन्तनमा तन्त्रपरम्पराको स्पष्ट प्रभाव देखिन्छ र उनको आफ्नो दर्शन कौलदर्शन हो जसमा योगिनी साधना, पञ्चमकारको प्रयोग, साध्याको प्रयोग, सहजा, कुलजा र अन्त्यजाको साधनाका रूपमा उल्लेख पाइन्छ भने गोरखनाथको दर्शन योगदर्शन हो। यसमा षडङ्ग योगसाधना नै सिद्धिमा पुगिने माध्यम हो, कौलसाधनामा अपनाइएका माध्यमलाई उनले निषेध गरेका छन्। यसरी मत्स्येन्द्रनाथको नाथदर्शन तान्त्रिक परम्पराबाट सुरु भए पनि यसको मूल लक्ष्य र लक्ष्यप्राप्तिका साधना सिद्ध गोरखनाथले निर्दिष्ट गरेको योगसाधनामा आधारित रहेका छन्। गोरखनाथले नाथहरूको साधनालाई तन्त्रबाट अलग्याएर यौगिक परम्परामा स्थापित गरेको देखिन्छ। अहिले नाथदर्शन भन्नेबित्तिकै गोरखनाथको दर्शन र त्यसैको अनुकरण बुझ्नुपर्दछ। संसारको जुन देशमा बसे पनि नाथहरूको आधारभूत दार्शनिक धरातल एउटै हो। भौगोलिक र सांस्कृतिक आधारमा साधनागत केही भिन्नताहरू देखिन्छन्। नेपालमा नाथयोग दर्शनको परम्पराको अध्ययनका सन्दर्भमा नाथहरूको सार्वभौम दार्शनिक आधार र नेपालको नाथपरम्पराको चिन्तन एवम् साधनामा देखिएका विशिष्टताहरूलाई यस अध्ययनमा समेटिएको छ।

नाथदर्शनले सबैभन्दा बढी जोड दिएको पिण्डज्ञान र प्राण (पवन) र बीज (वीर्य र रंज)को ऊर्ध्वगमन हो र त्यो ऊर्ध्वगमन कुण्डलिनी जागृत गराई मूलाधारबाट बीजलाई षट्चक्रमार्फत् सहस्रार चक्रमा पुऱ्याउने हो। शरीरका माध्यमले सबै साधना गर्ने हो। योगसाधना नभएको शरीर अपक्व र योगाग्निले पाकेको शरीर पक्व शरीर भनिएको छ "अपक्वा योगहीनस्तु, पक्वा योगेन देहिन:" (योगबीज ३४)। अपक्व शरीर बुढौली, रोगव्याधिको शिकार हुन्छ भने पक्व देह बुढौली, रोग र शोकबाट मुक्त हुन्छ। योगसाधनाबाट पक्व शरीर बन्दछ। (यसको विस्तृत व्याख्या चक्र र कुण्डलिनीको दिइएको छ)। नाथदर्शनको अर्को महत्त्वपूर्ण विषय नाद र

CC-0. Nepal Sanskrit Academy, Kathmandu

बिन्दुको अवधारणा हो। नाद भनेको ध्वनि या मन्त्र हो भने बिन्दु भनेको वीर्य या रज हो। नादका आधारमा बनेको परम्परा गुरुशिष्य परम्परा त्यसैले यसलाई नादपरम्परा पनि भनिन्छ भने शरीरसम्बन्धबाट बनेको परम्परा आमाबाबु र सन्तानपरम्परा। नाथहरूको अवधूतपरम्परा नादपरम्परामा आधारित छ भने औघड यानि गृहस्थ नाथयोगी परम्परा बिन्दुपरम्परामा आधारित छ (यसको विस्तृत व्याख्या अवधूत र औघड नाथको चर्चामा दिइएको छ)। साधनाका दृष्टिले पनि नाद र बिन्दुको महत्त्व छ। मत्स्येन्द्रनाथको कौल तान्त्रिक साधनामा बिन्दुको प्रयोग (पञ्चमकार, साध्या) पाइन्छ र स्वीकार्य छ भने र गोरखनाथ र उनीपछिको योगसाधनामा नादको प्रयोग भएको पाइन्छ र बिन्दु प्रयोग साधना यौगिक रूपमा मात्र सीमित गरिएको छ। यसरी यी दुई शब्दले नाथयोगीको सन्न्यासी र गृहस्थ परम्परालाई बुझाउँछ साथै नाथपरम्पराको साधनाको इतिहास पनि स्पष्टरूपमा बुझाउँछ (यसको विशद चर्चा मत्स्येन्द्रनाथको **कौलज्ञाननिर्णय**को चर्चामा र गोरखनाथको **सिद्धसिद्धान्तपद्धति**को चर्चामा गरिएको छ)।

नवनाथ र चौरासी सिद्धहरूको चिन्तन परम्परा नै नाथहरूको सिद्धान्त हो र त्यसलांई नै नाथपरम्परा भनिन्छ त्यसैले गोरखनाथले आफ्नो प्रसिद्ध ग्रन्थ **सिद्धसिद्धान्तपद्धति** जसलाई नाथदर्शनको मुख्य आधार ग्रन्थ मानिन्छ त्यसमा नाथ चिन्तन परम्परालाई 'सिद्धसिद्धान्त' भनेका छन्। नाथपरम्परा गोरखनाथका भाषामा सिद्ध परम्परा हो। नाथ सिद्ध र बौद्ध सिद्धहरूका सूचीका केही नामहरू समान देखिए पनि नाथसिद्ध र बौद्धसिद्ध फरक फरक हुन् (उपाध्याय, २००९:३५)। सिद्ध शिरोमणि मत्स्येन्द्रनाथलाई नाथपरम्पराका संस्थापक एवम् प्रवर्तक मानिन्छ (देशपाण्डे, १९८६:१५९)। नाथपरम्पराको चिन्तन प्रणालीलाई संस्थागत र विकसित गरेको मत्स्येन्द्रनाथका शिष्य सिद्ध गोरखनाथले हो त्यसैले नाथपरम्पराका अनुयायीहरूलाई गोरखनाथी, दर्शनी या कनफटा योगी भनेर चिनिन्छ (ब्रिग्स:१)। यस परम्परालाई देशदेशान्तरमा चिनाउने काम गोरखनाथका शिष्य रतननाथले गरेका थिए (गौतम, २०६९:५५)। वास्तवमा नाथचिन्तन र साधनालाई दक्षिण एसियाका विभिन्न ठाउँमा पुऱ्याउने काम नेपालको दाङमा जन्मिएका गोरखनाथका शिष्य रतननाथले गरेका थिए। उनले अफगानिस्तान, पाकिस्तान, बङ्गलादेश र भारतका विभिन्न क्षेत्रमा यसको महत्त्व विस्तार गरेका थिए, उनका नाममा दरगाह र पीठहरू विभिन्न देशमा पाइन्छन् जस्तै काबुल, जलालाबाद, पन्जाब, दिल्ली र दाङ। गोरखनाथका शिष्य बन्नुपूर्व उनी दाङक्षेत्रका राजा थिए, नाम रत्नपरीक्षक थियो र दीक्षा लिएपछि उनको नाम रतननाथ भयो र उनले दाङको

CC-0. Nepal Sanskrit Academy, Kathmandu

चौघडामा स्थापना गरेको पात्रदेवताको मन्दिर र नाथकेन्द्र अहिले पनि रतननाथ मठका नामबाट व्यवस्थित रूपमा सञ्चालन भइरहेको छ।

नेपालमा नाथ योगदर्शनको परम्पराका दुई धार देखिन्छन्। तान्त्रिक धार र यौगिक धार। तान्त्रिक धारको नेतृत्व मत्स्येन्द्रनाथका सिद्धान्तले गर्दछन् भने यौगिक धारको नेतृत्व गोरखनाथका सिद्धान्तले। मत्स्येन्द्रनाथको दर्शनलाई कौलज्ञानपरम्परा भनिन्छ र यस धारको प्रतिनिधिग्रन्थ मत्स्येन्द्रनाथद्वारा रचित ग्रन्थहरू हुन्। त्यसमध्ये पनि मुख्य ग्रन्थ **कौलज्ञाननिर्णय** हो। गोरखनाथको दर्शन योगदर्शन परम्परा हो, यस दर्शनको आधार ग्रन्थ **सिद्धसिद्धान्तपद्धति** हो भने गोरख योगसाधनाको आधारग्रन्थ **गोरक्षसिद्धान्त** (गोरक्षशतक) हो। मत्स्येन्द्रनाथको कौल तान्त्रिक परम्परा बौद्ध वज्रयानी तन्त्र र शाक्त तन्त्रपरम्पराको नजिकमा देखिन्छ। गोरखनाथको यौगिक परम्परा पतञ्जलीको योगदर्शन र शङ्कराचार्यको अद्वैत वेदान्तको नजिकमा रहेको देखिन्छ।

### १.१.१ गोरखा र गोरखाली

विश्वका धेरै मुलुकले हामी र हाम्रो मुलुकलाई नेपाल र नेपालीभन्दा बढी गोरखा या गोरखाली र गोरखालीको देश भनेर चिन्दछन् (नर्दी एन्ड मोरिस, १९२८: १८; नर्दी, १९९८: ४२)। गोरखा र गोरखाली शब्द गोरखनाथ शब्दबाट आएको हो। गोरखनाथ महान् योगी र नाथदर्शन परम्पराका मुख्य श्रोत हुन्। राजा पृथ्वीनारायण शाहले वि.सं.१८२३ तिर रामेछापका रामचन्द्र पर्सैलाई लेखेको चिठ्ठीमा "गोर्षा भन्नु नेपाल् भन्नु उनै गोरषनाथ हुन् त दुबै एकै हुन्" यसरी गोर्खा र नेपाललाई गोरखनाथकै पर्यायका रूपमा लिएको पाइन्छ (खनाल, २०७० : २२७ ; धमला, २०७४ : ९६)। यसरी नेपालको भौगोलिक, भाषिक, सांस्कृतिक पहिचान नाथपरम्परासित खासगरी योगी गोरखनाथसित जोडिएको छ। योगी गोरखनाथ योगी मत्स्येन्द्रनाथका शिष्य हुन् जसलाई हिन्दुहरू महान् नाथयोगीका रूपमा र बौद्धहरू बुद्धावतार आर्यावलोकितेश्वरका रूपमा सम्मान गर्दछन्। उपत्यकामा मत्स्येन्द्रनाथका दुई रूप मानिन्छन्– राता मत्स्येन्द्रनाथ र सेता मत्स्येन्द्रनाथ (जोशी, वि.सं.२०३९)।

यस सन्दर्भमा नेपालमा नाथयोग दर्शनको लामो चिन्तन परम्परा रहेको छ। नाथयोग दर्शनबारे संस्कृतमा र नेवारीमा लेखिएका अनेकौँ पाण्डुलिपि ग्रन्थहरू नेपालको राष्ट्रिय अभिलेखालयमा पोकामा थन्किएर रहेका छन्, अनेकौँ पाण्डुलिपि सडिसके, धमिराले आहारा बनाइसक्यो, ज्ञानको यस भण्डारबारे न नेपाल सरकारको न विश्वविद्यालयको कसैको ध्यान पुगेको छ। ती पाण्डुलिपिमध्ये एउटा **गोरक्षयोगशास्त्रको** मैले

CC-0. Nepal Sanskrit Academy, Kathmandu

सिद्धान्तको पाटोमा चर्चा गरेको छु। नेपालको नाथपरम्परासित सम्बद्ध सिद्धान्तबारे गहन अध्ययन गर्न जरुरी छ। यस अध्ययनले नेपालमा रहेको नाथयोग दर्शनको परम्परालाई स्पष्ट पार्नेछ र साथै भारतीय नाथयोग एवम् अन्यत्र रहेका नाथहरूको दर्शन परम्परासितको नेपाली नाथहरूको सैद्धान्तिक र पद्धतिगत अन्तःसम्बन्ध पनि स्पष्ट हुनेछ।

नाथदर्शन मुख्य रूपमा योगदर्शन हो। योगदर्शनको सिद्धान्त साधनाप्रधान रहेको छ। ८४ सिद्धहरू र नवनाथहरू नाथयोग दर्शनका प्रणेता र व्याख्याता हुन्। नाथपरम्परालाई सिद्धपरम्परा पनि भनिन्छ (बुलियर, २०१६:११, डेभिड, १९९६:२)। तीमध्ये गुरु मत्स्येन्द्रनाथ र उनका शिष्य गुरु गोरखनाथका विचार र साधना नै सबै नाथयोगीहरूले अनुसरण गर्दछन् त्यसैले नाथयोग दर्शनको वैचारिक आधारभूमि मत्स्येन्द्रनाथ र गोरखनाथका विचार नै हुन् (ब्रिग्स, १९३८: १,९; बुलियर, २०१६: ३,१२,१८)।

नाथ एवं सिद्धपरम्पराको योगदर्शनको साधना भारत, पाकिस्तान, अफगानिस्तान, बङ्गलादेश र नेपाल एवम् तिब्बतसम्म फैलिएको छ (सार्दे २०१९: २९)। नाथपरम्पराका धेरैजसो सैद्धान्तिक पक्षमा नेपालमा र नेपालबाहिरका नाथपीठहरूमा समानता रहेको छ। संसारभरिका नाथहरूका विचार र साधनाका स्रोत नवनाथ र ८४ सिद्धहरूका आधारभूत सिद्धान्तहरू नै हुन्। तीमध्ये पनि मत्स्येन्द्रनाथ र गोरखनाथ नै मुख्य हुन् र उनीहरूका विचार, ज्ञान, सिद्धान्त र अभ्यासपरम्परा सबैले अनुसरण गर्छन् तर समान योगसाधनाको परम्परा अनुसरण गरे पनि र व्यावहारिक अभ्यासमा समय र स्थानीयताका कारण केही भिन्नताहरू देखिन्छन्।

## १.२. नेपाली नाथपरम्पराका केही वैशिष्ट्य

### १.२.१. हिन्दू र बौद्ध दुवैका आराध्य मत्स्येन्द्रनाथ, पशुपति र मुक्तिनाथ

नेपालमा नाथ योगीहरू शिवलाई आदिनाथ मान्दछन् र कीर्तिपुर चोभारमा रहेको आदिनाथको मन्दिरमा शिवको पूजा गर्दछन् तर बौद्धहरू अवलोकितेश्वर बुद्धलाई आदिनाथ मान्दछन् र त्यस मन्दिरमा बुद्धको पूजा गर्दछन्। त्यसैगरी ललितपुरमा रहेका मत्स्येन्द्रनाथका मन्दिरमा हिन्दूहरू नाथयोगी मत्स्येन्द्रको पूजा गर्दछन् भने बौद्धहरू मत्स्येन्द्रलाई आर्यवलोकितेश्वर मानेर बुद्धको पूजा गर्दछन्। मच्छिन्द्रनाथको जात्रामा नाथयोगीहरूले चक्रपूजा नगर्दासम्म जात्रा पूरा हुँदैन। काठमाडौं पशुपतिनाथको मन्दिरलाई हिन्दुहरूले वर्षभरि महादेव शिवको पूजा गर्दछन् भने बौद्धहरूले वर्षमा एकपटक अवलोकितेश्वर मानेर पूजा गर्छन्। मुक्तिनाथमा रहेको एउटै मन्दिरमा हिन्दुले विष्णु मानेर पूजा गर्छन् भने

CC-0. Nepal Sanskrit Academy, Kathmandu

बौद्धहरूले आर्य अवलोकितेश्वर बुद्ध मानेर पूजा गर्छन् । त्यहाँ हिन्दु र बौद्ध दुवै थरिका पुजारीहरू साथसाथमा काम गर्दछन् ।

### १.२.२. फेरी लगाउने चलन

नेपालमा नाथयोगी र नेपाली समाजबिच घनिष्ठ अन्तःसम्बन्ध देखिन्छ । नेपालका बस्तीहरूका सामाजिक सुरक्षासित नेपालको नाथपरम्परा जोडिएको छ । उदाहरणका लागि फेरी लगाउने चलन । नेपालका विभिन्न क्षेत्रमा काठमाडौँदेखि जुम्लासम्म त्यहाँका गाउँघर, टोल मोहल्लामा रातको समयमा खासगरेर गृहस्थी बनेका नाथयोगीहरूले साबर मन्त्र पढ्दै (जसलाई फेरी लगाउने मन्त्रका रूपमा लिइन्छ) शङ्ख या नाद बजाउँदै गाउँ तलदेखि माथिसम्म, सकेसम्म सबै घरमा आवाज सुनिने गरी फेरी लगाउँछन् । यो विशेषगरी वर्षको दुईपटक कार्त्तिक र चैत्र महिनामा गरिन्छ । योगी सिंहनाथका अनुसार यो "उधौली र उभौली पर्वको समयसँग मिल्दोजुल्दो छ " (२०७७: ६६) । यसको पछाडिको विश्वास के हो भने भूत, प्रेत, मसान, साकिनी, डाकिनीले गाउँघरमा बुढापाका, केटाकेटी, महिला, बिमार र कमजोर एवम् घरपाला पशुपंक्षीलाई हानीनोक्सानी पुऱ्याउन सक्छन् तर शाबरमन्त्र र नाद या शङ्खको ध्वनि सुनेपछि ती दुष्ट शक्ति नजिक आउन सक्दैनन् भन्ने मान्यता रहेको छ। त्यसैले त्यस्ता दुष्ट शक्तिबाट गाउँलाई बचाउने कामको जिम्मा नाथयोगी खासगरी औघढहरूले लिएका हुन्छन् । विगत समयमा मानिसहरूले आफ्नो जीवनको सुरक्षा र असुरक्षामा, सफलता र असफलतामा अदृश्य शक्तिका हात हुन्छ भन्ने विश्वास थियो साथै साबर मन्त्रको शक्तिले गाउँघरलाई बचाउँछ भन्ने जनविश्वास थियो ।

गृहस्थ नाथयोगीहरूले सामाजिक सुरक्षाका लागि शंख र सिंहीनाद बजाउँदै घुम्ने र घरको चारै सुरमा र खुला ठाउँ नभएका अवस्थामा मूल ढोकामा गोरखतन्त्रको शाबरमन्त्र उच्चारण गर्ने (नाथहरूको भाषामा सीमा बाँध्ने) र सिंहीनाद बजाउने चलन शदियौँदेखि चल्दै आएको हो । हाल आएर यस चलनमा शिथिलता आएको देखिन्छ। यस्तो प्रचलनलाई नाथयोगीको भाषामा फेरी लगाउने भनिन्छ र खासगरेर वर्षको दुई महिनामा चैत्र र कार्त्तिक महिनामा फेरी लगाउने चलन छ। यस्तो फेरी लगाउने जोगीलाई प्रत्येक घरबाट स्वेच्छाले सिदा दिने चलन छ। सुदूर पश्चिममा यस्तो सिदालाई "भैरवपाथी" भन्छन् भने पूर्वमा "सिदा दिने" भनिन्छ। फेरी लगाउने परम्परा शदियौँदेखि चलिआएको छ। पहिला मृगस्थलीस्थित गोरखनाथ मठले शाबरमन्त्र जान्ने फेरी लगाउन सिकेका व्यक्तिलाई गाउँटोलको सुरक्षा गर्न खटन गर्थ्यो र त्यसको रेकर्ड राखिन्थ्यो

CC-0. Nepal Sanskrit Academy, Kathmandu

तर बहुदलको आगमनपछि यो क्रम भङ्ग भएको छ। यी शाबरमन्त्रहरू गुरुशिष्यपरम्पराबाट हस्तान्तरित हुँदै जान्थे। नाथहरूले समाजसुरक्षार्थ खटिने यो चलन विशुद्ध नेपाली परम्परा हो (धमला ५०-५२; सिंहनाथ २०७७:४५)। भारतका लगभग सबैजसो प्रान्तमा नाथयोगीहरूको ठुलो सङ्ख्या रहेको छ, धेरै मठमन्दिरहरू रहेका छन् तर त्यहाँ अवधूतनाथले या औघढले यस्तो फेरी लगाउने चलन पाइँदैन।

### १.२.३. नेपाली मुद्रामा गोरखनाथ

नेपालमा नाथयोगीलाई अर्को शब्दमा नाथपरम्परालाई राज्यव्यवस्थाका तर्फबाट सम्मान प्रकट गर्ने चलन नेपाली मुद्रामा महायोगी गोरखनाथको नाम श्रीश्रीश्री गोरखनाथ भनेर अङ्कित गरियो र सो मुद्रा सयौँ वर्ष प्रचलनमा रह्यो। सत्यमोहन जोशीको पुस्तक नेपाली राष्ट्रिय मुद्राअनुसार नेपाली मुद्रामा वि.सं. १८११ देखि पृथ्वीनारायण शाहले महायोगी गोरखनाथको नाम अङ्कित गराएका थिए र गोरखनाथको नाम अङ्कित गर्ने चलन गणतन्त्र नआउँदासम्म कायम थियो। यसरी नाथयोगीलाई मुद्रामा अङ्कित गर्ने काम पनि नेपालको विशेष अभ्यास हो।

### १.२.४. मच्छिन्द्रनाथको जात्रा

लिच्छविराजा नरेन्द्रदेवका पालाबाट सुरु भएर अहिलेसम्म अविच्छिन्न रूपमा मनाइँदै आएको मच्छिन्द्रनाथको रथजात्रा हो। प्रत्येक वर्ष वैशाखशुक्ल प्रतिपदाबाट सुरु भएर महिनौंसम्म चल्ने नेपालमा सबैभन्दा लामो समय चल्ने मत्स्येन्द्रनाथको जात्रा हो। मत्स्येन्द्रनाथलाई नेपालीमा मच्छिन्द्रनाथ पनि भनिन्छ। मच्छिन्द्रनाथलाई सजिएको रथमा राखेर बाजागाजाकासाथ राजकीय सम्मान दिँदै (राज्यको प्रतिनिधित्वस्वरूप राजकीय खड्गको उपस्थिति अनिवार्य र गुरुज्यूको पल्टन अनिवार्य) काठमाडौं र ललितपुर शहर घुमाउने चलन रहेको छ। अर्का लिच्छविराजा गुणकामदेवका पालादेखि भोटे देखाउने जात्रा पनि मच्छिन्द्रनाथको जात्राको अभिन्न अङ्ग बनेको छ (जोशी २०७३:८२-८७)। योगी मत्स्येन्द्रनाथलाई यति धेरै श्रद्धा र सम्मानका साथ सम्झने र प्रत्येक वर्ष उनका नाममा उत्सव मनाउने परम्परा नेपालमा मात्र रहेको छ। नेपालमा बाहेक अन्यत्र जहाँ नाथहरूका पीठहरू र मन्दिरहरू रहेका छन् मत्स्येन्द्रनाथलाई केवल गोरखनाथको गुरुको रूपमा मात्र सम्झेको पाइन्छ।

### १.२.५. सन्न्यासी र औघढ दुवैथरी नाथहरूको दायित्व

यसैगरी अर्को नेपाली विशिष्ट नाथपरम्परा, सन्न्यासी नाथहरू र गृहस्थ नाथहरू दुवै थरिका नाथहरूले नाथमठ मन्दिरको पूजापाठ गर्ने र

CC-0. Nepal Sanskrit Academy, Kathmandu

नाथक्षेत्रलाई संरक्षित र मर्यादित गर्ने सम्बन्धमा दुवै नाथहरूको लगभग बराबर दायित्व महसुस गर्नु यो पनि नेपाली परम्परा हो। नेपालका महत्त्वपूर्ण नाथमठहरू मध्येको एक गोरखाको गोरखनाथ गुफा र मन्दिर हो त्यहाँको पूजा धेरै पुस्तादेखि जोगी गाउँका गृहस्थ नाथहरूका परिवारले गर्दछन्। दाङको रतननाथको मन्दिरको पूजा र व्यवस्थापनमा दुवैथरी सन्न्यासी र औघढ नाथहरूको उत्तिकै संलग्नता रहन्छ। नेपालका धेरैजसो गोरखमठ, मन्दिर, भैरवमन्दिरमा दुवैथरिका नाथहरूले सेवा दिएको पाइन्छ। भारतको नाथपरम्परामा खासगरी नाथपीठहरूको व्यवस्थापनमा अवधूत अथवा सन्न्यासी नाथहरूकै बोलबाला देखिन्छ (बुलियर २०१६: ३०६-३०८)

### १.२.६. श्रीपात्र देवताको तीर्थयात्रा

नेपाल र भारत दुवै ठाउँको नाथपरम्परामा श्रीपात्र देवतालाई गोरक्षनाथको स्वरूप मानेर मुख्य देवताका रूपमा उपासना गरिन्छ, साथै पात्रदेवताको यात्रा गराउने चलन छ। मान्यता के छ भने झुण्डी यात्राका क्रममा कुनै पनि व्यक्तिले पात्रदेवतालाई उछिन्नु हुँदैन। दाङबाहेका नेपालका अन्य ठाउँमा पनि पात्रदेवताका महत्त्वपूर्ण यात्राहरू गराउने चलन छ। त्यसको विवारण तल दिइएको छ।

**गोसाइँकुण्ड यात्रा**

श्रीपात्र देवतालाई ऋषि तर्पणी (जनै पूर्णिमा)का दिन काठमाडौँबाट गोसाइँकुण्ड तीर्थस्थानमा यात्रा गराउने चलन कहिलेदेखि चलेको हो किटान गरेर भन्न गाह्रो छ। बुढापाका भद्रभलाद्मीलाई, योगी, साधुसन्त, महन्तलाई सोध्दा उनीहरूले जान्दा यो चलन यथावत् थियो र पात्र देवतालाई गोसाइँकुण्ड यात्रा गराउने यो धेरै अघिदेखि चलेको हो। गोरक्षपीठ मृगस्थलीबाट हरिशयनी एकादशीका दिन श्रीपात्र देवतालाई हनुमानढोकास्थित पीरपाटीमा ल्याइन्छ र त्यहाँ विशेष पूजापाठ गरी शुभ मुहूर्तमा त्यहींबाट गोसाइँकुण्डको यात्रा सुरु गरिन्छ। पीर महन्तले श्रीपात्र देवतालाई झल्लरी छाता ओडाई बालाजुसम्म पुऱ्याउने र त्यहाँबाट अरू योगीहरूले गोसाईंकुण्ड यात्रा गराउने परम्परा हो। यस यात्राको एउटा यात्रासमय तालिका पनि रहेको छ। जसअनुसार पहिलो दिन हनुमानढोकाबाट चलेको यात्रा पाँचमानेमा पुग्छ र त्यहीँ बास हुन्छ। त्यहाँबाट रानीपौवा, ढिकुरे, नुवाकोट बेत्रावती, लहरेपौवा, दैधुम् गराड/ग्राङ्ग, भैरवगुफा, धुन्चे, घट्टेखोला, देउराली, ढिम्सा, चन्दनबारी, चोलाङपाटी, लौरीबिना, अमरसिंह थापा स्तम्भ, श्रीबुद्ध मन्दिर, गणेशगौडा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

हुँदै गोसाइँकुण्ड पुगिन्छ । ऋषि तर्पणी (जनै पूर्णिमा)का दिन गोसाइँकुण्डमा श्रीपात्र देवताको स्नान र मेला चलाइन्छ । प्रत्येक दिनका वासमा पात्र देवतालाई धूप, दीप, आरती, पूजा र रोट चढाइन्छ । गोसाइँकुण्डमा वास बस्दा पनि त्यो क्रम जारी रहन्छ । गोसाइँकुण्डमा पूर्णिमाका दिन ६ वटा रोट प्रसाद चढाइन्छ । विभिन्न कुण्डमा श्रीपात्र देवतालाई स्नान गराउँदा कुण्डका देवताबमोजिम धूपदीप र प्रसाद चढाउने चलन रहेको छ । जुन रुटबाट यात्रा गएको थियो फिर्ते यात्रा पनि त्यसै रुटबाट हुनुपर्छ । फिर्ते यात्रामा पनि बालाजुबाट पीर महन्तले फेरि पात्र देवतालाई झल्लरी छाता ओढाई हनुमानढोका लैजाने चलन छ र त्यहाँबाट गोरक्षपीठ मृगस्थलीमा लगेर स्वस्थानमा स्थापित गरिन्छ । श्रीपात्र देवताको यात्रामा पीर महन्त, योगी र श्रद्धालु भक्तजन सहभागी हुने चलन छ र उनीहरूलाई सम्मानस्वरूप प्रसाद ग्रहण गराइन्छ (थापा वि.२०६२:६७) ।

हनुमानढोकाबाट गोसाइँकुण्डको यात्राबाहेक केही अन्यत्र ठाउँमा पनि श्रीपात्र देवताको यात्रा चलाइन्छ । असोज महिनाको कृष्णपक्ष औँसी तिथिमा फर्पिङ मेलामा श्रीपात्र देवतालाई त्यहाँ सवारी गराउने चलन छ । त्यहाँ चक्रपूजा गरिन्छ । गोरखनाथ गुफामा धूप, दीपका साथ तीन रोट चढाइन्छ । मृगस्थलीमा श्रीपात्र देवतालाई फिर्ता ल्याएर स्थापित गरिन्छ (थापा वि.२०६२: ६८) ।

बुलियरले दाङ चौघेराका सिद्ध रतननाथमठबाट श्रीपात्रदेवतालाई पाटेश्वरी देवीको मन्दिरमा लैजाने यात्रालाई कर्नाटकको कदरीमठमा नयाँ महन्त बनाउने क्रममा नागपञ्चमीदेखि शिवरात्रिसम्मको नाथयोगी समूहको नासिकबाट कदरीमठको तीर्थयात्रासँग तुलना गरेकी छन् । दुवै ठाउँमा नयाँ महन्त बनाएपछि महन्तले पात्रदेवता बोकेर सबैभन्दा अघि हिँड्छन् (बुलियर पृ.७९) । नेपाल दाङको पात्रदेवताको यात्राका सम्बन्धमा रतननाथका पीर (महन्त) सहितको टोली फाल्गुन शुक्लपूर्णिमाको मध्यरातमा बाजागाजासहित पात्र देवता लिएर त्यहाँबाट ७५ कि.मि.टाढा भारत उत्तर प्रदेशको बलरामपुर जिल्ला तुलसीपुरमा रहेको पाटेश्वरी देवीको मन्दिरमा पुग्दछ । त्यहाँ पात्रदेवताको र साधुसन्तहरूको भव्य स्वागत गरिन्छ । श्रीपात्रदेवता पाटेश्वरीमा राखिँदासम्म त्यस मन्दिरको पूजा रतननाथ मठका पीर र पुजारीले गर्ने चलन छ र त्यस अवधिमा त्यस मन्दिरमा चढाएको सम्पूर्ण भेटी रतननाथ मठको हुन्छ । यो स्थल सिद्ध रतननाथले साधना गरेको र उनले नै पाटेश्वरी देवी मन्दिरको स्थापना गरको मान्यता छ । पाटेश्वरी देवी र रतननाथलाई गोरखनाथका चेला र चेली थिए भनेर मान्ने पनि गरिन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

### १.२.७. चक्रपूजाको परम्परा

नेपाली नाथहरूको अर्को एउटा विशेष परम्परा चक्रपूजा हो। चक्रपूजामा मुख्य रूपमा श्रीयन्त्रको पूजा हुन्छ। श्रीयन्त्रका नौकोणलाई नवशक्ति या नवयोनिका रूपमा मानिन्छ -जगमान, पृ.९८)। चक्रपूजाको परम्पराले नाथयोगीलाई काठमाडौं उपत्यकाको नेवारी संस्कृतिसित अभिन्नरूपले गाँसेको छ। काठमाडौंका जात्राहरू नाथयोगीले चक्रपूजा नगर्दासम्म सम्पन्न हुँदैनन्। नेवारहरूका इष्टदेवता भैरवका मन्दिरहरूमा जस्तै कीर्तिपुरका बाघभैरवमा वर्षको निश्चित समयमा नाथहरूले चकपूजाको कृत्य गर्ने परम्परा रहेको छ।

दिलीपनाथ योगीका अनुसार काठमाडौं र सेरोफेरोमा नाथयोगीहरूले सदियौंदेखि चक्रपूजा गर्ने परम्परा चलिआएको देखिन्छ (गोरखापत्र २०५९/११/१९)। यस विषयमा अनुसन्धान गरेका संस्कृतिविद् धनबहादुर कुँवरका अनुसार काठमाडौंका भैरवमन्दिरहरूमा नेवारहरूमध्येको एक जात कुशलेले चक्रपूजा गर्ने परम्परा रहेको छ (२०६५:२००)। काठमाडौंका निश्चित क्षेत्रहरूमा जस्तै असन, इन्द्रचोक, हनुमानढोका कुमारीघरअगाडि, बाङ्गेमूढा र फर्पिङमा मृगस्थली गोरक्षपीठका नाथजोगीहरूले गर्ने चलन देखिन्छ भने भक्तपुरमा बिस्केट जात्राका अवसरमा भक्तपुर दरबारक्षेत्रमा चार दिनसम्म चक्रपूजा हुन्छ र त्यसको मुख्य काम नाथयोगीहरूले गर्दछन् तर त्यसपूजामा चढाएका प्रसाद दक्षिणा र उपहारहरू कुशलेहरूको भाग मानिन्छ (कुँवर पृ.२००)। भक्तपुरको बिस्केटजात्राको चक्रपूजामा भैरवको पूजा हुने र त्यसमा १८ वटा भाँडाको घडामा मदिरा चढाउने र राँगाको बलि दिने चलन छ (कुँवर पृ.३८६)।

फर्पिङ बजारमा प्रतिवर्ष भाद्र शुक्लद्वादशी तिथिदेखि स्थानीय देवीदेवतासमेतको जात्रा, हरिशङ्कर जात्रा मनाइन्छ। त्यसमा असौज कृष्ण एकादशीको राति १०-११ बजेतिर नाथहरूले कोकुटोलमा चक्रपूजा गर्ने परम्परा लामो समयदेखि चलिआएको छ। त्यसमा मृगस्थलीबाट महन्त वा उनले खटाएका नाथजोगीहरूबाट नौ घ्याम्पा जाँड, कुखुराको भाले र एउटा राँगोको प्रयोग गरी चक्रपूजा गरिन्छ (कुलचन्द्र कोइराला २०५२: ६८-७७)।

काठमाडौंमा सेतो मच्छिन्द्रनाथको रथयात्रा असन क्षेत्रमा पुगेपछि नाथजोगीहरूले चक्रपूजा गर्ने चलन रहेको छ (जगमान गुरुङ, पृ.९८; धमला २०७४ : १४४-४५)।

चक्रपूजाको वाममार्गी परम्पराका बारेमा महामहोपाध्याय गोपीनाथ कविराजले स्पष्ट पार्नुभएको छ। उनका अनुसार चक्रपूजाको वाममार्गी शक्ति उपासना पद्धतिमा विशेष स्थान रहेको छ। वाममार्गी चक्रपूजामा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

समान सङ्ख्यामा स्त्री र पुरुषले भाग लिन्छन्, पद्धतिगत चक्रपूजापछि आपसमा सहवास गर्छन् र अन्त्यमा त्यस पूजास्थलमा घुमेर परिक्रमा गरी यस पूजाको समापन गरिन्छ। जे.एन् फर्कुहरले श्रीकृष्णको रासलीलालाई चक्रपूजा परम्पराको अनुकरण मानेका छन्। शैव, शाक्त र वैष्णवतन्त्रमा श्रीकृष्णको रासलीलालाई प्रतीकार्थमा व्याख्या गर्ने गरिएको पाइन्छ। अधिकांश वैष्णवशास्त्रहरूमा श्रीकृष्णलाई ब्रह्म र राधालाई शक्तिको प्रतीक मानेर व्याख्या गरेको पाइन्छ। कतिपय वैष्णव उपनिषद्मा विभिन्न पात्रहरूलाई प्रतीकरूपमा व्याख्या गरेको लामो सूची पाइन्छ। उदाहरणका लागि **गोपालतापिन्युपनिषद्** जसमा ॐको व्याख्या यसरी गरिएको छ– अकार बलराम, उकार तैजस् प्रद्युम्न, मकार अनिरुद्ध र अनुस्वार या अर्धमात्रा श्रीकृष्ण, श्री रुक्मिणी मूल मानिन्छ र श्रीकृष्ण प्रणवस्वरूप। प्रतीककै सन्दर्भमा निष्काम कर्मको स्वरूप भगवद्गीता र निष्काम काम (वासना) को स्वरूप श्रीकृष्णको रासलीला भनेर व्याख्या गरिन्छ। यसरी रासलीला, कामविकारमुक्त लीला, कामजयी लीला, श्रीकृष्ण र कामदेवकी युद्धमा कामदेव पराजित लीला मानिन्छ (अवस्थी २०१४:३८-३९)।

## १.३. नेपालमा नाथपरम्परासित जोडिएका विशेष स्थान र नाथसिद्धहरू

नेपाल राष्ट्रसितको नाथयोगीहरूको विशेष सम्बन्धका बारेमा चर्चा गर्दा काठमाडौं मृगस्थलीमा गोरखनाथले नागहरूको आसन बनाई बाह्र वर्ष ध्यान गरेका थिए र उनका गुरु मत्स्येन्द्रनाथ त्यहाँ आउँदा गुरुको दर्शनका लागि उनी उठे र त्यसरी उनी उठ्दा नागहरू मुक्त भई उपत्यकामा पानी बर्स्यो। मत्स्येन्द्रनाथ आउनेबित्तिकै वर्षा भई अन्नपात उब्जेर सहकाल आएकाले मत्स्येन्द्रलाई ललितपुरमा सहकालका देवताका रूपमा उनको सम्मानजात्रा निकाल्ने परम्परा सुरु भयो र अहिलेसम्म चलिरहेको छ। यसरी काठमाडौं उपत्यकामा मत्स्येन्द्रनाथलाई आदिनाथ अवलोकितेश्वरका रूपमा पूजा गरिन्छ भने गोरखनाथका मृगस्थली, वसन्तपुर, थापाथली लगायत अनेकौं ठाउँमा पूजा गरिन्छ। काठमाडौं उपत्यकामा मत्स्येन्द्रनाथ र गोरखनाथ, गोरखामा गोरखनाथजस्तै नेपालका अन्य भूभागमा मत्स्येन्द्र र गोरखनाथका साथ अन्य नाथसिद्धहरूको प्रसिद्धि थियो। जस्तै जुम्लामा चन्दननाथ, दाङमा रतननाथ र सल्यानमा भगवन्तनाथ। यसरी जुम्ला, दाङ, दैलेख गोर्खा र काठमाडौं उपत्यकाको इतिहास र संस्कृतिसित नाथहरूको गहिरो सम्बन्ध रहेको देखिन्छ। कर्णाली क्षेत्रको सिञ्जा उपत्यका, जुम्ला केन्द्र मानेर राज्य गरेका खस मल्ल राजाहरूको प्रभाव समाप्त भएपछि वि.सं.१४५५ मा बलिराज जुम्लाका राजा बने, उनलाई राजतिलक र राजमुकुट पहिराउने काम चन्दननाथ योगीले गरेका

CC-0. Nepal Sanskrit Academy, Kathmandu

थिए (योगी २०२२: ३२)। उनको सम्मानमा जुम्लामा चन्दननाथ मन्दिर बनाएर उनको पूजा सुरु गरेको हो भन्ने किंवदन्ती रहेको छ। त्यहाँ सिद्धयोगी चन्दननाथको ठुलो महिमा थियो।

दाङ क्षेत्रमा थारु राजाहरूले नाथयोगी रत्ननाथलाई राजगुरु मान्दथे र रतननाथ मठ, चौघेरालाई उनीहरूले सदैव सम्मान गर्थे। रतननाथको मन्दिर चौघेराबाहेक बिजौरी वडा नं ६ थानगाउँमा पनि रहेको छ। यहाँ गोरक्षपादुका राखिएको छ। तुलसीपुर न.पा. वार्ड नं ५ अरनिको मैदानसँगै अर्को एउटा नाथमन्दिर रहेको छ र त्यो मन्दिर फलाबाडे राजाले १८औँ शताब्दीमा सिद्ध रतननाथको नित्य पूजाका लागि बनाएको भनिन्छ (गौतम : ६१)। गोरखाका शाहवंशका राजाहरूले गोरखनाथलाई र समग्र नाथपरम्परालाई सदैव सम्मान गरे। पृथ्वीनारायणदेखि राजा वीरेन्द्रसम्म गोरखनाथलाई अति सम्मान गरिन्थ्यो। नेपालको विभिन्न क्षेत्रमा जस्तै योगी चन्दननाथ जुम्लामा, उनको समय लगभग १५औँ शताब्दी, अछाममा बैजनाथ, दाङक्षेत्रमा रतननाथ लगभग १२औँ शताब्दी र पछिल्लो समयमा बीसौँ शताब्दीमा नेपालमा योगी नरहरिनाथको विशिष्ट सम्मान रहेको थियो।

### १.३. भारतका विभिन्न ठाउँमा प्रसिद्ध नाथसिद्धहरू

नेपालमा झैँ भारतका विभिन्न भागमा मत्स्येन्द्रनाथ र गोरखनाथका साथ अन्य विभिन्न नाथयोगीहरूको विशिष्ट सम्मानको परम्परा देखिन्छ। उदाहरणका लागि समग्र उत्तरभारतमा मत्स्येन्द्रनाथ र गोरखनाथका साथ गोपीचन्द, पुरण भगत, चौरङीनाथ वा गूगा, बालकनाथका मिथकहरू प्रसिद्ध छन्। तिब्बतका नाथसिद्धहरू भारतका सिद्धहरूलाई भेट्न आएको प्रसङ्ग गोत्साङपा गोन्पो दोर्जेको यात्रा विवरण (११८९-१२५८) दोर्जे आफ्ना गुरु गर लोट्सावालाई भेट्न चम्बा क्षेत्रमा रहेको जान्धरपीठमा आएको विवरण पाइन्छ (शर्मा २०१४:१०-१३; सार्दे २०१९:४९)। भारतको आसाम र बङ्गालमा आदिनाथ, मत्स्येन्द्रनाथ, गोरखनाथका साथ कनिफनाथ, जालन्धरनाथ, राजा गोपीचन्दको सम्मान रहेको छ, तिनका मिथकहरू प्रसिद्ध छन्। दासगुप्ता (१९६०:२०९)का अनुसार त्यस क्षेत्रका नाथसिद्धहरूको विवरण त्यहाँको धर्ममङ्गल साहित्यमा पाइन्छ र त्यस क्षेत्रमा अहिले पनि प्रशस्त नाथपरम्पराका अनुयायीहरू फेला पर्छन्। उडीसामा गोरखनाथका शिष्य मल्लिकानाथको विशेष सम्मान देखिन्छ र उनीसित सम्बद्ध साहित्य पनि फेला पर्छ। जस्तै **मल्लिकामकरन्द** र **मल्लिका गोरक्षसंवाद** जसमा त्यस क्षेत्रका सिद्धनाथहरूको अवस्थाको जानकारी पाइन्छ। मध्ययुगीन उडिया साहित्य

CC-0. Nepal Sanskrit Academy, Kathmandu

सरलादासको महाभारत १५औँ शताब्दीमा लिखित, अच्युतानन्द दासको १६औँ शताब्दीमा लिखित **शून्यसंहिता** र **गोविन्दचन्द्रटीका**मा त्यहाँका नाथहरूको विवरण पाइन्छ। उडिसाका नाथ सिद्ध परम्परामा हाडिपा, कानुपा, तन्तिपा, चौरङ्गीनाथ, गोरक्ष, मत्स्येन्द्र र लुइको चर्चा पाइन्छ (सार्दे पृ. ५१)। गुजरातमा मत्स्येन्द्रनाथ र गोरखनाथका साथ कन्थडीनाथ, धर्मनाथ, मानेकनाथका मठमन्दिर छन् र आख्यानहरू प्रसिद्ध छन्। कर्नाटकक्षेत्रमा कदरीमठ नाथहरूको प्रसिद्ध केन्द्र अहिलेसम्म व्यवस्थित रहेको छ। त्यस क्षेत्रमा खासगरी कन्कनदेखि गोआसम्मको कुरा गर्दा मत्स्येन्द्रनाथ र गोरखनाथका साथ मञ्जुनाथ, चौरङ्गीनाथ, नागनाथ, चन्द्रनाथ, भावनाथ, सोमनाथ, वल्लनाथ, कालनाथ, शिवनाथका आख्यानहरू पाइन्छन्। आन्ध्रक्षेत्रमा मञ्जुलनाथ, मेघनाथ, सारङनाथ, सोमनाथ प्रसिद्ध थिए। सिद्ध सारङ्धरको पण्डिताराध्यायचरित्रमा नाथबारे विवरण पाइन्छ।

१५औँ शताब्दीमा गौराना नामक लेखकले **नवनाथचरित्रम्** लेखेर मल्लिकाजुनलाई समर्पण गरेको पाइन्छ (सार्दे पृ.५३)। तमिलनाडु र केरलमा मत्स्येन्द्रनाथ र गोरखनाथका साथ तमिलनाडुको सदुरागिरि पहाडमा रहेको गोरखगुफामा १८ सिद्धहरूले साधना गरेको प्रसङ्ग पाइन्छ र यहाँ गृहस्थ नाथयोगीहरू रहेका छन् (मलिसन् २०११:८)। महाराष्ट्रमा योगी ज्ञानेश्वर र तुकारामको विशेष सम्मान रहेको देखिन्छ। पन्जाबमा योगी जालन्धरको र चर्पटीनाथको विशेष सम्मान रहेको छ साथै पन्जाबमा चौरङ्गीनाथलाई पुरण भगत नामबाट चिनिन्छ र धेरै लोककथाहरू उनका नामबाट प्रसिद्ध छन्। राजस्थानमा योगी गोरखनाथका साथसाथ योगी भतृहरि र गूगाको पनि सम्मान छ। बङ्गालमा मीननाथको, कर्नाटकमा मञ्जुनाथ र मत्स्येन्द्रनाथको, आसाममा मत्स्येन्द्रनाथको एवम् उडीसामा कनिफनाथ र मल्लिकानाथको विशेष सम्मान रहेको पाइन्छ (उपाध्याय २००९: १२-१३; ९९, सार्दे २०१९: ३०, म्यालिसन २०११, धेरे २०१०)। राहुल सांकृत्यायनका अनुसार कनिफनाथको क्षेत्र कर्नाटक हो (१९५८:१५५)। कनिफनाथ महाराष्ट्रमा पनि नाथयोगीका रूपमा प्रसिद्ध छन् उनका नाममा धेरै मन्दिर र दरगाह बनेका छन् (सार्दे २०१९:४५)। नेपाल र भारतका नाथपरम्परामा मत्स्येन्द्रनाथ र गोरखनाथको सबैभन्दा प्रभाव देखिन्छ र नाथयोगीहरूलाई गोरखनाथी भनेर चिनिन्छ (ब्रिग्स १९३८:१)।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

## १.४. नाथपरम्परा संस्थापनाको श्रेय

नेपाल, भारत, पाकिस्तान, अफगानिस्तान, बङ्गलादेशसम्म क्षेत्र विस्तार भएको नाथपरम्पराको संस्थापकको श्रेय कसलाई जान्छ भन्ने सम्बन्धमा विद्वानहरूका अलग अलग मत रहेका छन् । एम एन देशपाण्डेले मत्स्येन्द्रनाथलाई नाथपरम्पराका संस्थापक मानेका छन् (१९८६:१५९) भने आर.एस.धेरेले गोरखनाथलाई यस परम्पराका संस्थापक मानेका छन् (२०१० :१८) । नेपालमा नाथ सम्प्रदायको श्रेय पहिलो मत्स्येन्द्रनाथ र दोस्रो गोरखनाथलाई जान्छ । *नवनाथ कथा*अनुसार नाथपरम्परा सुरु गर्ने श्रेय आदिनाथलाई जान्छ । मत्स्येन्द्रनाथको नाथपरम्परा तन्त्र र योगको समन्वयात्मक परम्परा थियो त्यसलाई कौल या योगिनीकौल भनिन्छ (बुलियर २०१६:१३) । तन्त्रका साधनामा शक्ति या उर्जा जगाउने मुख्य ध्येय हुन्छ, सिद्धि प्राप्तिको ध्येय हुन्छ भने योगसाधनामा चेतना जागृत गर्ने ध्येय प्रधान हुन्छ, जागृत चेतनालाई नै चैतन्य भनिन्छ । तन्त्र र योग साधनामा त्यसै अनुरूपका बिम्बहरू केन्द्रित हुन्छन् जस्तै शक्ति या पार्वतीको बिम्ब, त्रिपुरा सुन्दरी या बाला सुन्दरीका बिम्बहरू शक्तिका बिम्बहरू हुन् भने ध्यानमग्न शिवको बिम्ब योग र चेतनाको बिम्ब हो । नाथयोगपरम्परामा हठयोग साधना, षट्कर्म (नेति, धौती, वस्ती, कपालभाती, त्राटक र नैाली), चक्रसाधना र कुण्डलिनी साधना शक्तिसाधना र प्राणायामका विभिन्न आयाम हुन् । यिनीहरू हुँदै ध्यानमा जाने साधना चेतनाको साधना मानिन्छ । शक्तिसाधनाको लक्ष्य पनि चेतनाजागृतिमा सहयोग पुऱ्याउने नै हो (हठयोगप्रदीपिका द्वितीय र तृतीय उपदेश) । चेतना या चैतन्य नै प्रमुख लक्ष्य हो । नाथसिद्धान्तहरूमा चेतना या चैतन्यलाई शिव र गति या उर्जालाई योगिनी या शक्ति या देवीका रूपमा उल्लेख भएको पाइन्छ ।

## १.५. नाथयोगीहरूलाई बुझ्काउने विभिन्न नामकरण र अभ्यास

नाथयोगीहरूलाई सामान्यतः 'नाथसिद्धहरू' भनिन्छ । नाथपरम्परालाई महादेव शिवले सुरु गरेको मानिन्छ । नाथपरम्पराका प्रथम प्रवर्तक भएकाले शिवलाई नै आदिनाथ मान्दछन् । नाथयोगलाई मानवपरम्परासित जोड्ने काम शिवका शिष्य मत्स्येन्द्रनाथले गरेको मानिन्छ भने यसलाई संस्थागत गर्ने कामको श्रेय योगी गोरखनाथलाई जान्छ (गोर्डन जुर्जेविक् २००८:८) । नाथपरम्परालाई विभिन्न नामले चिनिन्छ, जस्तै– सिद्धमार्ग, योगमार्ग, योगसम्प्रदाय, अवधूतमत, अवधूतसम्प्रदाय । चल्ती चलनमा गोरखनाथी वा गोरक्षपरम्पराका नामबाट चिनिन्छ । नागेन्द्रनाथले नाथपरम्पराको सिद्धान्त चर्चा गर्ने सम्बन्धमा योगमार्ग, योगसम्प्रदाय, अवधूतमत, अवधूत सम्प्रदाय आदि नाम प्रयोग

CC-0. Nepal Sanskrit Academy, Kathmandu

गरेका छन्। उनी नाथहरूको नामकरण विभिन्न पक्षबाट गरिएको मान्दछन्। उनका अनुसार सिद्धान्त दर्शन र साधनाका दृष्टिले दिएका नाम हुन् : नाथपन्थ, नाथसम्प्रदाय, अवधूतमत, योगमत, योगसम्प्रदाय आदि। दीक्षा, सम्प्रदाय, योगी जाति सङ्केत गर्ने पक्षबाट दिइएका नामहरू हुन् : कनफटा, दर्शनी, गोरखनाथी, योगीमत, योगीसम्प्रदाय आदि। (उपाध्याय २००९ :५)। नाथपन्थी साहित्यमा प्रयोग भएका नामहरू जस्तै सिद्धमार्ग, योगमार्ग, योगसम्प्रदाय, अवधूतमत,अवधूत सम्प्रदायअन्तर्गत नाथबाहेकका अरू समूह पनि पर्न सक्छन्। 'सिद्धमत' शब्द नै *गोरक्षसिद्धान्तसंग्रह*का आधारमा अरू नामहरू भन्दा बढी उपयुक्त देखिन्छ (उपाध्याय पृ. ६)। वेस्टन ब्रिग्सले आफ्नो पुस्तक ***गोरखनाथ एन्ड कनफटा जोगीज्*** मा नाथहरूलाई गोरखनाथी वा कनफटा जोगी सम्प्रदाय भनेर लेखेका छन्, कनफटा शब्द मुसलमान शासकहरूले अलि हेपेर प्रयोग गरेको शब्द हो पनि भनेका छन् (ब्रिग्स १९३८:१)।

उनीहरूलाई सामान्यतः हिन्दू शैव परम्पराको एउटा विशेष शाखा मानिन्छ तर केही पश्चिमा अनुसन्धाता जस्तै डेनियल गोल्ड, आन् गोजिन्स गोल्डले नाथसिद्ध परम्परा वैष्णव र शैवभन्दा भिन्न परम्परा मानेका छन्। चार्लोट भोडविल्ले पनि नाथवाद भनेका छन्। मोहन सिंहले गोरखनाथको प्रसिद्ध 'शाब्दी 'का आधारमा यस परम्परालाई शाब्दी परम्परा भनेका छन्। डेभिड गोर्डन ह्वाइटले पनि नाथहरूको परम्परालाई विशेष आध्यात्मिक परम्परा मानेका छन् (जर्जेभिक् २००८:१२३-४)।

नाथदर्शनको परम्परामा मत्स्येन्द्रनाथले तन्त्रप्रधानता र गोरखनाथले योगप्रधानताको प्रतिनिधित्व गर्दछन् तर दुवैमा दुवै तत्त्व रहेका छन्, मात्राको मात्रै भिन्नता हो। गोरखनाथभन्दा पहिला नाथपरम्पराको सिद्धान्त र अभ्यास दुवैमा तन्त्रको प्रभाव बढी देखिन्छ। मत्स्येन्द्रनाथको प्रमुख ग्रन्थ **कौलज्ञान निर्णय** तन्त्रप्रधान ग्रन्थ हो। यसले प्रतिपादन गरेका साधनाहरूमा जस्तै सहजा, कुलजा, अन्त्यजा, पञ्च पवित्रामा भोग र योगको संयोजन देखिन्छ, साधनाका रूपमा सबै प्रयोग स्वीकार्य छ। गोरखनाथमा साधनाहरूका रूपमा सबै प्रयोग स्वीकार्य छैनन्। सहजा, कुलजा, अन्त्यजा, पञ्च पवित्राको प्रयोग वर्जित छन्, पञ्चमकारको भौतिक व्याख्या या मत्स्येन्द्रीय व्याख्यालाई गोरखनाथले यौगिक व्याख्या गरेका छन्। जसका अनुसार मासु, माछा, मुद्रा, मदिरा र मैथुनको अर्थ भौतिक रूपमा नभएर प्रतीकका रूपमा यानि यौगिक रूपमा दिइएको छ। अहङ्कारका कारण जीवले स्वयंलाई सर्वशक्तिमान् मान्नु मद हो, त्यसैलाई मद्य या मदिरा भनिन्छ। जीवको अभिलाषा परिपूर्ति गर्ने इच्छा (मति) नै मुद्रा हो। जीव भ्रम या मायामा हुनु नै मीन हो। मायामा फसेको जीवको

CC-0. Nepal Sanskrit Academy, Kathmandu

मन नै मांस हो। प्राण र अपान वायुको ऐक्यता (मूर्च्छना) नै मैथुन हो (सि.सि.प.६:५१)। शाबर मन्त्रका रूपमा तन्त्र, मन्त्र र यन्त्रको प्रयोग गोरखनाथको साधनामा पनि पाइन्छ तर त्यसको प्रतिशत अति थोरै छ र त्यो पनि शुद्ध यौगिक साधनामा आधारित रहेको छ।

नाथपरम्परामा मत्स्येन्द्रनाथको ग्रन्थ *कौलज्ञाननिर्णय*ले तन्त्रधारालाई प्रतिनिधित्व गर्दछ भने गोरखनाथको ग्रन्थ *गोरक्षसिद्धान्त* र *सिद्धसिद्धान्तपद्धति*ले योगधाराको प्रतिनिधित्व गर्दछ। नाथयोग परम्परामा *गोरक्षशतक* र *सिद्धसिद्धान्तपद्धति*ले देखाएको सैद्धान्तिक स्वरूपको विकसित रूप स्वात्मारामको *हठयोगप्रदीपिका*मा देखिन्छ। मेरा दृष्टिमा नाथयोगीहरूले विकास गरको साधना र चिन्तनको यो प्रतिनिधि ग्रन्थ हो। यस ग्रन्थले नाथहरूले जोड दिने तीन खाले अभ्यास जसलाई त्रिविध अभ्यास भनिन्छ यसले अन्य सबै साधनालाई साररूपमा समावेश गरको छ। ती हुन्:

क. बाह्य शरीर र भित्री शरीर दुवैलाई शुद्ध गर्ने षट्कर्मको अभ्यास,

ख. प्राणायामको अभ्यास र

ग. चक्र एवम् कुण्डलिनी साधना।

गोरखनाथपछि विशुद्ध योगपद्धतिलाई अँगालेर अघि बढेको र योगी शब्दबाट नाम सुरु हुने एकमात्र परम्परा नाथपरम्परा हो (बुलियर २०१६: १-२)। यो अरू परम्पराभन्दा भिन्न हुने आधार यसको माध्यम र प्राप्ति दुवै योगको ज्ञान र साधना हो। त्यो विभिन्न रूप, अवस्थासित सम्बद्ध हुन्छ जस्तै षट्कर्म, आसन, पञ्चतत्त्व साधना, पवन साधना, प्राणायाम, बन्ध, मुद्रा, कुण्डलिनी, धारणा, ध्यान र समाधि। गोरखनाथको *सिद्धसिद्धान्तपद्धति*को भाषामा "पिण्ड संवित्ति" यानि शरीरको ज्ञान र व्यष्टि पिण्ड र समष्टिपिण्डबिच तादात्म्य जसलाई गोरखनाथको पदावलीमा "समरसता" भनिएको छ। गोरखनाथको यस दर्शनअन्तर्गत व्यष्टि पिण्डले समष्टिपिण्डका सम्पूर्ण अवयवलाई सङ्क्षेपमा समावेश गरेको हुन्छ। दुवैको बनोटको आधार एउटै हो, मात्रात्मक भिन्नता मात्र हो। समष्टिपिण्डमा पञ्च महाभूत बृहत् आकारमा प्रकटित हुन्छ भने व्यष्टि पिण्डमा तिनै वस्तुहरू सूक्ष्म रूपमा रहेका हुन्छन्। वायुको गति र मनको गति अन्तःसम्बद्ध हुन्छ त्यसैले पवनसाधना गरेर मन नियन्त्रण गर्नुपर्छ। जति वायु यानि प्राण सन्तुलित हुन्छ त्यति नै मन सन्तुलित हुन्छ त्यस कारण नाथयोग साधनामा प्राणसाधना यानि प्राणायामको धेरै ठुलो महत्त्व रहेको छ।

नाथयोगीहरू गोरखनाथपछि गोरखनाथी, दर्शनी र कनफटा जोगी भनेर चिनिन थाले। कानमा लगाउने मुद्रालाई कुण्डल र दर्शन पनि

CC-0. Nepal Sanskrit Academy, Kathmandu

भनिन्छ त्यसैबाट दर्शन नाम परेको हो साथै कान चिरेर मुद्रा लगाउने हुनाले कनफटा जोगी भनियो। नाथयोगीले लगाउने कुण्डल माटाका, हरिण या गौंडाको छालाका या कुनै धातुका खासगरी सुन चाँदीका हुन्छन्। कुण्डल लगाउने परम्परा देवाधिदेव महादेवसित जोडेने गरिन्छ। जालन्धरनाथले भतृहरिको कान चिरेर कुण्डल लगाइदिएको त्यसैगरी शिवले स्वयं आफैँले गोरखनाथलाई कुण्डल लगाएको प्रसङ्ग ब्रिग्सले लेखेका छन् (ब्रिग्स पृ. ७-१०)।

## १.६. नाथसाहित्यमा शैव र वैष्णव भक्ति परम्पराको प्रभाव

मध्ययुगमा भारतका कुनाकुनामा नाथहरूका पीठ, मठ र मन्दिर थिए त्यस परम्पराको गहिरो प्रभाव थियो, अहिले त्यसका धेरै ठाउँमा अवशेष मात्र बाँकी छन्। नाथपरम्परा भारतको मूल सांस्कृतिक प्रवाह वैष्णव र शैव परम्परासित मिश्रित भएको देखिन्छ। डेकान प्लेट्युमा, कर्नाटक र महाराष्ट्रमा नाथपरम्परा विठ्ठलको प्रभावमा, गुजरातमा वैष्णवको प्रभाव, राजस्थान, पन्जाबलगायत समस्त उत्तरभारतमा शैवसाधनाको प्रभावमा, हिमाञ्चल र काश्मीर क्षेत्रमा काश्मीर शैव परम्पराको प्रभावमा र बङ्गाल र आसाममा शक्तिसाधनाको प्रभावमा देखिन्छ। शक्तिसाधनाका केन्द्रहरूमा उनीहरूको प्रभाव न्यून भइसकेको छ। वैष्णव र शैवक्षेत्रमा मिश्रित रूपमा प्रभाव केही हदसम्म रहिरहेको छ।

महाराष्ट्रका प्रभावशाली सन्तहरू जस्तै, गोराकुम्भारा, सन्तज्ञानेश्वर, नामदेव, चोखमेला, एकनाथ, दमाजी र तुकाराम (सार्दे २०१९:२४) उनीहरूले आफूलाई नाथपरम्पराको भएको दावी गरेका छन्। **ज्ञानेश्वरी**, महाराष्ट्रमा अत्यन्त प्रसिद्ध ग्रन्थ हो। यो ग्रन्थ सन्त ज्ञानेश्वरले भगवद्गीतामाथि मराठी भाषामा गरको बृहत् टीका हो र यसको समय सन् १२९० मानिएको छ। यसमा सन्त ज्ञानेश्वरले आफू निवृत्तिनाथको शिष्य, निवृत्तिनाथ गहिनीनाथको शिष्य र गहनीनाथ गोरखनाथको शिष्य भनी उल्लेख गरेका छन्। नाथपरम्परासित महाराष्ट्री सन्तहरूको नजिकको सम्बन्ध भए पनि उनीहरूको साहित्यमा नाथको योगसाहित्यको प्रभावभन्दा वैष्णव भक्तिसाहित्यको प्रभाव बढी मात्रामा देखिन्छ। भारतमा नाथपरम्पराका अनुयायीले मत्स्येन्द्रनाथको कौलसाधना धेरै अघिदेखि छाडिसकेका छन्। उनीहरूले थोरधेर गोरखनाथको योगपरम्पराको अनुसरण गरिरहेका छन् तर नाथहरूका व्यवहार जीवनशैलीमा अहिलेको मूलधार शैव र वैष्णव परम्पराको अत्यधिक प्रभाव परेको देखिन्छ (उपाध्याय २००९)।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

भारतीय नाथपरम्पराको तुलनामा नेपाली नाथहरूको अभ्यास परम्परामा तन्त्र र योगको समन्वयात्मक परम्परा कायम रहेको छ। नेपालमा मत्स्येन्द्रनाथको तन्त्र र गोरखनाथको योगको परम्परा जीवित रहेको छ। खासगरी नाथहरूले विभिन्न जात्राका वेला र मठमन्दिरहरूमा निश्चित तिथिहरूमा गर्ने चक्रपूजाले नाथपरम्परामा तन्त्र र योगको समन्वय देखाउँछ। काठमाडौँ उपत्यकामा राजकीय दृष्टिले गोरखनाथको भन्दा मत्स्येन्द्रनाथको महिमा ठुलो छ। काठमाडौँका जात्रामध्ये सबैभन्दा भव्य जात्रा मत्स्येन्द्रनाथको जात्रालाई मानिन्छ र त्यसमा राज्यको प्रतिनिधिको उपस्थिति अनिवार्य रहेको छ। ललितपुरका वज्रयानी सम्प्रदायका अनुयायीहरूका मूल देवता यानि इष्टदेवता अवलोकितेश्वर मत्स्येन्द्रनाथ हुन्। उनलाई सहकालका देवता मानिन्छ (बुलियर २०१६:१६; जोशी २०३९: ८२-८७)। नेपाली नाथपरम्परा शैव, वैष्णव र बौद्ध परम्पराबाट सिञ्चित भए पनि भारतमा झैँ पूरै मिश्रित भएको छैन। यसमा मौलिक अभ्यासहरूको निरन्तरता रहेको छ। यसका उदाहरण हुन् , नेवारहरूका विभिन्न जात्रामा नाथयोगीहरूले गर्ने चक्रपूजा, कुमारीपूजामा नाथहरूले गर्ने पूजा, फर्पिङको हरिशङ्कर जात्रा र दाङको रत्नपीठमा पात्रदेवता, भैरव र देवीलाई गरिने तान्त्रिक विधिको पूजा (ज्ञवाली २०७६: २६८-७०)।

## १.७. नाथसम्प्रदायमा प्रयुक्त नाथ शब्दको अर्थ र परिभाषा

नाथसम्प्रदायको अध्ययनका सन्दर्भमा सर्वप्रथम नाथ शब्दको सैद्धान्तिक अर्थ निरूपण एवं यसको परिभाषा स्पष्ट हुन जरुरी छ। नाथ शब्दको प्रयोग **शिवपञ्चाक्षरस्तोत्रमा** "नन्दीश्वरप्रमथनाथमहेश्वराय" शिवलाई 'प्रमथनाथ' भनेको छ (गीताप्रेस,२०७४)। नव नाथपरम्परा आदिनाथबाट प्रारम्भ हुन्छ र शिवलाई नै आदिनाथ मानिन्छ। यसरी नाथपरम्पराको सुरुआत शिवबाट हुन्छ। नागेन्द्र उपाध्यायले (२००९:१७) नाथको अर्थ गोपीनाथ कविराज सम्पादित **गोरक्षसिद्धान्तसंग्रहबाट** उद्धृत गर्नुभएको छ। त्यसमा नाथको परिभाषा शब्दका आधारमा दिइएको छ।

नाकारोऽनादिरूप थकारः स्थाप्यते सदा।
भुवनत्रयमेवैकं श्रीगोरक्ष नमोऽस्तुते।

'ना' कों अर्थ अनादिरूप र 'थ'को अर्थ स्थापित (तीनैलोकमा/भुवनत्रय)। त्यो तत्त्व जो अनादिरूपमा छ र जसले तीनै लोकलाई स्थापित गर्दछ। **शक्तिसंगमतन्त्रले** नाथलाई मोक्षदाताका रूपमा परिभाषित गरेको छ।

श्रीमोक्षदानदक्षत्वात् नाथ ब्रह्मानुबोधनात्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

स्थगिताज्ञान विभवाच्छ्रीनाथ इति गीयते ।

'ना' को ब्रह्म र 'थ' को अर्थ अज्ञानलाई स्थगित गर्ने यानि अज्ञानलाई हटाउने ब्रह्म । यसरी परमतत्त्व, तीनलोकको कारण, ज्ञानदाता र मोक्षदाता हो । गोसिसंमा भनिएको छ शक्तिको काम सृष्टि ,शिवको काम पालन, कालको काम संहार र मुक्तिको काम नाथको हो "मुक्तिर्नाथेन दीयते" । नाथ देव र गुरु दुवै हुन् । नाथहरू चार पुरुषार्थमध्ये मोक्षलाई पहिलो नम्बरमा राख्छन् जबकि अरूले यसलाई अन्तिम पुरुषार्थका रूपमा लिन्छन् र उच्चारण गर्दा पनि धर्म, अर्थ, काम र मोक्ष भनिन्छ तर नाथका दृष्टिले मोक्ष, धर्म, अर्थ र काम हुन्छ र पहिलोका लागि अरू माध्यम या साधन बन्छन् । मोक्षदाता नाथ हुन् । गोरखवाणीमा पनि गोरखनाथले नाथ शब्दको प्रयोग गरेका छन् । त्यसको अर्थ ब्रह्म या मालिक बुझिन्छ ।

नाथ कहे तुम आपा राखौ । नाथ कहै तुम सुनहु रे अवधू ॥
ते निश्चल सदा नाथ के संग । नाथ कहता सब जग नाथ्या ॥

(उपाध्याय २००९: १-२ बडथ्याल, पृ.१८) ।

नाथ शब्दले शिवशङ्करलाई पनि बुझाउछ । शिवलाई नै आदिनाथ भनिन्छ एकातिर नाथपरम्पराका अनुयायी भन्ने बुझाउँछ भने यस शब्दले नाथयोगीको विशेषता पनि सङ्केत गर्दछ जस्तै इन्द्रिय निग्रह/नियन्त्रण गर्न सक्षम र हठयोग साधना गर्ने साधक या योगी नाथ हो भन्ने बुझिन्छ । (सार्दे २०१९:३०-३१, द्विवेदी १९५०:३, लोरेन्ज एन्ड मुनोज २०११:x)

नाथ शब्दको प्रयोग सन्तसाहित्यमा पनि पाइन्छ, त्यहाँ त्यसको अर्थ पूज्य, उपास्य अर्थमा भएको देखिन्छ भने नाथपरम्परामा नाथको अर्थ 'परमतत्त्व' हो । यस परम्परामा दीक्षा लिएपछि नामको अन्त्यमा नाथ जोडिन्छ । कल्याणी मल्लिकका अनुसार नाथपन्थ या नाथसम्प्रदाय नाम पुरानो नाम होइन, हरप्रसाद शास्त्रीले दिएका हुन् । पहिला उनीहरूलाई योगी, गोरखनाथी, दर्शनी, कनफटा भनिन्थ्यो । यस परम्परालाई पहिला योगमार्ग, योगसम्प्रदाय, अवधूत मत, अवधूत सम्प्रदाय भनिन्थ्यो (उपाध्याय पृ.३-४) । नाथ शब्द 'नवनाथ' शब्दमै परेको छ । भारतका सन्त ज्ञानेश्वरले *ज्ञानेश्वरी*मा आफू आदिनाथपरम्पराको नाथ भएको दावी गरका छन् । यस पृष्ठभूमिमा कल्याणी मल्लिकको तर्कमा खासै दम देखिँदैन । निश्चित रूपमा सिद्ध, योगी र नाथ कैयौं पटक समानार्थी पर्यायका रूपमा प्रयोग भएको पाइन्छ ।

## १.८ नाथहरूको स्थिति र अन्य परम्परासितको सम्बन्ध

आर्.जी.भण्डारकरका अनुसार शङ्कराचार्यको समयमा शैवसम्प्रदायलाई माहेश्वर भनिन्थ्यो । रामानुजका पालामा शैव सम्प्रदायका

CC-0. Nepal Sanskrit Academy, Kathmandu

लागि कारुणिक, सिद्धान्ति, कापालिक, पाशुपत, माहेश्वर, लाकुलीश, कालानन आदि नाम प्रसिद्ध थिए। ९ औँ शताब्दीमा काश्मीर शैवमत सुरु भएको मानिन्छ र यसका स्पन्दमत र प्रत्यभिज्ञामत पनि साथसाथै विकसित भएका थिए (भण्डारकर १९१३:.१४६-१८४)। सम्पूर्ण शैवमतहरूलाई स्वीकार्य नाम माहेश्वर नै देखिन्छ। माहेश्वर शैव १०औँ शताब्दीमा दुई वर्गमा विकसित भएको देखिन्छ : पाशुपत शैव र आगमिक शैव। पाशुपत शैवमा पाशुपत, लाकुलीश, कापालिक, नाथ, गोरखनाथी र रसेश्वर तथा आगमिक शैवमा शैव सिद्धान्ती, तमिल शैव, काश्मिरी शैव र वीर शैव पर्दछन् (उपाध्याय पृ.६७-६८)।

डा.फर्कुहरका मतमा नाथपन्थी, गोरखपन्थी, रसेश्वर सम्प्रदाय पाशुपत परम्परामा पर्छन्। नाथपरम्परामा गोरखनाथलाई शिव अवतार मानिन्छ र चारै युगमा अलग अलग ठाउँमा अवतार लिएको विश्वास गरिन्छ। दक्षिण भारतका शिलालेखहरूमा छओटा शैव सम्प्रदायको उल्लेख पाइन्छ। ती हुन् : भैरव, वाम, कालामुख, महाव्रत, पाशुपत, शैव। बी.एस्.पाठकका दृष्टिले वाम र भैरव शैवहरू कापालिकका निरन्तरता हुन सक्छन्। आनन्दगिरिले **शंकर दिग्विजय**मा शैव, रौद्र, उग्र, भट्ट, जङ्गम, पाशुपत नामका ६ सम्प्रदायको विवरण दिएका छन् (दासगुप्ता पृ.१२४)। यसरी १३ औँ शताब्दीतिर कालानन, कापालिक, लाकुलीश, पाशुपत र शैवसिद्धान्त नामका पाँच शैव सम्प्रदाय प्रचलनमा थिए (उपाध्याय पृ ६९-७१)। ९औँ शताब्दीदेखि १४ औँ शताब्दीसम्म माहेश्वर सम्प्रदायमा सबैभन्दा क्रियाशील नाथपन्थी र कापालिकहरू थिए र यी दुई घनिष्ठरूपमा एक आपसमा सम्बद्ध रहेका छन् (फर्कुहर पृ२५१-५४)।

शङ्कराचार्यभन्दा अघि भारतमा चार थरिका सन्न्यासीहरू पाइन्थे। ती हुन् बौद्ध सन्न्यासी, जैन सन्न्यासी, पाशुपत सन्न्यासी र कापालिक सन्न्यासी तर शङ्कराचार्यपछि बौद्ध सन्न्यासी घट्दै गए, जैन सन्न्यासी, शिवभक्त सन्न्यासी र विष्णुभक्त सन्न्यासी रहे। शैवले आफूलाई सन्न्यासी भन्थे भने वैष्णवले आफूलाई सन्न्यासी नभनेर वैरागी भन्थे। नाथपन्थीलाई सन्न्यासी भनिन्थ्यो र अवधूत पनि भनिन्थ्यो। यसरी शङ्कराचार्यद्वारा सङ्गठित दशनामीहरू र गोरखनाथद्वारा सङगठित बाह्रपन्थी नाथहरू दुवै थरी शैव सन्न्यासी नै हुन् तर यी दुईमा के फरक छ भने दशनामी सन्न्यासीहरू शङकराचार्यलाई शिवको अवतार मान्छन् र उनका सिद्धान्तहरू अनुसरण गर्दछन् भनें नाथपन्थी गोरखनाथलाई शिवको अवतार मान्दछन्, उनलाई शिवगोरक्ष भन्छन् र उनको अनुसरण गर्दछन्। जी.एस्.घुरेका दृष्टिमा दशनामी वेदान्ती सन्न्यासी हुन् र नाथपन्थ तान्त्रिक या आगमपन्थी सन्न्यासी हुन्। नाथहरूलाई माहेश्वर, पाशुपत, कापालिक

CC-0. Nepal Sanskrit Academy, Kathmandu

संन्यासको विकसित रूप मान्न सकिन्छ। (घुरे, पृ ६३,७८,८७,१३२ र १४५)। धार्मिक इतिहास केलाउदा गोरक्षनाथले पुरानो माहेश्वरमतलाई पुनर्गठन गरेको देखिन्छ (उपाध्याय, पृ.७७)।

नाथपन्थीहरूको काश्मिरी शैव परम्परासित राम्रो सम्बन्ध रहेको कुरा अभिनवगुप्तले उनको प्रसिद्ध पुस्तक*तन्त्रालोक*को मङ्गलाचरणमा योगी मत्स्येन्द्रनाथलाई नमन गरेकोबाट प्रस्ट हुन्छ। यस प्रसङ्गबाट मत्स्येन्द्रनाथको समय अभिनवगुप्तको भन्दा पहिला भएको प्रमाणित हुन्छ। शैव सम्प्रदायमध्ये कापालिक, पाशुपत र अघोरीसित नाथहरूको नजिकको सम्बन्ध थियो। यस सम्बन्धमा वेस्टन ब्रिग्सले भनेका छन् : पाशुपत, कालामुख, कापालिक आदि विभिन्न शैव नै नाथपरम्पराका पूर्ववर्ती थिए (ब्रिग्स पृ.२४३,२४८)। नेपालको नाथ खासगरी मत्स्येन्द्रनाथको परम्परामा शैव र बौद्ध विचारको सम्मिश्रण देखिन्छ (ब्रिग्स पृ. २५०)। शशिभूषण दासगुप्त नाथमत र रसायन मत अन्तःसम्बद्ध भएको मान्दछन्। नाथसिद्ध र रसायनमतका साधकहरूको साधनाको एउटै उद्देश्य हुन्छ , त्यो हो यसै जीवनमा मुक्तिको अनुभव गर्ने (पृ.२५१-५५)। उनीहरूको वैष्णवसित पनि घनिष्ठ सम्बन्ध रहेको कुरा घेरण्ड ऋषि रचित ग्रन्थ *घेरण्डसंहिताले* पुष्टि गर्दछ। यसका लेखक ऋषि घेरण्ड बङ्गालका वैष्णव थिए। (धमला २०७७: १३०)। विल्सनका अनुसार कापालिकहरू कनफटा योगीको परम्परामा समाहित भएका हुन्।

हजारी प्रसाद द्विवेदीका अनुसार नाथपन्थीहरूमा दुई वर्ग छन् : औघड र कानफटा। औघडलाई अघोरीसम्प्रदायसित जोड्ने गरिन्छ। औघड गृहस्थी नाथ हुन्। यिनीहरूले नाथपन्थको पूर्ण दीक्षा पाइसकेंका हुँदैनन्। उनका मतमा मत्स्येन्द्रनाथ पहिला सिद्ध या सिद्धामृत मतका अनुयायी थिए। मत्स्येन्द्रनाथ कामरूपमा वाममार्गी साधनामा प्रवृत्त भएपछि उनको ज्ञान नै कौलज्ञान भनेर चिनियो (पृ. ५८)। मत्स्येन्द्रनाथको ग्रन्थ ***कौलज्ञाननिर्णय***को १६ औँ पटलमा वर्णित सिद्ध कौलमत नै कालान्तरमा नाथपरम्परामा विकसित भएको हो (द्विवेदी, नाथ सम्प्रदाय, पृ.१७२-७५)।

### १.९ नाथ अनुयायीको वर्गीकरण : बाह्रपन्थ

नाथ परम्पराका अनुयायीका बाह्र शाखाहरू छन्, तिनलाई बाह्र पन्थ भनिन्छ। समाजमा शङ्कराचार्यका अनुयायीलाई दशनामी सन्न्यासी या शैव भनेर चिनिन्छ भने नाथ सन्न्यासीलाई बाह्रपन्थी योगी भनेर चिनिन्छ। हुन त शङ्कराचार्यका अनुयायी र मत्स्येन्द्र गोरखनाथका अनुयायी दुवै शिव उपासक शैव नै हुन् तापनि एकथरीले शङ्कराचार्यको पद्धति अनुकरण

CC-0. Nepal Sanskrit Academy, Kathmandu
गरे भने अर्काथरीले मत्स्येन्द्रनाथ गोरखनाथको पद्धति अनुकरण गरे। नाथ न्थीका साधनामा खासगरेर चक्रसाधना र कुण्डलिनी साधनामा शक्तिको ठूलो महत्त्व छ। कुण्डलिनी जागरण नहुँदासम्म साधना अघि बढ्दैन। कुण्डलिनी जागृत भनेकै शक्ति जागृत हुनु हो। यसरी कुण्डलिनीरूपी शक्ति जागृत नहुँदासम्म साधना अघि बढ्दै बढ्दैन। बाह्र पन्थमध्ये प्रत्येक पन्थको आफ्नो मूल स्थल र मूल मठ छ र प्रत्येक पन्थ र त्यसका अनुयायीले कुनै निश्चित देवता या सिद्ध या योगीलाई पन्थप्रवर्तक र त्यस पन्थको स्रोत मान्दछन्। पन्थविवरण कुनै निश्चित इतिहासको कालखण्डमा आधारित नभएर सार्वकालिक चतुर्युगको मान्यतामा आधारित देखिन्छ। बाह्रपन्थका नामका बारेमा र तिनका प्रवर्तकका बारेमा र मूलस्थान या मठका बारेमा नाथानुयायीका बिचमा एकरूपता देखिँदैन त्यसैले बाह्रपन्थका बारेमा विभिन्न सूचीहरू देखिन्छन्।

**१.९.१ कौलज्ञाननिर्णय भाग १ (पृ.७७)मा बाह्र पन्थका विवरण यसरी दिइएको छ।**

शिव प्रवर्तित ६ पन्थः

१. भुज कच्छका कंठरनाथ
२. पेशावर र रोहतकका पागलनाथ
३. अफगानिस्तानका रावल
४. पंख या पंक
५. मारवाडका वन
६. गोपाल या रामको पन्थ

गोरखनाथ प्रवर्तित ६ पन्थ :

१. हेठनाथ
२. आई पन्थका चोलीनाथ
३. चाँदनाथ कपिलानी
४. रतढोंढा, मारवाडका वैरागपन्थ र रतननाथ
५. जयपुरको पवनाथ
६. धजनाथ महावीर

**१.९.२ योगेन्द्रनाथ योगीका अनुसार बाह्रपन्थको सूची निम्नानुसार रहेको छ।**

बाह्र पन्थबारे विवरण

१. सत्यनाथ पन्थ –प्रवर्तकः सत्यनाथ, संरक्षकः ब्रह्मा, मूलस्थानः भुवनेश्वर उडीसा ,आग्रा यूपी, पुष्कर राजस्थान।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

२. धर्मनाथ पन्थ –प्रवर्तकः राजा युधिष्ठिर, संरक्षकः धर्मराज, मूलस्थानः नेपालः दुल्लु दैलेख ।

३. रामनाथ पन्थ –प्रवर्तकः राजा रामचन्द्र, संरक्षकः रामचन्द्र, मूलस्थानः नेपाः चोकथापे, यूपी : गोरखपुर

४. पागल पन्थ –प्रवर्तकः चौरङीनाथ संरक्षकः भगत पूरनमल, मूलस्थानः हरियाणाः अस्थल बोहर ।

५. पावनाथ, पावक –प्रवर्तकः जालन्धरनाथ, संरक्षकः, मूलस्थानः राजस्थानः जालौर ।

६. माननाथ या मानोनाथ पन्थ –प्रवर्तकः राजा रसोली, संरक्षकः अर्जन नागा, मूलस्थानः राजस्थान जोधपुर (ताइ महामन्दिर) ।

७. आइ पन्थ (आइ) –प्रवर्तकः विमलादेवी/कारकाइ, भुसताइ, संरक्षकः ....., मूलस्थानः हरियाणाः अस्थल बोहर, बङ्गला विमला गुफा ।

८. भतृहरि वैराग पन्थ –प्रवर्तकः सिद्ध विचारनाथ, संरक्षकः राजा भतृहरि, मूलस्थानः राजस्थानः राता डुन्डा ।

९. नाटेश्वरी पन्थ (सहायक पन्थ : दरियानाथ) –प्रवर्तकः लक्ष्मणनाथ, बालनाथ; संरक्षकः शेषनाग, मूलस्थानः पाकिस्तानः झेलम गोरख टिल्ला ,स्थानान्तरित : पंजाब अम्बाला गोरखटिल्ला ।

१०. कपिलानी पन्थ –प्रवर्तकः कपिलनाथ, संरक्षकः कपिलमणि, कपिलदेव, मूलस्थान : बङ्गाल गोरखबाँसी ।

११. रावल वा नागनाथ पन्थ –प्रवर्तकः रावलनाथ, संरक्षकः सिद्ध बादरबारे, मूलस्थानः अफगानिस्तानः गैलपुर बाँदरबारे ।

१२. गंगानाथ पन्थ –प्रवर्तकः गंगानाथ भीष्मपितामह, संरक्षक : ऋषि भागिरथ मूलस्थान : पन्जाब गुरदासपुर, गंगासागर ।

नाथयोगीहरूका उपर्युक्त बाह्र पन्थमध्ये सुरुका छ पन्थ शिव भगवान्ले चलाएका र पछिल्ला छवटा पन्थ गोरखनाथले चलाएको मानिन्छ। सुरुसुरुमा शिवले चलाएका १८ पन्थ र योगी गोरखनाथले चलाएका १२ पन्थ गरी जम्मा ३० पन्थहरू थिए । उनीहरूको एक आपसमा सैद्धान्तिक र व्यावहारिक झैझगडा भइरहन्थ्यो त्यसैले त्यो समस्या समाधान गर्न एउटै भेषपन्थीपरम्परा विकसित गरियो । शिवले चलाएका १८ नाथ पन्थमध्येबाट छवटा र सिद्धयोगी गोरखनाथले चलाएका १२ नाथपन्थबाट छवटा गरी जम्मा १२ नाथ पन्थहरूलाई जोडरे यसको नाम नै बाह्र पन्थ राखियो । कालान्तरमा सबै भेदहरू हराउँदै गए । यी बाह्र पन्थका आआफ्ना मूल पन्थप्रवर्तक र मूलस्थान एवम् मुख्य मठ रहेका छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

**१.९.३ हजारी प्रसाद द्विवेदीका अनुसार बाह्र पन्थको सूचनामा एकरूपता पाइँदैन । कतिपय सूचीमा रावल पन्थ र पावनाथ या पावकपन्थको सट्टा धजपन्थ र कन्थापन्थको नाम पाइन्छ । धजपन्थ श्री रामभक्त हनुमानले चलाएका थिए भने कन्थापन्थ भगवान् गणेशले चलाएको मानिन्छ ।**

हजारी प्रसाद द्विवेदीले आफ्नो पुस्तक **नाथ सम्प्रदायमा** निम्नानुसारको बाह्रपन्थको सूची दिएका छन् ।

| पन्थनाम | प्रवर्तक | संरक्षक | मूलस्थान | विशेष |
|---|---|---|---|---|
| १. सत्यनाथी | ब्रह्मा | | उडीसा भुवनेश्वर | ब्रह्माले सुरु गरेको ब्रह्मयोगी |
| २. धर्मनाथी पन्थ | धर्मराज युधिष्ठिर | धर्मराज स्वयं | नेपालः दुल्लु दैलेख | पौराणिक पात्र पञ्चपाण्डव |
| ३. रामपन्थ | श्री रामचन्द्र | रामचन्द्र | उत्रर प्रदेशः गोरखपुर, चोक तप्पे | विष्णु अवतार राम |
| ४. नटेश्वरी पन्थ | लक्ष्मण (रामचन्द्रका भाइ) | | पंजावः भेलम गोरखटीला | यसका २ शाखा नटेश्वरी र दरियापन्थी |
| ५. कन्हड पन्थ | गणेश | | कच्छः मानफरा | देवताले सुरु गरेको पन्थ |
| ६. कपिलानी पन्थ | कपिलमुनि | कपिलदेव | वङ्गालः गंगासागर हाल कलकत्ता नजिक गोरखवंशी | ऋषि प्रवर्तित पन्थ |
| ७. वैरागपन्थ | भर्तृहरि | | राजस्थानः अजमेर, पुश्करको नजिक | त्यागी राजा सिद्ध |
| ८. माननाथी पन्थ | गोपीचन्द | | राजस्थान, सीकर, टाइ | राजा, सिद्ध |
| ९. आइपन्थ | भगवती विमला | | वङ्गाल : दिनाजपुर, जोगीगुफा वा गोरखकुंइ | गोरखनाथ शिष्या सिद्ध |
| १०. पागलपन्थ | चौरडीनाथ (पूरनभगत) | | पंजावः अवोहर | सिद्ध |
| ११. धजपन्थ | हनुमान | | उत्तरप्रदेश | रामभक्त देवत्व प्राप्त |
| १२. गंगानाथी | भीष्मपितामह | | पौराणिक पात्र | |

CC-0. Nepal Sanskrit Academy, Kathmandu

**१.९.४ राजा चन्द्रनाथले योगियों का नित्याचार -अखण्डपूजा, १९६७ मा बाह्रपन्थका नाम दोहा शैलीमा यसरी दिएका छन् र केही अज्ञात नामहरू पनि छन् ।**

१. सत्यनाथ अरू राम के कन्थर पाकल पाव ।
धर्मनाथ चइ पन्थ इहै शिव योगी जतिराव ॥
यस दोहाअनुसार सत्यनाथ, रामके, कन्थर, पाकल, पाव र धर्मनाथ इ ६ शिवयोगीका पन्थ हुन् ।

२. गंगानाथी वैराग्य पुन नटेश्वरी कपिलान ।
आई रावल सत् इहे गोरख जोगीके ॥
गंगानाथी, वैरागी, नटेश्वरी, कपिलानी, आई र रावल यी गोरख. योगी हुन् ।

३. पावपाकल ध्वज रावल कोली वन कन्थड कन्द ।
वैराग्य हेतपंख गोपाल इहे बाह्र पन्थ जोग्यन्ड ॥
राजा रामचन्द्रको यस दोहाका आधारमा पाव, पाकल, ध्वज, रावल, कोली, वन, कन्थड, कन्द, वैराग्य, हेत, पंख र गोपाल यी बाह्र पन्थ हुन् योगीहरूका ।

४. पाकल, रावल दास कन्थड, आइ ध्वज वन पंख ।
कोली, हेत, गोपाल गम जोगी बाह्र पन्थ ॥
यस दोहाका अनुसार बाह्र पन्थका नाम हुन् : पाकल, रावल, दास, कन्थड, आई, ध्वज, वन, पंख, कोली, हेत, गोपाल र गम ।

**१.९.५ सिद्ध घोरा कोलिनाथ पुरानो हिन्दी भाषामा लिखित मात्राशास्त्रमा बाह्र पन्थको नाम यसरी दिएको पाइन्छ । रावल, पाकल, वनी, अगमागम, अइपन्थ, पांखि, ध्वज, गोपाल, हेत, दास, कन्थर र कोली ।**

अहिलेसम्म माथि दिएका सबै सूचीलाई एकै ठाउँमा राखेर योगेन्द्रनाथ योगीले आफ्नो ब्लगमा तलको सूची दिएका छन् ।

| N | Modern existing devision | First list verse1 a-b | Second list verse 2 | Third list verse 3 | Fourth list of Pīr Kalla Nāth | Fifth list of Ghoṛā Colīnāth |
|---|---|---|---|---|---|---|
| 1 | Satya Nāthi | Satya Nāth | Paṅkh | Paṅkh | Paṅkh | Pāṅkhi |
| 2 | Rām ke | Rām ke | Gopāl | Gopāl | Gopāl | Gopāl |
| 3 | Man Nāthi | Kanthaṛ | Kanthaṛ | Kanthaṛ | Kaṇṭhar Nāth | Kanthaṛ |
| 4 | Pāgal | Pākal | Pākal | Pākal | Pāgal Nāth | Pākal |
| 5 | Pāo Nāthi | Pāv | Pāv | Gam | Rāwal? He | Agamāg |

CC-0. Nepal Sanskrit Academy, Kathmandu

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | or Pavak | | | | re misplaced with Pao | am |
| 6 | Dharm Nāthi | Dharma Nāth | Van? | Van? | Ban of Mārwār? | Bani |

**The Six of Gorakṣ Nāth panthas compared**

| N | Modern existing devision | First list verse 1 a-b | Second list verse 2 | Third list verse 3 | Fourth list of Pīr Kalla Nāth | Fifth list of Ghoṛā Colīnāth |
|---|---|---|---|---|---|---|
| 1 | Gaṅgā Nathi | Gaṅgā Nathi | Dhvaja ? | Dhvaja ? | Dhajja Nāth? | Dvaj? |
| 2 | Bhartṛhar i Bāirāg | Vairāgya | Vairāgya | Dās? | Bāirāg | Dās? |
| 3 | Naṭeśvarī | Naṭeśvarī | Het | Het | Heth Nāth | Het |
| 4 | Kapilānī | Kapilān | Cand | Coli? | Cānd Nāth | Colī? |
| 5 | Āī panthi | Āī | Coli (choli) | Āī | Coli Nāth | Aipanth |
| 6 | Rāval | Rāval | Rāval | Rāval | Pāonāth? here misplaced with Rāval | Rāval |

In one mantra there is one more list of the twelve panthas, with the names of their patrons or founders here called Pīr and with their head qurters called sthān (place):

| | Panth | Pīr | Place |
|---|---|---|---|
| 1 | Satya Nāth | Brahmā | Pātāl Bhuvaneśvar |
| 2 | Rām ke | Paraśurām | Nohar |
| 3 | Dharm Nāth | Dharmrāja | Dullu Deval |
| 4 | Pāv Paṇth | Jālandhar Nāth | Jālaur |
| 5 | Pāgal Paṇth | Siddh Pālak Nāth | Rohtāś (Rohtak) |
| 6 | Rāval | Viṣṇu | Gailpur |
| 7 | Kapalāṇī | Kapil Munī | Gorakh Bansī |
| 8 | Gaṅga Nāthī | Bhagīrath | Gāṅgā Sāgar Jakhvaḍ(r) |
| 9 | Naṭeśvarī | Lakṣmaṇ | Gorakh Ṭillā |
| 10 | Āī | Bimalā Nāth | Bengal Bimalā |
| 11 | Bāirāg | Bhartṛharī Nāth | Rātā Ḍūṇḍā |
| 12 | Mān Nāthī | Candramā | Ṭāiyā |

(योगन्द्रनाथयोगीको ब्लगबाट लिएको)

विजय सार्देले (२०१९: ५४)मा र योगी सिहनाथ (वि.सं.२०७७: ५९-६०)मा हजारीप्रसाद द्विवेदी (१९५०: ११)को बाह्र पन्थ सूचीलाई साभार गरिएको छ। त्यस अनुसार बाह्र पन्थका नाम हुन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

**सत्यनाथी, धर्मनाथी, रामनाथी, नटेश्वरी, कन्हड, कपिलानी, वैरागपन्थ, माननाथी, आईपन्थ, पागलपन्थ, धजपन्थ र गंगानाथी ।**

## १.१० नाथपीठमा महन्त या पीर नियुक्तिमा विविधता

बाह्र पन्थ नाथमठहरूमा पीर या महन्तको नियुक्ति स्थानविशेषअनुसार फरक फरक अवधिका लागि हुने गर्दछ। नाथयोगीको झुण्डीले विभिन्न ठाउँका महन्तको नियुक्ति र पात्रदेवताको यात्रा गराउँछ। सबै नाथयोगीहरूका इष्ट देवता पात्रदेवता हुन्। दाङ रत्ननाथमठमा पीरनियुक्ति एक वर्षका लागि गर्ने परम्परा छ भने भारत हिमाञ्चल प्रदेशको ज्वालामुखीमा ६ महिनाका लागि पीरनियुक्ति गरिन्छ। राजस्थानको पुष्करमा वर्षदिनमा पात्रदेवताको पूजा दुई दिन र आधा दिन हुन्छ र त्यति समयका लागि पीर र उनका सहायकको नियुक्ति गरिन्छ भने कर्नाटकको मंगलूरमा रहेको कद्री मठमा पीर जसलाई त्यहाँ राजा भनिन्छ उनको नियुक्ति बाह्र वर्षका लागि हुन्छ। नासिकमा कुम्भमेला बाह्र वर्षमा लाग्छ त्यसै कुम्भ मेलामा कद्रीमठको राजा नियुक्त गरिन्छ। एउटा कुम्भमेलामा नियुक्त गरेको महन्त अर्को कुम्भमेलासम्म रहन्छन् (बुलियर २०१६: ६७)।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

## अध्याय दुई

# योगपरम्परामा नाथयोग साधना

बौद्ध योगपरम्परा मुख्यरूपमा ध्यानसाधनाका विभिन्न पद्धतिमा केन्द्रित रहेको छ भने वेदान्ती योगपरम्परा ज्ञानप्राप्तिका साधनामा केन्द्रित रहेको छ। यसको तात्पर्य हो वेदान्त दर्शन विभिन्न ग्रन्थहरू तिनका भाष्य एवं टीकाको अध्ययनमा केन्द्रित छ तर नाथयोग दर्शन विशुद्धरूपमा आत्म अनुशासित हठयोग साधनामा केन्द्रित रहेको छ। हठयोग साधनामा षट् चक्र र अधोमुखी सर्पिणी या कुण्डलिनीको जागरण प्रक्रियाको साधना महत्त्वपूर्ण मानिन्छ। चक्र र कुण्डलिनीको अवधारणा तन्त्रशास्त्रको परम्पराबाट आएको हो। योग भन्ने शब्द तात्त्विकरूपमा नाथहरूसित खासगरी नाथ सन्न्यासी जसलाई अवधूत भनिन्छ उनीहरूसित गाँसिएको छ। साधनाका दृष्टिले नाथयोग, बौद्ध योग र वेदान्त योगभन्दा फरक रहेको छ। गोपीनाथ कविराजका अनुसार नाथहरूको उच्च आदर्श योगसाधना हो जुन साधना पतञ्जलीको योग, बौद्धहरूको साधना र वेदान्तीहरूको योगभन्दा अलि फरक रहेको छ (बनर्जी १९६५)। **सिद्धसिद्धान्तपद्धति**मा शिवले नै नाथहरूलाई साधनाका लागि योगमार्गभन्दा अर्को उत्तम मार्ग छैन भनेर बताएको कुरा उल्लेख गरिएको छ।

योगमार्गात् परो मार्गो नास्ति नास्ति श्रुतौ स्मृतौ।
शास्त्रेष्वन्येषु सर्वेषु शिवेन कथितः पुरा (५:२१)।

योगसाधना नै नाथहरूको मुख्य लक्ष्य हुनाले रामदास गौड (१९९३) का अनुसार उनीहरूलाई योग सम्प्रदाय नै भन्नुपर्छ। गोरखनाथ आफैँले पनि सबैखाले विकारहरू त्यागेर निर्मल भएको योगसाधक योगी हो भनेका छन् र त्यस्तो योगी नै अवधूत हो (सि.सि.प. ६: १)। वास्तवमा नाथयोगीको जीवनको लक्ष्य परम तत्त्वको प्राप्ति हो र यसको माध्यम योग साधना हो त्यसैले योग साधनालाई नाथ योगीहरूले अति महत्त्व दिएका छन्।

गोरखनाथ भन्छन् सच्चा योगीलाई पञ्च महाभूतका भौतिक सीमाले बाँध्न सक्दैनन्।

गगने न गोपन्त तेजे न सोखन्त पवन न पेलन्त बाइ।
याही भारे न भाजन्त उदके न डुबन्त। (गोरखवाणी २४)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

योगीलाई आकाशले लुकाउन सक्दैन, आगोले जलाउन सक्दैन, वायुले उडाउन सक्दैन र पृथ्वीको भारले फोर्न सक्दैन र पानीले डुबाउँदैन ।

## २.१ वेद र उपनिषद्मा योगसाधना

सामान्यरूपमा योगलाई हिन्दु साधनापरम्परामा सबैले उच्च महत्त्व दिएका छन् । सर्वप्रथम योगका बारेमा चर्चा वेदसंहितामा खासगरी यजुर्वेद र अथर्ववेदमा पाइन्छ ।

योगं प्रपद्ये क्षेमं च क्षेमं प्रपद्ये योगं च नमोऽहोरात्राभ्यामस्तु (अथर्व १९.८.२)

हामी अहोरात्र वन्दना गर्दछौँ हामीलाई योगक्षेम प्राप्त होस् ।

योगे योगे तवस्तरं वाजे वाजे हवामहे (यजुर्वेद)

निरन्तर गरिने योगसाधनाले बलियो शरीर र मन भएका हामी आह्वान गर्दछौँ ।

वेदशास्त्रको अन्तिम भागका रूपमा उपनिषद्लाई मानिन्छ त्यसैले यसलाई वेदान्त पनि भनिन्छ । उपनिषद्को सङ्ख्या सयौँ रहेको छ, तीमध्ये आदि शङ्कराचार्यले उल्लेख गरेका दश उपनिषद्लाई मुख्य उपनिषद् मानिन्छ । ती हुन् :ईश, केन, कठ, प्रश्न, मुण्डक, माण्डुक्य, ऐतरेय, तैतरेय, बृहदारण्यक, छान्दोग्य उपनिषद् । यिनीहरूमा योगको त्यति विशद चर्चा पाइँदैन तर अन्य केही उपनिषद्हरू जस्तै योगतत्त्व उपनिषद्, योगराजोपनिषद्, नादविन्दूपनिषद्, ध्यानविन्दूपनिषद्हरू योग विषयमा नै केन्द्रित रहेका पाइन्छन् ।

वेदान्त ग्रन्थहरूमध्ये योगविषयमा केन्द्रित ग्रन्थ भगवद्गीता नै हो । गीताले योगलाई विभिन्न १८ दृष्टिकोणले १८ थरिका योगको चर्चा १८ अध्यायमा गरेको छ र यसको व्यापक जीवनसापेक्ष सन्दर्भमा पनि परिभाषित गरेको छ । कुनै पनि कर्मलाई निपुणतासाथ गरिनुलाई योग मानेको छ "योगः कर्मसु कौशलम्" (गीता २: ५०) । खासगरी गीताको छैठौँ अध्याय योगसाधनामा केन्द्रित रहेको छ । उदाहरणका लागि गीताको छैठौँ अध्यायबाट एउटा श्लोक उद्धृत गर्न चाहन्छु ।

तपस्विभ्योऽधिको योगी ज्ञानिभ्योऽपि मतोऽधिकः ।

कर्मिभ्यश्चाधिको योगी तस्माद्योगी भवार्जुन (गीता ६:४६)

तपस्वीभन्दा माथि ज्ञानी, ज्ञानीभन्दा माथि कर्मयोगी, त्यसभन्दा पनि श्रेष्ठ योगी हो त्यसैले हे अर्जुन तिमी योगी बन । यसले गीतामा योगसाधनालाई कति धेरै महत्त्व दिएको रहेछ भन्ने कुरा स्पष्ट बुझिन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

स्वामी सत्यानन्द सरस्वतीका अनुसार योग तन्त्रको एउटा अङ्ग हो र संसारमा दशहजार वर्षभन्दा पनि पहिलादेखि विकसित हुँदै आएको हो। उनका अनुसार तन्त्र वेदशास्त्रभन्दा पनि पुरानो शास्त्र हो। स्वामीका विचारमा योगका संस्थापक महादेव शिव हुन् र उनकी प्रथम शिष्य पार्वती हुन् उनीबाट नै योगको प्रचार भएको हो (१९७७: २)। गौतम बुद्धले योग विद्यालाई आफ्नो हिसाबले परिमार्जन गरेर अभ्यास गरे र गराए। तदनुरूप बौद्ध योगविद्या पनि बन्यो (स्वामी सत्यानन्द पृ.४)।

योगलाई दर्शनका रूपमा स्थापित गर्ने काम महर्षि पतञ्जलि गरे। उनको ग्रन्थ योगसूत्र र त्यसमा रहेका १९६ सूत्रले योगपरम्परालाई दर्शनको स्तरमा पुऱ्याए। साङ्ख्यदर्शन र योगदर्शनलाई जोडेर हेर्ने गरिन्छ। साङ्ख्यलाई ज्ञानयोग दर्शन र योगदर्शनलाई कर्मयोग दर्शन पनि मान्दछन्। जीव र जगत्को व्याख्याका सम्बन्धमा साङ्ख्यदर्शनका २५ तत्त्वलाई योगदर्शनले स्वीकार गरेको छ (गौडपृ. ५४४)। ब्रिग्सले साङ्ख्यको ज्ञानयोग योगशास्त्रमा राजयोग बन्यो र योगशास्त्रको कर्मयोग नाथयोग परम्परामा हठयोग बन्यो भनेका छन् (पृ.२७२)।

सबै प्रकारका हिन्दु ग्रन्थहरू चाहे वैदिक, पौराणिक, तान्त्रिक या साहित्यिक ग्रन्थ, प्रत्येकमा योग साधनाका बारेमा केही न केही चर्चा गरेको पाइन्छ तर जीवनमा योगसाधनालाई सर्वोपरि मान्ने सम्प्रदाय नाथसम्प्रदाय नै हो। त्यसैले यस सम्प्रदायमा दीक्षित भएपछि नामका साथ योगी लेख्ने परम्परा छ र यसले नाथहरूको जीवनपद्धतिलाई बुझाउँछ। योगीका लागि उसको जीवनमा परम तत्त्वको प्राप्ति उसको साध्य हो, लक्ष्य हो। त्यस लक्ष्यमा पुऱ्याउने साधना योग हो त्यसैले हठयोगप्रदीपिकामा स्वात्मारामले आसन, प्राणायाम, बन्ध, मुद्राहरूको साधनापछि मात्र समाधिको चर्चा गरेका छन् किनभने समाधि परम तत्त्व अनुभूतिको चरण हो।

नवनाथहरूमा सबै योगीले योगसाधनालाई महत्त्व दिए तर त्यसलाई सैद्धान्तिक र व्यावहारिक दुवै दृष्टिले स्थापित गरेको गुरु गोरखनाथले हो। उनका सबै ग्रन्थमा सर्बाधिक चर्चा गरिएको विषयवस्तु योगसाधना नै हो। उदाहरणका लागि उनका तीनओटा ग्रन्थ लिऊँ। *गोरक्षशतक, सिद्धसिद्धान्तपद्धति र गोरखवानी* सबैको विषयवस्तु योगसाधना नै हो।

## २.२ नाथपरम्पराका आदर्श

**२.२ क. नाथपरम्परामा गुरुको सर्वोपरि स्थान रहेको छ।** यो पहिलो आदर्श हो। नाथदर्शन योगी नरहरिनाथको शब्दमा 'संकेत विद्या गुरुवक्त्रगम्या' यानि गुरुले सिकाएर मात्र जानिने विद्या हो। त्यसैले शिवले आफ्नो चेला मत्स्येन्द्रनाथ उनको पनि चेला गोरखनाथ बनेर धरतीमा आएर योगमार्गको

CC-0. Nepal Sanskrit Academy, Kathmandu

प्रचार प्रसार गरेको हुनाले गोरखनाथलाई शिवगोरक्ष भनिन्छ (योगी वंशावली भाग १, भूमिका)। कुनै पनि नाथको योगसाधना गुरुप्रसाद नभई, गुरुको आशीर्वादविना सिद्धि प्राप्त हुँदैन (सि.सि.प. ५: ९)। शिवको आदेश छ गुरुको करुणाद्वारा शिष्यमा शक्ति निपात नभई योगसाधना सिद्ध हुँदैन (५: ६५-६६)। सद्गुरुले शिष्यलाई अष्टपाशबाट मुक्त गराउँछन्। अष्टपाश भनेका जरा, जन्म, मरण, व्याधि, काम, क्रोध, अभिमान र अविद्या हुन्। शिष्यलाई व्यष्टि पिण्ड र समष्टिपिण्डबिच समरसता कायम गराउन सक्ने, स्वरूपावस्थित गरिदिने यानि परमात्मानिष्ठ बनाइदिने क्षमता भएका गुरु नै सद्गुरु हुन् भनिएको छ। योगको ज्ञान नभएको गुरुलाई मिथ्या गुरु भनिएको छ र त्यस्तालाई गुरु स्वीकार नगर्नु भनिएको छ (५: ६८-७३)। नाथसाहित्यमा सिद्धगुरुलाई अवधूत भनिएको छ। गोरखनाथले मत्स्येन्द्रनाथलाई आदर्श गुरु भनेका छन्। नाथपरम्पराको धेरै ज्ञान मत्स्येन्द्रनाथ र गोरखनाथबिचको संवादमार्फत् अभिव्यक्त भएका छन्। **गोरखबोधमा** मत्स्येन्द्रनाथ र गोरखनाथबिच संवादहरू छन् यस ग्रन्थको अंग्रेजी अनुवाद मोहन सिंहले सन् १९३७ मा गरेका हुन्।

त्यसैगरी गुरु शिष्यका धेरै संवाद गोरखवाणीमा पनि छन्। **गोरखवाणीलाई** सम्पादन गरेर प्रकाशन गर्ने काम पिताम्बर बर्थवालले सन् १९४२मा गरेका हुन्, सन् १९५५मा हिन्दी साहित्य सम्मेलनले पुनः प्रकाशन गऱ्यो। **गोरखवाणीलाई** सन् २००२-३ मा शुकदेव सिंह र गोर्डन जर्जेभिक्ले **द सेइडस् अफ् गोरख** शीर्षकमा अनुवाद गरी प्रकाशन गरेका थिए। यस ग्रन्थमा गोरखनाथले शिष्यका रूपमा सिद्ध मत्स्येन्द्रनाथल गुरुलाई जन्म मृत्युको भवबन्धनबाट मुक्तिका उपाय सोध्नुभएको छ र गुरुले त्यसको उपाय बताउनुभएको छ। एउटा उदाहरण हेरौँ। यो उदाहरण **सावाँ** (२००४:६४-६५)बाट लिइएको हो।

गोरखनाथ : ओम् गुरुजी। तुम गुरु गोसाई, अम्हे तो शिष्य,एक शब्द पुछि वा;
दया करि कहिबा, मन मध्ये न करिबा रोषम्।
गुरुजी शिष्यको नाताले एउटा प्रश्न सोध्न चाहन्छु, कृपा गरेर भनिदिनुस्, मन कसरी अधीनमा रहन्छ ?
मत्स्येन्द्रनाथ :
अबधू ! रहिबा घाटे घाटे रुख वृक्ष कि छाया।
तजिबा काम क्रोध लोभ मोह संसार कि माया।
आप सो गोष्ठी अनन्त विचार खण्डित निद्रा अल्प आहार।
आरम्भी चेला इस विधि रहे ,गोरक्ष सुने मत्स्येन्द्र कहे॥ (योगी सिंहनाथ पृ.५५)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

मत्स्येन्द्रनाथ गारखनाथलाई सम्झाउँदै भन्नुहुन्छ हे शिष्य ! दीक्षाको सुरुको अवस्थामा घाट र रुखको छायामा आराम गर्नू । काम, क्रोध, लोभ र मोह नगर्नू, संसारको माया भनेकै यिनै हुन् । थोरै भोजन र थोरै निद्रा लिएर आत्मचिन्तनमा लागिरहनू । यस भनाइले योगीको जीवनशैली खानपानबारे स्पष्ट पारको छ ।

२.२. ख. **नाथपरम्पराको दोस्रो आदर्श योगसाधना हो ।** नाथयोगीका लागि हठयोग साधना गुरुपछिको सबैभन्दा महत्त्वपूर्ण आदर्श हो । गुरुविना कुनै साधना सम्भव छैन । गुरुको उचित निर्देशनविना हठयोग साधना परिपाक हुन सक्दैन त्यसैले नाथहरूले गुरुको निर्देशनमा मात्र षडङ्ग योगसाधना गर्दछन् । ती भनेका आसन, प्राणायाम, प्रत्याहार, धारणा, ध्यान र समाधि हुन् (**श्रीगोरक्षयोग संहिता** : श्लोक ६, **गोरक्षशतक** श्लोक ७) ।

२.२. ग. **गुरु, हठयोगपछिको अति महत्त्वपूर्ण तेस्रो आदर्श पिण्डको ज्ञान हो ।** यसलाई गोरखनाथको भाषामा 'पिण्डसंविति' भनिएको छ । पिण्डज्ञानअन्तर्गत व्यष्टिपिण्ड र समष्टिपिण्ड दुवैको ज्ञान पर्दछ । पिण्डज्ञान नै नाथदर्शनको अति महत्त्वपूर्ण ज्ञान हो । यसमा व्यष्टिपिण्ड र समस्टिपिण्डबिचको अन्त:सम्बन्धको ज्ञान पनि जरुरी छ । यो भनेको मानव शरीर र ब्रह्माण्डबिचको सम्बन्धको विषय हो । यो अवधारणा सि.सि.प. को तेस्रो उपदेशमा विस्तारमा व्याख्या गरेको पाइन्छ । व्यष्टिपिण्ड र समष्टिपिण्ड दुवैलाई बुझेपछि दुवैको समन्वय र एकरूपता हुन्छ । व्यष्टिपिण्डमा मूलाधारमा तलतिर मुखगरी सुतेको कुण्डलिनी शक्तिलाई जगाएर ऊर्ध्व गमन गराई सहस्रारमा पुऱ्याइन्छ र त्यहाँ कुण्डलिनी शक्ति या कुलशक्ति सहस्रारमा रहेको अकुल शक्तिमा तादात्म्य हुन्छ यानि एक हुन्छ त्यसलाई गोरखनाथको शब्दावलीमा सामरस्य भनिन्छ । अर्को शब्दमा यो समरसता हो यो कुल र अकुलको निजावस्था, अभेदावस्था या समरसता हो । यो नै गोरख दर्शन चिन्तनको मुख्य आदर्श हो । सि.सि.प.को चौथो र पाँचौ उपदेश (अध्याय)मा विस्तृतमा चर्चा गरेको पाइन्छ ।

२.२. घ. **कायासाधना मार्फत् जीवन्मुक्ति या पिण्डसिद्धि नाथहरूको महत्त्वपूर्ण चौथो आदर्श हो ।** गुरुको निर्देशनमा हठयोग साधना मार्फत् कायासिद्धि सम्भव छ र यसै जीवनमा सशरीर मुक्तिबोध हुन्छ । यस बारेमा **गोरक्षसिद्धान्त,गोरक्षशतक र सिद्धसिद्धान्तपद्धतिमा** प्रशस्त वर्णन गरिएको छ ।

नाथयोग परम्परामा जीवन्मुक्तिसित गाँसिएको विषय 'पिण्डसंविति' र 'समरसताको विचार हो । यी दुई अति महत्त्वपूर्ण साधनाका चरणहरू

CC-0. Nepal Sanskrit Academy, Kathmandu

हुन् । यो कुरा **सिद्धसिद्धान्तपद्धति**को तीन, चार र पाँच उपदेशमा सविस्तार व्याख्या गरिएको छ ।**गोरखवाणीमा** गोरखनाथले पाँच काम नाथयोगीले प्रतिदिन गर्नुपर्ने भनेका छन् । ती हुन् :

सत्यो शीलम् द्वय अस्नाम् तृतीये गुरु बाधक । चतुर्थे शीश स्नान पञ्चमे दया स्नान ।

ये पञ्च स्नान निर्मला निति प्रति करत गोरख बाला । (२५८)

गोरखपन्थका अनुयायीलाई गोरखबाला भनिएको छ तिनलाई सम्बोधन गर्दै सिद्ध गोरखनाथ भन्छन् दया र धर्म पहिला दुई स्नान, तेस्रो गुरु वाणी सुन्नु ,चौथो चेलालाई निर्देशन गर्नु र पाँचो स्नान दया हो र यति पाँच स्नान नाथयोगीले प्रतिदिन गर्नुपर्छ । योगको मूल आधार गोरखनाथले 'दया र दान'लाई मानेका छन् "जोगका मूल है दया दान" (**गोरखवाणी** २२८) ।

नाथपरम्पराको योगदर्शन चिन्तनमा नव नाथयोगीहरूको विशेष योगदान रहेको छ । त्यसमा पनि खासगरी मत्स्येन्द्रनाथ र गोरखनाथको सैद्धान्तिक र साधनागत योगदान बढी देखिन्छ त्यसैले नाथपरम्परामा यी दुई महायोगीहरूको चर्चा सर्वत्र पाइन्छ ।

## २.३ नाथयोग दर्शनको आधार योग साधना

### २.३.१ हठयोग

नाथपरम्परालाई सिद्ध परम्परा या योगी परम्परा भनिन्छ । यसले योगसाधनालाई प्राथमिकता दिने हुनाले नाम मै योगसाधना गर्ने व्यक्ति भन्ने अर्थमा योगी पद नामभन्दा पहिला जोडिन्छ । नाथहरूको समग्र चिन्तन प्रणाली योगसाधनाबाट निर्धारित हुन्छ त्यसैले नाथहरूको दर्शन भनेकै नाथहरूको योग साधनामा आधारित दर्शन हो । नाथहरूले विकास गरेको योगसाधना हठयोगका नामले प्रसिद्ध छ, हठयोगको श्रेय योगीराज गोरखनाथ नै जान्छ । उनको ग्रन्थ **सिद्धसिद्धान्तपद्धति**मा हठ शब्दको अर्थ यसरी खुलाइएको छ ।

हृदये प्राणवायुरुच्छ्वासनिःश्वासकरो हकार-सकारात्मकश्च ।
अस्यैवावस्थाभेदे 'हठयोग' इति संज्ञा ।
हकारः कीर्तितः सूर्याष्ठकारश्चन्द्र उच्यते
सूर्याचन्द्रमसोर्योगाद्धठयोगो निगद्यते (६९) ।

यहाँनेर हृदयमा रहने प्राणवायुका हकारात्मक र सकार/ ठकारात्मक रूप, बहिर्गमन र आगमनरूप, पिङ्गला र इडारूप हकारले सूर्यनाडी दाहिने नासिका रन्ध्र र ठकारले चन्द्रनाडी बायाँ नासिका रन्ध्रको प्रतिनिधित्व, यी दुईको संयोजन हठयोग । हठयोगको पाँच प्रमुख वायु यानि

CC-0. Nepal Sanskrit Academy, Kathmandu

प्राण, अपान, समान, उदान र व्यान वायु र पाँच गौणवायुः नाग, कूर्म, कृकल, देवदत्त र धनञ्जयको क्रिया र प्रतिक्रियासित गहन सम्बन्ध छ। हृदयमा प्राणवायु रहने यसले श्वास प्रश्वास काम गर्ने, अपान वायुले गुदा क्षेत्रमा प्राणवायुलाई रोक्दछ, प्राणायाम साधनामा सहायक हुन्छ। समान वायु नाभिप्रदेशमा रहन्छ र यसले पाचनकार्यमा सहयोग पुऱ्याउँछ। उदानवायु कण्ठ प्रदेश रहन्छ र यसले वमन गराउँछ, प्राण बाहिर जान सहयोग पुऱ्याउँछ भने व्यानवायु नाडीहरू मार्फत् समस्त शरीरमा प्रवाहित हुन्छ र यसले शरीरमा तेज बढाउने काम गर्छ। नाग उपवायुले शरीरमा व्याप्त अङ्ग प्रत्यङ्ग सञ्चालनमा सहयोग गर्छ। कूर्मवायु आँखा खोल्न र बन्द गर्न सहायक हुन्छ। कृकले वायुले भोकप्यास जगाउने र अघाएको अवस्था या अपचको अवस्थामा डकार गराउँछ। देवदत्त वायुले आलस्य, हाइ र तन्द्रा जनाउँछ। धनञ्जय वायु शरीरभरि व्याप्त भएर नाद उत्पन्न गर्छ। (सि.सि.प. १: ६९)। गोरखनाथका अनुसार यिनै दशवायुका सहयोगले मानव शरीरको उत्पत्ति र सञ्चालन (पिण्ड उत्पत्ति) हुन्छ।

यसबारेमा स्वात्मारामले **हठयोगप्रदीपिकामा** हठयोगको परिभाषा दिँदै त्यसको क्षेत्र उल्लेख गरेका छन् र यसको राजयोगसितको सम्बन्ध पनि स्पष्ट पारेका छन्। विनाराजयोग हठयोग पूरा हुँदैन त्यसैगरी विनाहठयोग राजयोग पनि पूरा हुँदैन त्यसैले दुवैको साधनाले पूर्णतामा पुगिन्छ (हठयोगप्रदीपिका २: ७६) तर स्वात्मारामले यस ग्रन्थको सुरुमा स्पष्टरूपले के भनेका छन् भने राजयोगमा पुग्ने सिँढी हठयोग हो (१: १,३) त्यसैले सिद्धिमा पुग्न उपयुक्त साधना पद्धति हठयोग नै हो। यसबारेमा महन्त अवेद्यनाथले भनेका छन् "हठयोगसाधना नाथयोग परम्पराको एक अनुपमा मौलिक देन हो" (२०६४:९; धमला २०७४: १९२)।

घेरण्ड ऋषि रचित **घेरण्डसंहिता** हठयोगको एउटा प्रमाणिक ग्रन्थ हो। हठयोग नाथपन्थी योगीहरूको मुख्य साधना हो। तर घेरण्ड ऋषि बङ्गालका वैष्णव साधु थिए। यसले के कुरा स्पष्ट पार्दछ भने नाथपन्थीले मात्र होइन वैष्णव र कापालिक साधकहरूले पनि हठयोग साधना गर्दथे (धमला पृ.८७)।

हठयोगअन्तर्गत गरिने साधनाहरू:

१. शरीर शुद्धीकरणका लागि गरिने षट् कर्महरू जस्तै धौति, नेति, वस्ती, त्राटक, नोली, कपालभाति
२. षड्योग : आसन, प्राणायाम, प्रत्याहार, धारणा, ध्यान र समाधि
३. मुद्रा, बन्ध, नाडी
४. चक्र र कुण्डलिनी

CC-0. Nepal Sanskrit Academy, Kathmandu

षट्कर्म, षड्योग, मुद्रा, बन्ध, नाडी, चक्र र कुण्डलिनीका बारेमा योगी गोरखनाथले सङ्क्षेपमा **गोरक्षसिद्धान्त, गोरक्षशतक** र **सिद्धसिद्धान्तपद्धति**मा चर्चा गरेका छन् भने स्वात्मारामले **हठयोगप्रदीपिका**मा विस्तारपूर्वक स्पष्ट व्याख्या गरेका छन् ।

योगसाधकलाई एकैचोटि राजयोगमा पुग्न गाहारो छ। त्यसैले नाथसम्प्रदायको साधनामा हठयोगले प्राथमिकता पाउँछ। यसमार्फत राजयोगमा पुगिन्छ। षट्चक्र या नवचक्रको यात्रामा र कुण्डलिनीको ऊर्ध्वयात्रामा मूलाधारदेखि आज्ञाचक्रसम्मको यात्रा हठयोग साधनाले गराउँछ अनिमात्र आज्ञाचक्रदेखि माथिको यात्रा राजयोगको क्षेत्रमा पर्दछ। हठयोग साधना बाह्य साधना हो। वायुका माध्यमले गरिने सबै साधना बाह्य साधना हुन्। प्राणायाम बाह्य साधना हो। मन्त्रयोग पनि बाह्य साधना हो। हठयोगमा कुण्डलिनी उर्जा जागरण गर्ने प्रक्रिया कौल साधनाको प्रभाव हो। यस सर्पिणीरूपी उर्जालाई जगाएर मूलाधार चक्रबाट स्वाधिष्ठान, मणिपुर, अनाहत, विशुद्ध र आज्ञा चक्र हुँदै सहस्रारमा पुऱ्याउनु योगीको लक्ष्य हो।

### २.३.२ अजपा गायत्री

नाथपरम्पराको अर्को योग साधना हो अजपा गायत्री। यसको महत्त्वका बारेमा योगी गोरखनाथले श्री **गोरक्षयोगसंहिता**को (श्लोक ४०-४३मा) र गोरक्षशतक (श्लोक ४२-४६)मा चर्चा गरेको पाइन्छ। हाम्रो श्वास निरन्तररूपमा २४ घण्टा नै बाहिर र भित्र गरिरहेको हुन्छ। एउटा स्वस्थ मानिसले २४ घण्टामा २१६०० पटक श्वास प्रश्वासको प्रक्रिया पूरा गर्छ। श्वास बाहिर जाँदा र भित्र आउँदा नाकका दुई प्वालबाट 'हकार' ध्वनिका साथ जान्छ भने भित्र पस्दा 'सकार' ध्वनिका साथ पस्दछ यसरी यो प्रक्रिया आजीवन चली नै रहन्छ। यदि हामी सतर्क भएर "ह र स" यो ध्वनिलाई सुन्न सक्ने हो भने यो आफैँमा साधना हो। यसलाई हंस मन्त्र भनिन्छ। यसलाई नाथपरम्परामा अजपा गायत्री भनिन्छ। यो सजगता कुण्डलिनी जागरणमा सहयोगी हुन्छ। (गोरक्षशतक ४२-४६ श्लोक)

**गोरक्षयोगसंहिता**मा अजपा गायत्री मोक्षदायी भनिएको छ र यो ज़प योगीको कायामा नासिकाबाट हुने शुद्ध प्राणवायुको आवागमनमा निरन्तररूपमा घटित हुन्छ।

अजपानामगायत्री योगिनां मोक्षदायिनी
अस्य सङ्कल्प मात्रेण सर्वपापैर्विमुच्यते (४२)।
अनया सदृशी विद्या अनया सदृशो जपः ।
अनया सदृशं ज्ञानं न भूतो न भविष्यति । ४३।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

योगका विभिन्न अङ्गलाई जीवनलक्ष्य मान्ने हुनाले नाथपरम्पराका साधकको नाम योगसाधक भन्ने अर्थमा योगीबाट सुरु हुन्छ, योगी मत्स्येन्द्रनाथ, योगी गोरखनाथ, योगी नरहरिनाथ इत्यादि । हठयोगका अङ्ग प्रत्यङ्गको अभ्यासको साधना नाथयोगीहरूले आफ्ना अनुयायीलाई दिएका हुन् र उनीहरू मार्फत मानवसमाजले पाएको हो । नाथसम्प्रदायको साधना परम्परामा हठयोग प्रमुख हो ।

### २.३.३ योग आसन

योगी गोरखनाथले **श्री गोरक्ष योग संहितामा** षट्योगको कुरा स्पष्टरूपमा उल्लेख गर्नुभएको छ ।

आसनं प्राणसंरोधः प्रत्याहारश्च धारणा ।
ध्यानं समाधिरेतानि योगाङ्गानि वदन्ति षट् (६) ।

त्यस्तै गोरक्षनाथरचित **गोरक्षशतकमा** पनि षडङ्गयोगको उल्लेख छ : आसन, प्राणसंरोध (प्राणायाम), प्रत्याहार, धारणा, ध्यान र समाधि (श्लोक ७) । आसनका सम्वन्धमा गोरखनाथको विचार छ ब्रह्माण्डमा जति जीवहरू छन् त्यति नै योग आसन छन् । ८४ लाख जीवयोनिका ८४ लाख आसन त्यसमध्ये छानिएका ८४ आसन हुन् र ती सबै आसन छानेको तिनलाई जान्ने शिव नै हुन् । गोरखनाथका मतमा ८४ आसनमध्ये योगीका लागि सिद्धासन र कमलासन यी दुई आसन प्रमुख हुन् (८-१० श्लोक) ।

स्वात्मारामले **हठयोगप्रदीपिकाको** प्रारम्भमा श्रीआदिनाथलाई नाथयोगका प्रथम गुरु र हठयोगका प्रथम उपदेष्टाका रूपमा अभिवादन गरेका छन् । हठयोग राजयोगमा पुग्ने सिँढी बताएका छन् (पहिलो श्लोक) । हठयोगका ज्ञाता मत्स्येन्द्र र गोरक्षनाथ हुन् । उनीहरूका आशीर्वादले अरू योगीहरूले सिके र तिनैबाट स्वात्मारामले सिकेको स्विकारेका छन् (१:४) । स्वात्मारामले ३३ महासिद्धहरूको नाम दिएर यी योगीले हठयोगसाधनाका बलले समयलाई जितेर ब्रह्माण्डमा विचरण गरिरहेका छन् भनेका छन् (ह.यो.प्र. १: ५-९) । हठयोग साधनाका क्रममा आसनलाई प्राथमिकतामा राखेको पाइन्छ । वसिष्ठ मुनि र योगी मत्स्येन्द्रले आसनलाई प्राथमिकतामा राखेर १५ आसनबारे उपदेश गरेका छन् । ती हुन् : स्वस्तिकासन, गोमुखासन, वीरासन, कूर्मासन, कुक्कुटासन, उत्तानकुक्कुटासन, धनुरासन, मत्स्येन्द्रासन, पश्चिमोत्तानासन, मयूरासन, शवासन, सिद्धासन, पद्मासन, सिंहासन र भद्रासन (ह.यो.प्र. १:१९-५४) ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

### २.३.४ षट्कर्म

हठयोगप्रदीपिकामा आसनपछि षट्कर्मलाई शरीरशुद्धिका रूपमा योगसाधनामा दोस्रो क्रममा राखिएको पाइन्छ। ती षट्कर्म हुन् : धौति, वस्ति ,नेति, त्राटक, नौलि, र कपालभाति (हठयोगप्रदीपिका २: २२)। जसरी आसनले शरीरका अङ्ग अङ्गलाई शुद्ध बनाउँछ, बलियो बनाउँछ त्यसैगरी शरीरभित्रको आमाशय, आन्द्रालाई, नाक र मुखका प्वालहरूलाई, आँखाका नसाहरूलाई, फोक्सोलाई सफा पार्ने र बलियो पार्ने काम षट्कर्मले गर्छन्। यिनको मुख्य काम शरीरको शुद्धीकरण हो। मानवशरीरको बनोट र मानिसको स्वभावमा त्रिधातु यानि वात, कफ र पित्तमध्ये जसको प्रधानता छ त्यही तत्त्व निर्णायक हुन्छ। यी तत्त्वको सन्तुलन बिग्रिएपछि यी त्रिदोष हुन्छन्। त्रिदोष प्रभावी हुनु नै रोग लाग्नु या अस्वस्थ हुनु हो। रोग निवारणका लागि र पुनः स्वस्थ हुनका लागि वात कफ र पित्तलाई सन्तुलित पार्नु पर्दछ। षट्कर्मले त्रिदोष निवारण गरेर तिनका बिचमा सन्तुलन कायम गर्दछ।

### २.३.५ प्राणायाम

प्राण भनेको वायु हो। प्राणायामको अर्थ हाम्रो शरीरमा श्वास भित्र लिनु, बाहिर फ्याँक्नु, श्वास केही समय रोक्नु र यसलाई नियमन गर्नु हो। श्वास भित्र लिनु योगको भाषामा पूरक, बाहिर फाल्नु रेचक र श्वास रोक्नु कुम्भक, श्वास फालिसकेपछि श्वास भित्र लिनुभन्दा पहिलाको अवस्था शून्यक हो। यसरी योगमा पूरक, रेचक, कुम्भक र शून्यक गरी श्वासप्रश्वासका चार अवस्था स्वीकार गरिएको छ। श्वांस तान्ने र फाल्नेबिचको सन्तुलनमा हाम्रो स्वास्थ्य टिकेको छ। यस सन्तुलनको अभाव नै धेरै रोगको कारण हो त्यसैले प्राणायाम उचित ढंगले अभ्यास गर्दा शरीरका धेरै समस्याबाट मुक्त हुन सकिन्छ त्यसैले सबै प्रकारका योगव्यवस्थामा प्राणायामलाई अति महत्त्व दिइन्छ। वायु मुख्य रूपमा मुख्य द्वारका रूपमा नाकबाट शरीरमा प्रवेश गर्छ र नसा नसामा पुग्छ। रगत सञ्चालनमा वायुको भूमिका हुन्छ, मष्तिस्कको काम गराइमा वायुको भूमिका हुन्छ। शरीरमा शक्ति र स्फुर्ति हुनुमा वायुको भूमिका हुन्छ। यो वायु शरीरका विभिन्न अंगमा विभिन्न रूपमा काम गर्छ। **श्रीगोरक्षयोगसंहिता**को छैठौं श्लोकमा र **गोरक्षशतक**को सातौं श्लोकमा षडङ्गको चर्चा गर्दा प्राणायामलाई 'प्राणसंरोध' शब्द प्रयोग भएको छ। यसले प्राणायाम प्रक्रियामा कुम्भकलाई यानि प्राणसंरोधलाई सबभन्दा बढी महत्त्व दिएको देखिन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

स्वात्मारामले गुरुको निर्देशनमा मात्र प्राणायाम साधना गर्नू भनेर साधकलाई सचेत पारेका छन् । चित्त र प्राण या पवनको अन्त:सम्बन्ध छ । जबसम्म पवन चञ्चल हुन्छ चित्त पनि चञ्चल हुन्छ जब पवन शान्त हुन्छ चित्त पनि शान्त हुन्छ (ह.यो.प्र.२:१-२) । पवन शरीरमा रहँदासम्म हामी जीवित हुने र पवनले शरीर छाडेपछि मृत्यु हुने हुनाले हाम्रो शरीरमा पवनलाई अड्याउने प्रयास गर्नुपर्छ । शरीरका नाडीहरूमा मल जम्मा भएर अशुद्ध भएकाले पवन सजिलो गरी नाडीहरूमा प्रवेश गर्दैन अनेक रुकावट आउँछ त्यसैले प्राणायाम साधनामा नाडी शोधन जरुरी छ (२: ३-५) ।

नाथयोगीले मुख्यप्राण र सहायक प्राण गरेर वायुलाई दश भागमा बाँडेका छन् । मुख्य प्राण या मुख्य वायु: प्राण, अपान, समान, उदान र व्यान, सहायक वायु : नाग, कूर्म, कृकल, देवदत्त र धनञ्जय । जस्तै नाकदेखि फोक्सोसम्म प्राणवायु, यसले हामीलाई बचाउँछ । नाभिमा समान वायु यसले पाचनको काम गर्छ । कमर र तलपट्टि अपान वायु यसले दिशा र पिशाबको निकासमा सहयोग पुऱ्याउँछ टाउकोमा उदान वायु यसले वाणी र उच्चारणमा सहयोग पुऱ्याउछ भने व्यान वायुले शरीका नसा नसामा रक्तसञ्चार सहज बनाउँछ । नागवायुले डकार उल्टी गर्न सहयोग गर्छ, कूर्म वायुका कारण आँखाका परेला चिम्चिम् गर्छन्, कृकल वायुका कारण भोक प्यास लाग्छ, देवदत्तले हाइ आउनु आलस्य र तन्द्राको अभिव्यक्ति हुन्छ र धनञ्जय वायु शरीरभरि व्याप्त रहन्छ र मानिसको शरीरबाट मुख्य प्राण निस्किसकेपछि पनि शरीरमा रहिरहने वायु धनञ्जय वायु हो । जीवको शरीर यिनै दशवायुको रङ्गभूमि हो । (गोरक्षशतक ३३-४१ श्लोक) ।

### २.३.५ क.प्राणायामका भेद

स्वात्मारामले प्राणायामका मुख्य आठ भेद उल्लेख गरेका छन् । ती हुन् :

सूर्यभेद प्राणायाम, उज्जयी प्राणायाम, सीत्कारी प्राणायाम, शीतली प्राणायाम, भस्त्रिका प्राणायाम, भ्रामरी प्राणायाम, मूर्च्छा प्राणायाम र प्लाविनी प्राणायाम (२:४४) । यिनको व्याख्या २:४८-७८ मा गरिएको छ । स्वात्मारामले प्राणायाम साधनामा कुम्भक साधनालाई धेरै महत्त्व दिएका छन् र उनका अनुसार प्राणायामका तीन भेद पूरक, रेचक र कुम्भक भए पनि खास प्राणायाम भनेको कुम्भक नै हो । जबसम्म कुम्भक सिद्ध हुँदैन प्राणायाम सिद्ध हुँदैन (२: ७१-७४) ।

### २.३.६ नाथयोगीमा हुनुपर्ने ज्ञान

योगी गोरखनाथले **गोरक्षशतकमा** योगी हुनका लागि कम्तीमा योगसाधनाको आधार शरीर र त्यस बारे नाथयोगको दृष्टिकोण जानेको हुनुपर्छ । नाथयोगदर्शन अनुसार मानवशरीरमा षट्चक्र, १६ आधार, ३

CC-0. Nepal Sanskrit Academy, Kathmandu

लक्ष्य, ५ आकाश रहेका छन् र यिनको ज्ञान नभएपछि पिण्ड ज्ञान भएन त्यसैले यति नजान्ने व्यक्ति योगी हुन सक्दैन। साथै हाम्रो शरीर एकखम्बे घरजस्तै हो त्यसमा नौवटा ढोका रहेका छन् र यो तथ्य पनि योगीले जान्नुपर्दछ (**गोरक्षशतक १३-४**)। यही कुरा **सिद्धसिद्धान्तपद्धति**मा पनि उल्लेख छ तर त्यहाँ षट्चक्रको सट्टा नवचक्रको कुरा छ अरू विवरण समान रहेको छ (सि.सि.प. २:३१)। गोरखनाथका समयदेखि अहिलेसम्म संसारका जुन कुनामा भए पनि नाथहरूले गर्ने योगसाधनामा चक्रसाधना र यसैसित जोडिएको कुण्डलिनी साधना प्रमुख रहेका छन्। यिनको सम्बन्ध पवनसाधना या प्राणायामसित जोडिन्छ र प्राणायाम आसन मुद्रा, बेध र बन्धसित सम्बद्ध हुन्छ। गोरखनाथको **श्रीगोरक्षयोगसंहिता, गोरक्षशतक र सिद्धसिद्धान्तपद्धति**मा दिइएका उपदेश नै नाथपरम्पराको साधनाको आधार हुन्।

नाथयोगीबाट गरिने अपेक्षाका सम्बन्धमा स्वात्मारामले स्पष्ट शब्दमा भनेका छन्। जबसम्म मध्यनाडी यानि सुषुम्ना नाडीमा प्राण प्रवाहित हुँदैन, प्राणलाई निरुद्ध गरेर बिन्दुलाई माथि खिच्न सकिँदैन, जबसम्म चित्त स्वतः ध्यानमा जाँदैन योग ज्ञानका कुरा गर्नेहरूले मिथ्या आलाप गरको बुझिन्छ (सि.सि.प. ४:११४)।

### २.३.७ चक्रसाधना

चक्रसम्बन्धी सन्दर्भ सर्वप्रथम वेदसंहितामा देखिन्छ। अथर्ववेदको १०.२.३१ मा अष्टचक्र र नवद्वारको सन्दर्भ उल्लेख गरिएको छ। त्यसैगरी अथर्ववेदको ११.६.२२ मा प्राणको चर्चा गर्ने सम्बन्धमा यसको सम्बन्ध अष्टचक्रसित रहेको कुरा उल्लेख गरिएको छ। ११ काण्डको ६ सूक्त प्राणसूक्त हो र यसमा प्राणलाई विश्वेदेवाका रूपमा र शरीरको धारक शक्ति, मातरिश्वा वायुका रूपमा प्रस्तुत गरिएको छ। चक्रहरूको ज्ञान र तिनमा केन्द्रित अभ्यास गर्नु नाथ योगसाधनाको विशिष्ट पक्ष हो। यस्तो साधनालाई चक्रसाधना भनिन्छ। यसैसित कुण्डलिनी जागरणको प्रक्रिया पनि जोडिएको हुन्छ। कतिपय अवस्थामा चक्रसाधनालाई नै कुण्डली साधना पनि भनिन्छ। यो चक्रसाधना र कुण्डलिनी जागरणको साधनाको विवरण पतञ्जलीको योग साधनामा पाइँदैन। गोरखनाथले सिद्धसिद्धान्तपद्धतिको दोस्रो उपदेश (खण्ड) **पिण्डविचारमा** भनेका छन्, योगीले सबैभन्दा पहिला जान्नुपर्ने शरीरको कुन ठाउँमा कुन चक्र छ त्यसको स्वरूप कस्तो छ ,त्यसको बीजमन्त्र के हो र त्यसले शरीरलाई कसरी प्रभावित पार्छ र योगसाधनामा त्यसले कसरी सहयोग पुऱ्याउँछ भन्ने कुरा हो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

**षट्चक्र**

**गोरक्षपद्धति**को १५ र १६ श्लोकमा र **गोरक्षशतक**को १६-२४ श्लोकमा षट्चक्रको वर्णन गरिएको छ। ती षट्चक्र हुन् : मूलाधार, स्वाधिष्ठान, मणिपुर, अनाहत, विशुद्ध, आज्ञा चक्र । यो षट्चक्रको गिन्तीमा सहस्रारचक्रलाई उपर्युक्त छ चक्रको स्रोत चक्र या उद्देश्य चक्रका रूपमा मानिएको छ त्यसलाई अलग चक्र मानेको देखिँदैन ।

**सात चक्र**

**शिवसंहिता**ले सहस्रार चक्रलाई अलग चक्र मानेर चक्रको सङ्ख्या सात उल्लेख गरेको छ (राघवेन्द्र २००६: ७८-९३) ।

**नव चक्र**

गोरखनाथको **सिद्धसिद्धान्तपद्धति** (२: १-९)मा नवचक्रको उल्लेख रहेको छ। सो चक्रहरू निम्नानुसार रहेका छन् ।

१. ब्रह्मचक्र (आधारमा, कामरूपपीठ) २. स्वाधिष्ठान
३. नाभिचक्र ४. अनाहत चक्र
५. कण्डचक्र ६. तालुचक्र
७. भ्रूचक्र (मध्यम चक्र) ८. निर्वाणचक्र (ब्रह्मरन्ध्रमा, जालन्धरपीठ)
९. आकाशचक्र (पूर्णगिरिपीठ)

**षट्चक्रसाधना**

चक्रसाधनामा जानुभन्दा पहिला नाडीमा जमेको मल शुद्ध पारी शरीर त्यस साधनाका लागि तयार पार्नुपर्दछ। त्यसका लागि षट्कर्मको साधना (सि.सि.प.२:२१-४०) र नाडीशोधन क्रिया (सि.सि.प. २:४-२०) गर्नुपर्छ। यसो गर्नाले चक्र साधनामा सहज हुन्छ। मानव शरीरमा रहेको मेरुदण्ड भित्रको ब्रह्मनाडीका ६ ठाउँमा नाडी पुञ्ज वा वायुकेन्द्र रहेका छन् तिनैलाई चक्र भनिएको हो र तिनलाई कमलका रूपमा कल्पना गरिएको छ। भौतिक शरीरमा मर्मस्थान हुन्छन् भने सूक्ष्म शरीरमा चक्र। तिनको साधनालाई चक्रसाधना भनिन्छ। यस साधनामा शक्ति चालनको पक्ष महत्त्वपूर्ण हुन्छ। शक्ति चालनका लागि चक्रको स्थान, बीजमन्त्र, बीजध्वनि, बीजवाहन, देवता, सम्बद्ध ज्ञानक्षेत्र, कर्मक्षेत्र, तत्त्वरूप आदिको जानकारी हुनुपर्छ र तदनुरूप साधना गर्नुपर्दछ।

तल प्रस्तुत षट्चक्रको परिचयमा सिद्धसिद्धान्तपद्धति, गोरक्षशतक, गोरक्षयोग संहिता र हठयोगप्रदीपिकाबाट मूल विचार आएको छ तर पनि यसको विस्तृत विवरण खासगरी टी पी धमलाको पुस्तक **योगशिक्षा** (२०७७: ११५-१२५) र जनकलाल शर्माको **जोसमनी सन्त परम्परा र साहित्य** (२०२०:३०-४०)मा आधारित रहेको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

### १. मूलाधार चक्र

षट्चक्रमध्ये पहिलो चक्र मूलाधार चक्र हो, यसलाई आधार चक्र पनि भनिन्छ। गोरक्षनाथको सिद्धसिद्धानतपद्धतिमा मूलाधारलाई ब्रह्मचक्र भनिएको छ। यसको आकार त्रिकोणात्मक, मूलकेन्द्रको नजिकमा रहेको छ। यहाँ कामरूप पीठको परिकल्पना गरिएको छ। यसलाई तालिका बनाएर बुझ्दा सजिलो हुने देखिएकाले तल तालिका दिएको छु।

| | | |
|---|---|---|
| १. | मूलाधारचक्रको स्थान | : जननेन्द्रिय र गुदद्वारको बिचमा रहेको हाडमाथि, मेरुदण्डको सबैभन्दा तलको भाग मूलाधार या आधार चक्रको स्थान हो। |
| २. | यन्त्राकृति | : चतुष्कोण समचतुर्भुज रातो रङ्गको पृष्ठभूमि |
| ३. | बीजध्वनि | : लं |
| ४. | बीज वर्ण | : सुनजस्तो पहेलो |
| ५. | बीजवाहन | : ऐरावत हात्ती |
| ६. | कमल दलको सङ्ख्या र ध्वनि | : चार दल कमल, वं, शं, षं, सं |
| ७. | तत्त्व | : भूमि, पहेंलो वर्ण |
| ८. | तत्त्वरूप | : चतुष्कोण चतुर्भुज |
| ९. | ज्ञान | : गन्ध |
| १०. | सम्बद्ध ज्ञान अङ्ग | : नाक |
| ११. | सम्बद्ध कर्मेन्द्रिय | : गुदा, गुदद्वार |
| १२. | वायु | : अपान वायु |
| १३. | लोक | : भूर्लोक ,पृथिवी |
| १४. | सम्बद्ध ग्रह | : मंगल |
| १५. | देवता | : ब्रह्मा |
| १६: | शक्ति | : ज्ञानमुद्रा |

१७. साधना उपलब्धि : निरोगिता, स्फूर्ति, चातुर्य र आनन्दानुभूति

मूलाधार हाम्रा शरीरमा रहेका सबै चक्रको आधारभूमि हो। मेरुदण्डको पनि आधारभूमि हो। यस चक्रको क्षेत्रलाई कामरूपपीठको क्षेत्र मानिन्छ र यहाँ पराशक्तिको वास रहेको मानिन्छ। यस चक्रमा ध्यान गर्नाले मनका सबै कामना पूरा हुने विश्वास गरिन्छ। (शिवसंहिता ५: ८४-९७; सि.सि.प. २:१ गोरक्षशतक १५)

### स्वाधिष्ठान चक्र

षट्चक्रमध्ये दोस्रो चक्र स्वाधिष्ठान चक्र हो। यो जलतत्त्व प्रधान चक्र हो, जलतत्त्व अर्धचन्द्ररूपमा स्थित छ। यसमा ६ कमलदल रहेका छन्

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यसको स्थान लिङ्गमूलको पछिल्तिर रहेको छ। प्राणको आधारस्थान लिङ्गमूल हो र यसै स्थानबाट प्राण हंसबोधक स्वरका रूपमा क्रियाशील भइरहन्छ जसलाई नाथयोगीहरू हंसमन्त्र भन्दछन्। स्वामी चन्द्रेशले मूलाधारबाट ६ अङ्गुलमाथि लिङ्गमूलमा यस चक्रको स्थान भनेका छन् (२०७०:२९)। गोरक्षपद्धतिअनुसार यहाँ प्राणको अधिष्ठान हुन्छ। गोरखनाथले सि.सि.प.मा यसचक्रको मध्यभागमा मुगाको अग्रभाग सदृश पश्चिम मुख भएको शिवलिङ्ग रहेको छ भनेका छन्। स्वाधिष्ठान चक्रको क्षेत्रलाई उड्डीयान पीठ क्षेत्र भनिन्छ। शिवलिङ्गमा ध्यान केन्द्रित गरेर साधकले आफूतिर विश्वलाई आकर्षित गर्ने शक्ति प्राप्त गर्दछ (२:२)

१. स्थान : जननेन्द्रिय
२. यन्त्राकृति : सेतो गोल चक्रमा अर्ध चन्द्राकार
३. बीज ध्वनि : वं
४. बीज वर्ण : सेतो
५. बीजवाहन : मकर
६. कमल दलको सङ्ख्या र ध्वनि : ६ दल कमल, बं, भं, मं, यं, रं, लं।
७. तत्त्व : जल
८. तत्त्वरूप : गोलाकार
९. ज्ञान : रस ,स्वाद
१०. सम्बद्ध ज्ञान अङ्ग : जिब्रो
११. सम्बद्ध कर्मेन्द्रिय : जननेन्द्रिय
१२. वायु : अपानवायु
१३. लोक : भुवलोक,नागलोक
१४. सम्बद्ध ग्रह : चन्द्र
१५. देवता : विष्णु
१६: शक्ति : राकिनी
१७. मुद्रा : पृथ्वी मुद्रा
१८. साधना उपलब्धि : मनोरञ्जन, कल्पनाशक्ति, दया र प्रसन्नताको अनुभूति।

**मणिपुर चक्र**

षट्चक्रमध्ये तेस्रो चक्र मणिपुर चक्र हो। यसलाई नाभि चक्र पनि भनिन्छ, यो त्रिकोणयुक्त अग्नितत्त्व भएको चक्र हो। यस चक्रमा कुण्डलिनी शक्ति र धेरै नाडीहरू बेरिएर रहेका हुन्छन्। यो तापिलो या गरम सूर्य क्षेत्र हो। नाभिस्थानको पछाडि मेरुदण्डभित्र दशदल कमलवाला मणिपुर चक्र रहेको हुन्छ। सारा शरीरमा यसै नाभिक्षेत्रबाट विभिन्न

CC-0. Nepal Sanskrit Academy, Kathmandu

नाडीहरू प्रवाहित हुन्छन् त्यसमध्ये १० नाडी प्रमुख छन् र ती १० मा पनि ३ नाडी इडा, पिङ्गला र सुषुम्ना नाडी ऊर्ध्वगामी छन्। चक्रसाधनामा यिनको ठुलो भूमिका रहन्छ। यस चक्रमा रुद्र देवता र लाकिनी देवीको एकनिष्ठापूर्वक ध्यान गरियो भने सिद्धि प्राप्त हुन्छ भनिन्छ।

१. मणिपुर चक्रको स्थान : नाभिस्थान
२. यन्त्राकृति : गोलाकारभित्र अधोमुखी रातो त्रिकोण १०वटा हरिया कमलदल
३. बीज ध्वनि : रं
४. बीज वर्ण : सुनौलो
५. बीजवाहन : भेडा
६. कमल दलको संख्या र ध्वनि : १० दलकमल, डं,ढं,णं,तं,थं,दं,धं,नं,पं,फं।
७. तत्त्व : अग्नि
८. तत्त्वरूप : त्रिकोण त्रिभुज
९. ज्ञान : दृष्टि
१०. सम्बद्ध ज्ञान अङ्ग : आँखा
११. सम्बद्ध कर्मेन्द्रिय : हात खुट्टा
१२. वायु : समान वायु
१३. लोक : स्वर्लोक
१४. सम्बद्ध ग्रह : सूर्य
१५. देवता : रुद्र
१६: शक्ति : लाकिनी
१७. मुद्रा : आकाश मुद्रा
१८. साधना उपलब्धि : पेटको समस्या बुझ्नु र शरीरबारे ज्ञान हुनु।

**अनाहत चक्र**

अनाहत चक्र षट्चक्रमध्ये चौथो चक्र हो। यो प्राणवायुसित सम्बद्ध छ। हृदय, फोक्सो र मुटु यसको क्षेत्र हो। चित्तको पनि यही क्षेत्र हो। षट्कोण आकार यसको रूप, वायुतत्त्व प्रधान, १२ दलवाला कमल भएको अनाहत चक्रका देवता महेश्वर मानिन्छ। शिवसंहितामा यसलाई पिनाकी सिद्ध र काकिनी देवीको क्षेत्र पनि भनिएको छ। गोरखनाथले सि.सि.प. (२:४) मा हंसकलानामक श्रीशक्ति रहेको छ र यस चक्रको उपासनाले इन्द्रियहरू साधकको वशमा हुन्छन् भनेका छन्। यसलाई मध्यचक्र पनि भनिन्छ यसको प्रभावबाट परा, पश्यन्ती र मध्यमा स्वरको नाद उत्पन्न हुन्छ, जसले यस नादलाई श्रवण गर्दछ उसलाई यस चक्रको

CC-0. Nepal Sanskrit Academy, Kathmandu

ज्ञान हुन्छ। यो चित्त र भावनासित सम्बद्ध रहेको छ। अरू विस्तृत जानकारी तलको तालिकामा दिइएको छ।

१. अनाहतचक्रको स्थान : हृदयक्षेत्र
२. यन्त्राकृति : सेतो वृतमा हरियो भरिएको षट्कोण
३. बीजध्वनि : यं
४. बीजवर्ण : सुनैलो
५. बीजवाहन : सेतो हरिण
६. कमल दलको सङ्ख्या र ध्वनि : १२ दल कमल, कं, खं, गं, घं, ङं, चं, छं, जं, झं, ञं, टं, ठं।
७. तत्त्व : वायु
८. तत्त्वरूप : षट्कोण
९. ज्ञान : स्पर्श
१०. सम्बद्ध ज्ञान अङ्ग : छाला
११. सम्बद्ध कर्मेन्द्रिय : हात
१२. वायु : प्राण वायु
१३. लोक : महलोक
१४. सम्बद्ध ग्रह : शुक्र एवं चन्द्र
१५. देवता : ईशान रुद्र
१६: शक्ति : काकिनी
१७. मुद्रा : ज्ञानमुद्रा
१८. साधना उपलब्धि : काल्पनिक शक्ति, जितेन्द्रिय, फराकिलो सोच र उदार व्यक्तित्व।

**विशुद्ध चक्र**

यो षट्चक्रमध्ये पाँचौं चक्र हो। कण्ठक्षेत्र यसको स्थान हो। आकाश तत्त्वप्रधान १६ दल कमलवाला चक्र हो। यसलाई गोरखनाथले (सि.सि.प. २: ५) कण्ठचक्र पनि भनेका छन् र यसको आकार चार अङ्गुल छ। वायाँतिर इडा र दाहिनातिर पिङ्गला नाडीको बिचमा सुषुम्ना नाडीको ध्यान गरेमा साधकलाई अनाहतसिद्धि प्राप्त हुन्छ। अनाहत सिद्धि भनेको मनमा चिताएको सिद्धि हुने हो। यस चक्रमा षड्ज, ऋषभ, गान्धार, मध्यम, पञ्चम इत्यादि १६ वृत्तिहरू रहन्छन्। यस चक्रमा हं बीजमन्त्रको ध्यानले अष्टसिद्धि प्राप्त हुने र त्रिकालको ज्ञान हुन्छ भनिन्छ। अरू विस्तृत जानकारी तलको तालिकामा दिइएको छ।

१. विशुद्धचक्रको स्थान : कण्ठक्षेत्र
२. यन्त्राकृति : पूर्णचन्द्र समान गोलाकार

CC-0. Nepal Sanskrit Academy, Kathmandu

३. बीज ध्वनि : हं
४. बीज वर्ण : निर्मल
५. बीजवाहन : हात्ती
६. कमल दलको संख्या र ध्वनि : १६ दल कमल, अं, आं, इं, ईं, उं, ऊं, ऋं, ॠं, लृं, ॡं, एं, ऐं, ओं, औं, अं, अः ।
७. तत्त्व : आकाश तत्त्व
८. तत्त्वरूप : निर्मल
९. ज्ञान : श्रवणशक्ति
१०. सम्बद्ध ज्ञान अङ्ग : नाक
११. सम्बद्ध कर्मेन्द्रिय : जिभ्रो
१२. वायु : उदान वायु
१३. लोक : जनलोक
१४. सम्बद्ध ग्रह : शुक्र
१५. देवता : पञ्चमुख शिव
१६: शक्ति : चतुर्भुजा शाकिनी
१७. साधना उपलब्धि : कवि, ज्ञानी, शान्त, दीर्घजीवी

**भ्रूचक्र या आज्ञाचक्र**

षट्चक्रमध्ये छैठौँ चक्र भ्रूचक्र या आज्ञाचक्र हो। यसलाई सबै चक्रको स्वामी वा उत्तमचक्र भनिन्छ। यसमा ध्यान केन्द्रित गर्नाले सबै चक्रको फल प्राप्त गर्न सकिन्छ। दुई दल कमल ज्योतिजस्तो चम्किलो आकारमा रहेको छ। दुई आँखीभौको मध्यमा अथवा भृकुटी मध्यमा स्थित भएकाले यसलाई मध्यमचक्र पनि भनिन्छ, आँखीभौंको पछाडि मेरुदण्डभित्रको ब्रह्मनाडीमा इडा, पिङ्गला र सुषुम्ना तीनै नाडीको सङ्गम रहेको छ। ओम् तत्त्वमा ध्यानका लीग नाकका अग्रभागमा मनलाई केन्द्रित गर्नुपर्छ। यसले आत्मतत्त्वको प्रतिनिधित्व गर्दछ। अर्धनारीश्वर इतरलिंग क्षेत्र। यस चक्रको साधनाले वाणीको सिद्धि प्राप्त हुन्छ भनिन्छ। हं र क्षं दुई अक्षरले परा र अपरा वृत्ति, आध्यात्मिक र भौतिकी वृत्तिलाई जनाउँछन्। यहाँ महाकाल सिद्ध र हाकिनीदेवीको निवास हुन्छ भनिन्छ। अरू विस्तृत जानकारी तलको तालिकामा दिइएको छ।

१. भ्रूचक्र या आज्ञाचक्रको स्थान : भ्रूमध्य,भ्रूकुटीको भित्र
२. यन्त्राकृति : सेतो ज्योतिभएका दुई कमलदल
३. बीज ध्वनि : ओम्
४. बीज वर्ण : दीपज्योति जस्तो उज्यालो
५. बीजवाहन :

CC-0. Nepal Sanskrit Academy, Kathmandu

६. कमल दलको सङ्ख्या : २ दलकमल, हं क्षं
७. तत्त्व : लिङ्गाकार महत्तत्त्व
८. तत्त्वरूप : लिङ्गाकार
९. ज्ञान : आत्मज्ञान
१०. सम्बद्ध ज्ञान अङ्ग : ह
११. सम्बद्ध कर्मेन्द्रिय : ह
१२. वायु : उदानवायु
१३. लोक : महलोक
१४. सम्बद्ध ग्रह : ह
१५. देवता : शिव
१६: शक्ति : हाकिनी
१७. साधनाको उपलब्धि : सबै चक्रबाट प्राप्त हुने फल ।

**सहस्रार चक्र**

षट्दल मान्यतामा मूलाधारदेखि आज्ञाचक्रसम्मलाई अलग अलग चक्र मानियो, सहस्रारचक्रलाई अरू छवटा चक्रको लक्ष्य मानियो जहाँ उनीहरूको यात्राको गन्तव्य हुन्छ। यसलाई ब्रह्मरन्ध्रचक्र पनि भनिन्छ। हजारपत्र भएका कमल पूर्णचन्द्र मण्डलका रूपमा मानिन्छ, यस कमलबाट शीतल मधु टप्किन्छ तर मणिपुरको अग्निले त्यसलाई सुकाइदिन्छ। साधकको मुख्य चिन्ताको विषय पूर्ण कमलरूपी सोमको मधु या अमृत अग्नि र सूर्यबाट जोगाएर कसरी पान गर्ने र काया सिद्धि प्राप्त गर्ने। सहस्रारदेखि विशुद्धचक्रको क्षेत्रसम्म सोम प्रभावित क्षेत्र हो त्यसपछि वायुक्षेत्र र त्यसपछि अग्नि क्षेत्र, जल र पृथ्वी क्षेत्र। सोमरस जल र पृथ्वीक्षेत्रमा पुग्न पाउँदैन, वायु र अग्निक्षेत्रमा त्यो सखाप भइसक्छ। खप्परका जोर्नी जोर्नीमाससाना प्वालहरू छन्। त्यहीँबाट ब्रह्म र जीवबिच सम्पर्क हुन्छ भन्ने मान्यता रहेको छ। गोरखनाथले नौ चक्रको वर्णनमा आज्ञाचक्रभन्दा पहिला तालुचक्र मान्दा आज्ञाचक्र सातौं सहस्रार चक्र को ठाउँमा दुई चक्रको उल्लेख छ निर्वाणचक्र आठौं र आकाशचक्र नवम मानेका छन् (सि.सि.प. २: ६-९)। अरू विस्तृत जानकारी तलको तालिकामा दिइएको छ।

१. सहस्रारचक्रको स्थान : तालुमाथिको मस्तिष्क, ब्रह्मरन्ध्रमाथि
२. आकृति : पूर्णचन्द्रजस्तो सहस्रदल कमल
३. बीज ध्वनि : ह
४. बीज वर्ण : ह
५. बीजवाहन : बिन्दु

CC-0. Nepal Sanskrit Academy, Kathmandu

६. कमल दलको सङ्ख्या र अक्षर : सहस्रार दल कमल, अ देखि क्ष सम्म ५० वर्ण सबै
७. तत्त्व : तत्त्वातीत
८. तत्त्वरूप : ह
९. ज्ञान : ह
१०. सम्बद्ध ज्ञान अङ्ग : ह
११. सम्बद्ध कर्मेन्द्रिय : ह
१२. वायु : ह
१३. लोक : सत्यम्
१४. सम्बद्ध ग्रह : ह
१५. देवता : परब्रह्म
१६: शक्ति : महाशक्ति
१७. साधनाको उपलब्धि : मुक्ति, अमरत्व, आरोग्य ।

गोपीनाथ कविराजका अनुसार षट्चक्रमा कमल दलका रूपमा प्रयोग गरिएका स्वर र व्यञ्जन ५० वर्णमाला मूलाधारदेखि आज्ञाचक्रसम्म ५० पद्म दलमा प्रकाशित हुन्छन् । यी ५० वर्णमाला सुषुप्ति, जाग्रत, स्वप्न, तुरीय र तुरीयातीत अवस्थाका द्योतक हुन् । तान्त्रिक वाङ्मयमा यिनलाई अक्षमाला भनिन्छ । अ देखि क्ष सम्म फैलिएको वर्ण समुदायलाई मातृका पनि भनिन्छ "अज्ञाता माता मातृका विश्वजननी" यिनै माताले यिनै वर्णसमूहबाट वाचक र वाच्यलाई प्रकाशित गर्छिन् । अकारदेखि विसर्गयुक्त अः सम्मका १६ स्वर वर्ण नादकल्प सुषुप्ति अवस्थाका प्रतीक हुन् । कदेखि मसम्मका २५ स्पर्श वर्ण जाग्रत अवस्थाका प्रतीक या द्योतक हुन् । 'यरलव' अन्तःस्थ वर्ण स्वप्न अवस्थाका द्योतक हुन् भने 'श, ष, ह' उष्म वर्ण तुरीय अवस्थाका द्योतक । 'क्ष ' कूटाक्षर तुरियातीत अवस्थाको द्योतक मानिन्छ । (अवस्थी २०१४:६-७) ।

### २.३.८ कुण्डलिनी साधना

**सिद्धसिद्धान्तपद्धति** (१: ५-९) अनुसार पाँच शक्तिहरूमध्ये (अनामा, पराशक्ति, अपरा शक्ति, सूक्ष्मा शक्ति र कुण्डलिनी शक्ति) कुण्डलिनी शक्ति एक हो, यो शक्तिस्वरूपा हो । यो योगाभ्यासद्वारा जागृत हुन्छ । कुण्डलिनीका पाँच गुणहरू छन् (१:१४): पूर्णता, प्रतिबिम्बिता (जागृत भएपछि योगीको शरीरमा जाज्वलरूपमा प्रतिबिम्बित हुने), प्रबलता (योगीमा महाशक्ति प्राप्त हुने), प्रोच्चलता (जागृत भएपछि नित्य अभिव्यक्त र ऊर्ध्वमुखी रहने), प्रत्यङ्मुखता (सृष्टिरचनामा तत्परता) ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

कुण्डलिनीका दुई रूप हुन्छन् जागृत र सुषुप्त। यो सामान्यतः मूलाधारमा तलमुख गरेर सुषुप्त अवस्थामा रहन्छ। कुण्डलिनीलाई जागृत भएपछि सहस्रार दलसम्म ऊर्ध्व यात्रा गर्छे त्यसैले यसलाई ऊर्ध्वगामिनी भनिन्छ। समस्त जगत्प्रपञ्च कुण्डलिनीस्वरूप मानिन्छ। स्थानविशेषका कारण कुण्डलिनीलाई नामकरण गरिन्छ। मूलाधारमा सुप्त कुण्डलिनीलाई अधःशक्ति, नाभिमा रहने कुण्डलिनीलाई मध्यशक्ति र सहस्र दलमा रहनेलाई ऊर्ध्वशक्ति भनिन्छ। मूलाधारमा सुप्त कुण्डलिनी जगाउन त्रिबन्धको अभ्यास यानि मूलबन्ध, उड्डीयान बन्ध र जालन्धर बन्धको एकसाथ अभ्यास गर्न सकियो भने कुण्डलिनी जागृत गराउन सकिन्छ। मूलाधारको शक्ति नै मूल शक्ति या महाशक्ति हो यसलाई न जगाई साधना अघि बढ्दैन। यो कुण्डलिनी शक्ति सुप्त अवस्थामा स्थूल कुण्डलिनी र जागृत अवस्थामा सूक्ष्म कुण्डलिनीका रूपमा चिनिन्छ। स्थूलस्वरूपा कुण्डलिनी जगत्सर्जक सृष्टिरूपा हुन् भने जागृत भएपछि नाभिस्थान ऊर्ध्वगामी कुण्डलिनी ज्ञानरूपा सूक्ष्मा कुण्डलिनी हुन्। जागृत ऊर्ध्वशक्ति कुण्डलिनी सहस्रारमा पुगेपछि परमपद आदिनाथको स्वरूपस्थिति प्राप्त गर्ने, समरसताको अवस्था प्राप्त हुन्छ (सि.सि.प. ४:१४-२९)।

कुण्डलिनीको मान्यताअनुसार मूलाधार शक्तिपुञ्ज कुण्डलिनी हो तर त्यो तलमुख गरेर रहेको छ त्यसलाई पहिचान गर्नु पहिलो काम हो। चक्र र कुण्डलिनी साधना अन्तःसम्बद्ध रहेका छन्। विभिन्न चक्रका स्थान शक्तिपुञ्जका क्षेत्र हुन्। मूलाधारमा चतुर्दल कमलका बिचमा त्रिकोणाकार योनि छ त्यसलाई सिद्धसिद्धान्तपद्धति (२:१)मा यसरी भनिएको छ "भगमण्डलाकारम्...कामरूपपीठम् सर्वकामप्रदं भवति" त्यो कामाख्यापीठ हो, त्यसले साधकका सबै चाहना पूरा गरिदिन्छ। त्यहाँ स्वयम्भू महालिङ्ग पनि अवस्थित रहेको मानिन्छ। तल फर्केको शक्तिलाई माथितिर फर्काउनु कुण्डलिनी जागरण हो। त्यो मूलाधारमा तल फर्केको सर्परूपी शक्तिलाई सिद्धासनमा बसेर अश्विनीमुद्राको अभ्यासले अपानवायुलाई जोडले माथितिर धकेल्ने अभयास गरियो भने लामो अभ्यासपछि क्रमशः तलतिर फर्केको शक्ति माथितिर फर्कन सुरु गर्छ।

सि.सि.प.का (३: १-७) अनुसार जसरी शेषनागमाथि सारा धरती टिकेको छ त्यसैगरी सारा योगसाधना कुण्डलिनीमा टिकेको छ र गुरुकृपाविना सुप्त कृण्डलिनी जगाउन सकिँदैन। कुण्डलिनी जागृत भयो भने सबै चक्रहरू र ग्रन्थिहरू स्वतः खुल्दै जान्छन्। दश मुद्राहरू महामुद्रा, महाबन्ध, महावेध, खेचरी मुद्रा, उड्डीयान, मूलबन्ध, जालन्धर बन्ध, विपरीत करणी मुद्रा, वज्रोली, शक्तिचालन मुद्राको अभ्यासले सुषुम्नाका माध्यमले कुण्डलिनी जगाउनुपर्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

**श्रीगोरक्षयोगसंहिता**का अनुसार पद्मासनमा बसेर च्युँडोले घाँटीलाई दबाएर कुम्भक प्राणायामद्वारा तलको शक्ति अपान वायुले उपल्लो शक्ति प्राणवायुलाई पटक पटक धक्का दिइरह्यो भने बलियो ताल्चा खुलेझैँ सुषुम्नाको द्वार खुल्छ अथवा सुषुम्ना जागृत हुन्छ र परिणामस्वरूप योगीले बिभिन्न खालको ध्वनिहरू सुन्दछ (गोयोसं श्लोक ४९,५०)।

**गोरक्षपद्धति**अनुसार कुण्डलिनी साधनामा मणिपुरचक्रको महत्त्वपूर्ण भूमिका छ। यो नै नाडीको उत्पत्तिस्थान र नाडीको केन्द्र हो। मणिपुरको पछाडि कुण्डलिनीशक्तिले ब्रह्मरन्ध्रको ढोकाको मुखलाई छोपेर बसेको हुन्छ। सुषुम्नामार्गलाई छेकेर बसेको कुण्डलिनी अपान र प्राणवायुको घर्षणले जागृत भई सुषुम्नामार्गबाट माथितिर यात्रा सुरु गर्छ र प्रत्येक चक्रलाई उसले भेदन गर्दै अघि बढ्नुपर्छ। पुग्ने लक्ष्य सहस्रार चक्र नै हो। योगीले पवन साधनाको योगाभ्यासले सुषुम्नाको मुख खोल्नुपर्दछ। गुरुदीक्षाविना कुण्डलिनीको द्वार खोल्न असम्भव हुन्छ।

## २.३.८ क. कुण्डलिनीसाधना र बिन्दुको अवधारणा

हठयोगमा स्त्रीको रज (रातो) र पुरुषको वीर्य (पहँलो सेतो) लाई बिन्दु भनिएको छ (गोरक्षशतक श्लोक ७२)। रजलाई शक्ति/पार्वतीको प्रतीक र नाडीहरूमध्ये सूर्यनाडी एवम् वीर्यलाई शिवको प्रतीक र चन्द्रनाडी मानिन्छ (गो.श. : ७४)। हठयोगको साधनामा बिन्दुलाई बचाउनु अति महत्त्वपूर्ण मानिन्छ। यसलाई शरीरको आधार मानिन्छ। जबसम्म बिन्दु शरीरमा सुरक्षित छ जीवन सुरक्षित छ। खेचरीमुद्राको अभ्यासले बिन्दुलाई बचाउन सहयोग पुऱ्याउँछ (गो.श.: ६८-७१)। सामान्यरूपमा रज वा वीर्य तलतिर खस्छ तर हठयोग साधनाले खासगरी कुण्डलिनी साधनाले त्यस रज वा वीर्यलाई शक्ति / ऊर्जाका रूपमा माथितिर प्रवाहित गराउँछ। यसलाई गोरखवाणीमा 'उल्टा साधना' भनेको छ किनभने यसले तल फर्केको कुण्डलिनीको मुखलाई माथि फर्काउँछ र यो नै कुण्डलिनी जागरण हो। कुण्डलिनी भनेको शक्ति या ऊर्जा हो। त्यो तलतिर त्यत्तिकै निस्किरहेको हुन्छ त्यसको जागृति भए पछि त्यो विभिन्न ऊर्जाकेन्द्र हुँदै माथितिर प्रवाहित हुन्छ। विभिन्न ऊर्जाकेन्द्रलाई सूक्ष्म शरीरमा चक्र भनिएको छ। सबभन्दा तलको ऊर्जाकेन्द्रलाई मूलाधार या आधारचक्र भनिन्छ। त्यसको स्थान गुदाक्षेत्र हो। यो नै शक्तिको मुख्य केन्द्र हो। यसलाई ब्रह्मग्रन्थि पनि भनिन्छ। यस केन्द्रबाट ऊर्जा त्यसमाथिको केन्द्र स्वाधिष्ठानचक्र जसको क्षेत्र लिङ्ग/योनि क्षेत्र हो त्यहाँ पुग्छ त्यहाँबाट तेस्रो शक्तिकेन्द्र नाभिस्थानमा रहेको मणिपुरचक्रमा पुग्छ। त्यसपछि चौथो ऊर्जाकेन्द्र हृदयमा रहेको अनाहतचक्र हो। यसलाई विष्णुग्रन्थि भनिन्छ। यहाँबाट ऊर्जा पाँचौ केन्द्र जो घाँटीमा छ त्यसको नाम विशुद्धचक्र हो

CC-0. Nepal Sanskrit Academy, Kathmandu

त्यहाँ पुग्छ र फेरिं ऊर्जा छैठौं केन्द्रमा पुग्छ त्यो दुई आँखाको बिचमा छ त्यसको नाम आज्ञाचक्र हो। यसलाई रुद्रग्रन्थि पनि भनिन्छ। जब ऊर्जा वा शक्ति वा कुण्डलिनीले ब्रह्मग्रन्थि, विष्णुग्रन्थि र रुद्रग्रन्थि पार गर्छ त्यो सहस्रारचक्रमा पुग्छ। यसरी मूलाधारमा सुतेको कुण्डलिनीलाई जागरण गरेर रज वा वीर्यलाई शक्तिका रूपमा सहस्रारमा पुऱ्याइन्छ र त्यस पद्धतिबाट त्यो रज वा वीर्य अमृत बन्छ यसरी यो मर्त्य शरीरले अमरत्व प्राप्त गर्छ। सिद्ध स्वात्मारामले बिन्दु, मन र प्राणको अन्तःसम्बन्ध रहेको छ भनेका छन्। जब मन स्थिर हुन्छ, प्राण पनि स्थिर हुन्छ जब प्राण स्थिर हुन्छ बिन्दु पनि स्थिर हुन्छ (गो.श.: ९०-९२; सि.सि.प. ४:२८) यसको मतलब प्राणसाधनाबाट मनको चञ्चलता हट्छ जबसम्म प्राण चञ्चल रहन्छ तबसम्म मन शान्त हुन सक्दैन (सि.सि.प.४:२१-२५)। मनको चञ्चलता हटेपछि बिन्दु पनि चञ्चल हुँदैन।

सिद्ध स्वात्मारामका अनुसार वज्रासनमा बसेर भस्त्रिका प्राणायामको अभ्यास गर्नाले कुण्डलिनी छिटै जागृत हुन सक्छ (सि.सि.प.३:११५)। नाथयोगीहरू कुण्डलिनी साधनाबाट दिव्यदेह, कायसिद्धि र जीवन्मुक्ति सम्भव मान्दछन्।

ह्वाइट डेभिड गोर्डनले कुण्डलिनीका सम्बन्धमा यसो भनेका छन् : "कुण्डलिनी योगमा साधनाका माध्यमले खासगरी कुण्डलिनीशक्तिका माध्यमले योगीले आफ्नो बीज (वीर्य वा रज)लाई छ चक्रमाथि पुऱ्याउँछ। कुण्डलिनीशक्तिले प्रत्येक चक्र भेदन गर्दै जाँदा ताप बढ्दै जान्छ र त्यो बीज सहस्रारचक्रमा पुग्दा शुद्ध अमृत बन्दछ। कुण्डलिनी सहस्रारमा पूर्ण चन्द्रसित एकाकार हुन्छ र साधकको देह दिव्यदेह बन्छ उसले पुनर्जवानी प्राप्त गर्छ एवम् अमरत्व प्राप्त गर्छ ".(१९६६: २६३)।

गोपीनाथ कविराजले कुण्डलिनी सहस्रारचक्रमा समाहित हुने कुरालाई तान्त्रिक शैव दृष्टिले अर्थ्याएका छन्। कुण्डलिनी भनेको पार्वती या शक्तितत्त्व हो। सहस्रारको चन्द्र शिवतत्त्व हो, त्यहाँ दुईको मिलन भई एकत्व हुनु शिवतत्त्वमा शक्तितत्त्व समाहित हुनु हो (१९८७:७३)। शक्तिको ऊर्जाले शिवलाई शिव भनाएको हो अन्यथा शिव ऊर्जाहीन शव हो। **वामकेश्वरतन्त्र**मा पनि शिव र शक्तिको सम्बन्धका बारेमा यसो भनिएको छ– शक्ति साथमा भएर मात्र शिव सामर्थ्यवान् भएका हुन्, शक्तिविना उनी केही पनि गर्न सक्दैनन्। निज शक्ति सहित भएर मात्र उनी विश्वप्रकाशक भएका हुन्।

योगको सफलता मुख्यरूपमा भौतिक र सूक्ष्म शरीरको ज्ञान र त्यसमाथिको नियन्त्रणमा भर पर्छ। नाथहरूको कामशक्तिका बारेमा के दृष्टिकोण भन्ने सन्दर्भमा जर्जेभिक् (२००८) ले गम्भीर अध्ययन गरेका

CC-0. Nepal Sanskrit Academy, Kathmandu

छन् । उनका अनुसार नाथयोगीहरूको शक्ति उनीहरूको आफ्नो शरीरमाथि नियन्त्रण, इच्छामाथि नियन्त्रण र वीर्य र रजको अधःपतनमा नियन्त्रण गरी ऊर्ध्वगमन गराउन सके साधक सिद्ध बन्छ। यसरी कामशक्तिमाथि नियन्त्रण गरी कुण्डलिनी जागृत गरेपछि कामशक्ति ऊर्जामा परिणत हुन्छ। कुण्डलिनी साधनाले कामशक्ति रहस्यमय शक्ति प्राप्त गर्ने साधन बन्छ र आफैँ पनि रहस्यमय शक्ति बन्छ। साधनाका बलले कामशक्ति योगदेह बनाउने ऊर्जा बन्छ र मर्त्यलाई अमर्त्य बनाउने र मान्छेलाई देवता बनाउने साधन बन्छ। कामशक्ति बुझेर साधना गर्दा सिद्धि प्राप्त हुन्छ र सिद्ध बनिन्छ। यो बाटोबाट योगसाधक दोस्रो शिव बन्छ।। कामशक्तिको यो रहस्य जान्ने हुनाले नाथयोगीहरूले आफूलाई अरू साधक भन्दा उच्च मान्दछन् (जर्जेभिक् २००८:२४-२५)।

### २.३.८.ख. योगी, सिद्ध र भक्त

योगसाधनालाई जीवनपद्धति बनाउने साधक योगी हो। नाथपरम्पराका अनुसार उसले आसन र प्राणायामका साथ साथै दश मुद्रा र बन्धको साधना गर्छ। मुद्राको उदाहरण जस्तै खेचरी मुद्रा, महामुद्रा, शाम्भवी मुद्रा, विपरीतकरणी मुद्रा, शक्तिचालन इत्यादि र महाबन्धको उदाहरण जस्तै, मूलबन्ध, उड्डियान बन्ध र जालन्धरबन्धको साधना, महावेधको साधना तथा चक्र र कुण्डलिनीको साधना गरेर कुण्डलिनी (ब्रह्माग्नि) जगाएर पवन या प्राणलाई र बिन्दुलाई तल मूलाधारबाट सहस्रारमा पुऱ्याउने अभ्यास गर्छ। उसको लक्ष्य साधनामार्फत दिव्यदेह या पक्वदेह प्राप्त गर्ने हो। बिन्दुलाई अमृतमा परिणत गर्ने हो। यो साधना परिपक्व भएपछि ऊ सिद्ध बन्छ। व्यष्टिपिण्डमा समष्टिपिण्ड या ब्रह्माण्डको अनुभूति हुन्छ र उसले ब्रह्माण्डलाई आफ्नो इच्छाअनुसार चलाउन सक्छ। यसै अर्थमा श्रीकृष्णलाई योगेश्वर भनिएको हो। गोरखवाणीमा योगीको विशेषता यसरी परिभाषित गरिएको छ :

अरधै जाता,उरधै धरे,काम दग्ध जो जोगी करे।
तजै अल्यङ्गन् काटै माया, ताका बिष्नु पखालै पाया॥
(गोरखवाणी १७)।

योगीले माथि आकाश थाम्छ, तलतिरको जगत्मा भ्रमण गर्छ, कामशक्तिलाई दहन गर्छ, मायाजाललाई तोड्छ। यस्तो योगीको खुट्टा विष्णु पनि पखाल्छन्।

सिद्ध भनेको अष्टसिद्धि प्राप्त गरको, दिव्यदेह भएको र कायसिद्धि प्राप्त गरेको योगी हो। आवश्यकताअनुसार आकाशमा उड्न सक्ने, सानो रूप बनाउन सक्ने, ठुलो आकार लिन सक्ने, हलुको र गरुङ्गो हुन सक्ने,

CC-0. Nepal Sanskrit Academy, Kathmandu

चाहनाअनुसार कुनै नयाँ सृष्टि गर्न सक्ने र विनाश पनि गर्नसक्ने। सिद्धसँग रहस्यमय ज्ञान र शक्ति रहेको विश्वास गरिन्छ त्यसैले जनसाधारणले सिद्धलाई सम्मान गर्छन् र उसित डराउँछन्। योगसाधना सिद्धहरूको शक्तिप्राप्तिको माध्यम र साधन हो। साधनाविना योगी सिद्ध बन्न सक्दैन।

सिद्ध र भक्तको भिन्नता के हो भने सिद्ध शरीरसाधनामा केन्द्रित हुन्छ, शक्ति प्राप्त गर्छ, आत्मसबलीकरणमा उसको समग्र साधना केन्द्रित हुन्छ भने भक्त शरीरकेन्द्रित साधनामा होइन इष्टदेवको भक्तिमा समर्पित हुन्छ। भगवान् साक्षात्कार उसको लक्ष्य हुन्छ, भक्ति उसको माध्यम हुन्छ। इष्टदेवता समर्थ हुन्छन् र भक्तलाई समस्या पर्दा उनले बचाउँछन् भनी विश्वास गरिन्छ। सिद्धले शक्ति प्राप्त गरेर आफ्नो सुरक्षा आफैँ गर्न सक्षम हुन्छ भने भक्त भगवान्को कृपामा आश्रित हुन्छ। सिद्ध साधना गरेर आफ्नो क्षमता विकासमा लागि राखेको हुन्छ, अरूको आश्रित हुँदैन भने भक्त पूर्णतः इष्टदेवतामा आश्रित हुन्छ। सिद्ध स्वावलम्बी हुन्छ भने भक्त परावलम्बी। योगपरम्परा र भक्तिपरम्पराको भिन्नता यही हो। यही नै भिन्नता हो वैष्णव परम्परा र नाथपरम्पराबिचको।

### २.३.९. कुण्डलिनी र नाडी सम्बन्ध

नाथयोग साधनामा शरीरमा रहेका नाडी ज्ञान अति महत्त्वपूर्ण मानिन्छ। **गोरक्षशतक**को २५-३२ श्लोकमा नाडीहरूको उद्गम र तिनको कामकाबारेमा उल्लेख गरिएको छ। ७२ हजार नाडीको उद्गम स्थल नाभिभन्दा तल रहने अण्डाकारको कन्धयोनि (युटेरस)लाई मानिएको छ। तीमध्ये ७२ नाडी उल्लेख्य मानिन्छ र तिनमा पनि १० नाडी मुख्य मानिएका छन्। ती हुन्:

इडा (बायाँ नासिका), पिङ्गला (दायाँ नासिका), सुषुम्ना (दुई नासिकाको बिच),
गान्धारी (बायाँ आँखामा), हस्तजिह्वा (दायाँ आँखामा),
पूषा (दायाँ कानमा), यशस्विनी (बायाँ कानमा),
अलम्बुषा (मुखमा), कुहू (जननेन्द्रिय स्थानमा), शङ्खिनी (गुदास्थानमा)।

यी १० नाडीमध्ये पनि इडा, पिङ्गला र सुषुम्ना गरी तीन नाडी मुख्य हुन् र यिनीहरू प्राणको मार्गमा जोडिन्छन्। यिनले अरू सबै नाडीलाई अधीनमा राखेका छन्। इडालाई चन्द्रनाडी र पिङ्गलालाई सूर्यनाडी पनि भनिन्छ। इडा र पिङ्गला समान गतिले प्रवाहित भएको अवस्थामा यिनीहरू सुषुम्नामा मिल्दछन्। यिनीहरूको मिल्ने ठाउँ आज्ञाचक्रभन्दा अलिक माथि रहेको छ त्यसलाई योगमा त्रिकुट यात्रिवेणी

CC-0. Nepal Sanskrit Academy, Kathmandu

भनिन्छ। यही समयमा कुण्डलिनी सुषुम्नामा प्रवेश गर्छ। सुषुम्ना नाडीभित्र वज्रनाडी (वज्राणी) रहेको छ जुन जननेन्द्रियदेखि शिरसम्म फैलिएको छ। वज्रनाडीभित्र अर्को सूक्ष्म नाडी हुन्छ जसलाई चित्रानाडी (चित्राणी) भनिन्छ। यसलाई ब्रह्मनाडी पनि भनिन्छ। यो मूलाधारदेखि सहस्रदलसम्म फैलिएको छ। नाथयोगअनुसार यी भित्री नाडी क्रियाशील भएपछि कुण्डलिनीले षट्चक्र भेदन गर्दछ। शक्तिका रूपमा कुण्डलिनी मूलाधारदेखि सहस्रारसम्म ऊर्ध्वगमन गर्छ र योगी शक्तिसम्पन्न सिद्ध हुन्छ (गो.श. ४७-४८)।

इडा, पिङ्गला र सुषुम्ना यी तीन नाडीमध्ये पनि सुषुम्नानाडी नै कुण्डलिनी जागरणमा मुख्य सहायक मानिन्छ। त्रिबन्ध र मूलबन्धको अभ्यासले अपानवायुले धक्का दिएर कुण्डलिनी जगाउनुपर्छ। **सिद्धसिद्धान्तपद्धति** (४:१८) ले सबै नाडीहरूमध्ये सुषुम्नामात्र कुण्डलिनी जागरणमा महत्त्वपूर्ण मानेको छ। महामहोपाध्याय गोपीनाथ कविराजका अनुसार "योगमा नाडी र चक्र स्थूल शरीरका अङ्ग होइनन्। यी सूक्ष्म शरीरमा प्राणमय कोषका अङ्ग हुन्। मध्यनाडी, मध्यमा नाडी, ब्रह्मनाडी या सुषुम्नानाडी मेरुदण्डको भित्री भाग हुँदै मस्तिष्कसम्म जान्छ, मूलाधारदेखि सहस्रारसम्म फैलिएको छ। यो चम्किलो तामसिक नाडी हो, यसका भित्र वज्रा या वज्रिणी नाडी हुन्छ जो तैजस हो। यस वज्रिणीका भित्र पहेँलो रंगको चित्रा या चित्रिणी (सात्त्विक) नाडी हुन्छ र यस चित्रिणीका भित्री भागलाई ब्रह्मनाडी भनिन्छ। तन्त्रमा सुषुम्नालाई वह्निरूपा, वज्रिणीलाई सूर्यरूपा र चित्रिणीलाई चन्द्ररूपा मानिन्छ। चित्रिणी नाडी जहाँ समाप्त हुन्छ त्यहाँ एउटा प्वाल छ त्यसलाई ब्रह्मद्वार भनिन्छ र यसै द्वारबाट कुण्डलिनीशक्ति सहस्रारमा जान्छ" (रमेशचन्द्र अवस्थी २०१४:९-१०)।

यस कुण्डलिनी साधनामा मूलबन्ध, जालन्धर बन्ध, उड्डीयान बन्ध र महाबन्धको अभ्यास जरुरी छ। त्यसैगरी विभिन्न मुद्राहरू जस्तै महामुद्रा, नभोमुद्रा, खेचरीमुद्रा, महावेधमुद्रा, विपरीतकरणीमुद्रा, योनिमुद्रा, बज्रोली मुद्रा, शक्तिचालिनी मुद्रा, शाम्भवी मुद्रा, अश्विनी मुद्रा, काकी मुद्रा, मातङ्गिनी मुद्रा र भुजङ्गिनी मुद्राको अभ्यास पनि जरुरी हुन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

# अध्याय तीन

# नाथयोगमा दीक्षा,वेशभूषा,जीविका,अन्त्येष्टिकर्म

## ३.१ पाँच गुरुबाट दीक्षा

दिलीपनाथ योगीका अनुसार आदिनाथ शिवले उदयनाथ पार्वतीलाई महाज्ञानको दीक्षा दिएपछि नाथसम्प्रदायमा दीक्षा दिने चलन चलेको हो (२०६४,पृ.११९) नाथसम्प्रदायमा दीक्षित हुन चाहने व्यक्ति यानि नाथ जोगी हुन चाहनेले पाँच थरिका गुरुहरूले पालैपालो दीक्षा दिएपछि मात्र ऊ नाथ बन्दछ। उपदेशी गुरुले गुरु मन्त्र सुनाउँछन्। चीरा गुरुले दीक्षित हुने व्यक्तिको कान चिरि दिन्छन् र निमको ठेटी राखिदिन्छन्। नाथपरम्परामा के विश्वास गरिन्छ भने कान चिर्नाले योगसाधनामा सहयोग मिल्छ। भभूत गुरुले दीक्षित हुने व्यक्तिको शरीरमा भभूत यानि भस्म लगाइदिन्छन्। चोटी गुरुले दीक्षित हुने व्यक्तिको टुप्पी काटिदिन्छन्। वाना गुरुले दीक्षित हुने व्यक्तिलाई नयाँ जोगी या लगौँटी दिन्छन् र त्यस व्यक्तिले नयाँ लगौँटी फेर्छ। यी पाँच थरिका गुरुले निश्चित मन्त्रहरू पढ्दै दीक्षा दिने काम गर्छन्। कान चिरेपछि गुरुले कुण्डल लगाइदिन्छन् र नाद जनै दिन्छन्। दीक्षित हुने कार्यक्रम नवनाथ ८४ सिद्ध, र बालासुन्दरीको पूजा गरेपछि पूरा हुन्छ (ब्रिग्स २००७, सार्दे २०१९)। गुरुको नाथपरम्परामा धेरै ठुलो महत्त्व छ। गुरुलाई अवधुत पनि भनिन्छ। सिद्धसिद्धान्तपद्धतिमा गुरुका ३६ लक्षण र शिष्यका ३२ लक्षण भनिएको छ। गुरुले ४ लक्षण सिकाएपछि अचेतन जीव चेतनशक्तिमा परिणत हुन्छ तर यसका लागि साधना, गुरुसेवा र गुरुको विश्वास जित्न जरुरी छ। नाथपरम्परामा कुनै पनि साधना र सिद्धि गुरुविना सम्भव छैन। त्यसैले दीक्षित हुनु चेतनाको यात्रामा पहिलो खुड्किलो हो।

## ३.२ नाथ जोगीलाई चिनाउने वस्तुहरू र प्रयोग

### ३.२.१ कर्णकुण्डल

नाथ जोगीलाई चिनाउने बाह्य प्रतीक उनीहरूले कानमा लगाउने गोला ठूला ठूला कुण्डल हुन्। यस्ता कुण्डल माटाका, धातुका, हात्ती दाँतका हुन सक्छन्। कान चिरेर कुण्डल लगाउने भएकाले यिनीहरूलाई दर्शनी पनि भनिन्छ। भारतमा कतै कतै कुण्डललाई दर्शन पनि भनिँदो रहेछ। कान चिरेकै कारण यिनीहरूलाई अलि हियाएर कनफटा जोगी पनि भनिन्छ। यो प्रयोग आदरार्थी होइन।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

### ३.२.२ सिंगीनाद

नाथजोगीहरूको अर्को बाह्य लक्षण सिंगीनाद हो। यो मुखले बजाउने सिट्टी हो। सेतो धागोमा गोला पवित्रा बाँधिएको हुन्छ र यो हरिणको सिंग या पित्तल या तामाले बनेको हुन्छ। साथमा एकदान रुद्राक्ष पनि राखिएको हुन्छ। यो सिटी नाथ योगीहरूले बिहान र साँझमा पूजा गर्नुभन्दा पहिला र भोजन गर्नुअघि बजाउँछन्।

### ३.२.३ यज्ञोपवीत या जनै

यो विशेषखालको जनै हो। भेडाको कालो ऊनबाट बनाइन्छ र नाथयोगीहरूले काँधमा लगाउँछन्। यस्तो जनै बनाउन जान्ने मान्छे कम हुँदै गएकाले भारतमा कतै कतै धागोले बनाएको जनै पनि लगाउने गर्छन् (हजारी प्र.द्विवेदी,पृ.१७)

### ३.२.४ मेखला

कम्मरमा बाँध्ने रसी जो लगोटी अड्याउनका लागि प्रयोग गरिन्छ।

### ३.२.५ पवित्रा

यो गोलो आकारको औंठी हो जो हरिणको सिंग या पित्तल या तामाको बनाइएको हुन्छ र यो जनैमा बाँधिन्छ।

### ३.२.६ कौपिन या लगौटी

प्रत्येक नाथयोगीलाई लगौंटी लगाउने विधान छ यसैलाई कैपिन पनि भनिन्छ।

### ३.२.७ हालमातङ्गा

यो अर्कै खाले मेखला हो यसलाई भिक्षा माग्दा प्रयोग गरिन्छ।

### ३.२.८ धन्धारी

यो काठ या फलामले बनाएको गोलो चक्र हो यसको बिचमा धागो हुन्छ। नाथयोगीले मन्त्र पढ्दा धागोलाई प्वालबाट छिराउँछ र मन्त्र पढिसकेपछि त्यो धागोलाई उल्टो तान्छ। यसको अभ्यास गरेका योगीले मात्र गर्न सक्छन्। त्यसो भएर यसलाई गोरखधन्धा भनिन्छ।

### ३.२.९ रुद्राक्ष माला

नाथयोगीहरू रुद्राक्षको माला लगाउँछन् र यसैलाई जपमालाका रूपमा प्रयोग पनि गर्छन् त्यतिबेला यो मालालाई सुमिरनी भनिन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

### ३.२.१० आधारी

एउटा काठको मोटो लट्ठी जुन एकातिर अलिकति फराकिलो र चेप्टो हुन्छ जसलाई बस्न या आराम गर्न प्रयोग गरिन्छ। अभ्यास नभएका मानिस यसमा बस्न र आरामा गर्न सक्दैनन्।

### ३.२.११ कन्था या गुदारी

गेरुवा वस्त्र, घाँटीबाट लगाउने, लगभग सारा शरीर ढाक्ने वस्त्र।

### ३.२.१२ खप्पर

यो भिक्षापात्र हो। माटोको, नरियलको, लौकाको या धातुको पात्र हुन सक्छ।

### ३.२.१३ भस्म र त्रिपुण्ड

नाथयोगीहरू शरीरमा खरानी घस्छन्। निधार, काँध र छाती खरानीको तीन धर्का पारेका हुन्छन् त्यसलाई त्रिपुण्ड भनिन्छ।

### ३.२.१४ धुनी जगाउने

धुनी जगाउनु नाथ योगीको आवश्यक कर्म हो। जहाँ नाथयोगी हुन्छ त्यहाँ धुनी हुन्छ। सकेसम्म धुनीको आगो जोगाएर राख्नुपर्छ त्यसलाई निभ्न दिनु हुँदैन। धुनी उसको पहिचानसित जोडिएको छ। त्यही धुनीको भस्म उसले शरीरमा प्रतिदिन बिहान लगाउने हो।

### ३.२.१५ किङ्गारी वा सारङ्गी

किङ्गारी वा सारङी यो संगीतमा प्रयोग हुन् वाद्यबाजा हो। लोक आख्यान गाउने नाथजोगीहरूले खासगरी राजस्थान, महाराष्ट्र र पन्जाबतिर यो बोकेर हिँड्छन्। यसबाहेक झोला, कमण्डलु, छाता, खडाउ र कतै कतै शिरमा पगडी पनि बाँध्छन् (सार्दे २०१९ पृ.५५-५६)।

*श्रीनाथनित्यकर्म*मा नाथहरूका भेष के हो भन्ने बारेमा किटान गरिएको छ साथै यो भेष गोरखनाथको विधान हो पनि भनेको छ।

सेली सिङ्गी शिरजटा झोली भगवा भेष।<br>
काने कुण्डल भस्म लसे, शिव गोरख आदेश॥ (२०२२,पृ.१)

नाथपरम्परामा एकथरि दीक्षित हुन चाहनेहरू घर गृहस्थी छाडेर सन्न्यासी हुने, कान चिर्ने र दीक्षा लिने एवं भिक्षाटन गर्ने छ भने अर्काथरी कान नचिर्ने घर गृहस्थीमै रहेर दीक्षा लिन पाउने व्यवस्था छ त्यस्ता नाथलाई औघड या अघड भनिन्छ। यसरी सन्न्यासी हुने शिष्यलाई मन्त्र दिने र औघडलाई मन्त्र दिने गुरुका दुई भिन्न नाम दिइएको छ। सन्न्यासी

CC-0. Nepal Sanskrit Academy, Kathmandu

हुनेलाई मन्त्र दीक्षागुरुले दिन्छन् भने औघडलाई मन्त्रगुरुले (दिलिपनाथ, पृ.१००)।

दीक्षापछि गुरुले शिष्यलाई योग साधना, प्राणायाम, ध्यान सिकाउँछन्। शिष्यले भोजन रहन सहन आचरण सम्प्रदायले तोके बमोजिम गर्नुपर्छ। उपासनाका अनेक थरिका मन्त्रहरूको अभ्यास गर्नुपर्छ।

नाथयोगीहरूले अभिवादनमा 'अलख र आदेश' यी दुई शब्द प्रयोग गर्छन्। गुरुले अलख भनेमा शिष्यले आदेश भन्नुपर्छ। अलख शब्दबाट इष्टको ध्यान पनि गरिन्छ। नाथहरूको के विश्वास छ भने अलख शब्दले वेदको प्रणवको अर्थ दिन्छ। आदेश शब्दले एकातिर कुण्डलिनीमा आज्ञाचक्र र त्यसमा गुरुपादुकाको सङ्केत गर्छ भने अर्कातर्फ आत्मा, जीवात्मा र परमात्माको ऐक्य अवस्था जनाउँछ (स्वामी शिवनाथ पृ.३ र धमला पृ.३३)। नाथसाधकहरूले पहिला कौलसाधना गर्दथे भने अहिले श्रीविद्याको साधनाको चलन छ यसलाई दक्षिणाम्नाय पनि भनिन्छ। यस साधनाकी मुख्य देवी त्रिपुरसुन्दरी हुन् (विलासनाथ २०१०,म्यालिसन् २०११)।

योगसाधना युगौंदेखि चलिआएको थियो तर त्यसलाई दर्शनका रूपमा व्यवस्थित गर्ने काम पतञ्जलीले गरेका हुनाले योगदर्शनको श्रेय उनैलाई जान्छ। त्यसैगरी हठयोगको साधना पहिलादेखि चलिआएको परम्परा भए पनि त्यसलाई व्यवस्थित गर्ने काम गोरखनाथले गरेको हुनाले हठयोगसाधनाको श्रेय गोरखनाथलाई जान्छ। धेरै मानिसहरू नाथयोग भनेको हठयोग र हठयोग भनेको गोरखनाथले विकास गरेको साधनापद्धति भनेर बुझ्छन्। नाथहरूको पहिचान उनीहरूको मान्यता र साधनामा भर पर्छ। यस सन्दर्भमा गोपीनाथ कविराजका विचार यहाँ राख्नु सान्दर्भिक देखिन्छ। उनी भन्छन् "नाथहरूको उच्च आदर्श योगसाधना हो जुन साधना पतञ्जलीको योग, बौद्धहरूको साधना र वेदान्तीहरूको योग भन्दा अलि फरक रहेको छ "(बनर्जी सन् १९६१)।

## ३.३ नाथयोगीको अन्तिम संस्कार

नाथसम्प्रदायमा दीक्षित भएर योगी हुँदा दीक्षित हुने व्यक्तिले एक प्रकारले आफ्नो मृत्युसंस्कार गरिसकेको हुन्छ र उसको समग्र साधना भवचक्रबाट मुक्तिको साधना हो। त्यसैले के मान्यता रहेको छ भने योगीको शरीरलाई अग्निसंस्कार आवश्यक पर्दैन, जल समाधि या स्थल समाधि दिँदा हुन्छ। नेपालमा देहान्त भएका नाथयोगीको शरीरलाई जमीनमा गाड्ने चलन (स्थल समाधि या भूमि समाधि) रहेको छ। कतिपय सिद्ध योगीहरूले आफ्नो मृत्यु तिथि, मिति र समय समेत घोषणा गरी आफ्ना शिष्य र भक्तहरूलाई बोलाएर सद्गत गर्ने र अन्तिम यात्राको

CC-0. Nepal Sanskrit Academy, Kathmandu
आवश्यक तयारीसमेत गर्छन् । धेरैजसो १२ पन्थी योगीहरूको संस्कार सत्यनाथी पन्थीले गर्ने चलन रहेको छ । योगीको मृत शरीरलाई शुद्ध पारी विशेष यौगिक पहिरन लगाइन्छ र सत्यनाथी योगीले मन्त्र पढ्छन् । एउटा झोलामा नपकाएका रोट, केही लड्डु, सबारुपिया दाम, अलिकति गाँजा राखेर उसको काँधमा भिराइन्छ । देवता वरिपरि भएको आसनको बिचमा उसलाई राखिन्छ । एकमुखे रुद्राक्ष राखेको कलशको जलले योगीको शरीरलाई अभिषेक गरिन्छ । उपस्थित योगीहरूले फूल, माला र वस्त्र चढाएर एवं नाद बजाएर सम्मान प्रकट गर्छन् । समाधिस्थलसम्म सबैले हात लगाएर लाईन लाएर शरीरलाई लगिन्छ । नाथपीठको सेराफेरोमा जहाँ समाधि दिने त्यहाँ ७ ८ फीट गहिरो खाडल खनेको हुन्छ, इँटाहरू राखेको हुन्छ, मृत योगीलाई पद्मासनमा बसालेर त्यहाँ राखिन्छ । सत्यनाथी योगी समाधिभित्र नै पस्छन् र एउटा जलकलश राखिदिन्छन्, तेलको बत्ती बाल्छन् र चिनी र नुन मिसाएर चारै दिशामा छर्किन्छन् र योगीको शिरमा एउटा प्वाल पार्छन् अनि शिरमा एउटा माटोको भाडो घोप्टयाइदिन्छन् । त्यसपछि उपस्थित योगीहरूले भक्तहरूले चिनी, नुन, घिउ मिश्रित माटोले समाधि भर्छन् । माथिपट्टि एउटा तेलको बत्ती र खरानी भरेको एउटा भाँडो राखिदिन्छन् । पछि गएर त्यही ठाउँमा स्थायी समाधि बनाइन्छ ।

योगीको मृत्यु भएको तेस्रो दिन समाधिस्थलको नजिकमा योगीहरूलाई भण्डाराको आयोजना हुन्छ विशेषगरेर मिष्ठान्न र मृतकलाई कुनै विशेष परिकार मन पर्ने भए सो परिकार पनि भण्डारामा समाविष्ट हुन्छ । सत्यनाथी योगी जसले समाधिको कर्म गरेका थिए उनलाई विशेष उपहारसहित सम्मान गरिन्छ । मृत योगी मठाधीश भए तेस्रो दिन उसको उत्तराधिकारीको चयन पनि गरिन्छ (बुलिअर् पृ. ४६-४९) ।

नाथयोगीको मृत्यु सम्बद्ध संस्कारमा अन्तिम तर अति महत्त्वूर्ण संस्कार हो शंखढाल तर यो शंखढाल संस्कार तत्काल गरिँदैन । धेरै जसो ठाउँमा योगीको देहान्त भएको लगभग डेढ वर्षपछि गर्ने चलन छ । योगी विलासनाथको **श्रीनाथ सिद्धोका शंखढाल** अनुसार (सन् २००४: ४३-४७) शंखढाल संस्कारमा शुद्ध पवित्राका रूपमा देवी योगमायालाई स्थापित गरेर पूजा गरिन्छ । मृत योगीको आत्मा मुक्त भई कैलासमा जान्छ । यस शंखढाल यानि योगमायासम्बद्ध संस्कारमा एउटा सानो पुतली बनाएर त्यसलाई मृत नाथयोगीको नाम दिइन्छ त्यस पुतलामाथि सबै उपदेशी गुरुहरूले शंखबाट गंगाजलको धारा दिन्छन् । यसरी शंखद्वारा गंगाजल दिनु मृतात्माको उद्धारको कार्यक्रम हो । वास्तवमा यो शंखउद्धार हो अपभ्रंश भएर शेखढाल भएको हो । यो कृष्णपक्षको रातमा सम्पन्न गरिन्छ र यसमा उपदेशी योगीहरू कम्तीमा ६ जना सामेल हुन्छन् । शंखढालको पहिलो

CC-0. Nepal Sanskrit Academy, Kathmandu

भागका रूपमा उपदेशी संस्कार दोहोर्‍याइन्छ। यो संस्कार एकान्तस्थलमा गरिन्छ, जमिनमा रेखा कोरेर या रेखी हालेर मण्डल बनाइन्छ। नाथपीठ या मठहरूमा देवीस्थापना गरेको र मण्डल भएको कोठामा शंखढाल संस्कारको कर्म गरिन्छ। मण्डललाई छवटा गद्दीले घेरेको हुन्छ, गद्दी रातो र सेतो कपडाले बनाइन्छ। यी छ गद्दी हुन्।

१. पीर गद्दी, कार्यक्रम प्रमुखको आसन हो।
२. जोगिनी गद्दी ,देवीका रूपमा योगिनीमाईको आसन हो, यो पीर गद्दीको ठिक अघि हुन्छ।
३. साख्य गद्दी, साक्षीका रूपमा राखिएको ब्रह्माको आसन हो।
४. वीर गद्दी, हनुमान्‌का लागि राखिएको आसन, साख्य गद्दीको ठिक अगाडि हुन्छ। यहाँनेर बुझ्नुपर्ने कुरा हनुमान्‌का दुई स्वरूपको पूजा हुन्छ : वीर हनुमान् र दास हनुमान्। वीर हनुमान्‌लाई नाथहरू पूजा गर्छन्, राजस्थानमा शाक्तहरू पनि पूजा गर्छन् तर वैष्णवहरूले पूजा गर्ने हनुमान् फरक हुन् उनी दास हनुमान् हुन्।
५. अनन्त गद्दी, गोरखनाथको आसन, यसलाई अनन्त आसन भनिन्छ।
६. भण्डारी गद्दी, नाथपीठका भण्डारे या कोषाध्यक्षको आसन

सबै योगी तोकिए बमोजिमको आआफ्नो आसनमा बस्छन्। सम्बद्ध सबै योगीहरू आआफ्नो आसनमा बसीसकेपछि एकजना सिपालु मान्छेले बालासुन्दरीका लागि मुख्य मण्डल बनाउँछन्, बत्ती बाल्छन्, अलग अलग कचौरा या दुनामा रङ मिसाएका चामलको पिठो राखिन्छ। सेतो पिठो प्रयोग गरेर अष्टदल कमल, षोडशदल कमल, द्वादश कमल बनाइन्छ र आवश्यकता अनुसार अलग अलग रङको प्रयोग हुन्छ। ॐ लेखिन्छ। सूर्य, चन्द्र, स्वस्तिक, हनुमान् र विभिन्न पशुपक्षीका आकार र मान्छेको पनि आकार बनाइन्छ र लेखिन्छ कलियुगको मानिस।

इमका लागि कालो रङ, देवीहरूका लागि पहेलो रङ, भैरवका लागि हरियो रङ, गणेश र हनुमान्‌का लागि रातो रङ, शिवका लागि सेतो रङ, प्रयोग गरिन्छ। विभिन्न स्वरूप र आकारहरू बनाउने र रङ भर्ने काम सिद्धिएपछि बत्ती बालिन्छ। अष्टदलको बिचमा सबभन्दा ठुलो बत्ती राखिन्छ, चारओटा साना बत्ती चार कुनामा राखिन्छ र पाँचौ बत्ती सर्प आकारको शिरमा राखिन्छ। यो क्रम चलिँरहदा योगीहरूले निरन्तर मन्त्र पढिरहेका हुन्छन्। यो तयारीपछि उपदेशी संस्कार र शंखढाल संस्कार हुन्छ। दीक्षा लिन चाहने मुण्डन गरेर तयार भएर बसेका हुन्छन् उनीहरूलाई आँखामा पट्टी बाँध्न लगाएर बन्द कोठामा लगिन्छ उनीहरूको हातमा नरिवल हुन्छ र बस्रेका छ जनामध्ये कसलाई गुरु बनाउने हो नाम लिन लगाइन्छ। दीक्षित हुन चाहनेलाई मण्डलका अगाडि

CC-0. Nepal Sanskrit Academy, Kathmandu

बसाइन्छ, चुनिएका गुरुले सम्बद्धको शिरमा खरानीले त्रिपुण्ड बनाइदिन्छन् र उसको दाहिने कानमा मन्त्र फुस्फुसाउँछन् र पहिला दाहिने कानमा, पछि बायाँ कानमा नाद बजाइदिन्छन त्यसपछि चेलाको आँखाको पट्टी खोलिदिन्छन्। अब उसलाई मण्डल र गुरुको पूजा गर्न लगाइन्छ। उसले नरिवल, रङीन अक्षता, फूल र केही दामपैसा चढाउँछ र सबै छ गुरुलाई औपचारिक नाम लिएर भुकेर नमन गर्दछ। प्रणाम गर्ने क्रम यस्तो छ : पीर गुरु आदेश, जोगिनी गुरु आदेश, साख्य गुरु आदेश, वीर गुरु आदेश, अनन्त गुरु आदेश, भण्डारी गुरु आदेश अन्त्यमा सामूहिक साष्टाङ्ग प्रणाम गर्छ। यसपछि कार्यक्रम सञ्चालक योगीले मिठाइको भाँडो लिएर पहिला देवतालाई, गुरुहरूलाई प्रसाद दिन्छन्। छ जना गुरुहरू उठ्छन् उनीहरूले एउटा सेतो कपडा टाउकोमाथि राख्छन् सञ्चालक योगीले त्यहाँ चामलको पिठोले ॐ र स्वस्तिक चिह्न बनाउँछन्। त्यसपछि त्यो कपडा पट्टयाइन्छ र गुरुहरू मण्डलको अगाडि विभिन्न देवीदेवतालाई नमन गर्छन्।

उपदेशी संस्कार सिद्धियो अब शंखढालको प्रक्रिया सुरु हुन्छ। पुजारीले कुश र सेतो कपडाको पुतला या पुतली बनाउँछन्। सेतो धागोको डेड मिटर लामो सात सिढी भएको भऱ्याङ बनाइन्छ। त्यो पुतली भऱ्याङ चढेर सातौ सिढीमा पुगेपछि कैलास पुगियो। छ जना गुरुहरू मन्त्र पढ्नुहुन्छ र एकजनाले यजमानको भूमिका गर्छन् सकेसम्म ती व्यक्ति मृतयोगीको शिष्य हुन्छन्।

कार्यक्रमको सुरुभाग यमराजसित सम्बद्ध छ। योगीलाई गल्तीले यमलोक लगियो, अब गोरख गायत्री मन्त्र उच्चारण गरेर त्यस आत्मालाई यमलोकबाट फिर्ता ल्याई पुतलीमा प्रबेश गराइन्छ र अब पुतलीलाई गुरुहरूले शङ्खले १०८ पटक गङ्गाजलले स्नान गराउनुहुन्छ र अमर गायत्री मन्त्र उच्चारण भइरहन्छ। अब पुतलीलाई सिढी चढाइन्छ, प्रत्येक सिढी चढदा सर्वजित् मन्त्र पढिन्छ। जब पुतली अन्तिम सिढी चढ्छ ऊ कैलास पुग्छ।

अब पुतलीको आत्मा कैलास गइसक्यो यहाँ त केवल कुशर कपडाको भागमात्र रहेको छ यसलाई पानीको कचौरामा डुबाइन्छ अनि नजिकै जमिनमा गाडिन्छ। शङ्खढालमा सञ्चालक वा यजमानको भूमिका गर्ने व्यक्तिलाई गुरुले सोध्छन् कति जना गएका थिए, उत्तर : दुई जना। फेरि प्रश्न : कति जना फर्के ? उत्तर : एक जना। अर्को प्रश्न : एकजना कहाँ गए ? उत्तर : एकजना कैलास गए। शङ्खढाल संस्कार समाप्त हुन्छ। उपदेशी र शङ्खढाल प्रक्रियामा मुख्य भूमिकामा देवी हुन्छिन्। अर्को दिन नाथमठमा भव्य भण्डारा हुन्छ र बढीभन्दा बढी योगीहरूलाई निम्ता गरिन्छ। (बुलिअर पृ. ४६-५३)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

## अध्याय चार

# नाथसम्प्रदायबारे लेखेका विद्वान्‌हरू

नाथयोगी वा सिद्धहरूका जीवनी, तिनका विचार सिद्धान्त र अभ्याससम्बन्धी साहित्य संस्कृत भाषा र स्थानीय भाषामा पाइन्छन्। नाथ वा सिद्धका सिद्धान्त र विचारको प्रचार घुमन्ते योगीहरूले स्थानीय भाषा र शैलीमा गरेको पाइन्छ। गोरखनाथका शब्दी, वाणीहरू, रतननाथको जीवनी र चमत्कारी कामहरू लोक भाकामा; राजा भतृहरि र गोपीचन्दको जीवनी र विचार लोककथाका माध्यमले गरेको पाइन्छ (एडवार्ड ए हेनरी, १९८८: ८९-१६०; आन् ग्रोजिन्स गोल्ड,१९९२; रिचार्ड के बार्ज र मोनिका थेल्-हर्स्टम्यान १९८९:६३-८५)। नाथ वा सिद्धका बारेमा पश्चिमा जगत्‌ले सबैभन्दा पहिले मोहन सिंहको सन् १९३७ मा लाहोरबाट प्रकाशित **गोरखनाथ एन्ड मेडिएवल् हिन्दू मिस्टिसिज्म** पुस्तकबाट जानकारी पाएको हो। सिंहले गोरखनाथ र मत्स्येन्द्रनाथबिचको गुरुशिष्यसंवाद **गोरखबोध** शीर्षकमा अनुवाद गरेको पनि पाइन्छ (गोर्डन जर्जेभिक् २००८:९)। त्यसपछिको व्यवस्थित र विस्तृत अध्ययन गर्ने यूरोपेली विद्वान् जर्ज वेस्टन ब्रिग्स हुन्। उनले २० वर्ष लगाएर अफगानिस्तानदेखि नेपालसम्मका जानकारी पाएका नाथपीठहरू, मठ मन्दिरहरू र योगीहरूलाई पटकपटक भेटेर कुरा गरेर सरकारी रिकर्डलाई पढेर बढीभन्दा बढी तथ्यमा आधारित भएर सन् १९३८मा **गोरखनाथ एण्ड द कनफटा योगिज्** नामक पुस्तक छापका थिए। उनले लेखेका छन्– नाथ योगी हुन्, जातको बारबन्देज हुँदैन। तत्कालीन पन्जाबको तथ्याङ्क विवरण १८९१, बम्बइ र अन्य ठाउँका तथ्याङ्कमा अहिर, दलित, चमार र मुसलमान पनि योगी बनेको विवरण देखिन्छ (पृ. २६-२७)।

ब्रिग्सभन्दा पहिला नाथयोगीका बारेमा बाहिरी संसारले ब्रिटिश इन्डियाको प्रदेशका तथ्याङ्कका आधारमा केही फुटकर जानकारी पाउँथ्यो। केही नाथयोगीहरू जस्तै गोपीचन्द र गूगालाई लोकनायकका रूपमा उनीहरूका आख्यानहरू अनुवाद भएको पाइन्छ। गोपीचन्दको आख्यान जर्ज ग्रिअर्सनले (१८८५) र गुगाको आख्यान रिचार्ड टेम्पलले (१८८५) अनुवाद गरेर प्रकाशित भएका थिए। नाथयोगीहरूका बारेमा पहिलो तथ्यपरक लेखक वेस्टन ब्रिग्स नै हुन्। त्यसपछि भारतीय, नेपाली एवं विदेशी विद्वान्‌हरूले नाथयोग र योगीबारे धेरै अध्ययन गरेका छन्। पश्चिमी

CC-0. Nepal Sanskrit Academy, Kathmandu

संसारमा नाथयोगी र तिनका परम्पराबारे सबैभन्दा धेरै अनुसन्धान गरेर लेखेको बेलाईती इन्डोलोजिस्ट डेभिड गोर्डन ह्वाइटले हो र उनको अनुसन्धानको काम सन् २०२१मा पनि निरन्तर जारी रहेको छ ।

योगेन्द्रनाथ योगीको ब्लग अनुसारनाथ सम्प्रदायबारे अत्यन्त धेरै पुस्तक नेपालको राजदरवार पुस्तकालयमा थिए। खासगरी **योगी वंशावलीहरू, गोरखा वंशावली, देव वंशावली** थिए। त्यसबाहेक राजाहरू र राजदरबारका व्यक्तिहरूले सिद्धनाथहरूका बारेमा लेखेका प्रकाशित र अप्रकाशित पाण्डुलिपिहरू त्यस पुस्तकालयमा संग्रह गरेर राखिएका थिए। वि.सं.२०५८ जेठ १९को राजा वीरेन्द्रको वंशविनाशको काण्डपछि दरबार पुस्तकालय लथा लिङ्ग भयो, अहिले त्यस पुस्तकालयका पुस्तकको अवस्था थाहा छैन । नाथसाहित्यका केही अप्रकाशित पाण्डुलिपिहरू नेपाल पुरातत्त्व संग्रहालयमा वर्षौंदेखि अलपत्र परिरहेका छन्, कतिपय दुर्लभ ग्रन्थका पाण्डुलिपि धमिराले खाइसके, केही पाण्डुलिपि अन्तर्राष्ट्रिय संस्था यूनेस्को र जर्मनहरूको सहयोगमा माइक्रोफिल्म बनाउने काम भएको छ। नेपालका नाथयोगीहरू नाथपरम्पराका बारेमा धेरै महत्त्वपूर्ण अप्रकाशित पाण्डुलिपिहरू र हस्तलिखित कागजपत्रहरू राजस्थान जोधपुरमा रहेको राजा मानसिंहको पुस्तकालय रहेका छन्। त्यस पुस्तकालयमा नेपालको नाथपरम्परा सम्बन्धी केही पाण्डुलिपिहरू योगी नरहरिनाथले प्रकाशन गरेको बुझिन्छ ।

नेपालको नाथपरम्पराबारे अनुसन्धानका लागि नेपालको दरवार पुस्तकालय, नेपाली पुरातत्त्व संग्रहालय र जोधपुरका राजा मानसिंहको पुस्तकालयमा रहेका सामग्रीहरू अति महत्त्वपूर्ण स्रोतहरू हुन्। त्यहाँ नाथयोगीहरूले लेखेका र उनीहरूका बारेमा अरूले लेखेका पाण्डुलिपि, दस्तावेज र कागजपत्रहरू रहेका छन्। त्यसैगरी काठमाडौं मृगस्थली गोरखनाथमठमा रहेका योगी नरहरिनाथको संकलन, कागजपत्र, पाण्डुलिपि पनि नेपालमा नाथपरम्पराबारे अनुसन्धानका लागि महत्त्वपूर्ण स्रोत हुन्। मृगस्थलीमा रहेका योगी नरहरिनाथ संकलित पाण्डुलिपि र अन्य पुस्तकहरू २०७२ सालको भूकम्पपछि अस्तव्यस्त अवस्थामा छन् र कति पाण्डुलिपि त कुहिएर प्रयोग गर्न नमिल्ने अवस्थामा पुगेको बुझिन्छ। योगी नरहरिनाथले कैयौं दशक लगाएर नेपालका अति दुर्गम ठाउँहरूको भ्रमण गरेर सङ्कलन गरेका र भारतका विभिन्न नाथ केन्द्रहरूबाट पनि यथाशक्य सङ्कलन गरेका सामग्री नेपालको समग्र इतिहास र संस्कृति एवम् नाथ साहित्य, इतिहास र विभिन्न नाथयोगीका जीवनीबारे अनुसन्धानका लागि अत्यावश्यक प्रमाणहरू हुन्। ती सामग्रीहरू कति छापिएर पुस्तक आकारमा आइसकेका छन् भने कति पाण्डुलिपिकै अवस्थामा रहेका छन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

योगीज्यूले अत्यन्त मेहनत गरेर खोज गरेर सङ्कलन गरेका सामग्रीको उद्धार, अनुसन्धाताका दृष्टिले नेपाली इतिहास र संस्कृतिकै उद्धार हो जस्तो लाग्छ। ती सामग्री नष्ट भएपछि हामीले खोजेर पनि फेरि फेला पार्ने छैनौँ।

गोर्खा वंशावलीअनुसार नेपालमा सन् १६७८ वि.सं. १७३५मा पृथ्वीपति शाहले **सिद्धसिद्धान्तपद्धति**को पाण्डुलिपि लेखाएको र उनकै आदेशले नित्यानन्दले **गोरक्षस्तुति** पनि सारेको भनिन्छ। इ.सन् १७३० मा नरभूपाल शाहको आज्ञाले लक्ष्मीश्वरले गोरखनाथ स्तुतिमा **गोरक्षभुजङ्गप्रयाताष्टकस्तोत्र** तयार गरेको भनिन्छ (सिंहनाथ २०७७:४६)।

नाथयोगका बारेमा केही चर्चा **गोपाल वंशावली**मा, (धनवज्र वज्राचार्य र केपी मल्ल सम्पादित, नेपाल रिसर्च सेन्टरले, सन् १९८५ मा प्रकाशित) र **भाषा वंशावली**मा (देवी प्रसाद लम्साल सम्पादित, नेपाल राष्ट्रिय पुस्तकालयले २०३३ मा प्रकाशित) मत्स्येन्द्रनाथको विवरण पाइन्छ। **गोरखा वंशावली** र दिनेशराज पन्त लिखित **गोरखाको इतिहास** (भाग १-४, २०४१, ०४३, ०४५ र ०५०मा प्रकाशित) मा गोरखनाथ र नाथपरम्पराको नेपाल राज्यसितको सम्बन्धको चर्चा रहेको छ। नेपालमा नाथयोगीहरूका बारेमा लेख्ने नेपाली लेखकहरू हुन् : योगी नरहरिनाथ (२०१०, २०१३, २०२०, २०२२), दिलीपनाथ योगी (२०६४), टी.पी.धमला (वि.सं.२०७४), अर्जुन ज्ञवाली (२०७६, २०७७), योगी सिंहनाथ (कर्णबहादुर थापा), (२०७७), राजगुरु मौक्तिकनाथ योगी (२०२२), डम्बरजंग थापा (२०६२), कान्तालाल प्रभात (२०७०)। योगी नरहरिनाथपछि नाथयोगबारे नेपालमा प्रकाशनको काम गरेको अज्ञात नाथपन्थी (अनाप) योगी शिवशक्तिश्वरानन्दले (श्रीलाल बहादुर ढकाल) हो। उनले १० पुस्तक प्रकाशन गरेको देखिन्छ (योगी सिंहनाथ २०७७ : ६३-६४)।

जर्ज वेस्टन ब्रिग्स (१९३८) मा नाथहरूको समग्र अध्ययन गर्दा नेपालको मृगस्थली, गोरखाको गोरख गुफा र दाङको रतननाथबारे जानकारी दिएका छन् तर उनको मुख्य अध्ययन भारतीय नाथकेन्द्रमा केन्द्रित रहेको छ। गुन्थर अन्बेस्चिड (१९८०) पहिलो पटक नेपाली नाथयोगीहरूको ऐतिहासिक र मानवशास्त्रीय विश्लेषण गरका हुन्। (बुलिअर,पृ.२-४)। भेरोनिक् बुलिअर् नै नेपालको नेपालको नाथपरम्पराको विस्तृत विस्तृत अध्ययन गरेकी छन्। सन् २०१६ प्रकाशित अध्ययन दाङ चौघराको रत्ननाथपीठमा केन्द्रित छ। निल्स ज्याकोब् लिच्ले नेपालमा रहेका नाथयोगसम्बन्धी पाण्डुलिपिको अध्ययन गरेर केही प्रकाशमा ल्याएका छन् (२०१८)।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

## ४.१ नाथसाहित्य, दर्शन र परम्पराबारे प्रकाश पारेको मुख्य लेखकहरूको सङ्क्षिप्त जानकारी

कल्याणी मल्लिक (१९५४), नागेन्द्र उपाध्याय (१९७६), शशिभूषण दासगुप्ता (१९७६) बङ्गाली सन्दर्भमा नाथसाहित्यको व्याख्या। हजारी प्रसाद द्विवेदी (१९८१), द्विवेदीले ब्रिग्सका धेरै प्याराग्राफहरू हिन्दीमा अनुवाद गरेका छन्। अक्षय कुमार बनर्जी (१९८२) विस्तृत रूपमा गोरखनाथको दर्शनलाई प्रस्तुत गरे। मेरी सेफर्ड स्लसर (१९८३), क्रिश्चियन बई (१९९४), मेरिला अफ्रेदी (१९९९), डेबिड ह्वाइट (१९९६, २००२), जेम्स म्यालिसन् (२०११)। केही विद्वान्हरूले नाथसम्प्रदायको मानवशास्त्री र समाजशास्त्रीय विश्लेषण पनि गरेका छन्। बी.एन्.गोस्वामी र जे.एन्. ग्रेवाल (१९६७) पन्जाबको जखबर मठको अध्ययन। आन् ग्रोजिन्ले (१९९२) गोपीचन्द र भर्तृहरिका राजस्थानको स्थानीय भाषामा रहेका गीतहरूलाई विश्लेषण गरेकी छिन्। सिमोन डिग्बी (२०००)ले नाथयोग साहित्यको परम्परागत आख्यानमा मानवशास्त्री व्याख्या गरेका छन्। डेबिड ह्वाइट (२००१)ले नाथ मठहरूमा आधारित आख्यानको आधुनिक व्याख्या गरेका छन्। डेबिड एन् लोरिन्जन् र एड्रियन मुनोज् (२010, २०११)ले स्थानीय लोकआख्यान र कवितालाई विषयवस्तुगत र मानवशास्त्रीय विधिको संयोजन गरी व्याख्या गरेका छन्। बुलियर (२०१३) ले नाथ ग्रन्थहरूको समाजसापेक्ष अध्ययन गरेकी छन् भने योगी विलासनाथले (२००४,२००५) नाथ संस्कारपरम्परामा प्रयोग हुने मन्त्रहरूको सङ्कलन र व्याख्या गरेका छन्। भारतमा गोपीनाथ कविराजले "फिलसफि अफ् नाथस्" सेलेक्टेड राइटिडस् अफ् एम्एम् गापीनाथ कविराज (१९९०) र "सम् आस्पेक्टस् अफ् द हिस्ट्री एन्ड डक्ट्रीनस् अफ् द नाथस्" नोट्स अन रिलिजन् एन्ड फिलसफि (१९८७)मा र पश्चिमा संसारमा गोर्डन जर्जेभिक्ले मास्टर्स अफ् मेजिकल पावरस्: द नाथ योगिज् इन द लाईट अफ् इसोटेरिक नोसन्स (२००८)मा नाथसिद्धहरूको परम्परालाई तन्त्रसित जाडेर व्याख्या गरेका छन्।

चार्लोट वाउडविल (१९७४)ले सन्त कबीरका कवितामा नाथपरम्पराको प्रभावबारे अध्ययन गरेका छन्। ग्रोजिन्ज गोल्डले (१९९०) राजस्थानी सिद्ध भर्तृहरि र गोपीचन्दको त्यागबारे अध्ययन गरेका छन्। कथराइन किन्ले (१९९७)ले महाराष्ट्री नाथसन्तबारे अध्ययन गरेका छन् भने डेभिड् कशिन्ले (१९९५) बङ्गालमा बौद्ध सहजिया नाथ र सुफीहरूको अन्त:सम्बन्धबारे अध्ययन गरेका थिए। नाथसिद्धबारे गरिएका अध्ययनमा ब्रिग्सपछि सबैभन्दा विस्तारमा अध्ययन गर्ने विद्वान् डेभिड गोर्डन ह्वाइट

CC-0. Nepal Sanskrit Academy, Kathmandu

(१९९६) हुन् ।

## ४.२ नाथपरम्परामा नवनाथ र चौरासी सिद्ध

नाथयोगबारे चर्चा गर्दा सर्वप्रथम नवनाथको प्रसङ्ग आउँछ। नवनाथमध्ये पनि मुख्य भूमिकामा मत्स्येन्द्रनाथ र गोरखनाथको नै नाम आउँछ। मत्स्येन्द्रनाथ र गोरखनाथको योग र दर्शनका अनुयायी दक्षिण एसियाका लगभग सबै क्षेत्रमा धेरथोर पाइन्छन् र उनीहरूको जीवनी र साधनाक्षेत्रका बारेमा पनि धेरै क्षेत्रका मानिसहरू मत्स्येन्द्रनाथ र गोरखनाथ त्यहीँ जन्मेको र त्यही साधना गरेको दावा गर्छन्। केरल र कर्नाटकका नाथपन्थीहरू विश्वास गर्छन् केरलमा कुनै जमाना महिलाहरूको राज्य थियो र मत्स्येन्द्रनाथ त्यहाँकी महिला शासक विमलाको प्रेममा दिवाना थिए। विमलाबाट दुई छोरा भएका थिए। गोरखनाथले त्यहाँ गएर मत्स्येन्द्रनाथलाई योगसाधना बिर्सेर सांसारिक विषयमा लिप्त भएको चेतना दिएपछि उनी हालको कदलीमठ, कर्नाटकमा आए र पछि गोरखनाथसँग नासिक गए भन्ने मिथकहरू, लोकसाहित्यमा वर्णन पाइन्छ (भेरोनिक बाउलियर २०१६ पृ.८७-१२२)।

बङ्गाली लोकसाहित्यमा गोरखनाथ र गुरु मत्स्येन्द्रनाथलाई बङ्गाली योगीका रूपमा वर्णन गरिएको पाइन्छ। बङ्गाली लोकसाहित्य परम्परामा मत्स्येन्द्रनाथलाई मीननाथ भनिएको छ। गोखनाथले गुरुलाई वासनामा लामो समय लिप्त भई शरीर क्षीण भएको हुनाले स्वस्थ तन्दुरुस्त हुन र योगबल प्राप्त गर्न चतुर्चन्द्र साधना गर्न सुझाव दिएका छन् (डेभिड एन् लोरेन्जेन् र एन्ड्रीयन मुनोज्, योगी हिरोज् एण्ड पोइट्स, पृ. १३१ र ३२)। असमको कामाख्या मन्दिरसित जोडिएका किंवदन्तीमा मत्स्येन्द्रनाथ कामरूप क्षेत्रमा रहेको प्रसङ्ग आउँछ। नेपाली नाथसाहित्यमा मत्स्येन्द्र कामरूप कामाख्या क्षेत्रमा रहेका बेला नेपालबाट तान्त्रिक बन्धुदत्त र राजा नरेन्द्रदेव त्यहाँ पुगी योगी मत्स्येन्द्रनाथलाई नेपालमा पानी नपरेर अनिकाल परी जनता समस्यामा परेकाले सोबाट उद्धार गर्नका लागि नेपाल जान अनुरोध गरेर उनलाई नेपाल ल्याएको प्रसङ्ग पढ्न पाइन्छ (ज्ञवाली २०७६ पृ. ६६)।

नाथयोग र दर्शनको परम्परामा नवनाथ र ८४ सिद्धहरूको स्थान सबैभन्दा माथि रहेको छ। नवनाथमध्ये मत्स्येन्द्रनाथ र गोरखनाथको स्थान महत्त्वपूर्ण रहेको छ। नवनाथ र ८४ सिद्धहरूका नामका बारेमा भिन्न मतहरू रहेका छन्। नाथयोग परम्परामा अति प्रसिद्ध योगसम्बन्धी ग्रन्थ *हठयोगप्रदीपिका*ले ३० नाथयोगीको विवरणमात्र दिएको छ। हजारी प्रसाद द्विवेदीले आफ्नो पुस्तक *नाथ सम्प्रदाय*मा माथिका ३० नाममा अरू ७ नाम थपेका छन्। नाथ सिद्धहरूको विवरण *वर्णरत्नाकर*मा ७७ सिद्धको चर्चा छ,

CC-0. Nepal Sanskrit Academy, Kathmandu

त्यसमा गोरखनाथको नाम दोस्रो स्थानमा रहेको छ भने राहुल साँकृत्यायनले सास्क्यविहार तिब्बतबाट प्राप्त सूचनाका आधारमा ८४ बौद्ध सिद्धहरूको चर्चा गरेका छन्। त्यस लिस्टमा गोरखनाथको स्थान नवौँ स्थानमा छ तर मत्स्येन्द्रनाथको नाम छैन, मीननाथको नाम छ। मीननाथ नै मत्स्येन्द्रनाथ हुन् भनिन्छ। क़ल्याणी मल्लिकको पनि यही विचार छ। प्रबोधचन्द्र बाग्चीले मीननाथ, मत्स्येन्द्रनाथ र लुइपालाई एउटै मानेका छन् (ज्ञवाली, *महायोगी गुरु गोरखनाथ,* २०७६)। नगेन्द्र उपाध्यायले १०६ सिद्धको चर्चा गरेका छन्। *स्कन्दपुराणको* केदारखण्डमा नवनाथको चर्चा गरिएको छ (८४ सिद्धको विभिन्न सूची परिशिष्टमा १मा हेर्नुहोस्)।

आर सी धरे (२०१०)ले आन्ध्र, कर्नाटक र महाराष्ट्रलाई नाथ सम्प्रदायको केन्द्र मानेका छन्। मलिसन (२०११)ले पनि डेकान क्षेत्रलाई नाथगतिविधिको केन्द्र मानेका छन्। महाराष्ट्री ग्रन्थ लीलाचरित्र (१३औँ शताब्दी) मा नाथपन्थको सन्दर्भ आउँछ। सन्त रामदास (१७औँ शताब्दी)को "दासबोध"मा पनि नाथसम्प्रदायको चर्चा पाइन्छ। सन्त ज्ञानेश्वरको ग्रन्थ "ज्ञानेश्वरी"मा पनि नाथपन्थबारे धेरै ठाउँमा चर्चा आउँछ।

नागेन्द्रनाथ उपाध्यायको पुस्तकमा दिएको सूचनाका आधारमा परशुराम चतुर्वेदीले नवनाथहरूको लगभग ३० वटा सूचीको उल्लेख गरेका छन्। त्यसको आधार कदली मञ्जुनाथ माहात्म्य, नवनाथ चरित्रम्(मराठी), गोरख उपनिषद्, गोरक्षसिद्धान्तसंग्रह, शिवदिनमठको परम्परागत सूची, सुधाकर चन्द्रिका, हठयोगप्रदीपिका, योगसम्प्रदायाविस्कृति, नवनाथकथामृत, भक्तिमञ्जरीमाला, वारकरीको सूची। यसबाहेक शाबरतन्त्र, तन्त्रमहार्णव, ताराहस्य, श्यामारहस्य, कौलावलीतन्त्र, कल्पद्रुमतन्त्र, नेपाल क्याट्लग छन्। उपर्युक्त आधारलाई विचार गरी शिवपरक र देवपरक नाम छोड्दा जुन नवनाथ सूची तयार भयो त्यो निम्नानुसार रहेको छ।

१. मीनपा अथवा मत्स्येन्द्रनाथ, २. गोरखनाथ ३. जालन्धरनाथ
४. चौरगींनाथ ५. कानिप या कणरीनाथ
६. चर्पटीनाथ ७. भर्तृहरिनाथ ८. कन्थडीनाथ
९ .गहनीनाथ (उपाध्याय पृ.११)।

विजय सार्देका (२०१९) अनुसार डेविड गर्डन ह्वाइटले नाथहरूबारे गम्भीर अध्ययन गरी नवनाथबारे चारओटा सूची पेश गरेका छन्। उनका अनुसार सबैभन्दा पहिला नवनाथको सूची १४औँ शताब्दीको तेलगु ग्रन्थ "नवनाथचरित्रम्" मा पाइन्छ (१९९६ : पृ.९२, ९३) र त्यसपछि १६औँ शताब्दीमा पन्जाबमा पाइन्छ। यी दुवै भाषामा तेलगु र पन्जाबीमा रहेको नवनाथसूची निम्नानुसार रहेको छ :

CC-0. Nepal Sanskrit Academy, Kathmandu

| | | |
|---|---|---|
| १. शिव | २. उदेनाथ | ३. मत्स्येन्द्रनाथ |
| ४. जालन्धरिपा | ५. गोरखा | ६. अर्जजन नागा |
| ७. निमनाथ/पारसनाथ | ८. भर्तृहरि | ९. कानिपा । |

सत्रौं शताब्दीको बङ्गालमा प्रचलित नवनाथसूचीका ८ नाम मात्र रहेको पाइन्छ । ती हुन् :

| | | |
|---|---|---|
| १. आदिनाथ | २. मीननाथ | ३. जालन्धरिपा |
| ४. गोरखनाथ | ५. मयनामती | ६. कान्हपा |
| ७. गोपीचन्द | ८ बाइल भादै | |

महाराष्ट्रको परम्परा अनुसार नवनाथसूची यस्तो छ :

| | | |
|---|---|---|
| १. गोरक्ष | २. जालन्धर | ३. चर्पट |
| ४. अदबङ्ग | ५. कानिफा | ६. मत्छिन्द्र |
| ७. चौरङी | ८. रेवन | |

९. भतृहरी (धरे २०१० पृ.९५)

जर्ज वेस्टन ब्रिग्स (सन् १९३८) र भेरोनिक् बौलियर (सन् २०१६) ले दिएको नवनाथसूची यसप्रकार रहेको छ ।

१. आदिनाथ　२. उदयनाथ　३. सन्तोषनाथ
४. गजबली गजकन्थरानाथ　५. अचला अचम्भेनाथ
६. सत्यनाथ　७. मत्स्येन्द्रनाथ　८. गोरखनाथ र
९. चौरङीनाथ (ब्रिग्स २००७ पृ. १३६, १३७; बौलियर २०१७ पृ.१२) ।

राजस्थानको गोरखसागरमा नवनाथसूची यसप्रकार रहेको छ ।

| | | |
|---|---|---|
| १. आदिनाथ | २. मत्स्येन्द्रनाथ | ३. उदयनाथ |
| ४. दण्डनाथ | ५. सत्यनाथ, | ६. सन्तोषनाथ |
| ७. कुर्मनाथ | ८. जलन्धरनाथ | ९ गोरखनाथ । |

राजगुरु मौक्तिकनाथरचित र योगी नरहरिनाथ सम्पादित *नवनाथ कथा र भैरवनाथावतारकथाको* (१-६ श्लोक) पहिलो पृष्ठमा दिएअनुसार नेपाली नाथपरम्परामा निम्नानुसारको नवनाथ सूची रहेको छ ।

१. आदिनाथ- ओम्कार महेश्वर;　२. उदयनाथ- पृथ्वीरूप पार्वती
३. सत्यनाथ-जलरूप ब्रह्म　४. सन्तोषनाथ-तेजरूप विष्णु
५. अचलनाथ- शेषनाग
६. कन्थडीनाथ- आकाशरूप गणपति
७. चौरङीनाथ- वनस्पतिरूप चन्द्रमा ८. मत्स्येनद्रनाथ- करुणारूप

CC-0. Nepal Sanskrit Academy, Kathmandu

९. गोरखनाथ- अयोनिज, त्रिनेत्र

**४.२.१ नवनाथ कथा र भैरवनाथावतार कथाबाट**

नाथपरम्परा भन्नेबित्तिकै नवनाथको कुरा आइहाल्छ। यस सन्दर्भमा राजगुरु मौक्तिकनाथरचित र योगी नरहरिनाथ सम्पादित *नवनाथ कथा र भैरवनाथावतार* कथाबाट नवनाथको विचार सार प्रस्तुत गर्नु सान्दर्भिक हुन्छ जस्तो लागेर यहाँ राखेको छु। यस कथाअनुसार प्राचीन समयामा नवनाथमण्डली भ्रमण गर्दै विदेहराज निमिको राजसभामा पुगेछ। यस अवसरमा नवनाथको उचित स्वागत र सम्मान गरी आसनमा बसालेर राजा निमिले उहाँहरूसँग संसारमा रहेका प्राणीमात्रको कल्याणका लागि के उपाय होला भनी जिज्ञासा राखे। सो जिज्ञासामा नवनाथहरूले आदिनाथबाट प्रारम्भ गरी क्रमश सबैले यस विषयमा उपदेश दिएका थिए। सो उपदेश सङ्क्षेपमा यहाँ दिइएको छ।

आदिनाथले नवनाथ कथाको **पहिलो अध्याय**मा उपदेश गर्नुहुन्छ संसारमा मायाका कारण जन्तुमा मेरो तेरोको भेदबुद्धि रहेको छ र यसले बन्धन सृजन गर्दछ। मायाले नै भय जन्माउँछ। यस बन्धनबाट मुक्ति गुरुकृपाबाट सम्भव छ। गुरु नै भगवान्स्वरूप हो। जगत् अनादिप्रवाहरूपले नित्य छ तर संयोगवियोगात्मकताले मिथ्या छ। मानिसले सङ्कल्पविकल्पात्मक मनलाई वशमा राख्नुपर्छ। संसारमा भएका समस्त पदार्थ र प्राणी भगवद्स्वरूप नै हुन्। अस्तित्वमा भएका संसारका प्रत्येक पदार्थ र प्राणी, घटना, माया र चेतनाको आधार एउटै तत्त्व हो त्यसलाई समर्पणका साथ बुझ्ने प्रयास गरियो भने भक्ति र वैराग्य उत्पन्न हुन्छ र मायाको बन्धनबाट मुक्ति पाइन्छ।

नवनाथकथाको **दोस्रो अध्याय**मा उदयनाथले भक्तहरूको वर्गीकरण गर्नुभएको छ। चराचर जगत्मा भेदभावरहित तरिकाले सबैमा उही आत्मा देख्ने, धन, विद्या, बन्धुबान्धव, कुलकुटुम्बको अभिमान नभएको प्राणीमात्र समान देख्ने, विलासितामा आसक्त नभएर जीवन बिताउने उत्तम भक्त हो। भगवान्मा भक्ति, भक्तसित मित्रता, अज्ञानीमा दया र शत्रुलाई उपेक्षा गर्ने मध्यम भक्त हो। शरीरलाई बढी महत्त्व दिने मूर्तिलाई नै भगवान् मान्ने तृतीय तहको भक्त हो।

नवनाथकथाको **तेस्रो अध्याय**मा योगेश्वर सत्यनाथले मायाको बारेमा उपदेश गर्नुभएको छ। प्राणीमात्रको शरीर नै बन्धन र मोक्षको कारण हो, आधार हो। शरीर पञ्चमहाभूतबाट बनेको छ। शरीरले इन्द्रियमार्फत् विषयभोग गर्छ र भित्रको आत्मिक चेतना जो प्राणीमात्रको सत्त्व हो त्यसलाई बिर्सेर म भनेको शरीर हुँ र म भनेको इन्द्रिय हुँ भनी बुझ्छ ,यो माया हो। तृष्णाका कारण मान्छे भवचक्रमा परिरहन्छ र यो मायाको खेल

CC-0. Nepal Sanskrit Academy, Kathmandu

हो । उदयनाथले प्रलयको पनि चर्चा गर्नुभएको छ । प्रलय हुनुअघि सय वर्ष अनावृष्टि र अति सूर्य ताप हुन्छ त्यसपछि सयवर्ष घनघोर वर्षा हुन्छ , सारा संसार जलमग्न हुन्छ । पृथ्वी जलमा लीन हुन्छ, जल तेजमा, तेज वायुमा, वायु आकाशमा, आकाश तामस अहङ्कारमा, इन्द्रियका साथ बुद्धि राजस अहङ्कारमा लिन हुन्छ । इन्द्रिय र मन सात्त्विक अहङ्कारमा, अहङ्कार महतत्त्वमा, महतत्त्व प्रकृतिमा र प्रकृति पुरुषमा लीन हुन्छ । यसरी त्रिगुणात्मक समस्त संसार भगवान्को माया हो ।

नवनाथकथाको **चौथो अध्याय**मा योगेश्वर सन्तोषनाथले मायाको बन्धनबाट कसरी मुक्ति पाउने भन्ने विषयमा उपदेश दिनुभएको छ । कर्मजालनको बन्धन मोहको नदी हो र यो नदी तर्न गुरुभक्तिको डुङ्गा मात्र सहायक हुन सक्छ । सांसारिक सुख क्षणभङ्गुर छ । गुरुका सहयोगले योग अनुष्ठान गरेर शरीर बाहिरी र भित्री शरीर शुद्ध पार्नुपर्छ । सारा सृष्टिका अस्तित्वप्रति समभाव राख्नुपर्छ । तन्मयताका साथ पराभक्तिमा निमग्न भएपछि मायाबाट मुक्ति सम्भव हुनेछ ।

नवनाथकथाको **पाँचौ अध्यायमा** योगेश्वर अचलनाथ ब्रह्मका स्वरूपका बारेमा भन्नुहुन्छ– ब्रह्म एउटै छ र सबैको मूल कारण ऊ नै हो । सम्बन्धभेदले नानारूप र अनेक नामले चिनिन्छ जस्तै सृष्टि गर्दा स्रष्टा, संहार गर्दा हर, व्याप्त भएकाले विष्णु, कल्याण गर्ने हुनाले शंकर, सारा संसार जसमा आराम गर्छ त्यसैले शिव, उसबाट सुख प्राप्त हुने हुनाले शम्भु, प्राणीको शासक ईश्वर, प्राणीहरूको प्रेरक प्रभु, प्राणीलाई सुख दिने मृड, नानारूपमा क्रीडा गर्ने देव, जो व्याप्त छ आत्मा, जलमा निवास गर्ने नारायण, जो हृदयमा छ त्यो इन्द्र, शरीररूपी पुरमा यानि शहरमा बस्ने हुनाले पुरुष, जगत्लाई वरण गर्ने वरुण, नियमन गर्ने यम, सर्वत्र जाने वायु, माथि सर्वोच्च पदमा लैजाने अग्नि, विश्वको धारण गर्ने विधाता । जीवको जागा, निद्रा र स्वप्न अवस्थामा साक्षी ब्रह्म हो । बालक, जवान र बुढोपन शरीरको धर्म हो, आत्माको होइन, आत्मा त सर्वदा एकरूप छ । यो आत्मा नै ब्रह्मरूप हो ।

नवनाथकथाको **छैठौं अध्याय**मा योगेश्वर गजकन्थडीनाथले कर्मयोग, कर्मपाशछेदन र कैवल्यमुक्तिका बारेमा उपदेश दिनुभएको छ । वेदले तीन प्रकारका कर्मको कुरा गर्दछ । ती हुन् : कर्म, अकर्म र विकर्म । वेद परोक्षवादी छ वेदका विविध अर्थ हुन्छन् । वेदविहित कर्म गरेर ज्ञान वैराग्य, भक्तिद्वारा मोक्ष पाइन्छ । यो वैदिक कर्मयोग हो । तान्त्रिक कर्मयोग भनेको गुरुको निर्देशअनुसार योगसाधना, प्राणायाम, आराधना, अग्नि, सूर्य, जल, वायु, पृथ्वीको उपासना, प्राकृत वस्तुमा समष्टिको भावना अनुभूत गर्नु तान्त्रिक कर्मयोग हो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

नवनाथकथाको **सातौं अध्यायमा** योगेश्वर चतुरङीनाथ अवतारहरू अनन्त छन् विभिन्न समयमा लोककल्याणका लागि लिएका चित्र विचित्र स्वरूपहरू हुन् भन्दछन्। प्रत्येक अवतारमा दुष्टदलन र सत्यको रक्षा भएको छ। पञ्चमहाभूत मार्फत ब्रह्माण्डको निर्माण र त्यसभित्र आफ्नो वास त्यसैले पुरुष भनियो। सृष्टि, स्थिति र लयका लागि ब्रह्मा, विष्णु र महेश। दक्ष प्रजापतिकी छोरीका गर्भबाट नर र नारायण नामक दुई अवतार बद्रीमा ध्यानमग्न, कामदेवले अप्सराका साथमा समाधि खण्डित गर्ने प्रयास तर असफल। हंसावतारले ब्रह्मालाई ब्रह्मविद्याको उपदेश, दत्तात्रेय अवतारले अनसूयालाई उपदेश, सनकादि सिद्धहरू संसारलाई सिद्धिको ज्ञान। हयग्रीवले जीवको उद्धार, मत्स्येन्द्र अवतारले शंखासुरको हत्या, औषधी र बीज र मनुको रक्षा। वाराह अवतारले हिरण्याक्षको हत्या, जलमग्न पृथ्वीको उद्धार। कूर्मावतारले मन्दराचल धारण र समुन्द्रमन्थनबाट रत्नहरू प्राप्ति। चक्री अवतारले मगरमच्छलाई मारी गजेन्द्रको उद्धार। नरसिंह अवतारले हिरण्यकशिपुको वध र प्रह्लादको रक्षा, वामन अवतार बलिलाई पाताल, तीन पाइलाले तीन लोक लिएको, राम अवतार रावण वध र लोकमर्यादाको स्थिति कायम, कृष्ण अवतार कंसवध र गोवर्धन उद्धार, गीताको उपदेश, बुद्ध अवतार हिंसामा रोक, करुणाले लोक उद्धार, कल्की अवतारले म्लेच्छको नाश र सत्ययुगको थालनी। यसरी विभिन्न अवतार मार्फत् दुष्टहरूको दमन र लोकको हितको काम भएको छ।

नवनाथकथाको **आठौँ अध्यायमा** योगेश्वर मायानाथ मत्स्येन्द्रले विषयमा लम्पट रहेका मानिसको के गति हुन्छ भन्ने सम्बन्धमा प्रकाश पार्नुभएको छ। विराट्स्वरूपको मुख, छाती, पेट र खुट्टाबाट सदाचार, शौर्य, व्यवसाय र सेवा उत्पन्न भए। वास्तवमा धन धर्म (कर्त्तव्य)का लागि, शरीर परोपकारका लागि, विद्या तत्त्वज्ञानका लागि, सोमरस यज्ञका लागि, बल पीडतको रक्षाका लागि,बुद्धि अप्ठेरो परिस्थितिमा निर्णयका लागि हुनुपर्ने तर जसले यी सबै शक्ति शरीरसुखका लागि विषयको लम्पटताका लागि,स्वार्थपूर्तिका लागि कलह र झगडाले गर्दा मानिस दुर्गतिमा पर्छन्।

नवनाथकथाको **नवम अध्यायमा** योगेश्वर गोरक्षनाथले विभिन्न युगमा भगवान् कुन स्वरूपमा थिए र तिनको उपासना कसरी गर्ने भन्ने सम्बन्धमा उपदेश दिनुभएको छ। सत्ययुगमा शुक्ल वर्ण, चतुर्भुज, जटाधारी, मृगचर्म र रुखका बोक्रा लगाउने दण्ड कमण्डलु युक्त ब्रह्मचारी रूपमा उपासना गरिन्थ्यो। सत्ययुगमा मानिस शान्त, वैरभावरहित, जितेन्द्रिय योगी हुन्थे। त्रेतायुगमा भगवान् रक्तवर्ण, चतुर्भुज, जटाधारी मेखलाधारी र मानिसहरू वेदप्रतिपादित विधिबाट यज्ञका माध्यमले उपासना

CC-0. Nepal Sanskrit Academy, Kathmandu

गर्थे । द्वापरयुगमा कृष्णवर्ण नीलवस्त्रधारी चतुर्भुज आयुधधारी, तत्त्वज्ञानी पूजाका माध्यमले उपासना गर्थे भने कलियुगमा नीलवर्ण शङ्ख, चक्र, गदा, पद्मविभूषित चतुर्भुज नन्द सुनन्द सेवित कल्कीरूपमा भक्तियोगले उपासना हुन्छ । अरू युगका तुलनामा कलिमा उपासना सहज छ ।

यसरी निमि राजा र उनका सभाका विद्वान् सभासद्हरूले योगेश्वर नवनाथबाट लोककल्याणका विभिन्न उपायका बारेमा सविस्तार जानकारी पाए र त्यसप्रति आभार प्रकट गर्दै नवनाथलाई षोडशोचारविधिले पूजा गरी प्रणाम गरेर बिदाइ गरे । निमि राजा र उनको राजसभाका सदस्यहरूले योगेश्वर नवनाथबाट लोकहितका लागि के उपाय गर्दा उपयुक्त होला भनी जिज्ञासा राखेकोमा नौजना योगेश्वरले क्रमशः विभिन्न लोकहितका उपायहरू बताउनुभयो । यसले प्राचीन समयमा तत्कालीन राजा र उनका राजसभाका सदस्यले योगीहरूसित ज्ञान सिक्ने परम्परा रहेको जानकारी दिन्छ । ज्ञान र शासनको समुचित समन्वयले गर्दा न्यायपूर्ण शासन चलेको थियो । राजा निमि र राजा जनक यसका सुन्दर नमुना हुन् ।

वास्तवमा नाथ दर्शनलाई मत्स्येन्द्रनाथे सुरु गरे पनि यसलाई स्थाापित गरेको गोरखनाथले नै हो त्यसैले नाथ भन्नेबित्तिकै गोरखनाथ भनेर बुझिन्छ । मत्स्येन्द्रनाथ र गोरखनाथको परम्परा नेपाली भूमिसित घनिष्ठ सम्बन्ध राख्दछ । यहाँको इतिहास, संस्कृति नाथहरूका मान्यतासित गाँसिएको छ, त्यसैले नेपालका सन्दर्भमा गोरखनाथ दर्शनको विशेष महत्त्व रहेको छ । गोरखनाथबारे आचार्य रजनीश यानि ओशोले पुस्तक *डाइ ओ योगी डाइ* २०१०, पृ. १६ र १७ मा राखेका विचार महत्त्वपूर्ण छन् । उनले भनेका छन् पतञ्जलीविना योग सम्भव थिएन, बुद्धविना ध्यान सम्भव थिएन, कृष्णविना स्नेह र प्रेम सम्भव थिएन भने गोरखनाथविना साधना, आध्यात्मिक अभ्यास सम्भव थिएन । गोरख नै आन्तरिक सूक्ष्म दुनियाँ देखाउने पहिलो व्यक्ति हुन् । पछि विद्वान्हरूले आफु खुशी गोरखनाथका विचारलाई व्याख्या गरेका कारण कतिपय उनका विचार रहस्यमय बन्दै गए ।

नाथयोगीका विचार र सिद्धान्त नेपालको इतिहास र संस्कृतिसित अभिन्नरूपमा गाँसिएका छन् । ती नबुझ्दासम्म राजा पृथ्वीनारायणले सुरु गरेको नेपालको एकीकरणको इतिहास बुझिँदैन, सुदूर पश्चिम जुम्लाकेन्द्र रहेको मल्लराज्यको इतिहास, संस्कृति र त्यहाँको लोकसाहित्यको परम्परा बुझिँदैन, काठमाडौँका जात्राहरूको महत्त्व र ती जात्रासित गाँसिएका चक्रपूजाको अर्थ बुझिँदैन काष्ठमण्डप र मृगस्थलीसित गाँसिएको उपत्यकाको इतिहास र संस्कृति बुझिँदैन । यस सन्दर्भमा नेपाली पाठकहरूले नाथहरूको योगदर्शनका बारेमा खासगरी मत्स्येन्द्रनाथ र

CC-0. Nepal Sanskrit Academy, Kathmandu

गोरखनाथको योग दर्शनका बारेमा जान्नुपर्ने हुन्छ। यस विषयमा नेपालमा फाट्टफुट्ट बाहेक खासै काम भएको छैन। भारतका नाथकेन्द्रहरूले खासगरी कदरीमठ (कर्नाटक) फतेहपुर मठ (राजस्थान) अस्थल बोहार (हरियाणा), गोरखनाथ मन्दिर (गोरखपुर) ले नाथ योग र दर्शनका बारेमा र नाथको समग्र साहित्यको बारेमा अनुसन्धान गरेका छन् र ती प्रकाशिन पनि छन्। नेपालमा चौघेरा मठ, दाङले नाथसाहित्य खासगरी रतननाथयोगीका बारेमा लेखिएका ससाना पुस्तिका छापेको छ। नेपालमा नाथयोगीहरूको योगदानका बारेमा लेख्ने व्यक्ति योगी नरहरिनाथ हुन्। उहाँको पनि धेरैजसो समय नेपालको इतिहासको खोजीमा बित्यो, नाथकेन्द्रित गम्भीर लेखन दिन भ्याउनुभएन।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

# अध्याय पाँच

# नाथपरम्पराका मानक सिद्धान्तहरू

नाथदर्शनका दुई पाटा कौलज्ञान र हठयोग हुन् । पहिलो वामाचार तान्त्रिक साधनाको परम्परामा आधारित छ भने दोस्रो आसन, प्राणायाम, ध्यान र सहज योगसाधनामा आधारित छ । पहिलो परम्पराको सैद्धान्तिक आधार मत्स्येन्द्रनाथको **कौलज्ञान निर्णय**मा पाइन्छ र दोस्रोको गोरखनाथको **सिद्धसिद्धान्तपद्धति** र **गोरक्षशतक**मा । संसारभरिका नाथहरू चाहे अवधूत नाथ वा गृहस्थी नाथ (औघड नाथ) हुन् उनीहरूले अनुसरण गर्ने दार्शनिक परम्परा, विश्व दृष्टिकोण, जीवन दृष्टिकोण, साध्य र साधना अथवा लक्ष्य र पद्धति मत्स्येन्द्रनाथको ***कौलज्ञान निर्णय*** र गोरखनाथको ***सिद्धसिद्धान्तपद्धति र गोरक्षशतकमा*** आधारित छन् । कौल र योगपरम्परा अनुसरण गरेर नेपाली नाथपरम्पराको विचार ***गोरक्षयोगशास्त्र***मा अभिव्यक्त भएको छ । सबै नाथ अनुयायीले जीवनशैलीका रूपमा अनुसरण गर्ने नाथदर्शनको सम्पूर्ण विचारलाई १८ प्रश्न र तिनको उत्तरका रूपमा **गोरख गायत्री**मा समेटिएको पाइन्छ । यी ग्रन्थ नबुझ्दासम्म नाथदर्शनको आधारभूत विचार बुझिँदैन । चक्र र कुण्डलिनी साधना तन्त्रबाट सुरु भई त्यसले योगसाधनामा निरन्तरता पाएको छ, यसले दुवैको बिचमा सेतुको काम पनि गरेको छ । नाथदर्शनका निम्न ग्रन्थहरूलाई मानक ग्रन्थ मानिन्छ ।

**१. कौलज्ञाननिर्णय**
**२. गोरक्षशतक,**
**३. सिद्धसिद्धान्तपद्धति,**
**४. *गोरक्षयोगशास्त्र***
**५. गोरख गायत्री**

## ५.१ कौलज्ञाननिर्णय

मत्स्येन्द्रनाथ कौलाचार तन्त्रका आचार्य थिए । उनी जीवन्मुक्तिलाई आदर्श मान्दथे । मत्स्येन्द्रनाथले साधनामा भोग र योग दुवैलाई बराबर महत्त्व दिएका छन् "विद्या मन्त्रमयं पिण्डं भुक्तिमुक्तिप्रदं शुभम् (कौ ज्ञा नि ४: ५)" । **कौलज्ञाननिर्णय** मत्स्येन्द्रनाथको मुख्य ग्रन्थ हो । लेखकको नाम कहीँ मत्स्येन्द्रपाद, कहीँ मच्छेन्द्र, मच्छहनपाद, र कतै मीनपाद पाइन्छ । हरप्रसाद शास्त्रीका अनुसार यस ग्रन्थको समय नवौँ शताब्दी र प्रबोधचन्द्रका अनुसार ११औँ शताब्दी मानिएको छ (कौ.ज्ञा.नि. पृ.१) । कौलज्ञाननिर्णयमा २४ अध्याय (पटल) र ६५६ श्लोक रहेका छन् । सबै पटलमा देवीले साधनाका बारेमा जिज्ञासा राख्छिन् र भैरवले जिज्ञासाअनुरूप उत्तर दिएका छन् । मत्स्येन्द्रनाथले यस ग्रन्थमा कौलज्ञान के हो ? यसका विशेषता के हुन् ? र यो ज्ञान कसरी अरू ज्ञानभन्दा उच्च

CC-0. Nepal Sanskrit Academy, Kathmandu

कोटिको छ ? भन्ने बारेमा देवी र भैरवको संवादमार्फत जानकारी दिएका छन् ।

अभ्यासका दृष्टिले कौलाचारका दुई भेद मानिन्छन् : १. आद्र कौलाचार २.शुष्क कौलाचार । पहिलोमा साधनामा पञ्चमकारको प्रयोग हुन्छ भने दोस्रोमा पञ्चमकाररहित साधना हुन्छ । कौल साधनामा वज्रोली, सहजोली, अमरोली, लता साधना आदि क्रियाहरूको अभ्यास गरिन्छ भने गोरखनाथको नाथपरम्परामा यी साधना वर्जित छन् र साथै आद्र कौलाचारको अभ्यास पनि वर्जित छ । (कौ.ज्ञा.नि. xi, xii)

पहिलो पटलको १ र २ श्लोकमा भैरवले देवीलाई कौल पद्धतिको सृष्टि क्रमका बारेमा बताएका छन् । कौलज्ञान चर्चा गोप्य ज्ञानलाई भैरवले देवीको जिज्ञासा शान्त पार्न लोकमा प्रकट गरेको भनेका छन् । शिवको मूल अङ्गुष्ठ र त्यसको नङको अग्रभागबाट तत्त्व प्रसारण भएको भनिएको छ । सृष्टिको पद्धतिलाई दुईको संयोग यानि शिव र शक्तिको संयोग भनिएको छ । संयोगबाट नै सृष्टि हुन्छ, द्वितत्त्वको सम्मिलनवाट नयाँ उद्‌भव सम्भव हुन्छ । प्रथम पटलका १ र २ श्लोकले कौल ज्ञानका दृष्टिमा सृष्टि द्विमूलक हो । यसले तन्त्रपरम्परालाई पनि प्रतिनिधित्व गर्ने भएकाले के बुझ्न सकिन्छ भने तन्त्रका दृष्टिमा सृष्टि एक तत्त्वात्मक छैन, यो द्वितत्त्वात्मक हो । शिव र शक्ति दुई तत्त्व हुन् यिनीहरूको संयोजनले नै सृष्टि हुन्छ । यसरी ब्रह्माण्डमा रहेको सृष्टिसंयोजनको प्रतिफल या परिणाम हो । यसरी हेर्दा सृष्टिको दृष्टिकोण परिणामवादी देखिन्छ । मत्स्येन्द्रनाथको 'तत्त्वसन्तति'लाई कश्मीरी शैवहरूले तीन तत्त्वका रूपमा नामकरण गरेका छन् । १. अभेदभूमिक तत्त्व, २. भेदाभेदभूमिक तत्त्व, ३. भेदभूमिक तत्त्व । अभेदभूमिक तत्त्वमा दुई भेद शिव र शक्ति हुन् । भेदाभेदभूमिक तत्त्वमा तीन भेद सदाशिव तत्त्व, ईश्वर तत्त्व, शुद्धविद्या हुन् । भेदभूमिकका ३१ भेदहरू मध्ये ५ मूलतत्त्व, ५ तन्मात्रा, ५ ज्ञानेन्द्रिय, ५ कर्मेद्रिय, मन, बुद्धि, अहंकार, प्रकृति र पुरुष, माया, कला, विद्या, राग, काल र नियति हुन् ।

द्वितीय पटलमा जगत् संहारका बारेमा भैरवले देवीलाई बताएका छन् । कालाग्नि नाम गरको अग्नि शिवको बुढी औँलाको नङको अग्रभागमा रहन्छ जब यो ऊर्ध्वमुखी भएर जल्छ तब संहारको काम सम्पन्न हुन्छ (२: २-३) । यस पटलको चौथो श्लोकमा पातालमा सात लोक र माथि सात लोक गरी १४ लोकको उल्लेख गरिएको छ । परमतत्त्व शरीरको मध्यमा अवस्थित छ (५) । संहारको लयप्रक्रियालाई यसरी स्पष्ट पारिएको छ । शिवमा शक्ति लयभूत हुन्छिन् भने क्रियामा शिव लयभूत, ज्ञान क्रियामा लयभूत, इच्छामा क्रिया लयभूत, जहाँ परमशिवको तेज छ त्यहाँ इच्छाशक्ति लयभूत हुन्छ (२: ५-६) ।

रसेश्वर सिद्धान्तमा कालाग्निरुद्र र विन्दुसाधनाको प्रसंग आउँछ । त्यसका अनुसार बिन्दुको अधोगति कालाग्नि हो भने बिन्दुको ऊर्ध्वगति कालाग्निरुद्र हो । बिन्दु भनेको भनेको शुक्र हो, वीर्य हो । बज्रोलिमुद्रा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

बिन्दुको ऊर्ध्वकरणको प्रक्रिया हो । रस सिद्धान्तमा पारालाई शिवको वीर्य र अभ्रकलाई शक्तिको रज मानिन्छ यी दुईलाई ऊर्ध्वपातित गरेर शरीर अमर बनाउन सकिन्छ भन्ने विश्वास गरिन्छ (कौ.ज्ञा.नि. द्वितीय खण्ड पृ.३२९) । सिद्धसिद्धान्त संग्रह (३:५)मा पिण्डमा हुने ऊर्ध्व स्वभावलाई कालाग्निरुद्र भनिएको छ ।

तेस्रो पटलमा भैरवले देवीलाई कुलका लक्षणबारे जानकारी गराएका छन् । जहाँ दृष्टि हुन्छ त्यहाँ मन, इन्द्रिय ग्राह्य पदार्थ र पुद्गल हुन्छ । जहाँ मन र दृष्टि एकीभूत हुन्छन्, इन्द्रियको अलग सत्ता हुँदैन । शक्ति जीवका साथ एकीभूत हुन्छ, दृष्टि प्रमेय पदार्थमा लयभूत हुन्छ त्यसैलाई कुल भनिन्छ ।

भास्कर रायका दृष्टिमा कुलको अर्थ आधार चक्र हो, इन्द्रिय अलग सत्ता नभएर शक्ति जीवका साथ एकीभूत भएको हुन्छ, दृष्टि दृश्य पदार्थमा लय हुन्छ त्यही नै कुल हो ।

मत्स्येन्द्रनाथका दृष्टिमा ज्ञेय र ज्ञान ज्ञातामा लयभूत हुन्छ, व्यष्टि समष्टिमा एकाकार हुन्छन् त्यो अवस्था कुल हो ।

सर्वत्र चार वस्तुको अवस्था मानिन्छ १. स्थान, २. ध्यान, ३ वर्ण ४. लक्ष्य ३:४ अनुसार पिण्डलाई नै स्थान भनिन्छ, ध्यातव्य पदलाई ध्यान भनिन्छ, रूपलाई यहाँ वर्ण भनिएको छ भने रूपवर्जित अवस्था लक्ष्य हो । पिण्डभित्र ४,८,१२,१६,६४,१००,१००० पत्रवाला सुगन्धित चम्किलो कमल रहेको छ (६-८) । सर्वव्यापी कमलको ज्ञान नहुनु नै बन्धन हो । मनभन्दा परको अवस्था उन्मना हो । सम्पूर्ण सत्ता देवता, राक्षस, यक्ष, गन्धर्व, सिद्ध, मानव, लता, वनस्पति, ग्रह नक्षत्र सबै बिन्दुबाट उत्पन्न हुन्छन् । (१९,२०) ।

बिन्दुका १० भेद :

मूलाधार चक्रमा ४ बिन्दु : मन,बुद्धि,चित्त र अहंकार ।

स्वाधिष्ठान चक्रमा ६ बिन्दु :काम,क्रोध, लोभ, मोह, मद र मात्सर्य ।

मणिपुर चक्रमा उपर्युक्त दश बिन्दुरूप नै विद्यमान रहन्छन् ।

सिद्धि चाहनेले मानस शिवलिंगमा अहिंसा, इन्द्रिय निग्रह, दया, भक्तिभाव, क्षमा, क्रोधमाथि विजय, ध्यान, ज्ञान (२५-२७) । मनोलिंगको ध्यान गर्नुपर्छ । तीन प्रकारका लिङ्ग मानिएको छ : देहलिंग, सिद्धिलिंग र मनोलिंग ।

चौथो पटलमा देवीले निग्रह, अनुग्रह, क्रामण, हरण, प्रतिमा जल्पन, घटपाषाणस्फोटन आदि सिद्धि कसरी प्राप्त गर्न सकिन्छ भनेर ती सिद्धिका विधिका बारेमा सोधेकी छन् । भैरव भन्छन् : शक्तिलाई नाद र बिन्दुका रूपमा ध्यान गर्नुपर्दछ । कुलपिण्ड अ देखि ह सम्मका वर्णद्वारा निर्मित हुन्छ । मारण, मोहन, उच्चाटन, स्तंभन आदि क्रियाहरू र शान्ति पौष्टिक क्रियाहरू, आकर्षण र वशीकरण यी सबै क्रियाहरू ५० वर्णहरूलाई शास्त्रोक्त विधिले संयोजन गरेर सम्पादन गर्न सकिन्छ (१३- १५) ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

मत्स्येन्द्रनाथले साधन देह र साध्य देहमा भेद गरेका छन्। देहका तीन भेद मानिन्छ : पशु देह, निर्मल देह र साध्य देह। गोरखनाथले देहका दुई भेदमात्र गरेका छन्। ती हुन् पक्व देह र अपक्वदेह्। बौद्धहरूले काया र कायाप्रकारको चर्चा गरेको पाइन्छ :रूपकाया, सम्भोगकाया र धर्मकाया। हिन्दू शास्त्रहरूमा तीन प्रकारको शरीरको चर्चा पाइन्छ। स्थूल शरीर, सुक्ष्म शरीर र कारण शरीर (कौ.ज्ञा.नि. खण्ड २ पृ. ३४२-३४५)।

पाँचौं पटलको २-४ श्लोकमा देवीलाई भैरवले मृत्युमाथि विजय प्राप्त गर्ने विधिका बारेमा बताएका छन्। अमृतपान साधना र मृत्युञ्जय साधनामा जोड रहेको छ। उत्तिष्ठ, खड्ग पाताल, रोचन, अञ्जन, पादुका, गुटिका, आकाशगमन, रस,रसायन, अन्तर्धान आदि सिद्धिका लागि ध्यानपूर्वक साधना गर्नुपर्ने बताइएको छ। चन्द्रको अमृतपान गर्ने साधना गर्नुपर्ने र यसबाट मृत्युमाथि विजय प्राप्त गर्न सकिन्छ। यस साधनामा क्षीरसागर अनन्त पत्रवाला सेतो कमलको ध्यान गर्नुपर्दछ (५:२०-२३)।

शरीरमा रहेका चक्रमा रातो कमलदल सम्झेर ध्यान गर्दा वशीकरण र भोगको सिद्धि प्राप्त हुन्छ भने पीतवर्ण कमलदलमा ध्यान गर्दा स्तम्भन क्रिया यानि रोक्ने सिद्धि प्राप्त हुन्छ। धूम्रवर्ण कमलदलमा ध्यान गर्दा उच्चाटन सिद्धि हुन्छ भने शुक्लवर्ण कमलदलमा ध्यान गर्दा सुस्वास्थ्य र शान्ति प्राप्त हुन्छ (२८-३०)। यस पटलमा शिवलाई मृत्युञ्जय महादेव भनिएको छ।

छैठौं पटलमा जीवको लक्षण, जीवको स्वरूप, वर्ण, मापन, अवस्थिति आदि विषयमा भैरवले प्रकाश पारेका छन्। जीव वास्तविक स्वरूपमा अखण्ड, नित्य, निरामय र निरञ्जन हो, शिव हो, हंस हो, आत्मा हो, मन, प्राण, बुद्धि एवं चित्त हो (६:४- ६)। शरीरमा रहँदासम्म जीव हो भने शरीर छुटेपछि परम शिव हो।

शरीरको दिव्यीकरण या चिन्मयीकरण, इन्द्रिय र प्राणको दिव्यीकरण, बिन्दुशोधन र नादसाधना सुषुम्णामा प्रवेश मृत्युञ्जय साधना हुन्। जिभ्रोलाई तालुमूलमा लगाउनुपर्छ किनभने त्यहाँ अमृत रसाउँछ (२५)। कालवञ्चन यौगिक तान्त्रिक साधना हो।

सातौं पटलमा कसरी लामो समय शरीरमा युवापन व्यवस्थित गर्ने भन्ने सम्बन्धमा भैरवले चर्चा गरेका छन्। टाउकोको शीर्षभागमा चन्द्रमाको शीतलताको ध्यान गर्ने। मूलाधारको सूर्यताप र मणिपुरमा रहेको रापिलो सूर्यले शीर्षको चन्द्रबाट निस्कने अमृतलाई नाश गरिदिन्छन् त्यसैकारण शरीरमा वृद्धपना, कमजोरी र मृत्यु हुन्छ। यदि शीर्षको अमृतलाई सूर्यतापमा पर्न नदिई पान गर्ने विधि बुझ्न सकियो भने मृत्युमाथि विजय हुन सक्छ। त्यसमा सहयोगी विपरीत करणी मुद्रा, वज्रोली मुद्रा हुन्छन् त्यसैले निरन्तररूपमा यिनको अभ्यास गर्नुपर्छ।

आठौं पटलको १-३ श्लोकमा देवीले अकुलबाट कुलको उत्पत्तिबारे, ६४ योगिनीहरूको परिचय र कामका बारेमा र कुलसिद्धिको पूजाविधानका

CC-0. Nepal Sanskrit Academy, Kathmandu

बारेमा जिज्ञासा राखेकी छन् भने भैरवले ती विषयमा जानकारी गराएका छन्। सिद्ध कौल योगीले एकान्त स्थलमा माछा, मासु र सुराका साथमा प्रसन्न चित्तले सहजा, कुलजा र अन्त्यजायुक्त भएर कुलचक्र साधना गर्नुपर्छ (४-६) र सहजा, कुलजा र अन्त्यजाका लक्षण उल्लेख गरिएको छ। साधकले योगिनी र वीरहरू जो रातो वस्त्र धारण गरेका हुन्छन् उनीहरूलाई एकसाथ तर अलग अलग पात्रहरू प्रयोग गरेर साधना गर्नुपर्छ। ६४ वा ५८ योगिनीको पूजा गर्नुपर्छ (१३-१५)। महादेवीको क्षेत्रजा शक्तिका विभिन्न नामहरू तिनलाई पूजा गर्ने बीजमन्त्र दिइएको छ (१८-१९)। शक्तिपीठहरू मध्ये पहिलो कामाख्या र यसका ७ उपपीठहरू जहाँ सिद्ध योगीहरू रहन्छन् तिनको चर्चा रहेको छ। दोस्रो र तेस्रो शक्तिपीठ पूर्णगिरिपीठ र उड्डीयानपीठ र यिनका पनि उपपीठहरू छन् (२०-२२)। योग साधनासम्बन्धी योगजा माता र मन्त्र साधनासम्बन्धी मन्त्रजा माता (२३-२४) को उल्लेख यहाँ छ। विद्याका आठ भेद, महाविद्याका अष्टविधि (३१) आठ चक्रसित सबै सिद्धिहरू जोडिएका छन् (३२-४५)।

नवम पटल गुरुको सिद्धि पूजाका बारेमा केन्द्रित छ। योगिनीप्रदत्त ज्ञान उत्तम ज्ञान भनिएको छ (७)। कृत, त्रेता, द्वापर, कलि गरी चारै युगमा भएका कौलमतका प्रचारक, कौलावतार र कौलमार्गका महासिद्ध निम्नानुसार रहेका छन्। मृष्णिपाद, अवतारपाद, सूर्यपाद, द्युतिपाद, ओमपाद, व्याघ्रपाद, हरिणिपाद, पञ्चशिखिपाद, कोमलपाद, र लम्बोदरपाद (८-९)। विभिन्न सिद्धयोगिनीको आविर्भावका बारेमा चर्चा रहेको छ। पराशक्तिको परेच्छाबाट इच्छा नामक सिद्धयोगिनी आविर्भाव हुन्छन्। इच्छाशक्तिले कौलागम परम्परा खेचरी शक्तिलाई दिइन्, उनले योगिनी माताहरूलाई दिइन् र माताहरूले यो परम्परा भूचरी शक्तिलाई दिए। भूचरी समुदायलाई नै भूचरी योगिनी भनिन्छ। (११-१३)।

दशम पटलमा विभिन्न चक्रहरूको स्थान र तिनको महत्त्वका बारेमा भैरवले प्रकाश पारेका छन्। 'क्ष 'वर्ण ब्रह्मरन्ध्र स्थित, 'लवर्ण 'मस्तिष्कमा, 'ह' दुई भृकुटीको मध्यभागमा, 'स' मुखमा, 'ष' कण्ठ प्रदेशमा, 'श' हृदयप्रदेशमा, 'व' नाभिको मध्यमा, 'ल' जननेन्द्रियमा रहेको बताइएको छ। मातृकाको स्थान क्ष ब्रह्मरन्ध्रमा, ल ललाटमा, ह भ्रूमध्यमा, स वक्त्रमण्डलमा, ष कण्ठदेशमा। श हृद् देशमा, व नाभिमध्यमा, हृ लिंग देशमा रहेको छ (१०: ६-८)। सात चक्रमा प्रत्येकमा अष्टदल कमल मानेर ध्यान गर्ने (९-२७), अष्टदल चक्र रातो रङको सम्झेर ध्यान गर्दा वशीकरण सामर्थ्य प्राप्त हुन्छ, अष्टदल चक्र पहेँलो मानेर ध्यान गर्दा स्तम्भन क्षमता प्राप्त हुन्छ, अष्टदल चक्र विशुद्ध सेतो मानेर ध्यान गर्दा मोक्षप्राप्ति हुन्छ, त्यसलाई कालो मानेर ध्यान गर्दा मारण क्षमता प्राप्त हुन्छ, गाईको दुधसमान सेतो मानेर ध्यान गर्दा मृत्युञ्जय सिद्धि प्राप्त हुन्छ (२८-३२)।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

११औं पटलमा अद्वैत मत/सिद्धान्त/दर्शनको माहात्म्य बताइएको छ। यसको अभ्यास गर्नाले सिद्धि प्राप्त हुने कुरा त्यहाँ उल्लेख छ। यो कुरा न बुझ्ने पशु हो (११: ३-४)। विष्ठा, मूत्र, वीर्य, रगत र मज्जा यी पाँच द्रव्यलाई कौल साधनामा पवित्र मानिन्छ (११)। विभिन्न पशु कुकुर, बिरालो, उँट, स्याल, कछुवा, घोडा, सुँगुर, कुखुरा, हरिण, भैँसी, माछा इत्यादि सङ्ग्रह गर्ने र मासु पनि सङ्ग्रह गर्नु, योगिनीलाई चढाउनु र आफूले पनि त्यसलाई प्रसादको ¿पमा ग्रहण गर्नु कौलसाधकको धर्म हो। मासुलाई अमिलो, गुलियो र यथावत् गरी तीन थरिको बनाएर चढाउनु, फूल, फल, रुखविरुवा र मूल (गाजर, मूला, चुकन्दर, तरुल) आदिबाट बनाएको गरी चारथरी रक्सी देवी देवतालाई चढाउनु पनि साधकको कर्तव्य हो (१५-२०)। सुगन्धित र दुर्गन्धित दुवैथरी वस्तु समान भावले ग्रहण गर्न सक्नुपर्छ (२७)। सिद्ध र योगिनीलाई चरु, शाकिनीहरूलाई मासु प्रिय हुन्छ (३२-३३)। देवीहरूलाई रगत, सुरा, वासनादार फूल, धूप, पान, आदि प्रिय हुन्छन् (३४)।

कौलज्ञान निर्णयको १२औं पटल कौलिक साधकले के खाने के न खाने विषयमा केन्द्रित रहेको छ। भैरवको पूजा कौलिक र सिद्धका साथमा गर्नुपर्छ। गुरुप्रति पूर्ण निष्ठा र श्रद्धा हुनुपर्छ (७-९) कौलयोगीले प्रयोग गर्ने पात्र या भाँडा माटोको, कछुआको शरीरको, काँसको, तामाको, फलामको, चाँदीको, मोतीको, शङ्खको, शीशा या काँचको, पशुका सीङको, काठ या ढुङ्गाको हुन सक्छ। सबैभन्दा श्रेष्ठ पात्र नरियलको बाहिरी भागलाई मानिन्छ। उक्त पात्र नपाएमात्र अरू पात्रमा सुरा सेवन गर्नुपर्छ। (११-१६)। सुरासेवनलाई तान्त्रिक साधनामा धेरै महत्त्व दिएको पाइन्छ (कौ.ज्ञा.नि. पृ.४०६-७)।

१३औं पटलमा मत्स्येन्द्रनाथले मोक्षसम्बन्धी कौलिक धारणा भैरवमार्फत राखेका छन्। जड र चेतन दुवैले निरन्तर रूपमा 'हंस' शब्द उच्चारण गर्नुपर्छ, यसले शुभ र मोक्ष दिन्छ (१-२)। गोरखनाथको **गोरक्षशतक**मा पनि यसलाई अजपा गायत्री भनिएको छ। **शिवसूत्र** र **विज्ञानभैरवतन्त्र**मा पनि 'हंस'को महत्त्वको चर्चा रहेको छ। साधकलाई उन्मना स्थिति प्राप्त भएपछि मोक्ष हुन्छ (५)। देवयान र महायानमा नित्य संलग्न साधकलाई द्वादशान्तमा स्फुरित मणिमालाको दर्शन भएपछि मुक्ति मिल्छ। जुन साधकको शरीरमा तल दिइएको न्यासक्रम विद्यमान हुन्छ उसलाई आत्मज्ञान हुन्छ र ऊ मुक्त हुन्छ। न्यासक्रम यस्तो छ : 'इ' मलस्थानमा, 'इक्षु' लिंगमा, 'इयौ' नाभिमा, 'इमौ' वक्त्रमा, 'इवौ' दाहिने नाकमा, 'इलौ' बायाँ नाकमा, 'इरौ' कानको दाहिनेतिर, 'इशौ' कानको बायाँतिर, 'इन्हौ' भ्रूमध्यमा, 'सं तं' ललाटमा, 'सं अं' बायाँ कानमा, 'सं यं' दाहिने कानमा, 'सं पं' बायाँ आँखामा, 'सः ॠं' दाहिने आँखामा, 'वः तं' बायाँ नाकमा, 'सः पुं' दाहिने नाकमा, 'सःरुं' वक्त्रमा, 'सः यं' नाभिमा, 'सः

CC-0. Nepal Sanskrit Academy, Kathmandu

षुं' जननेन्द्रियमा, 'सः लं' मलद्वारमा (१३ः ८)। साधकले मोक्षका लागि यसै न्यासक्रमअनुसार साधना गर्नुपर्ने सुझाव दिइएको छ।

१४औं पटलमा आश्चर्यकारी कौल तत्त्वका बारेमा बिशदमा चर्चा गरिएको छ। कौलज्ञान ब्रह्मा, विष्णु र अन्य देवगणलाई थाहा नभएकाले दुख पाएका छन् (२-३)। यसमा कौलज्ञान प्राप्त गर्नका लागि आवश्यक गुण : गुरुभक्ति, धर्मप्रति प्रेम, क्रोधशून्यता, इच्छारहितता, देवता, अग्नि र योगीमा भक्ति, एकान्तवास, निश्शङ्कता र प्रसन्नचित्तता हुनुपर्छ (४-९)। गुरुको आज्ञा पालन नगर्ने, भैरव, शिव, योगिनी निन्दकलाई यो ज्ञान दिनु हुक्दैन (१०-१३)। त्यसपछि विभिन्न चक्रमा ध्यान र त्यसको साधकका शरीरमा पर्ने प्रभावका बारेमा चर्चा गरिएको छ। मूलाधारलाई विस्मयकारी चक्र भनिएको छ, यो पहिलो चक्र हो। यसको साधनाले शरीरमा कम्पन हुने र भ्यागुताजस्तो उफ्रने क्षमता प्राप्त हुन्छ। यस चक्रलाई ब्रह्मग्रन्थि पनि भनिन्छ। यहाँ मत्स्येन्द्रनाथले समकालिक कौलमतका विभिन्न सम्प्रदायको उल्लेख गरेका छन्, जस्तै रोमकूपादि कौलिक (३२), वृषणोत्थकौल (३३), वह्निकौल (३४), कौलसद्भाव (३७, ४३) र पदोत्तिष्ठ कौल (४८)। हजारी प्रसाद द्विवेदीले यिनलाई कौल सम्प्रदाय नमानेर कौल साधनाका नाम भनेका छन् (नाथ सम्प्रदाय पृ.६२)। खेचरीमुद्राको अभ्यासले सबै रोगहरू नाश हुने र सिद्धि प्राप्त हुने कुरा बताइएको छ (५०-५३)। चक्रसाधनाबाट मृतलाई जीवित बनाउन, अर्काको शरीरमा प्रवेश गर्ने, प्रतिमासित संवाद गर्न, कठोर वस्तु तोड्न, पशुप्राणीलाई वशीभूत गर्न, स्वेच्छाले रूप परिवर्तन र भ्रमण गर्न सक्ने क्षमताको प्राप्ति हुने कुरा उल्लेख गरिएको छ (६०-६२)। साधकले देवीको भक्तिपूर्वक पूजा गर्नुपर्छ। समस्त वर्णसमूहलाई ललाटमा ध्यानको अभ्यास गरे नादशक्ति जागृत हुने तथा यस्तो साधना गर्ने सिद्धकौल जगत्को सर्जक र संहारक दुवै बन्न सक्छ भन्ने कुरा पनि त्यहाँ उल्लेख गरिएको छ (६८-७६)। कौल ज्ञान र साधना मोक्षदायी र सारभूत ज्ञान हो (८०)। नाडीशोधनबाट नादश्रवण र त्रिकाल दर्शन हुन्छ। साधक देवीका साथ एकीभूत भएर मातृका चक्रलाई अनुसरण गर्छ र खेचरी चक्रमा लीन हुन्छ (९३-९६)। यस पटलमा विभिन्न कौलिक सम्प्रदायको उल्लेख गरिएको छ। रोमकूपादि कौल, वृषणोत्थ कौल, वह्नि कोल, कौलसद्भाव, कुलपञ्चाशिका मूल, कुलसागर, कुलोघ, कुलहृदय, भैरव उद्यानक, चन्द्रकौल, ज्ञानकौल, साम्बर, सृष्टिकौल, महाकौल, विमिर, अमृत, सिद्ध, कुलकौलमत, सिद्धेश्वर, वज्रकौल, मेघकौल आदि गरी २५ सम्प्रदायको उल्लेख पाइन्छ।

१५औं पटलमा महाप्रलयकालमा सबै नष्ट हुँदा भैरवले आफूलाई कसरी सुरक्षित राखे यसबारे जिज्ञासा छ। पहिले राजा सुचन्द्रले ऊर्ध्वलोकमा गएर सम्बुद्ध गौतमसित वज्रयोग सिकेका थिए भनिन्छ। वज्रयोगको अभ्यासले शरीर वज्रजस्तै बलियो बन्दछ (९-११)। अनेककोटि दलवाला पद्म चक्रहरू छन् त्यसमध्ये सप्तकोटि सहस्रदल चक्रमा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

साधकले आफ्नो शरीरलाई दुधले पूरित गर्ने र षोडशाक्षरमा आफ्नो प्राण एकीभूत गर्ने। शरीरको ऊर्ध्वप्रदेशमा आत्मचक्र रहेको छ। त्यसको पद्मकर्णिकालाई रसले सिञ्चित गर्ने र सारा शरीरलाई चक्रमा लयभूत गरिदिने (११-२०) अभ्यास गर्नुपर्छ। यसरी लयभूत भएपछि सिद्धले सारा संसार दृष्टिगत गर्दछ। उसको चित्त समत्वभावले युक्त हुन्छ शरीर वज्रवत् हुन्छ, उसलाई प्रलयले कुनै हानि नोक्सान गर्दैन। यो कौलसद्भाव गोप्य रहस्य हो (२१-२७)।

१६औं पटलमा सबै कालमा भैरव रहने तीनपीठ, पर्वत, क्षेत्र र स्थलको जानकारी दिइएको छ। ती हुन् : श्रीशैल, महेन्द्र पर्वत र कामाख्या पीठ यी तीनै कालमा सिद्धिप्रदायक छन् (५-७)। भैरवले देवीलाई भन्छन् म नै तत्, परमतत्त्व, भैरव, सदाशिव, ईश्वर, श्रीकण्ठ, रुद्र, धीवर (मत्स्येन्द्रनाथ), वीरेश्वर, म नै संहारक ,विश्वश्रष्टा, श्वेतपाद हूँ, चन्द्रसमान कान्तिमय भएकाले भृङ्गपाद पनि भनिन्छ (११-१७)। श्रीदेवीप्रतिको घनिष्ठताले श्रीकण्ठ, सर्वद्रावक भएकाले रुद्र, पृथिवीलाई द्रवीभूत गरेकाले रुरुपाद, ऐश्वर्यदाता भएकाले श्रीनाथ भनिएको हो। कौलिक ज्ञान कामरूपमा पार्वती र कार्तिकेयका लागि प्रकट गरिएको थियो (११-२१)। शक्तिरूपा भगवती नै इच्छाशक्ति, ज्ञानशक्ति र क्रियाशक्ति हुन्। चन्द्रद्वीपमा कात्तिकेय बटुकले अज्ञानवश कौलज्ञानलाई समुद्रमा फाले, शिवले ध्यानदृष्टिले हेर्दा माछाले निलेको थाहा पाएर माछाको पेट चिरेर त्यो ज्ञान पुनः प्राप्त गरियो तर कार्त्तिकेयले फेरि पनि त्यस ज्ञानलाई समुन्द्रमा फालिदिए। त्यसलाई ऐरावत हात्ती समानको बृहत् माछाले निलेको थियो त्यस माछालाई शिवले मछुवारेको रूपमा नियन्त्रण गरेर कौलज्ञान फिर्ता ल्याए (२५-३७)। पहिला कौलज्ञान पार्वती र कात्तिकेयलाई प्रदान गरियो अर्को पटकमा कामेषी, कार्त्तिकेय गण, नन्दी, महाकाली, जया, विजया, भट्ट, द्रोणक, हरिसिद्धिकालाई दिइयो। शिवले चार युगमा चार अवतार लिएर कौलज्ञान प्रकट गरे। पहिलो युग यानि सत्ययुगमा यस सिद्धान्त या ज्ञानको नाम कौलमत या ज्ञान थियो, त्रेतामा महाकौल, द्वापरमा सिद्धामृत र कलियुगमा मत्स्योदर कौल मत (४५-५०)। साधक सदैव जटाधारी, तेजस्वी, दुई हातमा दण्ड धारण गर्ने, लालवस्त्रधारी हुनुपर्छ। बटुकलाई 'ह्रींकार'मन्त्रले पूजा र ध्यान गर्नुपर्दछ। सर्वसिद्धिका लागि साधकले सदैव "ह्रीं" मन्त्रको जप गर्नुपर्दछ।

बलि दिनका लागि यो मन्त्र बलिमन्त्रका रूपमा प्रयोग गर्ने सुझाव दिइएको छ।

"ह्रीं बटुकाय कपिल जटाय पिङ्गलनेत्राय देवीपुत्राय मातृपुत्राय इमा बलिं....ह्रीं।"

बटुकले बलि ग्रहण गर्नुहोस् भन्नका लागि "गृण्ह गृण्ह" जप गर्नुपर्दछ।

महाभैरव पूजन मन्त्र निम्नानुसार रहेको छ :

"ह्यौं ह्यौंह्यं महाभैरव पूजन मन्त्र।"

CC-0. Nepal Sanskrit Academy, Kathmandu

आसन मन्त्र "ह्रीं बटुकाय आसन मन्त्र ।"
समस्त भय, व्याकुलता र विघ्न विनाशका लागि "ह्रीं" च बटुक "ह्रीं" यस मन्त्रको जप गर्नुपर्दछ (५७-६२) ।

१७औं पटलमा आत्मासम्बन्धमा मत्स्येन्द्रनाथको विचार आएको छ। हृदयमा सहजदेव स्थिति, स र ह, हकार निष्कल र नित्य र सकार सकल, सृसृष्टि र ही विनाशक (५-६) । आज्ञाचक्रसम्म सकल, उन्मना पर्यन्त सकल निष्कल, महाबिन्दु निष्कल मानिन्छ। अग्नि र धुँवा, वृक्ष र छायाजस्तै शिव र शक्ति अन्तःसम्बद्ध भएर रहन्छन् (८)। द्वादशान्तको व्याख्या गरिएको छ यो प्राणशक्ति या चैतन्य हो। प्राण र अपानको गति जहाँबाट सुरु हुन्छ र जहाँ गएर रोकिन्छ त्यो हृदय या द्वादशान्त हो (१८-१९) ।

हंस देहको मध्यमा सञ्चारण गर्दछ (२३-२६) । जीव समस्त तत्त्वको नायक, पुद्‌गल,हंस, शिव र परात्पर देव हो। हंस नै मन हो। आत्माले नै आत्मालाई जान्दछ।

१८औं पटलमा सिद्धहरूको पूजा र कुलदीपको विधि र पद्धतिबारेमा वर्णन गरिएको छ। सर्वप्रथम चामल, गहुँको पिठोमा घिउ, श्रीखण्ड मिलाएर ह्रींकार मन्त्रले सिद्धहरू, योगिनीहरू र गुरुको पूजा गर्नुपर्छ (३-५)। ह्रीं बीजमन्त्रको योगिनीसित घनिष्ठ सम्बन्ध छ त्यसैले यस मन्त्रको जप गर्नुपर्दछ (६)। वीर्य र रगतलाई समान मात्रामा घिउ मह मिसाएर बनाएको मिश्रणलाई वामामृत भनिन्छ, तन्त्रमा सुरा र शुक्रलाई ब्रह्म भनिएको छ (७-८)। शिष्यको शिरलाई गुरुले स्वयं वा वेश्याकुमारीका हातले उठाएर शक्ति प्रदान गर्नु पर्छ जसले गर्दा ऊ योगी बन्दछ (१४)। साधकले रगत र वीर्य बराबर मात्रामा मिलाएर ६४ उपचार क्रमले देवीको पूजा गर्नुपर्दछ (१५-१८)। गुरु पूजा र वीरपूजा गर्नुपर्छ त्यसमा मद्य, मांस, घिउ र शक्खर चढाउनुपर्छ (१९-२१)। सिद्धिका लागि विधिवत् तान्त्रिकपूजा आवश्यक पर्दछ।

१९औं पटलमा सिद्धका शरीरमा रहेका कमलको स्थितिका बारेमा चर्चा रहेको छ। महाचक्रमा षोडश आकारमा देवीका सर्वाङ्ग देदीप्यमान छन्, साधकले यस स्वरूपमा लीन हुने साधना गर्नुपर्दछ। मोक्षको कामना गर्नेले श्वेतवस्त्रधारी देवीको ध्यान, सिद्धिको कामना गर्नेले कृष्णवर्ण, रक्तवसना, युवती, कुमारी देवीको ध्यान गर्ने र एकात्मकताको अभ्यास गर्नुपर्दछ। विशेष अभिष्ट प्राप्तिका लागि शङ्खहस्ता योगिनीका साथ श्रीनाथको ध्यान गर्नुपर्दछ (१-५)।

२०औं पटलको ९-१३ श्लोकमा कुलशक्ति, इच्छाशक्ति, व्योममालिनी, खेचरी, वामा, कुण्डली, ज्येष्ठा, मनोन्मनी, रुद्रशक्ति, कामाख्या, ज्ञानशक्ति र क्रियाशक्तिहरू परमात्माका शक्तिका रूपमा उल्लेख गरिएको छ। खासशक्ति चितिशक्ति, आनन्दशक्ति, इच्छाशक्ति, ज्ञानशक्ति र क्रियाशक्ति हुन् भनिएको छ। परावाक्, ज्येष्ठा, वामा, र रोद्री सबै शक्तिका कारण मानिन्छ्। वीरसाधना र वीरसाधकका लक्षणबारे भैरवले देवीलाई

CC-0. Nepal Sanskrit Academy, Kathmandu

बताएका छन् । वीरसाधक ज्ञान विज्ञानयुक्त, अद्वैताचारनिष्ठ र कौलज्ञानमा भक्ति राख्छन् ।

२१ पटलको ३-७ श्लोकमा कौलसम्प्रदायका भेदहरू वर्णन गरिएको छ । ती हुन्: कुलपञ्चाशिकामूल, कुलसागर, कुलौघ, कुलहृदय, भैरवोद्यानक, चन्द्रकौल, ज्ञानकौल, साम्बर, सृष्टिकौल, महाकौल, तिमिर, सिद्धामृत, कुलकौलमत, सिद्धेश्वर, कौल, वज्र कौल, मेघ कौल यी भेदहरू प्राचीन समयदेखि चलिआएका थिए र मत्स्येन्द्रनाथका समयमा यीमध्ये धेरै क्रियाशील थिए । यस पटलको ८ र ९ श्लोकमा ताजा मांछा, मासु अष्टमी, चतुर्दशी, औसी र पूर्णिमा तिथिमा बलि दिनुपर्छ भनिएको छ । १०औं श्लोकमा भनिएको छ : "यत्र तत्र स्थितो योगी ज्ञानमेवं समाश्रयेत् ।" योगी जहाँ बसे पनि उसले ज्ञानको मात्र आश्रय लिनुपर्दछ यसरी कौल परम्परामा ज्ञानलाई धेरै महत्त्व दिएको देखिन्छ। कौल तन्त्र साधकले सिद्धिका लागि पूर्णिमा, औसी, अष्टमी र चतुर्दशी तिथिमा ताजा माछा, मासु, मद्य र बली इष्टदेव वा इष्टदेवीलाई चढाएर पूजा गर्नुपर्ने प्रावधान रहेको छ (कौ.ज्ञा.नि. २१.८,९) ।

**कौलज्ञाननिर्णय**को २२औं पटलको १र २ श्लोकमा महाकालका छ मुखको वर्णन गरिएको छ। ती मुख हुन्: कालिका योगिनी, नन्दीश, भट्टका, द्रोणका, विजया, महाभागा । यी सब ६ योगिनी माताहरू हुन् । ४र ५ श्लोकमा जुन ज्ञान पहिला गोप्य रूपमा रहेको थियो त्यसलाई कौलज्ञान मार्फत भूलोकमा प्रकट गरिएको छ। यस ज्ञानलाई अद्वैतनिष्ठ ज्ञान भनिएको छ र ९ र १० श्लोकमा कौलज्ञानलाई सबै ज्ञानमध्येको सारभूत ज्ञान भनिएको छ र यो ज्ञान कामरूपबाट ल्याइएको हो भनिएको छ । ११ र१२ श्लोकम कौलसिद्धहरू योगिनीका साथ एकीकृत भएर दण्ड र अनुग्रहको क्षमता प्राप्त गरेका हुन्छन् ।

अब २३ पटलको २-७ श्लोकमा विभिन्न कौल योगिनीहरू पृथ्वीमा कसरी र कुन रूपमा विचरण गर्छन् भन्नेबारेमा चर्चा गरिएको छ। उनीहरू विभिन्न पशु पक्षीका स्त्रीरूपमा जस्तै परेवी, गिद्धी, स्याल, उल्लू, बघिनी, हथिनी, मोरनी, कुखुरीरूपमा, यसैगरी घोडा, बाह्रसिंगा, मान्छे, गोरु, मुसा, भ्यागुताका रूपमा भ्रमण गर्छन् । योगिनी विभिन्न स्त्रीरूपमा भ्रमण गरिरहने हुनाले सफल र सुरक्षित जीवन चाहनेले योगिनीका बारेमा नराम्रो बोल्नु हुँदैन साथै कन्या, कुमारी र अन्य नारीहरूसित पनि रिसाएर कठोर बचन बोल्नुहुँदैन (२३.११) । कौलिकले नारीहरूलाई यथाशक्य आदर भाव र विभिन्न थरिका फूलले पूजा गर्नुपर्छ। साथसाथै रातो वस्त्र धारण गरेका विभिन्न अलंकारले सुशोभित नारीहरूलाई शक्तिस्वरूपा योगिनीका रूपमा ध्यान गर्नुपर्दछ (२३: १२-१५) । वीरसाधकले वाह्य पूजामा होइन मानस पूजामा र ध्यानमा जोड दिनुपर्दछ (२३:१६) ।

२४ पटलको १-३ श्लोकमा भैरवलाई कौलका स्वामी भनिएको छ र देवीले महाकौल, कुलज्ञान र महाज्ञानका बारेमा प्रकाश पार्न अनुरोध साथै

CC-0. Nepal Sanskrit Academy, Kathmandu

शरीरभित्र सिद्धपूजन प्रक्रियाका बारेमा समेत बताउन अनुरोध गरेकी छन् । वाह्यपूजाका बारेमा ४-१२ श्लोकमा रातो बस्त्र धारण गरेर चन्दन लगाएर खुसी भएर विविध थरिका फूलहरू खासगरी सुगन्धित राता फूल, रातो चन्दन, कस्तूरी, धूप, दीप, वस्त्र र बलि दिएर पूजा गर्नुपर्छ भनिएको छ तर वाह्यपूजाभन्दा आत्मनिष्ठ, मानसोपचार आन्तरिक पूजामा जोड रहेको छ ।

सोरह पटलमा भैरवले आपु नै विभिन्न रूपमा रहेको बताएका छन् । जस्तै शिव, भैरव, ईश्वर, श्रीकृष्ण, परमात्मा, अनन्त, महाकाल आदि । भैरवको यस अभिव्यक्तिले अद्वैतभाव प्रकट गर्छ । २४ पटलमा ६४ योगिनीहरू पृथ्वीमा अनेक रूपमा भ्रमण गरिरहेका छन् भनिएको छ र यस पटलमा देवीहरूको पूजापद्धतिको वर्णन गरिएको छ। देवी पूजापद्धतिको कौल विधान बुझ्न चाहनेले यहाँबाट बुझ्नुपर्दछ ।

कौ.ज्ञा.नि. अनुसार कौलज्ञान चन्द्रद्वीप कामाख्याबाट मत्स्येन्द्रनाथले प्राप्त गरेका थिए । उनले यो ज्ञान लोकहितका लागि यस ग्रन्थ मार्फत प्रस्तुत गरेका थिए । कौलज्ञान मत्स्येद्रनाथका अनुसार सबै ज्ञानको सारभूत ज्ञान हो (२२: ९-१२) ।

उनले नारीलाई पूज्या मानेका छन् (कौ.ज्ञा.नि. २३:१२) तान्त्रिक नाथपरम्परामा नारीलाई देवीका रूपमा मानिन्छ। नारी नै शक्ति हुन् र शक्तिलाई तन्त्रमा महामाया भनिन्छ। तन्त्रका मुख्य दश महाविद्या छन् प्रत्येक विद्यालाई एक देवीले प्रतिनिधित्व गर्दछिन् । १० महाविद्यालाई १० देवीहरू प्रतिनिधित्व गर्दछन्। मुख्य साधनाका देवीहरू ६४ योगिनी, ९ कात्यायनी हुन् ।

मत्स्येन्द्रनाथको कौलज्ञानअनुसार पञ्च मकारको प्रयोग र पञ्च पवित्राको प्रयोग साधनका रूपमा स्वीकार गरिएको छ भने गोरखनाथले **सिद्धसिद्धान्त पद्धतिमा** पञ्चमकारको यौगिक व्याख्या गरेर तान्त्रिक प्रयोगलाई योगको प्रयोगमा परिणत गरिदिएका छन् । म.ना.को तन्त्र प्रमुख साधना गो.ना.मा योग प्रमुख साधना बन्न पुग्यो । यी दुई गुरु शिष्यको मत्स्येन्द्रनाथ र गोरखनाथबिचको साधनाको सैद्धान्तिक भिन्नता यही हो ।

मदो मद्य मतिर्मुद्रा माया मीनं मन: पलम् ।
मूर्च्छनं मैथुनं यस्य तेनासौ शाक्त उच्यते (सि.सि.प.. ६:५०)

पञ्चमकार सहजा, कुलजा र अन्त्यजाका रूपमा पत्नी, वेश्या र अन्य नारीको साधनासिद्धिमा सहयोगी भूमिकालाई यौगिक व्याख्या गरेर अशारीरिक स्वरूपमा मात्र स्वीकार गरिएको छ। मत्स्येन्द्रनाथका अनुसार १. मद्य यानि मदिरा, २. मासु, ३ मीन यानि माछा, ४. मुद्रा यानि महिलासितको साधना विभिन्न आसनमा शारीरिक सहवास/ अभ्यास । ५. मैथुन यी पाँच मकार साधनाका रूपमा, नारी पुरुष, भैरव र भैरवीका रूपमा सह साधना, सह खानपीन र सहक्रिया स्वीकार गरिएको छ। यो विशुद्ध तान्त्रिक अभ्यास हो, साधना हो तर गोरखनाथले यस पञ्चमकारको योगशास्त्रअनुसारको व्याख्या गरेका छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

१. अहङ्कारका कारण जीवले आफूलाई सर्वशक्तिमान मान्नु नै मद हो, त्यसलाई अवधूत योगीका दृष्टिमा मद्य भनिन्छ । अहङ्कारको कारण उत्पन्न मदलाई गोरखनाथका अनुसार योगसाधनावाट प्राणायामवाट प्राप्त हुने नशामा परिणत गर्नुपर्दछ र योगीका लागि त्यो नै मद हो या मद्य हो ।
२. जीवको या साधकको कामना पूरा गर्ने अभिलाषा या इच्छा नै मति या बुद्धि हो यो नै गोरखनाथका दृष्टिमा मुद्रा हो ।
३. साधकको कुनै साधनाप्रति आसक्ति या माया नै मीन (माछा) हो ।
४. हाम्रो मन (जीव या साधक) नै मासु (पल) हो ।
५. गो.ना.का दृष्टिले प्राण र अपान वायुको ऐक्यता यानि मूर्च्छन (मनभित्रको लय) नै मैथुन हो ।

यसरी हामीभित्रका विभिन्न अङ्ग र साधनालाई गोखनाथले पञ्चमकारका रूपमा व्याख्या गरेर तान्त्रिक साधनालाई योगसाधनामा परिणत गरिदिए । गोरखनाथका अनुसार खास साधना योग साधना, प्राणायाम साधना नै हो । पञ्चपवित्राको प्रयोग उनले स्वीकार नै गरेनन् । गोरखनाथले हाम्रो शरीरका विभिन्न अङ्गले सारा ब्रह्माण्डका तत्त्वहरूको प्रतिनिधित्व गरेको मानेका छन् यस व्यष्टि पिण्डको बुझाइले सारा ब्रह्माण्ड यानि समष्टिपिण्ड बुझिन्छ भन्ने आशय नै उनको दार्शनिक ग्रन्थ सिद्धसिद्धान्तपद्धतिले स्पष्ट पारेको छ। उनको जोड चक्रसाधना या कुण्डलिनी साधनामा रहेको छ। तर मत्स्येन्द्रनाथको जोड सिद्धिप्राप्तिका लागि गरिने साधनामा रहेको छ। त्यसै अनुसारका सिद्धहरू पनि कौ.ज्ञा.नि.मा निम्नानुसार वर्गीकरण गरिएका छ ।

१. पाशस्तोभ, आफूलाई दुःख दिनेलाई नष्ट गर्ने या प्रभावहीन बनाउने
२. निग्रहानुग्रह, कसैलाई दण्ड दिन या काम गराउन शक्तिको सिद्धि
३. क्रामणम्, परकाया प्रवेशको सिद्धि
४. हरण, कसैलाइ टाढा लैजाने सिद्धि
५. प्रतिमा जल्पनम्, कुनै प्रतिमा या मूर्तिसँग वार्ता गर्ने सिद्धि
६. घटपाषाणस्फोटनम्, कुनै पनि पत्थर या घडालाई फोर्न सक्ने शक्तिको सिद्धि
७. मारण, कसैलाई मार्न सक्ने सिद्धि
८. उच्चाटन, टाढाबाट अर्काको मनमा व्याकुलता उत्पन्न गर्नसक्ने सिद्धि
९. स्तम्भन, कसैको प्राणलाई रोक्ने शक्तिको सिद्धि
१०. मोह, कुनै पनि व्यक्तिलाई अचेत गराउन सक्ने सिद्धि
११. शान्तिक, व्यक्तिको मनमा र वातावरणमा शान्तमय वनाउने शक्तिको सिद्धि
१२. पौष्टिक, शरीरमा पुष्टता या तागत बढाउने सिद्धि
१३. आकृष्टि, टाढाबाट आफूतर्फ आकर्षित गराउने शक्ति
१४. वशम्,अरूलाईआफ्नो वशमा राख्ने शक्ति (कौ.ज्ञा.नि.,परिच्छेद ४) ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

मत्स्येन्द्रनाथका अनुसार यी प्रत्येक सिद्धि निश्चित बीजमन्त्रको साधनासित जोडिएका छन्। हुँ मारणका लागि, युं, यः उच्चाटनका लागि, लुं, ल स्तम्भनका लागि, शुं, श शान्तिका लागि, क्लीं, क्ष्णीं वशीकरणका लागि, क्लें, क्ष्णें क्षोभण र मोहनी कर्मका लागि।

तन्त्रमा प्रत्येक अक्षर शिवको स्वरूप हो। शक्ति वर्ण र अक्षरका रूपमा प्रकट हुन्छ। वर्णमालाका अक्षर शाश्वत ब्रह्म, अनन्त शिवरूप हुन्। मन्त्र नै अक्षर र शब्दका रूपमा रहेको छ। मन्त्रको शुद्ध उच्चारण सिद्धि साधना जरुरी हुन्छ। तन्त्रसाधनामा वर्णमाला(अ-अः, क-ज्ञ) महाकालीका मुण्डमाला पनि हुन्।

कौलाचार वामाचारअन्तर्गत पर्दछ। वामाचारले इन्द्रिय दमन होइन वरु शमन गर्नुपर्ने मान्यता राख्दछ यसले भोग र योगलाई विपरीत होइन अन्तःसम्बद्ध मान्दछ। वामाचारमा चक्रानुष्ठान, शवसाधना, भगयोग, अघोर र कौलाचार यी सब गोप्य साधना हुन् परमशिव प्राप्तिका। चक्रपूजा अन्तर्गत वीरचक्र, राजचक्र, देवचक्र, महाचक्र र पशुचक्र साधना पनि पर्दछन्।

पिण्डमा चक्रहरूको अवस्था र कामरूप पीठ, पूर्णगिरि पीठ, जालन्धर पीठ र उड्डीयन पीठहरूको स्थिति र ब्रह्मग्रन्थि, विष्णुग्रन्थि र रुद्रग्रन्थि (कौज्ञानि ४ पटल)

काठमाडौँ उपत्यकामा बुङमतीको किनारमा र चोभारमा राता मच्छिन्द्रनाथको जनबहालमा र नालामा सेता मत्स्येन्द्रनाथको मन्दिर रहेको छ। वज्राचार्यहरूले तान्त्रिक विधिले आजापूजा गरेपछि वैशाख शुक्ल प्रतिपदा तिथिमा मत्स्येन्द्रनाथको जात्रा सुरु गरिन्छ र यो काम राष्ट्रप्रमुखको प्रतिनिधिको रोहबरमा मात्र चलाइन्छ र समापन पनि तान्त्रिक विधिअनुसार नै गरिन्छ। मच्छिन्द्रनाथ जात्रा ललितपुरको मुख्य पर्व हो। मत्स्येन्द्रनाथको नियमित पूजा नेपालमा जस्तो अन्त कतै देखिँदैन। भारतका प्रसिद्ध नाथकेन्द्रहरू जस्तै कदलीमठ, कर्नाटक, फतेहपुर राजस्थान, अस्थल बोहार, रोहतक हरियाणा र गोरनाथ मन्दिर गोरखपुरमा मच्छिन्द्रनाथलाई गोरखनाथका गुरुका रूपमा सम्मान गरिन्छ तर प्रमुख स्थान गोरखनाथलाई नै दिइन्छ भने नेपालमण्डलमा मच्छिन्द्रनाथको स्थान र सम्मान अवलोकितेश्वर बुद्धका रूपमा सर्वोच्च तहमा रहेको छ।

### ५.२ गोरक्षशतकम् (साराशंमा)

मीननाथ गुरुलाइ श्रद्धापूर्वक अभिवादन गर्दै परमानन्ददायी उत्तमज्ञान १०० श्लोकमा रचना गर्ने घोषणा गोरखनाथ गर्दछन् (१-४ श्लोक)। जीवजन्तुका ८४ लाख योनि मानिएका छन् त्यसै अनुरूप ८४ लाख आसन मानिएको छ। तीमध्ये प्रत्येक लाखलाई प्रतिनिधित्व गर्ने गरी ८४ आसन मानिएको छ। त्यसमा पनि सिद्धासन र कमलासनलाई उत्तम मानिएको छ। यी आसनमा बस्ने विधि गोरक्षशतकमा बताइएको छ (७-

CC-0. Nepal Sanskrit Academy, Kathmandu

१२) । योगीहरूले आफ्नै शरीरभित्र रहेका जान्नै पर्ने ज्ञान हो : षट्चक्र, १६ आधार, तीन लक्ष्य, पाँच आकाश । जसले यो शरीर एउटा खम्बा जस्तै हो यसमा नौवटा द्वारहरू छन् र यसका पाँच अधिदेवता छन् भनेर जान्दैन त्यो कसरी सिद्ध योगी हुन सक्छ ? (१३-१४) । षट्चक्रको वर्णन १५-२४ श्लोकमा गरिएको छ । चार दल कमलवाला आधारचक्र, ६ दल कमलवाला स्वाधिष्ठानचक्र, यी दुई चक्रका बिचमा योनिस्थान जसलाई कामरूपा भनिन्छ, १० दलकमलवाला मणिपुर चक (नाभिस्थान), १२ दल कमलवाला अनाहतचक्र (हृदयस्थान), १६ दल कमलवाला विशुद्धचक्र (कण्ठस्थान), भ्रूमध्ये द्विदल कमल आज्ञाचक्र र ब्रह्मरन्ध्रमा हजार दल कमल मानिएको छ ।

२५-३२ श्लोकमा नाडीस्थान र विभिन्न नाडीहरूका बारेमा वर्णन रहेको छ । जननेन्द्रियभन्दा माथि र नाभिभन्दा तल अण्डाजस्तो आकारको कन्दयोनि छ । त्यो ठाउँ ७२ हजार नाडीको उद्गम स्थल हो । ७२ हजारमध्ये १० नाडी प्रमुख छन् । ती हुन् इडा, पिङ्गला, सुषुम्णा, गान्धारी, हस्तजिह्वा, पुषा, यशस्विनी, अलम्बुसा, कुहू र शङ्खिनी । इडा बायाँ नाक, पिङ्गला दाहिने नाक, सुषुम्ना मध्यभागमा, गान्धारी बायाँ आँखा, हस्तजिह्वा दाहिने आँखा, पुषा दाहिने कान, यशस्विनी बायाँ कान, अलम्बुसा मुख, कुहू नाडी लिङ्गमा र शङ्खिनी गुदामा । यी सबै शरीरका द्वारसित सम्बद्ध छन् । नाडीको वर्णनपछि अव ३३-३७ श्लोकमा पाँच प्राण र पाँच उपप्राणको वर्णन रहेको छ । प्राण, अपान, समान, उदान र व्यान यी पाँच मुख्य वायु हुन् । प्राण वायु हृदयमा, अपानवायु गुदामा, समान वायु नाभिमा, उदान वायुमा घाँटीमा र व्यान वायु सारा शरीरमा व्याप्त । नागवायुले उल्टी गराउने, कुर्म वायुले आँखाका परेली चिमचिम गराउने, कृकल वायुले हाछ्यूँ र भोक प्यास र देवदत्तले आलस्य हाइ आउनु र धनञ्जय वायु शरीरभरि व्याप्त रहन्छ र मृत्युपछि पनि केही समय शरीरमा रहन्छ ।

प्राण र अपानवायुको स्वाभाविक गति, नाथयोगीको अजपा गायत्रीका बारेमा ३८-४६ श्लोकमा चर्चा रहेको छ । शरीरको गति प्राणी र अपानको गतिमा भर पर्छ । प्राण र अपानले एक आपसमा खिचातानी गर्दछन् । हकार ध्वनिका साथ प्राण बाहिर जान्छ भने सकार ध्वनिका साथ शरीरमा प्रवेश गर्दछ । यो श्वास र प्रश्वासको प्रक्रिया २४ घण्टामा २१६०० पटक हुन्छ । यो प्रक्रियालाई गोराखनाथले अजपा गायत्री भनेका छन् । यो गायत्री कुण्डलिनीबाट निस्कन्छ र शरीरमा असल प्रभाव पार्दछ । योगीले दुध, रसिलो र मीठो खाना खानुपर्ने तर नुनिलो, तितो र अमिलो नखाने उल्लेख भएको छ (५३-५५) । यसपछि महामुद्रा, नभोमुद्रा, उड्डीयान, जालन्धर र मूलबन्धका बारेमा चर्चा छ (५८-६०) । खेचरी मुद्रा र त्यसको प्रभाव (६३-७१), बिन्दु र रजको वर्णन (७२-७६), उड्डीयानवन्ध, जालन्धरबन्ध र मूलबन्धको वर्णन (७७- ८२), ॐकार साधना (८३- ९३),

CC-0. Nepal Sanskrit Academy, Kathmandu

प्राणलाई परिभाषित गरेको (९४), अनुलोम र विलोम र नाडी शोधनको साधनाले पाचन क्रिया सक्रिय हुने र साधक निरोगी बन्दछ भन्ने चर्चा रहेको छ (९५-१०१)।

## ५.३ सिद्धसिद्धान्तपद्धति

अक्षय कुमार बनर्जीका अनुसार गोरखनाथको ग्रन्थ सिद्धसिद्धान्तपद्धति सदियौँसम्म पाण्डुलिपिका रूपमा रहेको थियो। यसलाई पहिलो प्रकाशन सन् १९४०मा हरिद्वारबाट योगीन्द्र पूर्णनाथले गरेका हुन्। त्यसमा पण्डित द्रव्येश झाको संस्कृतमा व्याख्या र योगी भीष्मनाथको हिन्दीमा अर्थ समावेश गरिएको थियो। पछि गएर कल्याणी मल्लिकले अङ्ग्रेजीमा सारांशसहित कलकत्ता विश्वविद्यालयबाट सि.सि.प.को अर्को संस्करण निकालिन्। सि.सि.प.को कवितात्मक सारांशका रूपमा **सिद्धसिद्धान्तसंग्रह** नामक पुस्तक गोपीनाथ कविराजले सन् १९२५ मा प्रकाशित गरे। यो ग्रन्थ काशीका राजा कृष्णराजका आदेशमा बलभद्र नामका लेखकले लेखेको कुरा त्यही रहेको एउटा श्लोकमा स्पष्ट पारिएको छ। यस ग्रन्थमा सि.सि.प. बाहेक मत्स्येन्द्रनाथ, जालन्धर र भतृहरि र अन्यका उद्धरण पनि दिइएको छ। गोरखनाथका विचार र साधनालाई व्याख्या गरिएको छ। गोपीनाथको सिद्धसिद्धान्तसंग्रहले सि.सि.प.लाई बुझ्न सहज बनाएको छ (बनर्जी १९६२:२७-२८)।

शरीरको महत्त्वलाई तन्त्रशास्त्रले र नाथयोग दर्शनले बुझाएको छ। योगदर्शनमा पनि पतञ्जलि योगदर्शनले चित्त र चेतनामा बढी जोड दिन्छ। नाथयोग दर्शन खासगरी गोरखनाथ दर्शनमा मानव शरीर र ब्रह्माण्डको भौतिक अवस्था दुवैलाई पिण्ड शब्दले बुझिन्छ, व्यष्टि पिण्ड र समष्टिपिण्ड। नाथदर्शनको आधारग्रन्थ गोरखनाथको *सिद्धसिद्धान्तपद्धति*लाई मानिन्छ। यस ग्रन्थको धेरै भाषामा अनुवाद भएको छ। नेपालीमा पछिल्लो अनुवाद २०७७ सालमा योगी सिंहनाथ (डा.कर्ण बहादुर थापा)ले गर्नुभएको छ। यो ग्रन्थ भारतका धेरैजसो भाषामा अनूदित भइसकेको छ र कल्याणी मल्लिक र स्वामी द्वारिकादास शास्त्रीको संस्कृत हिन्दी अनुवाद बजारमा उपलब्ध छ। *सिद्धसिद्धान्तपद्धति*का केही झिल्काहरू सधुक्कडी भाषामा रहेका *गोरखवाणीमा* पनि पाइन्छ। गोरखनाथको दर्शन मुख्य रूपमा व्यष्टि पिण्ड रं समष्टिपिण्डको अन्तःसम्बन्धमा केन्द्रित रहेको छ।

सि.सि.प. सृष्टि वर्णनको चर्चाका साथ सुरु भएको छ। पहिलो उपदेशको नाम पिण्ड उत्पत्ति हो। सर्वप्रथम सृष्टिपूर्व पर ब्रह्म अव्यक्त र नाम रहित (अनामा) अवस्थामा छ। त्यसका पाँच शक्ति र गुण छन्। ती हुन् : अनामा, परा, अपरा, सूक्ष्मा र कुण्डलिनी। यीमध्ये प्रत्येकका अधिष्ठाता छन् जस्तै निजाका अपरम्पार, पराका परमपदम्, अपराका शून्यम्, सूक्ष्मका निरञ्जनम् र कुण्डलिनीका परमात्मा। यी पाँचका पनि प्रत्येकका पाँच गुण छन्। प्रत्येक अधिष्ठाता एउटा विशिष्ट कार्यजस्तै

CC-0. Nepal Sanskrit Academy, Kathmandu

अपरम्परको स्फुरता(उत्साह), परमपदको भावना, शून्यको स्वसत्ता, निरञ्जनको स्वसाक्षात्कार (अहंकार), परमात्माको समष्टिपिण्ड उत्पन्न । ती पाँच शक्तिमध्ये प्रत्येकका पाँच पाँच गुणहरू छन् त्यसरी २५ गुण भए । यसरी २५ गुणवाला परपिण्ड आविर्भाव भयो । आद्यपिण्डबाट पञ्चमहाभूत भयो । प्रत्येक महाभूतका पाँच पाँच गुण या लक्षण छन् । पञ्चतत्त्वात्मक महासाकार पिण्ड पचीर गुणयुक्त छ (१.१-३६) । व्यष्टिपिण्ड शरीरमा पृथ्वीका पाँच तत्त्व हुन् : हाड, मासु, छाला, नाडी (स्नायु), र रौं । जलतत्त्वका पाँच गुण हुन् : र्‍याल, मूत्र, शुक्र, रगत, पसिना । अग्निका पाँच गुण : भोक, तीर्खा, निद्रा, कान्ति र आलस्य । वायुतत्त्वका गुण : धावन, भ्रमण, प्रसारण, आकुञ्चन र निरोधन (रोक्ने) । आकाशतत्त्वका पाँच गुण: राग द्वेष, भय, लज्जा र मोह । (१.३९-४३) । पाँच मूल तत्त्वका पाँच पाँच गरी २५ गुणहरूबाट हाम्रो शरीर बनेको छ ।

यस भौतिक शरीरलाई सञ्चालन गर्ने अन्तःकरणका पाँच वृत्तिहरू छन् । ती हुन् : मन, बुद्धि, अहङ्कार, चित्त र चैतन्य । यिनका पनि प्रत्येकका पाँच पाँच गुणहरू छन् यसरी यी २५ अन्तःकरणका गुणहरू सूक्ष्म शरीरका गुणहरू भए । यिनले नै भौतिक शरीरलाई सञ्चालन गर्दछन् (१.४४-४९) । गोरखनाथका अनुसार यी पाँच अन्तःकरणलाई पनि सञ्चालन गर्ने पाँच मुख्य भावहरू छन् जसलाई कुलपञ्चक भनिन्छ । कुलको अर्थ समूह हो । ती हुन् : सत्त्व, रज, तम, काल र जीव । यिनका पनि प्रत्येकका पाँच पाँच कार्यगुणहरू छन् र यसरी २५ कार्य गुणहरू भए (१.४९-५५)।

गोरखनाथका अनुसार यो ब्रह्माण्ड बुझ्नका लागि हाम्रो शरीर बुझ्न जरुरी हुन्छ । गोरखदर्शनका दृष्टिले शरीर बुझेर मात्र ब्रह्माण्ड बुझिन्छ यसलाई 'पिण्डसंवित्ति' भनिन्छ यसको अर्थ पिण्डको ज्ञान हो । सबैभन्दा पहिला यस ब्रह्माण्डको निर्माणप्रक्रिया र हाम्रो शरीरको निर्माणप्रक्रियामा सामञ्जस्य छ त्यसैले हामीलाई यो प्रक्रिया थाहा हुनुपर्‍यो । यसलाई गोरखनाथले 'पिण्डोत्पत्ति' भनेका छन् । आद्यपिण्ड या हिरण्यगर्भ पञ्चमहाभूतको कारण हो यानि त्यसबाट आकाश, वायु, अग्नि, जल र पृथ्वीको उत्पत्ति भयो । प्रत्येक महाभूतका पाँच पाँच विशेषता या गुण रहेका छन् । चन्द्रका १७ कला, सूर्यका १३ कला र अग्निका ११ कला रहेका छन् । चन्द्र, सूर्य र अग्निको अन्तिम कला स्थायीरूपले रहने अंश हो त्यसैले चन्द्रलाई १६ कलावाला, सूर्यलाई १२कलावाला र अग्निलाई १० कलावाला भनिन्छ । अभिन्न । शरीरमा सयौं नाडीमध्ये १० नाडी मुख्य मानिन्छ । मानव शरीर या व्यष्टि पिण्ड १० वायुको खेल मैदान हो । ती दश वायु हुन् : प्राण, अपान, समान, उदान र व्यान, नाग, कूर्म, कृकल, देवदत्त र धनञ्जय । दश वायुको सम्बन्धबाट नरनारी स्वरूप पिण्डको उत्पत्ति हुन्छ (सि.सि.प. १:६५-६९) । सम्भोग प्रक्रियाबाट पुरुषको वीर्य र स्त्रीको रजको संयोग हुन्छ अनि गर्भाधान हुन्छ । सि.सि.प.का पिण्डोत्पत्ति

CC-0. Nepal Sanskrit Academy, Kathmandu

खण्डमा गर्भाधानको पहिलो दिनदेखि शिशु नजन्मिँदासम्मको भ्रूण विकासक्रमको विस्तारित वर्णन गरिएको छ। साथै सन्तानको लिङ्ग निर्धारण हुने कारण, सन्तान अपाङ्ग हुने कारण समेत स्पष्टरूपमा दिइएको छ (सि.सि.प. १:७०-७३)।

प्रत्येक व्यक्तिको शरीरभित्र कुन अङ्गको के महत्त्व छ भन्ने कुरा यस पुस्तकको दोस्रो खण्ड पिण्डविचारमा दिइएको छ। गोरखदर्शनअनुसार हाम्रो शरीरमा नौ चक्र छन् र यी चक्रहरू शरीरका शक्ति केन्द्र हुन्। तिनको नाम यस्तो छ : १. ब्रह्मचक्र मूलाधारमा, २.स्वाधिष्ठानचक्र, ३.नाभिचक्र, ४. अनाहतचक्र, ५. कण्ठचक (विशुद्धचक्र), ६. तालुचक्र, ७.भ्रूचक्र (आज्ञाचक्र), निर्वाणचक्र (ब्रह्मरन्ध्र) र ९.आकाशचक्र। त्यसैगरी मानव शरीरमा १६ आधारहरू रहेका छन् र यी ऊर्जाप्रवाह अडिने स्थान हुन्। ती निम्नानुसार छन् : पादाङ्गुष्ठ, मूलाधार, गुदाधार, लिङ्ग आधार, उड्डियाण, नाभि आधार, हृदय आधार, कण्ठ आधार, घण्टिका आधार, आलु आधार, जिह्वा आधार, भ्रूमध्याधार, नासिका आधार, कपटाधार, ललाटाधार र ब्रह्मरन्ध्र आधार।

चक्र र आधारजस्तै शरीरमा तीन लक्ष्यहरू पनि छन् : अन्तर्लक्ष्य, बहिर्लक्ष्य र मध्यलक्ष्य। त्यसैगरी हाम्रा शरीरभित्र पाँच आकाश रहेका छन्। तिनलाई "व्योमपञ्चक" भनिन्छ। ती हुन् : आकाश, पराकाश, महाकाश, तत्त्वाकाश र सूर्याकाश (सि.सि.प. २: १-३०)। यसको महत्त्व नाथपरम्परामा अत्यधिक रूपमा स्वीकार गरिएको छ। जसले नवचक्र, १६ आधार, तीन लक्ष्य, पाँच आकाशका बारेमा जान्दैन त्यो योगी हुन सक्दैन (२:३१)। सि.सि.प.को दोस्रो खण्डको अन्तमा अष्टाङ्ग योग : यम, नियम, आसन, प्राणायाम, प्रत्याहार, धारणा, ध्यान र समाधिको सूत्रबद्ध चर्चा गरिएको छ।

सि.सि.प.को तेस्रो उपदेश जसलाई पिण्डसंवित्ति नामाकरण दिइएको छ। यसको अर्थ पिण्डको ज्ञान हो। पहिलो सूत्रमा पिण्ड संवित्तिको परिभाषा दिएको छ। जसले यसै शरीरमा समस्त ब्रह्माण्डको चर अचरको ज्ञान प्राप्त गर्दछ त्यो पिण्ड ज्ञानी हो त्यसैलाई पिण्डसंवित्ति भनिन्छ (३.१)। हाम्रो शरीरमा पाइतालादेखि पिँडुला जाँघसम्म सात पाताललोकहरू रहेका छन्। यसै शरीरमा २१ ब्रह्माण्डका स्थानहरू रहेका छन् जस्तै मूलाधार क्षेत्र पृथ्वीस्थल, लिङ्गस्थानमा अन्तरिक्षस्थल र नाभिस्थान आकाश या स्वर्गस्थल हो। हृदयमा रुद्रलोक, घाँटीमा नीलकण्ठ प्रदेश तालुमा शिवलोक र जिब्रोमा भैरवलोक, ब्रह्मरन्ध्रमा ब्रह्मलोक, त्रिकुटीमा शक्तिलोक रहेका छन् (सि.सि.प. ३:२-५)। सात द्वीप , सात समुन्द्र, विभिन्न पर्वतहरू मानव शरीरका विभिन्न अङ्गमा रहेका छन् भने विभिन्न नदीनाला ,२७ नक्षत्र, १२ राशि र ९ ग्रह शरीरका नाडीहरूमा घुमिरहन्छन्। मुनिहरू, देवताहरू,शक्तिपीठहरू रौंका छेदहरूमा छन्, दानव राक्षस हाडका

CC-0. Nepal Sanskrit Academy, Kathmandu

जोर्नीहरूमा, अनेक थरिका कीटाणु शरीरको मलमा, मेघहरू आँसुमा, तीर्थहरू शरीरको मर्मस्थलमा बास गर्छन् (सि.सि.प. ३:७-१२)।

गोरखनाथले स्वर्ग, नरक, बन्धन र मुक्तिसम्बन्धी अवधारणाका बारेमा सबैले बुझ्ने गरी स्पष्ट परिभाषा दिनुभएको छ। स्वर्ग, नरक, बन्धन र मुक्ति यसै जीवनका भोगाइसित सरोकार राख्छन् र यी रहस्यात्मक विषयवस्तु होइनन्।

स्वर्ग, नरक, बन्धन र मुक्तिका सम्बन्धमा नाथयोगका दृष्टिकोण तलका परिभाषाबाट स्पष्ट हुन्छ।

"यत् सुखम् तत् स्वर्गम्", जीवनमा सुख नै स्वर्ग हो।

"यद् दु:खम् तन्नरकम्" जीवनमा दु:ख नै नरक हो।

"यत् कर्म तद् बन्धनम्" कामनासहित गरिने कर्म नै बन्धन हो।

"यन्निर्विकल्पम् तन्मुक्ति" इच्छारहित चित्तको अवस्था निर्विकल्प हो र त्यो नै मुक्ति हो (३:१२)। यस मानव शरीरमा सारा ब्रह्माण्ड व्याप्त छ भनेर जान्ने व्यक्ति पिण्डसंविति हो (३.१३)।

*सिद्धसिद्धान्तपद्धति*को चौथो खण्डको शीर्षक पिण्ड आधार हो यसमा कुल अकुल शक्तिलाई समस्त पिण्डको आधार मानिएको छ। कुल भनेको शक्ति हो र अकुल भनेको शिव हो। सृष्टिको आधार कुल शक्ति हो, त्यो भनेको कुण्डलिनी शक्ति हो। शिव समर्थवान् भएको शक्तिका कारणले मात्र हो। यो अनन्त शक्ति प्रत्येक व्यक्तिको शरीर भित्र विद्यमान छ। साधनाका अभावले सुषुप्त अवस्थामा रहेको छ, यो शक्ति व्यर्थ गइरहेको छ। गोरखनाथका अनुसार कुण्डलिनी जागरण, कुण्डलिनी ऊर्ध्वगमन नै आत्मसाक्षात्कारको बाटो हो। कुण्डलिनीको शक्ति निपातलाई अध, मध्य र ऊर्ध्वगरी तीन भागमा बाँडिएको छ। मूलाधारमा रहेको कुण्डलिनी अध शक्ति हो, मणिपुरचक्र या नाभिचक्रमा रहेको मध्यशक्ति र ब्रह्मरन्ध्रमा या सहस्रदलमा रहेको ऊर्ध्वशक्ति हो।

कुण्डलिनी माथिबाट तलतिर फर्किएको मूलाधारको नजिक मुख गरेर सुतिरहेको हुनाले जबसम्म मूलाधारको कुण्डलिनी जागृत हुँदैन तबसम्म अरू कुण्डलिनी सक्रिय हुन सक्दैनन् त्यसैले यो मूलाधार सबैभन्दा महत्त्वपूर्ण स्थान हो र यसैकारण मूल आधार या आधार भनिएको हो। सिद्धासन या पद्मासनमा बसेर त्रिबन्धको अभ्यास, अश्विनी मुद्रा कुण्डलिनी जागरणका लागि उपयोगी मानिन्छन्। मूलाधारको कुण्डलिनीलाई स्थूलरूपा सृष्टिकुण्डलिनी पनि भनिन्छ, त्यो जागृत हुनेबित्तिकै शक्तिको ऊर्ध्वगमन सुरु हुन्छ र मानिस सानातिना चिन्ताबाट मुक्त हुन्छ। मणिपुर या मध्य कुण्डलिनी ज्ञानरूपा प्रबोधनी मानिन्छ भने सहस्रारचक्र या ऊर्ध्व कुण्डलिनीलाई आदिनाथ स्वरूप मानिन्छ (सि.सि.प. ४: ४-२७)। शिवको भित्र शक्ति र शक्तिको भित्र शिव रहन्छन्। यिनीहरू अभिन्न छन्, पहिचान गर्न नसकेर समस्या हो। शक्ति ऊर्ध्वपात भएपछि परम पद प्राप्त हुन्छ त्यही नै योग साधकको एवम् सिद्धको लक्ष्य हो (४:२७)।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

सि.सि.प.को पाँचौं उपदेशलाई पिण्डपदयोः समरसता भनिएको छ। यसको अर्थ व्यष्टि पिण्ड र समष्टिपिण्डका बिचको एकता हो। कुण्डलिनी जागृत गरेर शक्ति र शिवको मिलन, कुल र अकुलको मिलन गराएर व्यष्टि पिण्ड र समष्टिपिण्डका बिचको एकता स्थापित हुन्छ। (५:१-२). स्वयं शिवका मुखबाट पनि परमपद स्वयंसंवेद्य भनी अभिव्यक्त भएको छ (५:३)। परमपद प्राप्तिमा गुरुले देखाएको मार्ग नै सन्मार्ग हो, योगमार्ग सन्मार्ग हो अरू सबै पाखण्ड हो। गुरुकृपा नै परमपद प्राप्तिको मुख्य माध्यम हो। जीवात्मा र परमात्माको अभेदता, व्यष्टिपिण्ड र समष्टिपिण्डको एकता हो र यो गुरुकृपाबाट मात्र सम्भव हुन्छ (५:४-७)। परमपद प्राप्ति र व्यष्टिको समष्टिसित एकता योगमार्गबाट सम्भव छ (५:२१)।

अनुभवबाट सिद्धसाधकले परमपद जान्न सक्छ त्यसैले यसलाई स्वयंसंवेद्य भनिएको छ। व्यष्टि पिण्ड र समष्टिपिण्ड यी दुई अलगअलग देखिए पनि अन्ततः व्यष्टि पिण्ड समष्टिपिण्डमा समाहित हुन्छ, यसलाई सिद्धसिद्धान्तको भाषामा 'समरसता' भनिन्छ। आफ्नै शरीरमा साधनाका माध्यमले जड र चेतनको मिलन हुने, प्राणायाम अन्ततः ध्यानमा परिणत हुन सक्ने अवस्था नै समरसता हो। यो नै देहसिद्धिको अवस्था हो। नाथयोगको एउटा मुख्य लक्ष्य देहसिद्धि, कायासिद्धि या पिण्डसिद्धि हो। पिण्डसिद्धि भएपछि अष्टसिद्धिको ढोका खुल्छ (सि.सि.प.६:१७-१९)। सि.सि.प.को पाँचौ खण्डमा यही समरसताको विस्तृत वर्णन रहेको छ। यसमा जीवात्माको वास्तविक स्वरूपसहज, संयम, सोपाय र अद्वैतबाट परिलक्षित हुन्छ। जीवात्मा र परमात्माबिचको अभेदतालाई सहज भनिन्छ। इन्द्रियसहित मनलाई आत्मामा लगाउनु संयम हो। स्वकीयस्वरूपमा हुने स्थितिलाई सोपान भनिन्छ। आत्माको अद्वैत स्वरूपलाई परमपद भनिन्छ (५:२५-३०)।

नाथपरम्परामा योगमार्गलाई 'स्वमार्ग' भनिएको छ र यसभन्दा अर्को उत्तम मार्ग छैन भनिएको छ (५-२०,२१)। नाथपरम्पराको कुनै पनि साधनामा गुरुको धेरै ठुलो महत्त्व छ। गुरुको सहयोगविना योगसाधना, प्राणायाम र कुण्डलिनी जागरण साधना गर्नु हुँदैन (सि.सि.प. ५:६-९; ३१-३५, ५६, ५७; ६:७३)। 'न गुरोरधिकं' योगमार्गमा गुरुभन्दा ठुलो अरू कोही छैन। गुरुको लक्षणका बारेमा भनिएको छ जो करुणामयी छ, परमपदका बारेमा जानकारी गराँउछ र जसले अष्टपाशलाई नाश गरिदिन्छ। अष्टपाश भनेका जन्म, बुढौली, व्याधि, मरण, काम, क्रोध, अभिमान र अविद्या हुन्। योगज्ञान नभएको वाग्जाल प्रपञ्ची व्यक्ति योग गुरु हुन सक्दैन। उत्तम गुरुका निर्देशनअनुसार साधना गऱ्यो भने साधक क्रमशः १२ वर्षको साधनापछि सिद्ध बन्दछ।

गुरुबाट दीक्षा लिएर योगसाधना गर्ने साधकले एक वर्षको साधनाले निरोगी बन्छ, दुईवर्षको साधनाले अन्य भाषा बोल्न सक्ने शक्ति, तेस्रो

CC-0. Nepal Sanskrit Academy, Kathmandu

वर्षको साधनाले देहसिद्धि र देहमा दिव्यता, चारवर्षको साधना गर्नाले भोकप्यासमा विजय र टाढा टाढाको शब्द सुन्ने क्षमता, पाँच वर्षको साधनाले वाक्सिद्धि र परकाया प्रवेश क्षमता प्राप्त हुन्छ। छ वर्षको साधनाले शरीर पुष्ट अस्त्र शस्त्र प्रहारले नोक्सान पुऱ्याउन नसक्ने, सात वर्षको साधनाले आकाशमा उड्न सक्ने र दूरदृष्टि, आठ वर्षको साधनाले अणिमादि अष्टसिद्धि प्राप्ति हुन्छ। नौ वर्षको साधनाले शरीर वज्रकाय बन्छ, यथेष्ट दिशामा भ्रमण गर्न सक्ने हुन्छ। दश वर्षको साधनाले वायुमाथि आधिपत्य प्राप्त गर्दछ, वायुवेगले हिँड्न सक्ने हुन्छ। एघार वर्षको साधनाले सर्वज्ञ र ऋद्धिसिद्धिको स्वामी, बाह्र वर्षको साधनाले शिव सरह जगत्सृष्टि र जगत्संहारको क्षमता प्राप्त हुन्छ। भैरवस्वरूप तीनै लोकमा पूज्य, त्यो योगी शिवस्वरूप हुन्छ (५:३६-४४)।

सिद्धहरूको पाँच वंशपरम्पराको चर्चा पनि गरिएको छ। ती हुन् : आइ परम्परा, विलेश्वर परम्परा, विभूति परम्परा, नाथपरम्परा र योगीश्वर परम्परा (५: ४५)। योगका पाँच अवस्था : स्थूल, सूक्ष्म, कारण, तुर्य, तुर्यातीत। योगका यी पाँचै अवस्थाको ज्ञाता योगी नै सिद्ध र योगेश्वर हो। योगसाधना सिद्ध भएपछि योगी कर्त्तव्याकर्त्तव्यबाट मुक्त हुन्छ (५:५५-६३)। गुरुकृपाविना योगसाधना सिद्ध हुन सक्दैन, परमपद पनि बुझिँदैन र समरसतामा पुगिँदैन। नाथपरम्परामा गुरुको अतिशय महत्त्व रहेको कुरा शिवले नै दोहऱ्याएर तेहऱ्याएर भनेका छन् (सि.सि.प.को (५:६५-८४)। गुरुकृपाविना परमपद, व्यष्टि समष्टिरूप पदपिण्डको एकता, समरसता सम्भव छैन, छैन, छैन।

सि.सि.प.को छैठौँ उपदेशमा अवधूतयोगीको लक्षणको चर्चा गरिएको छ। सबै प्रकृति विकारहरूलाई त्याग गरेर निर्मल भएको योगी अवधूत हो भने योगसाधक योगी हो। अखण्ड ज्ञानस्वरूप योगी अवधूत हो (६:१)। पञ्च क्लेशलाई पार गरेको, तीन अवस्थाबाट अप्रभावित, कौपिन, पादुका, मृगचर्म, विभूति धारण गरेको, मेखला, कुण्डल, जपमाला लिएको, खेचरी मुद्राले सहस्रारबाट निस्केको अमृत पान गर्ने, वज्रोलीद्वारा बिन्दुलाई ऊर्ध्वमुख गराएको, आत्मस्वरूपमा प्रतिष्ठित, जितेन्द्रिय, ब्रह्मचारी, गृहस्थ, वानप्रस्थी र सन्न्यासी, त्रिदण्डी, एकदण्डी, शैव, शाक्त, पाशुपत, वीरशैव, निर्वाण सन्न्यासी, कापालिक, महाव्रत, कुल, अकुल, शाक्त, वैष्णव, भागवतका सबै लक्षण समेटेको योगी अवधूत हो (६: ३-५७)। गुरुलाई व्यवहारभेदले शैव, सिद्धयोगी र योगीराट् भनिन्छ। योगीका दृष्टिमा प्राण र अपानको ऐक्यता नै मैथुनक्रिया हो, त्यो नै समाधिको शक्तिमा लीन हुने शाक्त हो (सि.सि.प. ६:३९-६९)। गुरुकृपाविना परमपद सामरस्य केही प्राप्त हुँदैन। सि.सि.प.को महत्त्व र पठनको अधिकारीको चर्चा रहेको छ (६: १०३-११६)। गोरखनाथले मत्स्येन्द्रनाथलाई आदर्श गुरु मानेका छन्।

दशनामी सन्न्यासीहरूले अभिवादनका लागि 'नमो नारायण' निम्बार्की वैष्णवहरूले 'राधेश्याम या राधे राधे' श्रीवैष्णवले 'लक्ष्मीनारायण',

CC-0. Nepal Sanskrit Academy, Kathmandu

रामानुजीहरूले 'सीताराम' भनेझैं नाथहरूले अभिवादनका लागि 'आदेश' शब्दको प्रयोग गर्छन्। यसलाई गोरखनाथले आत्मा, परमात्मा र जीवात्मा बुझाउने एकल शब्द भनेर परिभाषित गरेका छन्।

आत्मेति परमात्मेति जीवात्मेति विचारणे।
त्रयाणामैक्यसम्भूतिरादेश इति कीर्तितः॥ (सि.सि.प. ६:९६)

गोरखनाथका परम्परामा चौरङ्गीनाथले *प्राणसंकली* नामक आफ्नो रचनामा सिद्धसिद्धान्तपद्धतिको विचारलाई दोहोऱ्याउँदै भनेका छन् : जे ब्रह्माण्डमा छ त्यही कुरा व्यष्टि पिण्डमा छ। साधनाका लागि शरीर नै सर्वश्रेष्ठ साधन हो। ज्ञानका लागि शुद्ध शरीर आवश्यक छ तर पिण्डज्ञान नभई शरीर शोधन हुदैन र शरीर शोधन नभई कुनै व्यक्ति योगी हुन सक्दैन। वास्तवमा मन र पवनको साधनाले शरीर शुद्ध हुन्छ। यस सम्बन्धमा नाथयोगी गोपीचन्द भन्छन्, मनको चञ्चलताले पवन चञ्चल हुन्छ र पवन चञ्चल भएपछि बिन्दु अस्थिर हुन्छ, यसले अन्ततः पिण्डपात गराउँछ। गोरखवाणीमा गोरखनाथ भन्छन् साधक योगी मनले पवनलाई र पवनले मनलाई बाँध्दछ र यो साधनासिद्ध हुनु नै उन्मनी अवस्था हो (२००३, पृ.८१)।

गोरखनाथ रचित *सिद्धसिद्धान्तपद्धति*ले गुरुका ३६ लक्षण र शिष्यका ३२ लक्षण मानेको छ। यी ३२ लक्षणबाट ३६ लक्षणमा पुग्न शिष्यले आठओटा परीक्षा पास गर्नुपर्छ। गुरुका प्रमुख तीन कार्य मानिएको छ : पूरण, पोषण र बोधन। शिष्यमा कमी रहेका चार तत्त्व पूरा गरिदिन्छ त्यो पूरण हो। शिष्यलाई जीवन जगत्बारे यथार्थता केहो त्यसको ज्ञान दिएर उसलाई जगाइदिन्छ त्यो उद्‌बोधन हो। शिष्यमा सुषुप्त शक्ति योग साधना गराएर उद्‌घाटित गरिदिन्छ र उसको पोषण गर्दछ। गुरुले नै अमृतपान गराउने हो त्यसैले साधक निगुरा होइन सगुरा हुनुपर्दछ। गुरुले योगका चार अवस्था आरम्भ, घट, परिचय र निष्पत्तिबारे जानकार गराउँछ। योगसाधनाले यस कायामा नै निर्वाण पद प्राप्त हुन्छ। योगीका लागि दुई तत्त्व मात्र प्रमुख छन् पिण्ड र ब्रह्माण्ड। परमतत्त्व पिण्ड र ब्रह्माण्ड दुवैमा समानरूपले विद्यमान छ। एउटाको सार बुझेपछि अर्को स्वतः बुझिन्छ। पिण्डज्ञान भनेकै ब्रह्माण्ड ज्ञान हो। त्यसैगरी आत्मज्ञान भनेकै ब्रह्मज्ञान हो। त्यसैले यी दुईको एकत्वलाई नै समत्व या समरसत्व भनिएको हो। त्यसैले गोरखनाथले पिण्डमाथि धेरै जोड दिएका छन्। उनले पिण्डमा ब्रह्माण्ड खोज भनेका छन् र यही प्रक्रियामा सबै सिद्धिहरू प्राप्त हुन्छन्। यही हो पिण्डब्रह्माण्डवाद। योगसाधनाबाट नै व्यष्टिपिण्डबाट परपिण्ड, पिण्ड एकत्व र समरसत्व बुझ्न सकिन्छ (सि.सि.प. ५: ९-१२)।

## ५.४ गोरक्षयोगशास्त्र (नेपालमा प्राप्त नाथग्रन्थको पाण्डुलिपि)

**गोरक्षयोगशास्त्र**को पाण्डुलिपिमा संस्कृतका श्लोक नेवारी स्क्रिप्टमा लेखिएका छन्। नेपाल नाथयोगको भूमि हो। अहिले पनि नछापिएका

CC-0. Nepal Sanskrit Academy, Kathmandu

अनेकौं पाण्डुलिपि यताउता पाइन्छन्। एउटा अति महत्त्वपूर्ण नाथयोगमा आधारित हस्तलिखित ग्रन्थ *गोरक्षयोगशास्त्र* नेवारी स्क्रिप्टमा उपलब्ध छ। यसमथि अनुसन्धान गर्ने काम निल्स ज्याकोब् लिचले गरेर त्यस अनुसन्धानलाई अंग्रेजीमा आफ्नो ब्लगमा राखेका छन् र यस पाण्डुलिपिबारे सूचना दिएका छन्। यस ग्रन्थमा ६५ वटा श्लोक अनुष्टुप छन्दमा रहेकाछन्। योगसम्बन्धी विषयवस्तुलाई देवी र ईश्वरबिच संवदमार्फत प्रस्तुत गरिएको छ। लेखकको नाम दिइएको छैन। यसको पाण्डुलिपि पुरातत्त्व संग्रहालयको Ms. No. 332 and inventory Nr. 39641. मा छ र डिजिटल फर्म कालोसेतो माइक्रोफिल्म Reel Nr. B 22-448 on 24.09.1970, and Reel Nr. A 1333-229 on 29.08.1988 मा उपलब्ध छ साथै यसको प्रति Staatsbibliothek zu Berlin बर्लिन, जर्मनीमा पनि राखिएको छ। यस ग्रन्थमा देहसिद्धिलाई लक्ष्य मानिएको छ, जो नाथयोगको मुख्य लक्षय हो। विद्वान्हरूले अड्कल गरेका छन्, यो सम्भवत: १५ औँ शताब्दीको ग्रन्थ हुनुपर्छ। यसमा दिइएको धेरै जसो विषयवस्तु **अमृतसिद्धि** ग्रन्थिसत मिल्छन्।

गोरक्षयोगसूत्रमा सूर्य, चन्द्र, अग्नि, दश नाडी, पञ्चवायु, मन र बिन्दुको प्रसङ्ग छ। सुरुदेखि ३२ श्लोकसम्म योग अभ्यासबारे र यसका लाभबारेमा चर्चा रहेको छ भने ३२ श्लोकदेखि देखि ६५सम्म ध्यानयोग बारेमा चर्चा रहेको छ। ३४ श्लोकमा शरीरका तीन ठाउँमा तीन देवको स्थान तोकिएको छ, शिरमा शिव, हृदयमा विष्णु र नाभिमा ब्रह्मा,। ३५, ३६ श्लोकमा शरीरका यी तीनै ठाउँमा विशेष तेज रहेको छ भनिएको छ र योगीले यिनै त्रितेजको ध्यान गर्नुपर्छ भनिएको छ। ३९औं श्लोकका अनुसार त्रितेजको ध्यानबाट आत्मा जागृत हुन्छ। ४५देखि ५५श्लोकमा ध्यानलाई शून्य, अतिशून्य र महाशून्यमा बाँडिएको छ। ५६-६२ श्लोकमा तीन प्रकारका ध्यानले मुक्तिको मार्ग प्रशस्त गर्छन् भनिएको छ र यिनको सम्बन्ध नाभि, हृदय र शिरसित जोडिएको छ। अन्तिम ६३-६५ श्लोकमा योग सिक्ने र सिकाउने कुरालाई निकै महत्त्व दिइएको छ।

यस ग्रन्थलाई हठयोगप्रदीपिकाभन्दा पुरानो भएको अड्कल काटिएको छ किनभने यसमा महामुद्रा, महाबन्ध, महाबेधको चर्चा त गरिएको छ तर किटानी नाम जस्तै मूलबन्ध, जालन्धर बन्ध र उड्डीयान बन्ध दिइएको छैन। जे भए तापनि यस ग्रन्थमा दिइएको षट्चक्रको कुरा, मुद्रा, बन्ध र बेधको कुरा दत्तात्रेय योगशास्त्र (३:५.६) र हठयोगप्रदीपिका (३:५५-६०)मा दिएअनुसार मिल्छ। यस *गोरक्षयोगशास्त्र* ग्रन्थले नाथयोग चिन्तन र योगसाधना परम्पराको गहिरो जरा नेपाली भूमिमा रहेको स्पष्ट पार्छ।

**गोरक्षयोगशास्त्र**को पाण्डुलिपिमा संस्कृतका श्लोक नेवारी स्क्रिप्टमा लेखिएका थिए। गो. यो. शा. लाई नेवारीबाट जर्मन भाषामा र जर्मनीबाट अङ्ग्रेजीमा र त्यसबाट मैले नेपालीमा अनुवाद गरेको छु। (लेच निल्स ज्याकोब सम्पादित गोरक्षयोगशास्त्र)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

ग्रन्थको सुरुमा आदिनाथलाई वन्दना गरिएको छ। साक्षात् शिवले देवीलाई तलका कुरा बताएका हुन् (श्लोक १-३२)।

१. सूर्य, चन्द्र र अग्नि र दश नाडीहरू शरीरमा रहन्छन्, पाँच वायु पाँच स्थानमा रहन्छन्। जस्तो मन रहन्छ त्यस्तै बिन्दु रहन्छ।

२. शरीरमा षट्चक्र, मेरुदण्ड, उड्डीयान जालन्धर कामरूप, पूर्णागिरि र श्रीहट्ट छन्।

३. शरीरमा प्रकृति, पुरुष, ब्रह्मा, विष्णु,र शिव रहन्छन्। ध्वनिहरू, नदीहरू, समुन्द्र र १४लोक रहन्छन्।

४. पञ्चभौतिक तत्त्वहरू ब्रह्माण्ड र हाम्रो शरीर दुवैमा रहन्छन्। तिनलाई कसरी नियन्त्रण गर्ने म सिकाउँछु।

५. १६ कलायुक्त चन्द्रमा मेरु पर्वतको शिखरमा रहन्छ। उसले दिन र रात अधोमुख गरेर अमृत खसालिरहेको छ त्यो अमृत चम्किलो बरफजस्तो छ।

६. चन्द्रमाले दुईखाले अमृत वर्षा गरिरहेको छ : पियूष र बिन्दु। तरल अमृत पियूष हो भने बाक्लो चिप्लो लेदो बिन्दु।

७. विन्दु नै सनातन ब्रह्म हो, ब्रह्माण्डको सृष्टि र पालनको कारण। बिन्दुलाई नियन्त्रण गरेर शरीरमा पूर्णता प्राप्त हुन सकिन्छ।

८. हे सुशोभने पेटको तल्लो भागमा मूलाधारसित सम्बद्ध सुन्तला रंगको सूर्यको निवास रहेको छ।

९. सूर्यका १२ कला छन्। अग्निका १० कला छन्। अग्नि सबैको पेटमा पाचन शक्तिका रूपमा रहन्छ।

१०. चन्द्रमाले शीतको वर्षा गर्छ, सूर्यले त्यसलाई सोसिदिन्छ। यिनीहरूको संयोजनमा जीवन चलेको छ। यिनकै कारण मृत्यु आउँछ।

११. सूर्यका प्रकाश किरण लगातार माथितिरको यात्रा गर्छन् भने चन्द्रमाले अमरत्वको अमृत तलतिर प्रवाहित गर्दछ। कामरूप पीठमा योग साधना गर्ने साधकले योग बुझ्दछ।

१२. हे देवी, यस्तो भनिन्छ कि जसले योगको सागरमा डुबुल्की लगाउँछ यस संसारमा ऊ रोगबाट मुक्त हुन्छ किनभने साधकले प्राण र अपानलाई मिलाएर एउटै बनाउँछ।

१३. वास्तवमा प्राण भनेको चन्द्र र अपान भनेको सूर्य हो। साधनाका क्रममा उनीहरूको एकता रज र बीजको एकता हो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

१४. श्वासप्रश्वासको क्रममा राम्ररी उड्डीयान बन्ध गरेमा समान वायु र अपान वायुको एकता स्थापित हुन्छ किनभने साधकले प्राण र अपान वायुलाई एक बनाउँछ ।

१५. शरीरको कामरूप क्षेत्रमा तीन वायुको प्राण, अपान र समान वायुको मिलन हुन्छ । उड्डीयान बन्ध नाभिक्षेत्रमा हुन्छ , प्राण र अपानको मध्यभागमा ।

१६. जालन्धर अग्निक्षेत्रमा, कामरूप गर्भासय क्षेत्रमा र पूर्णागिरि भ्रूकुटीको बिचमा र श्रीहट्ट तालुभन्दा माथि स्थित रहन्छन् ।

१७. गुदामूललाई सङ्कोचन गरेर चिउँडोलाई घाँटीमा टाँसेर एवम् पेटमा वायु भरेर शरीरका नौ ढोका बन्द हुन्छन् ।

१८. चालनक्रियाले शरीरका सबै नशाहरूमा ताप पुऱ्याउँछ । शरीरमा अग्नि प्रज्वलित भएपछि पाचन क्रियाले काम गर्छ ।

१९. भोजन पचेपछि रसको निर्माण हुन्छ । त्यस प्रक्रियाबाट बीज बन्छ र यसमा बिन्दु नै समाहित भएको हुन्छ ।

२०. शरीरका अङ्ग अङ्गमा अष्टधातुको वृद्धि हुन्छ । शरीरमा बीज नै सर्वोत्कृष्ट र शरीरको मूल सार हो ।

२१. प्राण (वायु)को परिपूर्णताले दिन प्रतिदिन साधकको जीवनको शक्ति बढ्दै जान्छ । प्राण वायु हृदयमा अवस्थित हुन्छ भने अपानवायु गुदा क्षेत्रमा र समान वायु नाभिक्षेत्रमा ।

२२. उदानवायु कण्ठक्षेत्रमा स्थित हुन्छ र व्यान वायु सारा शरीरमा सञ्चालित हुन्छ । पेटको तल्लो भागमा रहेको वायुलाई बन्धित गरेर.....

२३. .... बन्धित वायुले मूलाधारबाट शक्तिलाई माथितिर धकेल्छ । ब्रह्मग्रन्थिलाई भेदन गरेर वायु माथितिर गमन गर्छ ।

२४. वायुले त्यहाँबाट स्वाधिष्ठानचक्रमा प्रवेश गर्छ, यो चक्र जननेन्द्रियको मूलमा अवस्थित छ । त्यसपछि वायुले नाभिमा रहेको मणिपुर चक्रलाई भेदन गर्दछ ।

२५. हृदयमध्यमा रहेको विष्णु ग्रन्थि भेदन गरेर वायुध्वनिको स्रोत कण्ठ त्यहाँ रहेको शुद्धचक्रलाई पनि भेदन गर्छ र शिरतिर लाग्छ जहाँ रुद्र रहेका छन् ।

२६. वायु र बिन्दु साथसाथमा एकएक चक्र भेदन गर्दै ऊर्ध्वगतिमा माथि शिरमा पुग्छन् ।

२७. साधकको शरीरमा बिन्दु वायुसित समाहित भएर शंखिनी नाडीलाई आनन्दित पार्दछ र साधकले अतिशून्यको अनुभूति गर्दछ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

२८. सबै चक्र भेदन गरेर वायु र बीज सहस्रारमा पुगेर अमृतमय बन्छ र शरीर परिपूर्ण बन्छ र योगी ब्रह्ममै निवसित हुन्छ ।

२९. असङ्ख्य जीवनमा सङकलित पापहरू नष्ट भएर जान्छन् र साधकले प्रत्येक महिना अश्वमेध यज्ञ गरे बराबर पुण्य पाउँछ ।

३०. सबै पापहरू नष्ट भइ सकेपछि साधकले एक वर्षभित्र राजसूय यज्ञको पल पाउँछ ।

३१. जसरी अग्निले समिधा र घाँसलाई जलाउँछ त्यसैगरी योगसाधना र त्यागले अनिष्टलाई नाश गर्छन् ।

३२. योगसाधनाले पवित्र विशेषताहरू लाखौं गुना बढेर जान्छन् । पितृहरू प्रसन्न हुन्छन् र सन्ततिहरूले योगसाधना गर्छन् । सबै प्रसन्न रहन्छन् र दुःखबाट छुट्कारा पाउँछन् ।

अब देवीले शिवलाई सोध्छिन् :

३३. योगसाधकलाई जन्मबन्धनबाट मुक्तिका उपाय के होलान् र साथै साधकले ध्यानमा सायुज्यता कसरी प्राप्त गर्न सक्ला ?

**शिवले पार्वतीलाई भन्नुहुन्छ :**

३४. मानवशरीरको नाभिको बिचमा ब्रह्माको निवास, हृदयको मध्यमा बिष्णुको निवास र शिरमा शिवको निवास छ । यी तीन स्थानलाई जान्नुपर्दछ । यी मुक्तिदाता स्थान हुन् ।

३५. नाभिको मध्यमा उच्चतम प्रकाश रहन्छ । यो प्रकाश १० अङ्गुल परिमाणको हुन्छ । हृदयको मध्यमा चक्रजस्तो गोल ज्योतिपुञ्ज रहन्छ ।

३६. साधकले शिरमा रहेका शिवको ध्यान गर्नुपर्छ । यो दुधबाट घिउ निकालेजस्तै हो, लाखौं चन्द्रजस्तै शुद्ध र चम्किलो छ ।

३७. मस्तिष्कलाई स्थिर गरेर योग साधकले प्राण र बिन्दुका तीन प्रकाशको संयोजन गर्न सफल हुनेछ ।

३८. केन्द्रीय शक्तिको बिचमा रहेको कामरूपमा सबै चक्रभन्दा फरक यो प्रकाश देखा पर्छ ।

३९. यो तीन प्रकाशमा आत्मा प्रतिष्ठित हुन्छ त्यहाँ योग साधनाका बलले प्राण, मन र बिन्दु पनि प्रतिष्ठित हुन्छन् ।

४०. जब नाभिको मध्यमा र अन्य स्थानमा समेत प्रकाश प्रदीप्त हुन्छ, साधक योगीले अतिशून्य अवस्थाको अनुभूति गर्छ र त्यहाँ समयक्रम बन्द हुन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

४१. ज्योतिर्मय योगसाधक निरन्तर ध्यानमा हुन्छ। प्रकाशलाई प्राण र बिन्दुसित संयोजन गरेर साधक मुक्त हुन्छ।

४२. साधक स्थिर ध्यानावस्थामा हुन्छ। उसको मन बाहिरतिर जाँदैन। साधकको प्राण, मन, बिन्दु र आत्मा स्थिर अवस्थामा रहन्छन्।

४३. जब बिन्दु चलित हुन्छ, मन चालित हुन्छ र वायु पनि चालित हुन्छ। यी चालित हुनु भनेको मृत्युतर्फको यात्रा हो।

४४. साधकले चाल या गति बन्द गरेपछि ऊ निरन्तर ध्यानमा हुन्छ र ब्रह्म समान हुन्छ।

४५. यौगिक ध्यानको सिकाइ बिर्से पनि ब्रह्म ध्यानभन्दा पर छ र सबै पवित्र शास्त्रहरूले त्यसलाई सुरक्षित राखेका छन्।

४६. ब्रह्मा, विष्णु र शिव मध्ये एक सृष्टिकर्ता हुन्। उनी नै सबै लोकका रक्षक हुन्, उनी सबैका शरीरमा छन् तर उनको कुनै शरीर छैन।

४७. एक सर्वव्यापी ईश्वर, गुणातीत, परम, जन्म परिवर्तनबाट मुक्त, अपरिवर्त्य, सर्वव्यापी।

४८. मस्तिष्कलाई शून्य बनाएपछि त्यो स्थिर हुन्छ। मस्तिष्कबाट प्राप्त सबै अस्थायी हुन्छ त्यसैलाई नष्ट गर्नुपर्छ।

४९. हे देवी योगसाधकले जबसम्म शून्यता हासिल हुँदैन पञ्चतत्त्वबाट बनेको सबै कुरा पटक पटक नष्ट गर्नुपर्छ। त्यसपछि उसका इन्द्रिय र मन ब्रह्म तफ उन्मुख हुन्छन्।

५०. जब योगी ब्रह्मको निवासमा प्रवेश गर्छ, ऊ मुक्त हुन्छ। ऊ पूर्ण हुन्छ।

**देवी पार्वती सोध्नुहुन्छ :**

५१. त्यस्ता साधकहरू जसको चेतनाको स्तर तल छ तिनीहरू ध्यानको अवस्थामा कसरी पुग्लान् ?

५२. महादेव शिव भन्नुहुन्छ : बाह्य संसार यानि ब्रह्माण्डभन्दा माथि दिव्य प्रकाशवाला ब्रह्माको धाम छ। त्यसभन्दा माथि विष्णुको धाम छ र यो मुटुको केन्द्रमा छ र सबै गुण सम्पन्न छ।

५३. विष्णुको धामभन्दा माथि रुद्रको धाम छ। त्यसभन्दा माथि महाशून्यता छ जहाँ ब्रह्म निवास गर्छन्।

५४. मस्तिष्कलाई प्रवृत्त गराएर समय शून्यताको अनुभव गरे पछि साधक योगी ब्रह्म समान हुन्छ।

५५. हे पार्वती ! यो गहन निद्रा या समाधिको अवस्था हो। केवल शिव चेतना रहन्छ, ज्ञानबाहेक केही रहँदैन।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

५६. हे देवी ! इन्द्र देवता आदि गणहरू, सिद्धहरूले सफलता पाउँछन् । उनीहरू परमपदमा पुग्छन् ।

५७. त्यसैगरी योगसाधक मानवहरू, असुरहरू, गन्धर्व, सर्प, सबैले सफलता पाउँछन् । योगसाधना गर्ने ती सबै परमपदमा पुग्छन् ।

५८. हिंसापथमा लाग्नेहरू मृत्युतिर जान्छन् । नास्तिक, झगडालु, निर्दयी, वेदनिन्दक द्विजहरू यी सबै मृत्युपथमा अघि बढ्छन् ।

५९. जसले गुरु सेवा गर्दैनन् र जो नैतिक छैनन् जो अल्छी छन् ,इच्छा, आकाङ्क्षा एवं क्रोधलिप्त छन् ती सब मृत्युतर्फ अघि बढ्छन् ।

६०. ती योगसाधकहरू जसले योगसाधनालाई निरन्तरता दिएका छैनन्, पहिलाको कर्ममा आधारित नैतिकताले गर्दा उनीहरू मुक्तिको क्षेत्रमा पुग्छन् ।

६१. हे देवी ! केही मानिसहरू पुण्य काम जान्दछन् । केही धार्मिक संस्कारहरू र कसैले समाधिलाई उच्चतम ज्ञान मान्दछन् ।

६२. जसले यस गोरखयोगशास्त्रको ज्ञानअनुसार अतिशय पुण्य काम गरेको छ उसले परमपद प्राप्त गर्छ ।

६३. जुन साधकले गोरखयोगशास्त्रलाई अनवरतरूपमा सुन्छ र यसलाई स्मरण गर्दछ उसका सबै पाप नष्ट भएर जान्छन् । उसले अन्त्यमा ब्रह्मधाम प्राप्त गर्छ ।

६४. गोरखयोगशास्त्रलाई एकपटक मात्र सुन्नाले पनि ठूला ठूला पाप नाश हुन्छन् र केही दिनमा अश्वमेध यज्ञ गरे बराबरको पुण्य पाउँछ ।

६५. जसले यस गोरखयोगशास्त्रको वाचन गर्छ या गहन अध्ययन गर्दछ उसले तपस्या गरेको फल पाउँछ ।यो भन्दा उत्तम ज्ञान अन्य कतै प्राप्त हुन सक्दैन ।

**गोरक्षयोगशास्त्र**को नाथयोगसम्बन्धी विचार हठयोग तान्त्रिक बौद्ध ग्रन्थ **अमृतसिद्धि**सित धेरै मात्रामा मिल्छ त्यसैले यो ग्रन्थ अमृतसिद्धिको प्रतिरूप जस्तो पनि लाग्छ । जे होस् यस पाण्डुलिपिले नेपालमा नाथयोग साधनाको परम्परा र त्यसबारेको चिन्तन परम्परालाई प्रतिनिधित्व गरेको छ ।

### ५.५. गोरक्षगायत्री

गोरक्षगायत्रीलाई बोलीचालीको भाषामा गोरखगायत्री भनिन्छ । नाथपरम्पराका योगीहरू चाहे अवधूत या औघड दुवै थरिले गोरक्षगायत्रीलाई सबै शास्त्रको सारका रूपमा सम्मानका साथ स्मरण गर्दछन् । उनीहरूले यी १८ प्रश्न र तिनका उत्तर गुरुमुखबाट र अन्य नाथ

CC-0. Nepal Sanskrit Academy, Kathmandu

सिद्धहरूबाट श्रवण गर्दै आएका हुन्छन् र उनीहरू आफूले पनि यसबारेमा मनन गरेका हुन्छन्। नाथयोगीका जीवनमा गोरक्षगायत्री उसको अभिन्न आध्यात्मिक अङ्ग हो र उसको जीवनदर्शनको अभिव्यक्ति हो। यो सधुक्कडी भाषामा रहेको छ। नाथदर्शनको चर्चा भइरहँदा गोरक्षगायत्रीको प्रस्तुत अति सान्दर्भिक हुन्छ त्यसैले गोरक्षगायत्रीलाई तल दिइएको छ।

**गोरक्षगायत्रीका १८ प्रश्नोत्तर,** योगी वंशावली भाग १मा, ज्ञवाली (२०७७) र योगी सिहनाथ (२०७७)मा आधारित।

| | |
|---|---|
| १.कौन बेला,कौन रूपी? | उत्तर : ओम्कारे शिवरूपी, मध्यान्हे हंसरूपी, सन्ध्याया साधुरूपी। |
| २.कितने अक्षर ? | उत्तर : हंस,परमहंस (हंस सोहं) दो अक्षर। |
| ३.कौन गुरु ? | उत्तर : गुरु तो गोरक्ष ,गोरखनाथ। |
| ४.कौन गायत्री ? | उत्तरः काया तो गायत्री (अजपा गायत्री)। |
| ५.कौन ब्रह्मा ? | उत्तर : ओम् ब्रह्मा। |
| ६. कौन शक्ति ? | उत्तर : सोहं शक्ति। |
| ७.कौन माता? | उत्तर : शून्य माता। |
| ८.कौन पिता ? | उत्तर : अवगत पिता (अवधूत पिता) |
| ९.कौन जात ? | उत्तर : विहंगम जात। |
| १०.कौन पन्थ ? | उत्तर : अभय पन्थ। |
| ११.कौन वेद? | उत्तरः सूक्ष्म वेद। |
| १२.कितनी शाखा ? | उत्तरः असङ्ख्य शाखा। |
| १३.कितने प्रवर ? | उत्तरः अनन्त प्रवर (हरमुख प्रवर) |
| १४.कौन गोत्र ? | उत्तरः निरञ्जन गोत्र |
| १५.कौन क्षेत्र? | उत्तर : त्रिकुटी क्षेत्र |
| १६.कौन जोत ? | उत्तरः जुगति जोत। |
| १७.कौन स्वरूप? | उत्तर : जल स्वरूप |
| १८.कौन वर्ण ? | रुद्र वर्ण। |

(योगी सिहनाथ २०७७ पृ.६७-६८)

यी १८ प्रश्न उत्तरको ढाँचामा नाथपरम्पराका समस्त चिन्तन प्रणालीलाई सङक्षेपमा सार खिचेर राखिएको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

# अध्याय छ

## नाथसिद्धान्तमा आधारित योगदर्शन

गोरखदर्शनमा साधनाको प्रमुख भूमिका रहेको छ। षट्कर्मबाट साधना सुरु हुन्छ जसमा नेती, धौती, वस्ती, नोली, त्राटक र कपालभातिद्वारा शरीरभित्रका विभिन्न अङ्गलाई शुद्ध पारिन्छ, प्रत्येकलाई सबल पारिन्छ। त्यसपछि आसनको पालो आउँछ। गोरक्षशतक श्लोक ८, ९ र १०का अनुसार ८४लाख जीवजन्तुको चक्रलाई प्रतिनिधित्व गर्ने गरी त्यति नै योग आसनहरू मानिएको छ तर ८४ लाखमध्ये प्रत्येक लाखलाई एक आसनले प्रतिनिधित्व गरी ८४ आसन प्रमुख मानिन्छ। योगी नरहरिनाथले **नवनाथ चौरासी सिद्ध (२०२५) पुस्तिकामा** नाथपरम्पराका ८४ सिद्धहरूले एक एक आसनको सिद्धतालाई प्रतिनिधित्व गरेको उल्लेख गरेका छन्। *गोरक्षशतक, गोरक्षसिद्धान्त र हठयोग प्रदीपिका*मा यी आसनहरूमध्ये साधकका लागि सिद्धासन र पद्मासन या कमलासनलाई उत्तम मानिएको छ। यिनै आसनमा बसेर साधनाका लागि सुझाइएको छ।

नाथसाधनामा प्राणायामको ठुलो महत्त्व छ। प्राणायामबाट नै नाडी शोधन, कुण्डलिनी जागरण, षट्चक्रभेदन, लय साधना, उन्मनी साधना, प्रणव साधना र नाद अनुसन्धान सम्भव मानिन्छ। प्राणायाम पवनसाधना नै हो। जबसम्म निर्विकल्प समाधिको अवस्थामा पुगिँदैन तबसम्म सबै साधना भौतिक साधना नै हुन्। प्राण भौतिक वस्तु हो त्यसलाई हेर्न र बुझ्न सकिन्छ एवम् साधनाका माध्यमले सन्तुलनमा राख्न सकिन्छ त्यसका लागि पवनसाधना या प्राणसाधना नियमित रूपमा गर्नुपर्छ। प्राण साधनाका साथ साथ पञ्चतत्त्वसाधना जरुरी छ, यसको सम्बन्ध कुण्डलिनीसित जोडिएको छ। जसरी मूलाधार साधनामा अपानवायु साधना र अश्विनी मुद्रा साधना अन्तःसम्बद्ध छन्। आसन र प्राणायाम लाई बहिरङ साधना मानिन्छ।

प्रत्याहार, धारणा र ध्यानलाई अन्तरङ्ग साधना भनिन्छ तर यी पनि प्राणायामसित सम्बद्ध अवस्था नै हुन्। पवनसाधना मार्फत प्रत्याहारमा बाहिर दौडिने मनलाई शान्त बनाउने र आफूभित्र फर्काउने प्रयास हुन्छ। मनलाई स्थिर राख्ने प्रयास हुन्छ। मनलाई बाहिरबाट भित्र फर्काउने अभ्यास प्रत्याहार हो भने विभिन्न वस्तुमा क्षण क्षणमा दौडिने चञ्चल मनलाई एक वस्तुमा अड्याउने साधना धारणा हो। एक वस्तुमा मन टिकाउने अभ्यास अलिकति स्थिर बनाउने अवस्था ध्यान हो यसरी धारणा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

र ध्यान एउटै साधनाका भिन्न भिन्न अवस्था हुन् । नाद श्रवणको साधना यसका लागि सहायक मानिन्छ । कुनै वस्तु सापेक्ष भएर वा न भएर घण्टौ मनलाई अड्याउने र आफैंभित्र हराउन सक्ने अवस्था समाधि हो । यो प्राणायाम साधना उत्कर्ष अवस्था हो ।

हामीबिचमा धेरै योग परम्पराका दर्शनहरू प्रचलनमा रहेका छन् तीमध्ये नाथयोग परम्परा अरूभन्दा कसरी भिन्न र विशिष्ट छ यो हाम्रो चासोको विषय हो । शरीरको महत्त्व तन्त्रशास्त्रले र नाथयोग दर्शनले बुझेको छ । योगदर्शनमा पनि पतञ्जलि योगदर्शनले चित्त र चेतनामा बढी जोड दिन्छ । नाथ योगदर्शन खासगरी गोरखनाथ दर्शनमा मानव शरीर र ब्रह्माण्डको भौतिक अवस्था दुवैलाई पिण्ड शब्दले बुझिन्छ । व्यक्तिगत शरीरलाइ व्यष्टि पिण्ड भनिन्छ भने समस्त ब्रह्माण्डलाई समष्टिपिण्ड भनेर जानिन्छ । नाथदर्शनको आधार ग्रन्थ गोरखनाथलिखित *सिद्धसिद्धान्तपद्धति*लाई मानिन्छ । डेभिड गोर्डन ह्वाइटले सन् २००२मा यस ग्रन्थलाई संस्कृतबाट फ्रेञ्चभाषामा अनुवाद गरेका छन् । यस ग्रन्थको धेरै भाषामा अनुवाद भएको छ । नेपालीमा पछिल्लो अनुवाद २०७७ सालमा योगी सिंहनाथ (डा.कर्ण बहादुर थापा)ले गर्नुभएको छ । यो ग्रन्थ भारतका धेरैजसो भाषामा अनूदित भइसकेको छ र कल्याणी मल्लिक र स्वामी द्वारिकादास शास्त्रीको संस्कृत हिन्दी अनुवाद बजारमा उपलब्ध छ । *सिद्धसिद्धान्तपद्धति*का केही झिल्काहरू सधुक्कडी भाषामा रहेका *गारेखवाणीमा* पनि पाइन्छ । गोरखनाथको दर्शन मुख्य रूपमा व्यष्टि पिण्ड (स्वशरीर) र समष्टिपिण्डबिचको (ब्रह्माण्ड) अन्तःसम्बन्धमा केन्द्रित रहेको छ । एउटा बुझियो भने अर्को बुझ्न सकिन्छ । नाथदर्शनको एउटा प्रमुख विचार नै पिण्डको अवधारणा हो ।

गोरखनाथका अनुसार यो ब्रह्माण्ड बुझ्नका लागि हाम्रो शरीर बुझ्न जरुरी छ । गोरखदर्शनका दृष्टिले शरीर बुझेर मात्र ब्रह्माण्ड बुझ्न सकिन्छ । यसरी बुझ्ने प्रक्रियालाई 'पिण्डसंवित्ति' भनिन्छ यसको अर्थ पिण्डको ज्ञान हो । सबै भन्दा पहिला यस ब्रह्माण्डको निर्माणप्रक्रिया र हाम्रो शरीरको निर्माण प्रक्रियामा सामञ्जस्य छ त्यसैले हामीलाई यो प्रक्रिया थाहा हुनुपर्‍यो । यसलाई गोरखनाथले 'पिण्डोत्पत्ति' भनेका छन् ।

सि.सि.प.का पिण्डोत्पत्ति खण्डमा गर्भाधानको पहिलो दिन देखि शिशुको जन्म न हुँदासम्मको भ्रूण विकासक्रमको विस्तारित वर्णन गरिएको छ । साथै सन्तानको लिङ्ग निर्धारण हुने कारण, सन्तान अपाङ्ग हुने कारण समेत स्पष्टरूपमा दिइएको छ। शिशुको शरीरमा शुरुको अवस्थामा विभिन्न रसायन कति मात्रामा हुन्छ त्यसको समेत विवरण दिइएको छ (सि.सि.प. १:७०-७३) ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

व्यष्टि पिण्ड र समष्टिपिण्डका बिचमा अन्तःसम्बन्ध हुन्छ, यी दुई अस्तित्व अलग अलग देखिए पनि अन्तत व्यष्टि पिण्ड समष्टिपिण्डमा समाहित हुन्छ, यसलाई सिद्धसिद्धान्तको भाषामा 'समरसता' भनिन्छ। आफ्नै शरीरमा साधनाका माध्यमले जड र चेतनको मिलन हुने, प्राणायाम अनन्त ध्यानमा परिणत हुन सक्ने अवस्था नै समरसता हो। यो नै देहसिद्धिको अवस्था हो। नाथयोगको एउटा मुख्य लक्ष्य देहसिद्धि, कायासिद्धि या पिण्डसिद्धि हो। पिण्डसिद्धि भएपछि अष्टसिद्धिको ढोका खुल्छ (सि.सि.प. ६:१७-१९)। सि.सि.प.को पाँचौ खण्डमा यही समरसताको विस्तृत वर्णन रहेको छ।

नाथपरम्परामा योगमार्गलाई 'स्वमार्ग' भनिएको छ र यो भन्दा अर्को उत्तम मार्ग छैन भनिएको छ (५-२०,२१)। नाथपरम्पराको कुनै पनि साधनामा गुरुको धेरै ठुलो महत्त्व छ। गुरुको सहयोगविना योगसाधना, प्राणायाम र कुण्डलिनी जागरण साधना गर्नु हुँदैन (सि.सि.प. ५:६-९; ३१-३५,५६,५७;६:७३)। 'नगुरोरधिकं' योगमार्गमा गुरुभन्दा ठुलो अरू कोही छैन। गुरुको लक्षणका बारेमा भनिएको छ जो करुणामयी छ, परमपदका बारेमा जानकारी गराँउछ र जसले अष्टपाशलाई नाश गरिदिन्छ। अष्टपाश भनेका जन्म, बुढौली, व्याधि, मरण, काम,क्रोध, अभिमान र अविद्या हुन्।

योगज्ञान नभएको वाग्जाल प्रपञ्ची व्यक्ति योग गुरु हुन सक्दैन। उत्तम गुरुको निर्देशनअनुसार साधना गर्‍यो भने साधक क्रमशः १२ वर्षको साधनापछि सिद्ध बन्दछ। त्यसअनुसार पहिलो वर्षको साधनामा साधकको शरीर निर्मल र निरोगी हुन्छ, दोस्रो वर्षको साधनामा अन्य भाषा बुझ्ने र बोल्न सक्ने, तेस्रो वर्षको साधनामा साधकलाई हिंस्रक पशुपन्छीले बाधा पुर्‍याउन सक्दैनन्। चौथो वर्षको साधनामा भोक प्यसमा नियन्त्रण र टाढा बोलेको सुन्न सक्ने; पाँचौ वर्षको साधनामा वाक्सिद्धि र परकायाप्रवेश; छैठौं वर्षको साधनामा साधकको शरीरमा शस्त्र प्रहार र वज्रपातले असर गर्दैन; सातौं वर्षको साधनामा पृथ्वी छाडेर आकाशमा उड्न सक्ने अवस्था, आठौ वर्षमा अणिमा आदि सिद्धि, नवौ वर्षमा शरीर वज्रकाय, चारै दिशामा स्वेच्छा भ्रमण, दशौ वर्षमा वायुमाथि आधिपत्य, एघारौ वर्षमा सर्वज्ञ र समस्त ऋद्धिसिद्धिको मालिक एवम् बाह्रौं वर्षमा महाबलशाली योगसिद्ध, तत्त्वज्ञ पुरुष भैरव समान सर्वत्र पूज्य हुन्छ। यो प्रक्रिया सि.सि.प.को (५:३६-४३)मा दिइएको छ।

नाथहरूले अभिवादनका लागि 'आदेश' शब्दको प्रयोग गर्छन्। यसलाई गोरखनाथले आत्मा, परमात्मा र जीवात्मा बुझाउने एकल शब्द भनेर परिभाषित गरेका छन्।

आत्मेति परमात्मेति जीवात्मेति विचारणे।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

त्रयाणामैक्यसम्भूतिरादेश इति कीर्तितः ॥ (सि.सि.प. ६:९६)

गोरखदर्शनमा साधनाको प्रमुख भूमिका रहेको छ। षट्कर्मबाट साधना सुरु हुन्छ जसमा नेति, धौति, वस्ती, नोली, त्राटक र कपालभातिद्वारा शरीरभित्रका विभिन्न अङ्गलाई शुद्ध पारिन्छ, प्रत्येकलाई सबल पारिन्छ। त्यसपछि आसनको पालो आउँछ। ८४लाख जीवजन्तुको चक्रलाई प्रतिनिधित्व गर्ने गरी त्यति नै आसनको अस्तित्व स्विकारिन्छ तर ८४ लाखमध्ये प्रत्येक लाखलाई एक आसनले प्रतिनिधित्व गरी ८४ आसन प्रमुख मानिन्छ। नाथपरम्पराका ८४ सिद्धहरूले एक एक आसनको सिद्धतालाई प्रतिनिधित्व गरेको मानिन्छ। *गोरक्षशतक, गोरक्षसिद्धान्त* र *हठयोग प्रदीपिका*मा यी आसनहरूमध्ये साधकका लागि सिद्धासन र पद्मासन या कमलासनलाई उत्तम मानिएको छ। यिनै आसनमा बसेर साधनाका लागि सुझाइएको छ। नाथ साधनामा प्राणायामको ठुलो महत्त्व छ। प्राणायामबाट नै नाडीशोधन, कुण्डलिनी जागरण, षट्चक्रभेदन, लयसाधना, उन्मनी साधना, प्रणव साधना र नाद अनुसन्धान सम्भव मानिन्छ। प्राणायाम पवनसाधना नै हो।

पतञ्जलिले योगका आठ अङ्ग या आठ भाग मानेका छन् भने नाथहरूले यम र नियमलाई योगका अङ्गभन्दा पनि जीवनका अङ्गका रूपमा लिएका छन्। गोरखनाथको **विवेकमार्तण्डमा** योगलाई छ अङ्गमा बाँडिएको छ, ती हुन् : आसन, प्राणायाम, प्रत्याहार, धारणा, ध्यान र समाधि। यीमध्ये आसन र प्राणायामलाई बहिरङ साधना र प्रत्याहार, धारणा र ध्यानलाई अन्तरङ साधना मानिन्छ। पछिल्ला तीन अवस्था पनि प्राणायामसित सम्बद्ध अवस्था नै हुन्। पवनसाधना या प्राणसाधना मार्फत प्रत्याहारमा बाहिर दौडिने मनलाई शान्त बनाउने र आफूभित्र फर्काउने र त्यस मनलाई स्थिर राख्ने प्रयास हुन्छ। मनलाई बाहिरबाट भित्र फर्काउने अभ्यास प्रत्याहार हो भने विभिन्न वस्तुमा क्षण क्षणमा दौडिने चञ्चल मनलाई एक वस्तुमा अड्याउने साधना धारणा हो। एकवस्तुमा मन टिकाउने अभ्यास अलिकति स्थिर बनाउने अवस्था ध्यान हो यसरी धारणा र ध्यान एउटै साधनाका भिन्न भिन्न अवस्था हुन्। नाद श्रवणको साधना यसका लागि सहायक मानिन्छ। जव मन र प्राण एकसाथ र एकनास तरिकाले अडिन थाल्छ, जसरी साधकले चाहन्छ जतिबेला चाहन्छ र जति समय चाहन्छ विनारुकावट मन र प्राण केन्द्रित हुने अवस्था प्रत्याहार, धारणा र ध्यानको उत्तम या अन्तिम अवस्था जसलाई समाधि भनिन्छ। यो योग साधना लक्ष्य हो।

मत्स्येन्द्रनाथको कौलज्ञान निर्णयमा दिएको नाथ सम्प्रदायको गुरुशिष्य परम्परा निम्नानुसार रहेको छ। मत्स्येन्द्रनाथका शिष्य गोरखनाथ

CC-0. Nepal Sanskrit Academy, Kathmandu
र चर्पटीनाथ हुन् भने जालन्धरनाथका शिष्य कानिपा र गोपीचन्द हुन्। गोरखनाथका शिष्यःगहिनीनाथ, नागनाथ, भतृहरि, मलिकनाथ, विलेशयनाथ हुन कौलज्ञान अनुसार नाथपरम्परामा शिवका १२ शाखा र गोखनाथका १२ शाखा थिए। पछि गएर दुवैतिरका ६/६ शाखा जोडेर नाथपन्थका १२ शाखा बनेका हुन् (कौलज्ञान भाग १ पृ.७६ र७७)।

नाथयोगको प्रभाव क्षेत्र नेपाल, भारत, बङ्गलादेश, पाकिस्तान, अफगानिस्तान र तिब्बतसम्म रहेको छ। नेपालमा काठमाडौँ र यसदेखि पश्चिम महाकालीसम्म सामाजिक सांस्कृतिक रूपमा नाथहरूको गहिरो जरा गडेको छ। काठमाडौँको समाज र संस्कृतिसित मत्स्येन्द्रनाथ, जुम्ला क्षेत्रको समाज र संस्कृतिसित चन्दननाथ, दाङ देउखुरी क्षेत्रमा रतननाथ, सल्यान दैलेख क्षेत्रमा भवन्तनाथ, नेपालभरि नै गोरखनाथको महत्ता देखिन्छ।

मेरी सेफर्ड स्लसरले ***नेपाल मन्डलः अ कल्चरल स्टडी अफ् द काठमान्डू भ्याली*** नामक पुस्तकमा नाथसिद्धहरूको समय सातौँ शताब्दीदेखि एघारौँ शताब्दीसम्म रहेको चर्चा गरेकी छिन्। उनका अनुसार नाथसम्प्रदाय "पाशुपत सम्प्रदायको आध्यात्मिक उत्तराधिकारी र सिद्धसम्प्रदायको खास अवस्था हो। यसको मुख्य जोड तान्त्रिक र योगिक पक्षमा रहेको छ" (१९८२, पृ.३६६)।

मध्यकालीन भारत र नेपालको धार्मिक र सांस्कृतिक फाँटमा नाथयोगीहरूले महत्त्वपूर्ण भूमिका खेलेको देखिन्छ। नाथसम्प्रदायको उत्पत्ति, विकास, यसका प्रणेताहरू, यसको मूल सिद्धान्तका बारेमा अध्येता, लेखक र अनुसन्धाताबिच विभिन्न मत रहेका छन् तर सबै नाथहरूबिच एउटा साझा बिन्दु योग साधना, हठयोग साधना हो। साधनाको माध्यम शरीरका अङ्गहरू हुन् भने साधना परिणाम अनुभूति गर्ने पनि शरीरकै बाह्य र आन्तरिक अङ्ग हुन्। स्वस्थ शरीर साधनाको ठोस आधारभूमि हो।

नाथयोग र दर्शनको परम्परामा नवनाथ र ८४ सिद्धहरूको स्थान सबैभन्दा माथि रहेको छ। नवनाथमध्ये मत्स्येन्द्रनाथ र गोरखनाथको स्थान महत्त्वपूर्ण रहेको छ। नवनाथ र ८४ सिद्धहरूका नामका बारेमा भिन्न मतहरू रहेका छन्। नाथयोग परम्परामा अति प्रसिद्ध योगसम्बन्धी ग्रन्थ हठयोगप्रदीपिकाले ३० नाथयोगीको विवरणमात्र दिएको छ। वर्णरत्नाकरमा ७७ सिद्धको चर्चा छ भने राहुल सांकृत्यायनले सास्क्यविहार तिब्बतबाट प्राप्त सूचनाका आधारमा ८४ बौद्ध सिद्धहरूको चर्चा गरेका छन्। हजारी प्रसाद द्विवेदीले नाथ सिद्धहरूको विवरण दिएका छन् भने नगेन्द्र उपाध्यायले १०६ सिद्धको चर्चा गरेका छन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

डा.सम्पूर्णानन्दका अनुसार नाथपरम्परामा मुसलमान सुफी सन्तहरूको प्रभाव देखिन्छ। गोरखनाथको खडीबोलीलाई सन्त कबीर र निर्गुण परम्पराले अनुकरण गरेको पाइन्छ। नाथयोग र दर्शनको परम्परा मुख्यरूपमा विकास भएको कालखण्ड तान्त्रिक परम्पराभन्दा पछि र भक्तिधाराको परम्पराभन्दा पहिला मानिन्छ।

नाथपरम्परामा नौ जना नाथयोगी या सिद्धपुरुषहरूको अत्यन्त महत्त्वपूर्ण योगदान रहे तापनि नाथ सिद्धान्तलाई स्थापित गर्ने काम गोरखनाथले नै गरेका देखिन्छ त्यसैले नाथसम्प्रदाय भन्नेबित्तिकै गोरखनाथको नाम आइहाल्छ। धेरे मानिसले नाथपन्थ या नाथ सम्प्रदाय भनेको गोरखनाथ भनेर मात्र बुझ्दछन्। नाथपरम्पराको योग साधनाको पक्षमा होस् या नाथहरूको दार्शनिक चिन्तनका बारेमा गोरखनाथका ग्रन्थहरू नै यस विषयका आधारभूत ग्रन्थ मानिन्छन्। उदाहरणका लागि योग सिद्धान्त एवम् योग साधनाका लागि गोरक्षपद्धति, *गोरक्षशतक र गोरक्षसंहिता* र नाथहरूको दार्शनिक आधारका लागि *सिद्ध सिद्धान्त पद्धति*लाई नै आधारभूत ग्रन्थ मानिन्छ। यी ग्रन्थका आधारमा अन्य धेरै ग्रन्थहरू लेखिएका छन् जस्तै महर्षि घेरण्डको घेरण्ड संहिता, महर्षि घेरण्डको प्रसङ्ग कूर्म पुराणको ११ अध्यायमा यसरी आएको छ "घेरण्डे नारद शिष्य इतिख्याते महामुने" योगी स्वात्मारामको *हठयोगप्रदीपिका* तर नाथसम्प्रदायका सबै लेखनका लाथि गोरखनाथ नै आधार व्यक्तित्व हुन्।

नाथपरम्परामा गुरुको धेरै ठुलो महत्त्व रहेको छ। गुरुविना कुनै साधना प्रारम्भ गर्ने अनुमति छैन। *सिद्धसिद्धान्तपद्धतिमा गोरखनाथले गुरुलाई अवधूत भनिएको छ।*

*गोरक्षशतकमा* १०० श्लोक रहेका छन् भने *गोरक्षपद्धतिमा पूर्वार्द्धमा* १०० श्लोक र उत्तरार्धमा १०० गरी २०० श्लोक रहेका छन्। *गोरक्षपद्धतिको* पूर्वार्द्धमा योगका लागि आवश्यक पृष्ठभूमि, आधिकारिकता, योगको फल, षडङ्ग योगको नाम, षट्चक्र, दश नाडी, दशवायु, मुद्राको व्याख्या गरिएको छ भने उत्तरार्धमा अन्तरङयोग यानि प्राणायामका विविध आयाम जस्तै प्रत्याहार, धारणा, ध्यान, समाधिका बारेमा विस्तारपूर्वक व्याख्या गरिएको छ। उपर्युक्त दुई ग्रन्थका आधारमा नाथयोगको साधना पद्धतिमा निम्नानुसारको चर्चा पाइन्छ।

## ६.१ नाथदर्शनको परम्परामा गोरखनाथ दर्शन

दर्शनहरू मुख्य रूपमा दुईखाले हुन्छन् : विचार प्रधान र साधना प्रधान। षट् दर्शनमा योगदर्शनबाहेक अरू सबै विचार प्रधान हुन्। बौद्ध, जैन, लोकायत दर्शन पनि विचार प्रधान नै हुन्। योगदर्शनमा विचार र

CC-0. Nepal Sanskrit Academy, Kathmandu

साधनालाई जोडिएको छ। योगदर्शनको विचार पक्ष साङ्ख्यसित मिल्छ तर साधनापक्ष यसको आफ्नै हो त्यसैले साङ्ख्य र योगदर्शनलाई जोडेर हेर्ने गरिन्छ, साङ्ख्य-योग दर्शन पनि भनिन्छ। उपर्युक्त नौ दर्शनभन्दा फरक छ गोरखदर्शन या नाथदर्शन किनभने यो साधनाप्रधान दर्शन हो। नाथपरम्परा साधनाप्रधान भएभैं समग्र तन्त्रपरम्परा चाहे त्यो शैव तन्त्र, वैष्णव तन्त्र या शाक्त तन्त्र जुन पनि होस् त्यो साधनाप्रधान रहेको पाइन्छ। त्यस अर्थमा नाथदर्शन तन्त्रको नजिकमा छ त्यसैले यसलाई वामाचार दर्शन या तान्त्रिक दर्शन पनि भनिंन्छ। धेरैजसो मानिसले गोरखनाथ दर्शन र नाथदर्शनलाई पर्यायवाची जस्तै मान्दछन्।

वास्तवमा नाथदर्शनलाई मत्स्येन्द्रनाथले सुरु गरे तापनि यसलाई स्थाापित गरेको गोरखनाथले नै हो त्यसैले नाथ भन्नेबित्तिकै गोरखनाथ भनेर बुझिन्छ। मत्स्येन्द्रनाथ र गोरखनाथको परम्परा नेपाली भूमिसित घनिष्ठ सम्बन्ध राख्दछ। यहाँको इतिहास, संस्कृति नाथहरूका मान्यतासित गाँसिएको छ, त्यसैले नेपालका सन्दर्भमा गोरखनाथ दर्शनको विशेष महत्त्व रहेको छ। गोरखनाथबारे आचार्य रजनीश यानि ओशोले पुस्तक *डाइ ओ योगी डाइ* २०१०, पृ. १६ र १७ मा राखेका विचार महत्त्वपूर्ण छन्। उनले भनेका छन् पतञ्जलिविना योग सम्भव थिएन, बुद्धविना ध्यान सम्भव थिएन, कृष्णविना स्नेह र प्रेम सम्भव थिएन भने गोरखनाथ विना साधना, आध्यात्मिक अभ्यास सम्भव थिएन। गोरख नै आन्तरिक सूक्ष्म दुनियाँ देखाउने पहिलो व्यक्ति हुन्। पछि विद्वान्हरूले आपूखुशी गोरखनाथका विचारलाई व्याख्या गरेका कारण कतिपय उनका विचार रहस्यमय बन्दै गए।

नेपालको इतिहास र नेपाली संस्कृतिको धरातलमा अलिकति पनि जिज्ञासा राख्ने पाठकहरूका लागि नाथयोगीहरूका बारेमा जान्नु खासगरी मत्स्येन्द्रनाथ र गोरखनाथका बारेमा जान्नु जरुरी हुन्छ। अर्को शब्दमा भन्ने हो भने नाथयोगीका विचार र सिद्धान्त नेपालको इतिहास र संस्कृतिसित अभिन्नरूपमा गाँसिएका छन्। ती नबुझ्दासम्म राजा पृथ्वीनारायणले सुरु गरेको नेपालको एकीकरणको इतिहास बुझिँदैन, सुदूर पश्चिम जुम्लाकेन्द्र रहेको मल्लराज्यको इतिहास, संस्कृति र त्यहाँको लोक साहित्यको परम्परा बुझिँदैन, काठमाडौँका जात्राहरूको महत्त्व र ती जात्रासित गाँसिएका चक्रपूजाको अर्थ बुझिँदैन, काष्ठमण्डप र मृगस्थलीसित गाँसिएको उपत्यकाको इतिहास र संस्कृति बुझिँदैन।

यस सन्दर्भमा नेपाली पाठकहरूले नाथयोगीका दर्शनका बारेमा खासगरी मत्स्येन्द्रनाथ र गोरखनाथको दर्शनका बारेमा जान्नुपर्ने हुन्छ। यस विषयमा नेपालमा फाट्टफुट्टबाहेक खासै काम भएको छैन। भारतका

CC-0. Nepal Sanskrit Academy, Kathmandu

नाथकेन्द्रहरूले खासगरी कदरीमठ (कर्नाटक) फतेहपुर मठ (राजस्थान) अस्थल बोहार (हरियाणा), गोरखनाथ मन्दिर (गोरखपुर) ले नाथयोग र दर्शनका बारेमा र नाथको समग्र साहित्यको बारेमा अनुसन्धान गरेका छन् र ती प्रकाशिन पनि छन्। नेपालमा चौघेरा मठ, दाङले नाथ साहित्य खासगरी रतननाथयोगीका बारेमा लेखिएका ससाना पुस्तिका छापेको छ।

नेपालमा नाथयोगीहरूको योगदानका बारेमा लेख्ने व्यक्तित्व योगी नरहरिनाथ हुन्। उहाँको पनि धेरैजसो समय नेपालको इतिहासको खोजीमा बित्यो। नेपालका सबैजसो गाउँमा योगीजी पुग्नु भयो त्यहाँ प्राप्त अभिलेखहरू, लिखतहरू सङ्कलन गर्नुभयो, खासगरी धेरै सन्धिपत्र, शिलालेख, पुराना लिखत जम्मा गरेर नेपालको इतिहास र संस्कृतिलाई बचाउन अथक सहयोग पुऱ्यानुभयो। त्यति हुँदाहुँदै पनि योगीज्यूले नेपालका विभिन्न नाथ मठ मन्दिरमा रहेका नाथसाहित्य र दर्शनका पाण्डुलिपिहरूको सङ्कलन गर्नुभयो र कतिपयलाई प्रकाशित गर्नुभयो। त्यसैगरी भारतका विभिन्न नाथपीठहरूमा र खासगरेर जोधपुरको मानसिंहको पुस्तकालयबाट धेरै नाथ ग्रन्थबारे योगी नरहरिनाथले अध्ययन गरेर जानकारी गराउनुभयो। नेपालमा नाथ दर्शनबारे पछिल्लो समयमा सबभन्दा बढी लेखन र प्रकाशन गरेको योगी नरहरिनाथले नै हो।

*भाषावंशावली*मा मत्स्येन्द्रनाथ र गोरखनाथको चर्चा गरिएको छ। नेवारहरू मत्स्येन्द्रनाथलाई "वुग देवता" भनेर चिन्छन् (ज्ञवाली, एकीकरण पृ.५२)। ग्रियर्सनले *इन्साइक्लोपेडिया अफ् रिलिजन् एण्ड एथिक्स*मा (पृ.३२८), "गोरखनाथ" शीर्षकको लेखमा र जर्ज वेस्टन ब्रिग्सले *गोरखनाथ एण्ड कनफटा योगीज्* (१९३८पृ.२२८) पुस्तकमा मत्स्येन्द्रनाथ र गोरखनाथको चर्चा गरेका छन्। ब्रिग्सले गोरखनाथ सत्ययुगमा पञ्जाव (पेशावर)मा, त्रेतामा गोरखपुरमा, द्वापरमा, हुरभुज (गुजरात)मा र कलियुगमा हिमवत्खण्डमा गरी चारै युगमा प्रकट भएको उल्लेख गरेका छन्। यस आख्यानका आधारमा गोरखनाथ सर्वदेशीय र सर्वकालिक योगीराजका रूपमा देखा पर्छन्।

नाथपरम्परामा नौजना नाथयोगी या सिद्धपुरुषहरूको अत्यन्त महत्त्वपूर्ण योगदान रहे तापनि नाथसिद्धान्तलाई स्थापित गर्ने काम गोरखनाथले नै गरेको देखिन्छ त्यसैले नाथसम्प्रदाय भन्ने बित्तिकै गोरखनाथको नाम आइहाल्छ। धेरे मानिसले नाथपन्थ या नाथसम्प्रदाय भनेको गोरखनाथ भनेर मात्र बुझ्दछन्। नाथपरम्पराको योग साधनाको पक्षमा होस् या नाथहरूको दार्शनिक चिन्तनका बारेमा गोरखनाथका ग्रन्थहरू नै यस विषयका आधारभूत ग्रन्थ मानिन्छन्। लगभग संस्कृतमा चालिस ग्रन्थहरू गोरखनाथका नामसित जोडिएका छन् भने सधुक्कडी

CC-0. Nepal Sanskrit Academy, Kathmandu

भाषामा पनि अनेक ग्रन्थ उनकै नामबाट बजारमा देखिन्छन् । यीमध्ये केही ग्रन्थका आधिकारिताका बारेमा सबै एकमत छन् । उदाहरणका लागि गोरक्षपद्धति, *गोरक्षशतक* र *गोरक्षसंहिता* र *सिद्धसिद्धान्तपद्धति* र *गोरखवाणी । यिन*लाई आधारभूत ग्रन्थ मानिन्छ । नाथयोगमा महर्षि घेरण्डको घेरण्डसंहिता र योगी स्वात्मारामको *हठयोगप्रदीपिका*लाई प्रमाणिक ग्रन्थ मानिन्छ । तै पनि नाथ सम्प्रदायका सबै लेखनका लागि गोरखनाथलाई नै आधार व्यक्तित्वका रूपमा लिइन्छ ।

महषि कपिललाई साङ्ख्य दर्शनको प्रणेता र व्याख्याता मानिन्छ त्यसैगरी महषि कणादलाई बैशेषिक दर्शनको, महर्षि गौतमलाई न्यायदर्शन, महषि जैमिनीलाई मीमांसादर्शन, महर्षि व्यास (बादरायण) लाई वेदान्तदर्शन र महर्षि पतञ्जलिलाई योगदर्शनको श्रेय जान्छ । पतञ्जलिले *योगसूत्र* मार्फत् योगविद्यालाई दर्शनका रूपमा स्थापित गरे । पतञ्जलिको योगदर्शनमा चित्तवृतिको नियन्त्रण, विभिन्न सिद्धिको प्राप्ति, सविकल्प र निर्विकल्प समाधिसाधना र वैराग्य वा कैवल्यप्राप्ति मुख्य उद्देश्य राखिएको छ । दर्शनले मुख्य रूपमा मानवजीवन, हामी बसोबास गरेको ब्रह्माण्डको अस्तित्व यसका निर्णायक तत्त्वहरू, जड र चेतनको अस्तित्व, मानव शरीरमा रहेको भौतिक र चेतनाको संयोजन, ज्ञानको महत्त्व र ज्ञानको आधार र माध्यम गुरु, यी विषयमा चर्चा गर्छ ।

पतञ्जलिको योगदर्शनमा मानव शरीरको व्याख्या छैन, प्राणीको शरीरको वर्णन र विश्व ब्रह्माण्ड संरचनाको वर्णन र यी दुई बिचको अन्तःसम्बन्धको व्याख्या छैन । चेतन शक्ति र जड शक्तिको अन्तःसबन्धबारे र जड अन्ततः चेतनमा विलीन हुने कुरा र यस ज्ञानको आधारका रूपमा गुरुको महत्त्व व्याख्या पाइँदैन । गोरखनाथले यी सबै विषयलाई *सिद्ध सिद्धान्त पद्धति*मा र *गोरखवाणी*मा विस्तारमा व्याख्या गरेको पाइन्छ ।

अहिले संसारभरि वैदिक दर्शन भन्नेबित्तिकै वेदान्तदर्शन र प्राचीन दर्शन भनेको साङ्ख्यदर्शन भनेर बुझिन्छ । यी दुवैमा शरीरलाई जडको तहमा राखिएको छ, त्यसलाई उपेक्षा गरिएको छ, त्यसलाई नियन्त्रण गर्नेमात्र सोंच देखिन्छ । सारा ब्रह्माण्डमा देखिने गतिविधिलाई, यहाँको जीवन्ततालाई साङ्ख्यदर्शनमा प्रकृति या प्रधानको खेल र वेदान्तको भाषामा मायाको खेल भनिएको छ । दुवै दर्शनमा पुरुष र ब्रह्मका रूपमा चेतनाको मात्र गुण गाइएको छ, चेतनानुभूतिलाई जीवनको लक्ष्य मानिएको छ । केवल वेदान्तदर्शन र साङ्ख्यदर्शनमा मात्र होइन गैरवैदिक मानिने वौद्धदर्शन र जैनदर्शनमा समेत शरीरलाई नियन्त्रण गर्ने सोंच हावी रहेको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

जैन शब्द जिन धातुबाट बन्छ जसको अर्थ नियन्त्रण गर्नु हो यानि शरीरमाथि नियन्त्रण। बुद्ध भनेकै चेतना हो यसरी जैन र बौद्धदर्शनमा पनि ब्रह्माण्डको जीवजन्तुको र मानवको विश्लेषण एकाकी रहेको छ, यसको भौतिक संरचना र प्राणीको शरीरलाई महत्त्व दिइएको छैन। प्रकृतिको बाह्यरूप, बहुल संरचना जस्तै अग्ला हिमाल, भिराला पहाड, खोंच परेका नदी प्रवाह, सम्मा मैदान मार्फत् त्यसैगरी प्रकृतिमा रहेका रङीबिरङी रुख विरुवा र फूल, नदीनालाको नाद, चराचुरुङ्गीको तन्मयात्मक ध्वनि या स्वरल संसारमा हुनुको जीवनको महत्त्व दर्शाउँछ त्यसलाई मायाको खेल भनेर उपेक्षा गर्न मिल्दैन बरु यसलाई जीवनसित कसरी जोड्ने भन्ने सोच महत्त्वपूर्ण हुन्छ। वास्तवमा मान्छेको शरीरका विभिन्न अङ्गका माध्यमले नै सबैखाले साधना गर्ने हो, साधना मार्फत् सिद्धि प्राप्त गर्ने हो। शरीरका माध्यमबाट चेतना बुझ्ने हो त्यसैले शरीर उपेक्षा गरेर साधना र सिद्धि हुन सक्दैन।

## ६.२ नेपालको नाथपरम्परासित अभिसम्बद्ध योगीहरू

स्वामी प्रपन्नाचार्य (२०७०), अर्जुन ज्ञवाली (२०७७) र योगी सिंहनाथ (२०७७)ले नेपालका प्रमुख नाथयोगीहरूको चर्चा गरेका छन्। त्यसमा सिंहनाथले योगीहरूको नाममात्र दिएका छन् भने ज्ञवाली र प्रपन्नाचार्यले अलि विशद चर्चा गरेका छन्। ती पुस्तकमा चर्चा भएका नाथ योगीहरूको विवरण मैले पनि सकेसम्म सविस्तार प्रस्तुत गर्ने प्रयास गरेको छु। यस सन्दर्भमा नेपालमा जन्मेका र नेपाल कर्मभूभि बनाएका दुवैथरी नाथ योगी हाम्रो अध्ययनको परिधिमा पर्दछन्। नेपालको नाथपरम्परा मत्स्येन्द्रनाथबाट नै सुरु हुन्छ। मत्स्येन्द्रनाथलाई निम्तो गरेर नेपाल ल्याइएको कुरा आउँछ। समग्र नाथपरम्परामा प्रधान भूमिका गोरखनाथको देखिन्छ र धेरैजसो नाथहरूले मत्स्येन्द्रलाई गोरखनाथका गुरुका रूपमा चिन्दछन्। नाथपरम्परा भनेर अहिले अभ्यासमा रहेको परम्परा कौल शाक्त परम्परा होइन यो त गोरखनाथीय शैव योगपरम्परा हो।

## ३.३ मत्स्येन्द्रनाथ वा मच्छिन्द्रनाथ

मत्स्येन्द्रनाथ वा मच्छिन्द्रनाथलाई केन्द्र मानेर लेखिएका किताबहरू नेपालमा एकदम कम छन्। भारतमा पनि नाथ सम्प्रदायबाट छापिएका धेरैजसो किताबहरूमा उनलाई गोरखनाथका योगी गुरुका रूपमा प्रस्तुत गरेको पाइन्छ। मत्स्येन्द्रनाथको मुख्य ग्रन्थ **कौलज्ञान निर्णय** र त्यस ग्रन्थमा श्यामकान्त द्विवेदीले लेखेको विस्तृत टिप्पणी नै मत्स्येन्द्रनाथको सिद्धान्तको बारेमा जान्ने मुख्य आधार हो। भारतका तुलनामा नेपालका

CC-0. Nepal Sanskrit Academy, Kathmandu

स्वदेशी र विदेशी इतिहासकारहरूले नेपालको इतिहास र संस्कृतिको चर्चा गर्दा मत्स्येन्द्रनाथको प्रसङ्ग जोडेको पाइन्छ। मत्स्येन्द्रनाथको विचार र दर्शनबारे आवश्यक जानकारीका लागि खासै पुस्तक उपलब्ध नभइरहेका सन्दर्भमा नेपाली इतिहासका सन्दर्भहरू, नाथयोगको विचार र दर्शन परम्परा, मत्स्येन्द्रनाथको **कौलज्ञान निर्णय** र त्यसमाथिको श्यामकान्त द्विवेदीको व्याख्याका आधारमा बुझ्नुपर्ने हुन्छ। भेरोनिक बुलियर (१९१६)बनुसार नेपालको मत्स्येन्द्रनाथबारे पश्चिमा केही लेखकहरूले अलिकति लेखेका छन्। ती हुन् : जे.लक (१९८०), एस्.लीनहार्ड (१९७८), जी.टफिन (१९९३) र ए.भर्गती (१९८५) यिनीहरूले फ्रेञ्चमा लेखेको हुनाले ती लिखतका विषयवस्तु नेपाली पाठकका लागि सहज भएन।

नेपालका सन्दर्भमा हामी सबैले मत्स्येन्द्रनाथबारे जान्नुपर्छ किनभने नेपालको इतिहास र संस्कृतिसित मत्स्येन्द्रनाथको जीवनी र आख्यान अभिन्नरूपमा गाँसिएको छ। एकातिर मत्स्येन्द्रनाथलाई नेपालमा बौद्ध आर्य अवलोकितेश्वर भनेर पूजा गरिन्छ भने अर्कातर्फ नाथपरम्परा र हठयोगका प्रमुख योगी गोरवनाथका गुरु मत्स्येन्द्रनाथ भएकाले हिन्दूहरूले पनि नवनाथ र ८४ सिद्धहरूमध्ये आदिनाथ र जालन्धरनाथपछि उनकै नाम लिन्छन् र उनीपछि उनका शिष्यका रूपमा गोरखनाथको नाम लिइन्छ। नेपालमा नाथपरम्पराको सांस्कृतिक महत्त्व बुझ्न योगी नरहरिनाथले ***संस्कृत सन्देश***मा प्रकाशन गरेको लेख "काष्ठमण्डप" र उनको ग्रन्थ **इसिहास प्रकाश**को अध्ययन जरुरी छ। **गोपालवंशावली**मा राजा नरेन्द्रदेव र वन्धुदत्तले बुग्मलेश्वर यानि मत्स्येन्द्रनाथको जात्रा चलाएको सङ्क्षिप्त वर्णन गरिएको छ। मत्स्येन्द्रनाथवारेको आख्यान **भाषावंशावली**मा विस्तारमा दिइएको छ। त्यसैगरी जीत बहादुर मानन्धरले आफ्नो पुस्तक **विरञ्चि नारायण**मा पाटनका राता मत्स्येन्द्रनाथको चर्चा गरेका छन्। मत्स्येन्द्रनाथ बारेमा लेखिएको मत्स्येद्रपद्यशतकम् शीर्षक भएको एउटा संस्कृत पुस्तिका योगी नरहरिनाथको नेपालीमा अनुवाद सहित प्रकाशित उपलब्ध छ।

योगी सम्प्रदायको **विष्कृति** नामक नाथमतसम्बन्धी पुस्तकमा पनि नेपालमा मत्स्येन्द्रनाथको आगमनबारे चर्चा रहेको छ। त्यसलाई मत्स्येन्द्री जातिसित जोडिएको छ। शताब्दी पुरुष सत्यमोहन जोशीको नेपाली चाडपर्व पुस्तकको "रातो मच्छिन्द्रनाथ : रथजात्रा र भोटोजात्रा" शीर्षकमा भनिएको छ नेपालमा सबैभन्दा लामो समय चल्ने जात्रामा ललितपुरको रातो मच्छिन्द्रनाथको जात्रा पर्दछ। यो प्रत्येक वर्ष वैशाख शुक्लप्रतिपदा तिथिमा सुरु हुन्छ र महीनौं चल्छ। वार्षिक जात्राबाहेक प्रत्येक १२ वर्षमा विशेष जात्रा हुन्छ। मच्छिन्द्रनाथ जात्राको परम्परा राजा नरेन्द्रदेवले सुरु गरेको भनिन्छ, मच्छिन्द्रनाथ उपत्यकामा प्रवेश गरेपछि लामो खडेरी अन्त्य

CC-0. Nepal Sanskrit Academy, Kathmandu

भई वर्षा भई अन्न उब्जेकाले र देशमा सहकाल भएकाले उनलाई सहकालका देवताका रूपमा सम्मानस्वरूप जात्राको चलन सुरु भएको मान्यता रहेको छ। मच्छिन्द्रनाथको जात्रा व्यवस्थाका लागि यसको आफ्नै गुठी रहेको छ। पशुपतिनाथ पछिको ज्यादा आम्दानी भएको मन्दिर मच्छिन्द्रनाथ नै मानिन्छ। काठमाडौँमा रातो र सेतो दुई वर्णका मच्छिन्द्रनाथको पूजा हुने उल्लेख छ :"रातो वर्णका मच्छिन्द्रनाथमा ललितपुरका मच्छिन्द्रनाथ र चोभारका मच्छिन्द्रनाथ (आदिनाथ अवलोकितेश्वर प) प्रसिद्ध छन्। सेतो वर्णको मच्छिन्द्रनाथमा काठमाडौँ जनबहालका मच्छिन्द्रनाथ (जमलेश्वर, लोकेश्वर) र नालाका मच्छिन्द्रनाथ (पद्मपाणि लोकेश्वर) प्रसिद्ध छन्" (पृ.८५)। मच्छिन्द्रनाथको प्रत्येक जात्रामा राज्यको प्रतिनिधित्वको रूपमा राजकीय खड्ग उपस्थित गराउने र गुरुजुको पल्टनको उपस्थिति हुन्छ। रथलाई ललितपुरको तबहालको मन्दिरबाट पुल्चोक, गाबाहाल, सुनधारा, लगनखेल हुँदै जावलाखेल ल्याइन्छ। त्यहाँ ल्याएको चौथोदिन भोटोजात्रा गरिन्छ। यो राजा गुणकामदेवका पालादेखि सुरु भएको मानिन्छ। पहिला पहिला राजा स्वयं र पछिपछि राजप्रतिनिधिले सो भोटो देखाउने चलन रहेको छ। जोशीको लेखबाट मच्छिन्द्रनाथबारे धेरै कुरा स्पष्ट हुन्छ।

योगी विलासनाथको **नवनाथ** (चरित्र दर्शन र साक्षात्कार विधि) २०६६, र **श्रीनाथ रहस्य** २०६९, खण्ड १,२ र ३, मा र नाथपरम्पराबारे अति महत्त्वपूर्ण जानकारी रहेका छन्। नाथबारेको अर्को अति महत्त्वपूर्ण ग्रन्थको नाम हो **नाथ तीर्थावली जो** राजस्थान जयपुरका राजा मानसिंहले पाण्डुलिपि सङ्ग्रह गरेर राखेका थिए। त्यसलाई योगी शङ्करनाथले वि.सं.२००७ सालमा प्रकाशित गरे पछिमात्र यसमा रहेको जानकारी अरूलाई उपलब्ध भयो। यस पुस्तकले वास्तवमा नाथ योगीहरूका बारेमा धेरै जानकारी दिन्छ।

काश्मिरी शैवागममा मत्स्येन्द्रनाथलाई सिद्ध पुरुषका रूपमा लिएको पाइन्छ। काश्मिरी शैव परम्परासित सम्बद्ध शैव दर्शन, तन्त्र र साहित्यका उद्भट् विद्वान् अभिनवगुप्तको समय ११औँ शताब्दी मानिएको छ। उनले आफ्नो तान्त्रिक ग्रन्थ **तन्त्रालोक**मा आचार्यहरूलाई नमन गर्ने सन्दर्भमा मत्स्येन्द्रनाथलाई अभिवादन गरेका छन्। त्यहाँ उनलाई 'मच्छन्द' भनिएको छ। मत्स्येन्द्रनाथको ख्याति त्यतिबेला स्थापित भइसकेको बुझिन्छ र उनको समय अभिनव गुप्तको भन्दा पहिला रहेको स्पष्ट हुन्छ। तन्त्रालोक ग्रन्थको टीका 'विवेक'मा मत्स्येन्द्रनाथलाई मीननाथ पनि भनिएको छ।
तत्सकाशात्तु सिद्धेन मीनाख्येन वरानके।
कामरूपे महापीठे मच्छन्देन महात्मना।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

सार्दे (२०१९:४०)का अनुसार विभिन्न विद्वान्ले मत्स्येन्द्रनाथलाई विभिन्न नाम दिएका छन्। जस्तै **कौलज्ञाननिर्णयमा** मच्छघ्नपाद, मच्छेन्द्रपाद, मत्स्येन्द्रपाद र मीनपाद भनिएको छ। **अकुलवीरतन्त्रमा** मीननाथ ,मच्छेन्द्रपाद; कुलानन्दमा मत्स्येन्द्र; ज्ञानकारिकामा मच्छिन्द्रनाथ (बाग्ची १९३४:०६)। द्विवेदीले उनलाई चन्द्रद्वीप कामरूपको मानेका छन् (१९५०:४४), बाग्चीले नेपालको पुस्तकालयको ग्रन्थ **नित्याह्निकतिलकम्**को आधारमा बङ्गालका मानेका छन् (बाग्ची १९३४:१८)। कदलीमञ्जुनाथ महात्म्यम्का आधारमा धेरे र मालिसन्ले दक्षिण भारतका मानेका छन् (धेरे २०१०:५७; मालिसन् २०११:५)।

**वर्णरत्नाकर** पुस्तकले पनि मीननाथ र मत्स्येन्द्रनाथ एउटै मानेको छ। बङ्गाली लोकसाहित्यमा मत्स्येन्द्रभन्दा मीननाथ नै नाम प्रचलित देखिन्छ। नेपालमा मत्स्येन्द्रनाथ नाम नै प्रसिद्ध छ। उनलाई भारतमा सिद्ध योगी र गोरखनाथका गुरुका रूपमा, नेपालमा हिन्दूहरूले नाथतान्त्रिक सिद्धयोगीका रूपमा र नेपालमा बौद्धहरूका लागि र तिब्बतका वज्रयानीहरूका लागि मत्स्येन्द्रनाथलाई अवलोकितेश्वर बुद्धका रूपमा मानिन्छ। मैथिल कवि विद्यापतिले आफ्नो नाटक **गोरक्षविजयमा** मत्स्येन्द्रनाथलाई मीननाथ भनेर सम्बोधन गरेका छन् "अबहू न सम्भव मोहे रे मीननाथ"।

मत्स्येन्द्रनाथलाई निम्न ग्रन्थका रचयिता मानिन्छ। **कौलज्ञाननिर्णय, मत्स्येन्द्रसंहिता, अकुलवीरतन्त्रम्, कुलानन्दतन्त्रम्, ज्ञानकारिका, योगविषय, श्रीकामाख्यागुह्यसिद्धि, अकुलागमतन्त्रम्, कुलार्णवतन्त्र, कौलोपनिषद् र कौलावालिनिर्णय** (धेरे २०१०:६२-६५)।

स्कन्दपुराणअनुसार अशुभ मुहूर्तमा जन्मेकाले शिशु अवस्थामा समुन्द्रमा फ्याँकियो, एउटा ठुलो माछाले खायो। पछि शिवपार्वतीको आगमको संवाद दर्शन सुनेर ज्ञान प्राप्त भएको थियो। शिव पार्वतीले उनलाई पुत्रका रूपमा स्वीकार गरका थिए।

**मत्स्येन्द्रनाथ** तान्त्रिक कौल योगी थिए। उनले नै कौल योगिनी परम्परा चलाएका थिए (सार्दे पृ.४१)। कुल शब्दबाट कौल शब्द बनेको हो। त्यसैले शास्त्रअनुसार कुल भनेको के हो ? भास्कर रायले सौभाग्य भाष्करमा भनेका छन् "कुः पृथ्वीतत्त्वं लीयते यत्र तत्कुलमाधारचक्रं" "तत्सम्बन्धाल्लक्षणया सुषुम्णा मार्गोऽपि" यसरी छ चक्रमध्ये आधारचक्र र सुषुम्णा मार्गलाई कुल भनिँदो रहेछ। मूलाधारबाट कुल कुण्डलिनीलाई माथि उठाएर सहस्रारचक्रमा 'अकुल' शिवसित मिलाईदिने कौल हो। कुल ' कुण्डलिनी या शक्ति' र अकुल 'शिव' काबिचमा सामरस्य स्थापित गरिदिने

CC-0. Nepal Sanskrit Academy, Kathmandu

ज्ञान कौल हो। यसरी हेर्दा मूलाधार लगायत छ चक्रलाई नै कुल भन्न सकिन्छ। "मूलधारादिकं चक्रषट्कं कुलमिति स्मृतम्"।

**भावचूडामणि**मा भेदभाव वृति नभएको समत्वयोगीलाई कौल भनिएको छ। **श्यामरहस्य**मा कौलहरूले विभिन्न रूप धारण गरेर पृथ्वीमा विचरण गर्छन् भनिएको छ (कौ.ज्ञा.नि.viii)। तन्त्रमा सात आचारहरू मानिन्छ। तीमध्ये एक कौलाचार हो। कौलावती तन्त्रअनुसार : १.वेदाचार, २. वैष्णवाचार, ३. शैवाचार, ४. दक्षिणाचार ५. सिद्धान्ताचार, ६.वामाचार, ७. कौलाचार। पहिलो आचारभन्दा दोस्रो आचार उत्तम, दोस्रो भन्दा तेस्रो त्यसैगरी क्रमशः सवैभन्दा उत्तम आचार कौलाचार मानिन्छ। विश्वसारतन्त्रका दृष्टिले सुरुका १,२,३,४ आचार पशु आचार, ५,६ वीरभाव साधनाका लागि र अन्तिम ७ दिव्यभाव साधनाका लागि उपयुक्त मानिन्छ। कौलज्ञान/दर्शन नै नाथदर्शन हो। यो दर्शन कुलार्णवतन्त्र, गोरक्षोपनिषद् र गोरक्षसिद्धान्तका अनुसार पनि द्वैत र अद्वैतको भेदभन्दा माथि छ। अवधूतगीतामा भनिएको छ :

अद्वैतं केचिदिच्छन्ति द्वैतमिच्छन्ति चापरे।
समतत्त्वं न विन्दन्ति द्वैताद्वैतविलक्षणम्।

## ६.४ गोरखनाथको जीवनलीला

पूर्वीय गोत्रपरम्परामा पुर्ख्यौली पारिवारिक सन्तति परम्परा र सम्प्रदायगत गुरुशिष्य परम्परा गरी दुई परम्परा रहेका छन्। पहिलो बिन्दुपरम्परा वा सन्ततिपरम्परा हो भने दोस्रो नादपरम्परा वा सम्प्रदायगत गुरुशिष्य परम्परा। कुल परम्परामा कुन गाउँ ठाउँमा जन्मेको बाबु आमाको नाम, कुल, वंश पित्री पुर्ख्यौली महत्त्वपूर्ण हुन्छ भने नादपरम्परामा संन्यास परम्परामा गुरुशिष्य परम्परा महत्त्वपूर्ण हुन्छ। मत्स्येन्द्रनाथ र गोरखनाथको जन्मस्थानका बारेमा उनका मातापिता र समयका बारेमा स्पष्ट जानकारी नहुनुमा प्रमुख कारण उनीहरू नादपरम्पराका हुन् तर हामीले बिन्दुपरम्परा खोजिरहेका छौं त्यसैले यस विषयमा धेरै मतमतान्तर रहेका छन्।

गोरखनाथको जन्म कहाँ भएको थियो उनी मूलतः कुन स्थान विशेषका हुन् भन्ने बारेमा धेरै मतहरू छन्। अनेकौंले उनी पन्जावका थिए भनेका छन्। कतिले उनी उत्तर हिमालका र कतिले बङ्गाल, पश्चिम भारत, सिन्ध, पेशावर, ढिढोर, भेलम्, गोरखपुर, नासिक र नेपालका भनिएको छ। गोरखपुरका जोगीहरू उनी पन्जावबाट त्यहाँ आएको मान्छन् भने नासिकका योगीहरू गोरखनाथ नेपालबाट पन्जाब हुँदै नासिक आएको मान्दथे। उनलाई दैवीस्वरूप चार युगमा विद्यमान रहेको मानेर सत्ययुगमा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पेशावर पन्जाबमा,शेष अवतार मान्नेहर पनि छन् । त्रेतायुगमा गोरखपुरमा, द्वापरयुगमा हरमुज, द्वारकामा र कलियुगमा कठियावाडको गोरखमाडीमा उनी जन्मेका मान्दछन् (ब्रिग्स: २२८-२९) ।

गोरखनाथको नाम सिद्धहरूको विभिन्न सूचीमा जस्तै वर्णरत्नाकरको सूची, सस्क्य विहारको तिब्बती सिद्धको सूची र हठयोगप्रदीपिकाको सूचीमा पाइन्छ। द्विवेदीका अनुसार महार्णवतन्त्र, सुधाकर चन्द्रिका, कौलावनीतन्त्र र श्यामारहस्यमा पनि उल्लेख भएको पाइन्छ (१९५०:२४,७६) । नाममा पनि भिन्नता पाइन्छ जस्तै वर्णरत्नाकरमा गोरक्षणाथ, हठयोगप्रदीपिकामा गोरक्ष, सस्क्य विहारको सूचीमा गोरक्षपा, र महार्णवतन्त्र आदिमा गोरक्षनाथ पाइन्छ (उपाध्याय २००९: ८९-९०) ।

गोरखनाथको बारेमा धेरै किम्बदन्तीहरू छन्। एकपटक उनी पातालमा धुनी जगाएर बसेका थिए । त्यहाँ अचानक कतैबाट पानी पस्यो र त्यो पानी बढ्दै गयो । विष्णु अत्तालिएको देखेर गोरखनाथले उनलाई धुनीको खरानी दिए अनि पानी बढेको ठाउँमा छर्न लगाए, पानी रोकियो । यसरी गोरखनाथको योगबलबाट प्रभावित ब्रह्मा, विष्णु र शिव उनका प्रथम शिष्य भए (ब्रिग्स: २२८) । नारद पुराण र स्कन्दपुराणअनुसार उनी अशुभ नक्षत्रमा जन्मेकाले उनलाई समुन्द्रमा फालियो, एउटा ठुलो माछाले निल्यो। माछाकै पेटमा रहेका बेला महादेवले पार्वतीलाई अमर कथा सुनाउन एकान्त स्थान खोज्दै लोकालोक महापर्वतमा आएर कथा सुनाउन थाल्नुभयो, केही समयपछि पार्वती निदाउनु भयो, महामत्स्य त्यतिबेला समुन्द्र किनारमा थियो र पार्वती निदाएका बेला मत्स्यभित्रको बालकले बिचबिचमा हुँकार गरिरह्यो। यो रहस्य खुलेपछि महादेवले उसलाई बोलाउनु भयो। उसको वृतान्त सुनेपछि उसलाई अभयदान दिएर तिम्रो नाम मत्स्येन्द्र भयो अब तिमी लोकको भ्रमण गरी योगको प्रचार गर भनेर आदेश दिनुभयो तर उनले योग प्रचारका लागि शिवको सहयोग मागे । शिवले म आउनेछु भनी आश्वासन दिएपछि उनी ढुक्क भएर शिवको तपस्यामा लीन भए । शिवले खुशी भएर मत्स्येन्द्रको सहायक भएर अवतार ग्रहण गर्न स्विकार्नु भयो । यसरी गोरखनाथ शिव स्वयंको अवतार हुन् ।

एकपटक पार्वतीले गोरनाथको परीक्षा लिन स्वयं अति सुन्दर युवती बनेर जानुभयो। गोरखनाथका अगाडि विभिन्न हावभाव गर्नुभयो तर गोरखनाथलाई कुनै असर परेन। धेरै समयपछि गोरखनाथले आँखा खोलेर भन्नुभयो, हे देवी हजुर यहाँ समय बरबाद नगर्नुहोस्, आदिनाथले तपाईंलाई स्मरण गरिरहनुभएको छ जानुहोस् (ज्ञवाली २०७७: १५-१६)। देवी आश्चर्यचकित हुँदै फर्किएको प्रसङ्गले गोरखनाथ इन्द्रिय विजेता हुनुहुन्थ्यो भन्ने थाहा हुन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

मत्स्येन्द्रनाथ गोरखनाथका गुरु हुन्। गोरखनाथको जन्मका बारेमा अनेक किंवदन्ती छन् त्यसमध्ये एउटा तल दिइएको छ। एकपटक मत्स्येन्द्रनाथ भिक्षा माग्न गाउँमा जाँदा सन्तानहीन महिलालाई आशीर्वाद स्वरूप सन्तानप्राप्तिका लागि अलिकति भभूत दिए र आफ्नो बाटो लागे। गाउँका अरू महिलाले ती महिलालाई भने जोगीको भर हुँदैन तन्त्रमन्त्र गरेर पागल बनाउन सक्छन्। ती महिलाले त्यो भभूतलाई लगेर गाईगोठको मलखातमा फालिन्। ठिक १२ वर्षपछि मत्स्येन्द्रनाथ घुम्दै त्यस घरमा पुगेर आफूले भभूत दिएको कुरा सम्झाए र बालक खोइ भनेर सोधे। महिलाले साँचो कुरा सुनाएर जहाँ भभूत फालेकी थिइन् त्यो ठाउँ देखाइदिइन्। मत्स्येन्द्रनाथले आवाज लगाउनेबित्तिकै १२ वर्षे ठिटो गोबरबाट निस्केर उनका पछिपछि लाग्यो र त्यो ठिटो नै पछि गएर गुरु गोरखनाथका नामले प्रसिद्ध भए भन्ने किंवदन्ती रहेको छ।

नेपालका धेरैजसो लिखतहरूमा गोरखनाथले पशुपतिको नजिक मेघमाला बनाएर १२ वर्ष ध्यानमा बसेको प्रसङ्ग छ। योगी नरहरिनाथका अनुसार गोरखनाथको पछिल्लो अवतरण नेपालको गोरखा जिल्लाको गोरख गुफामा भएको हो। गोरखनाथको योग र दर्शनको आधारभूमि नेपाल हो।

'गोरक्ष' नामको **गोरक्षनाथस्तोत्र**मा यसरी व्याख्या गरिएको छ। गकार गुणसंयुक्त, रकार रूपलक्षण क्षकारेण अक्षय ब्रह्म श्री गोरक्ष नमोऽस्तुते (मल्लिक१९५०:२९)। **गोरक्ष उपनिषद्**मा गोरक्षको दुई अर्थ दिइएको छ १.'गो' भनेको जीवहरूको इन्द्रियको 'रक्ष' भनेको रक्षा गर्नेवाला र २. गो भनेको वाणी, क्ष क्षयरहित रक्ष रक्षा गर्ने यसरी यसको अर्थ भयो अक्षय वाक्ब्रह्मको रक्ष गर्नेवाला। **शिवपुराण**अनुसार गोरक्ष शिवावतार थिए। **स्कन्दपुराण**मा नवनाथमा गोरक्षको नाम आउँछ। (उपाध्याय २००९: ९३-९४)।

हजारी प्रसाद द्विवेदीले शंकराचार्यपछि सबैभन्दा प्रभावशाली व्यक्तित्व गोरखनाथलाई मानेका छन्। नागेन्द्रनाथ उपाध्यायले गोरखनाथको समय शङ्कराचार्य र रामानुजाचार्यको बिचको समय मानेका छन्। गोरखनाथले तान्त्रिक परम्पराका केही राम्रा पक्षलाई शैव सम्प्रदायमा स्थापित गराए जस्तै गुरुशिष्यवाद, दीक्षा परीक्षा, अधिकारभेदवाद। पुराना केही सम्प्रदायहरू जस्तै लाकुलीश, पाशुपत, लिंगायत, कालामुखलाई शङ्कराचार्यले समेट्न सकेका थिएनन् तिनीहरूलाई समेटेर शैव सम्प्रदायलाई साङ्गठनिक रूपले बलियो बनाउने काम नाथपरम्पराका रूपमा गोरखनाथले गरे। उनको श्रेय हठयोगाचारनिष्ठ नैतिक योगीहरूको सम्प्रदाय विकास गर्नु थियो। कतिपयले योगसिद्धिलाई अरूलाई दुःख दिन प्रयोग गर्थे। जस्तै दीनोधरमा दयानाथले मन्त्रबलले जङ्गलमा आगो

CC-0. Nepal Sanskrit Academy, Kathmandu

लगाइदिने, मन्त्रबलले मानिसहरूलाई रसीले बाँधेर लाठीले पिटाउने गर्थ्यो। गोरखनाथलाई उनको शिष्य गोपीचन्द्रले खबर गरेपछि त्यहाँ गए उनीहरूको हर्कत बुझेर उनीहरूलाई आवश्यक वस्त्र र घोडा प्राप्तिका लागि आशीर्वाद दिएर त्यस्तो कुकर्म बन्द गराए (उपाध्याय पृ.९६-९८)।

गोरखनाथले योगबललाई लोककल्याणका लागि प्रयोग गरे। उनी भ्रमण गरिरहन्थे। उनी वर्णाश्रमको भेद व्यवस्था मान्दैनथे, उनका चेला सबै वर्णका हिन्दूहरू र गैर हिन्दू मुसलमानहरू पनि थिए। उनी मानवमात्रमा समदृष्टि राख्दथे। गोरखनाथका धेरै शिष्यहरू थिए।

गोरखनाथसित गाँसिएका धेरै लोकगाथाहरू छन्। मत्स्येन्द्रनाथ र गोरखनाथबाहेक केही अन्य नाथयोगीका लोकगाथा पनि उल्लेखनीय छन्। जस्तै भर्तृहरिको गाथा, उनी उज्जैनका राजा थिए जो दीक्षा लिएर जोगी बने र साधनामा लागे। उनका भतिजा गोपीचन्दको गाथा, गूगा चौहानको गाथा, राजा रसालू, पूरण भगतको गाथा (ग्रिअर्सन १८८५, ग्रोजिन्स गोल्ड १९९२ सर्बन स्क्रेबर १९९९ , बुलियर २०१६: २८)। यी सबै गाथा र ती गाथाका नायकको समय ८ औ शताब्दी देखि १२ औं शताब्दीको बिचमा पर्दछ।

हजारी प्रसाद द्विवेदीको मान्यता छ मत्स्येन्द्रनाथ र जालन्धरनाथ समकालिक थिए। मत्स्येन्द्रका शिष्य गोरखनाथ थिए भने जालन्धरका शिष्य थिए कानुपा या कृष्णपाद। गोपीचन्द कानपाका शिष्य थिए। अभिनवगुप्तले **ईश्वरप्रत्यभिज्ञाको बृहतीवृत्ति** १०१५ मा र **क्रमस्तोत्र** ९९१ मा लेखेका थिए। उनले तिनमा मत्स्येन्द्रनाथलाई मच्छंदविभु भनेर सम्झेका छन्। यसको अर्थ मत्स्येन्द्रनाथ यी पुस्तक लेखिनुभन्दा अघिका हुन् भन्ने बुझिन्छ। यसरी मत्स्यन्द्रको समय नवौं शताब्दी देखिन्छ (उपाध्याय २००९: १००-१०१)। राजा रसालु र पूरण भगत दुवैजना गोरखनाथका शिष्य थिए।

### ६.४.१ गोरखनाथका संस्कृत ग्रन्थहरू

वेस्टन ब्रिग्सले कनफटा योगीहरूले प्रयोग गर्ने साहित्य भनेर विभिन्न खाले ४७ पुस्तकको सूची दिएका छन् (१९३८/२०१६: २५२-५५)। ब्रिग्सले गोरखनाथका ग्रन्थहरूमा **गोरक्षशतक**लाई सबभन्दा बढी प्रमाणिक मानेर त्यसका संस्कृत श्लोकलाई रोमनमा दिएर अर्थ अंग्रेजीमा दिएका छन्। भेरोनिक् बुलियर्ले गोरखनाथका संस्कृतका ग्रन्थहरूमध्ये **गोरक्षशतक, विवेकमार्तण्ड, सिद्धसिद्धान्तपद्धति**मा जोड दिएकी छिन् (पृ.१९-२०)। अक्षय कुमार बनर्जीले गोखनाथ दर्शन पुस्तकमा पुस्तकहरूको लामो सूची दिएका छन् तर उनले गोरखदर्शनको मूल ग्रन्थ **सिद्धसिद्धान्तपद्धति**लाई

CC-0. Nepal Sanskrit Academy, Kathmandu

मानेका छन्। लगभग उनको समग्र पुस्तक सिद्धसिद्धान्तपद्धतिको विशद व्याख्यामा अडिएको छ। हजारी प्रसाद द्विवेदीले गोरखनाथका २८ संस्कृत ग्रन्थको सूची दिएका छन् भने उपाध्यायले अरू विद्वानहरूका सन्दर्भ ल्याएर ३६ ग्रन्थहरूलाई गोरखनाथका ग्रन्थ मानिएको र त्यसमध्ये पनि उनका दृष्टिमा तल दिएका १५ ग्रन्थ विशेष मानेका छन्।

| | | |
|---|---|---|
| १. अमरौघशासनम्, | २.अवधूतगीता | ३.गोरक्षगीता |
| ४. गोरक्षशतक | ५. महार्थमञ्जरी | ६. विवेकमार्तण्ड |
| ७. सिद्धसिद्धान्तपद्धति | ८.चतुशीत्यासन | ९. ज्ञानामृत |
| १०.योगमहिमा | ११.योगसिद्धान्तपद्धति | १२.गोरक्षकल्प |
| १३. गोरक्षसहस्रनाम | १४.गोरक्षपिष्टिका | १५.योगबीज |

गोरखनाथका संस्कृत ग्रन्थहरूमध्ये **सिद्धसिद्धान्तपद्धति, गोरक्षसंहिता, अमरौघशासनम्** र महार्थमञ्जरीलाई महत्त्वपूर्ण मानिएका छन्। नाथदर्शनका दृष्टिले **सिद्धसिद्धान्तपद्धति र महार्थमञ्जरी** एवं साधनापद्धतिका पक्षबाट **गोरक्षपद्धति र अमरौघशासनम्**लाई महत्त्वपूर्ण मानिएको छ। ब्रिग्सले ज्ञानशतक र ज्ञानप्रकाशशतक गोरक्षशतकका नामान्तर भनेका छन्। गोरक्षशतकलाई नाथयोगीहरूले अति नै महत्त्व दिएर त्यसमाथि टीका, टिप्पणी, भाष्य लेखेका छन्। **गोरक्षपद्धति**मा दुई शतक छन्। त्यसमध्ये प्रथम शतकलाई **गोरक्षशतक, गोरक्षज्ञान, ज्ञानप्रकाशशतक र ज्ञानशतक** भनिन्छ भने दोस्रो शतकलाई **योगशास्त्र** भनिन्छ। यसैलाई **गोरक्षसंहिता** पनि भनिन्छ। यसरी हेर्दा गोरक्षशतक नाथयोग या हठयोगमा अति प्रमाणिक ग्रन्थ मानिन्छ (उपाध्याय पृ.१०५-६)।

गोरखनाथले आफ्ना गुरु मत्स्येन्द्रनाथले चलाएको योगिनीकौल परम्पराका ठाउँमा नाथयोग परम्परा स्थापित गरे र उनी प्रथम हठयोगका आचार्य बने। त्यसको पद्धतिका रूपमा योगसाधनलाई जोड दिए। नाथपरम्पराको हठयोगसम्बन्धी सैद्धान्तिक आधारदाता गोरखनाथ हुन्। उनको योगसम्बन्धी आधारभूत विचार **गोरक्षशतकम्**मा आएका छन्। त्यसैले नाथयोग या गोरखयोग बुझ्नका लागि यो पुस्तक अध्ययन गर्नैपर्छ। तसर्थ मैले यस पुस्कतकको मूल पाठका आधारमा विषयवस्तु सारांशमा राख्ने प्रयास गरेको छु, पाठक र अनुसन्धाताले गोरखनाथको योगका बारेमा, मुद्रा, बन्धका बारेमा मूल विचार बुझ्ने अवसर पाउने छन्। सारांशमा भन्दा गोरक्षशतकम् पुस्तक नाथयोग या हठयोगका आधार ग्रन्थ हो, यस विषयमा रुचि राख्ने सबैले थोरधेर यो ग्रन्थ बुझ्न र मनन गर्न जरुरी हुन्छ।

मत्स्येन्द्रनाथको **कौलज्ञाननिर्णय**मा नाथसिद्धहरूको गुरुशिष्य परम्परा दिइएको छ। त्यसअनुसार मत्स्येन्द्रनाथका शिष्य गोरखनाथ र चर्पटीनाथ

CC-0. Nepal Sanskrit Academy, Kathmandu

हुन् भने जालन्धरनाथका शिष्य कानिपा र गोपीचन्द हुन् । गोरखनाथका शिष्य गहिनीनाथ, नागनाथ, भर्तृहरि, मलिकनाथ, विलेशयनाथ हुन् । कौलज्ञाननिर्णयका अनुसार नाथपरम्परामा शिवका १२ शाखा र गोखनाथका १२ शाखा थिए । पछि गएर दुवैतिरका ६,६ शाखा जोडेर नाथपन्थका १२ शाखा बनेका हुन् (कौलज्ञाननिर्णय भाग १ पृ.७६ र७७) ।

### ६.४.२ गोरखनाथका सधुक्कडी भाषामा रचित ग्रन्थहरू

गोरखनाथका संस्कृत ग्रन्थहरूको माथि चर्चा गरियो र प्रतिनिधि ग्रन्थको सारांश पनि दिइयो । गोरखनाथ नाथ सम्प्रदायमा सबैभन्दा बढी आदर र श्रद्धा गरिने व्यक्तित्व भएकाले उनका संस्कृत या सधुक्कडी भाषामा रहेका अभिव्यक्तिहरूको समाजमा धेरै ठुलो महत्त्व रहेको छ । साधुसन्तहरू एक ठाउँमा नबस्ने देश परदेश घुमिराख्ने, योगसाधना सिकाउने त्यसका बारेमा व्याख्या गर्ने भएकाले उनीहरूका अभिव्यक्तिमा जहाँ जन्मेका भए पनि विचारहरू धेरै मात्रामा मिल्दाजुल्दा पनि हुन्छन् । साधु सन्तहरूले खासगरी नाथयोगीहरूले प्रयोग गरेको भाषा मध्ययुगीन मिश्रित भाषा जसलाई सधुक्कडी भन्ने चलन छ । त्यो नाथहरूमा मात्र सीमित छैन ।

नेपालमा पाइने नाथसाधुहरू तथा अन्य सम्प्रदायका साधुसन्तहरू जस्तै जोशसनी सम्प्रदायका स्वामी शशिधरको **सच्चिदानन्दलहरी**मा १८ भजन, र उनको शिष्यपरम्पराका ज्ञानदिलदास, श्यामदिलदास, अच्युतदिलदास, निर्वाणानन्दका धेरै भजन दोहा र पदहरू पनि यही सधुक्कडी भाषामा पाइन्छ । जनकलाल शर्माले **जोसमनी सन्तपरम्परा र साहित्य**मा यस्ता सधुक्कडी भजन, निर्गुन, रागवाणी शीर्षकमा सङ्कलन गरेका छन् (२०५२) । यसैगरी जोसमनी साधुका सधुक्कडी भाषामा रहेका भजन नोबलकिशोर राई र नेत्रमणि राईले २०७३मा **जोसमनी धर्म सम्प्रदाय र दर्शन**मा पनि छापेको पाइन्छ ।

राजस्थान, बङ्गाल, पंजावका धेरै लोकगाथाहरू नाथपन्थी साधुहरूसित जोडिएका छन् । जस्तै राजस्थानमा भर्तृहरि, गूगा, राजा रसूल आदि सम्वन्धी, महाराष्ट्रमा सन्त ज्ञानेश्वर, तुकाराम आदि, बङ्गालमा मीननाथ र गोरखनाथसम्बन्धी, पन्जाबमा जालन्धरनाथ र गोरखनाथसम्बन्धी, नेपालमा मत्स्येन्द्रनाथ, रत्ननाथ र गोरखनाथसम्बन्धी अनेक मिथकहरू स्थानीय भाषामा र सधुक्कडी भाषामा पाइन्छन् । नेपाल, भारतका विभिन्न ठाउँहरूमा सधुक्कडी भाषामा रहेका ग्रन्थहरू जसलाई हिन्दी साहित्यका समीक्षकहरूले हिन्दी भाषामा रहेका ग्रन्थ भनेका छन्

CC-0. Nepal Sanskrit Academy, Kathmandu

त्यसको कारण सधुक्कडी भाषालाई हिन्दीको प्राचीन अपरिष्कृत रूप मानेका छन्, तिनको हामी यहाँ सङ्क्षिप्त चर्चा गर्नेछौँ ।

पं.रामचन्द्र शुक्लले गोरखनाथको उनका चेलाहरूको सधुक्कडी भाषामा उपलब्ध साहित्यलाई गोरखनाथको संस्कृतमा रहेका योगग्रन्थ र नाथदर्शन ग्रन्थको "अनुवाद या सार" मानेका छन् (हिन्दी साहित्यका इतिहास पृ.१९) । हजारी प्रसाद द्विवेदीले गोरखनाथका हिन्दीमा उपलब्ध अनेक **पद र सबदी**मा साधनामार्गको व्याख्या पाइन्छ जो उनका संस्कृत ग्रन्थमा पनि पाइन्छ तर हिन्दीका ग्रन्थमा योगीहरूको धार्मिक विश्वास, दर्शन र नैतिकताका कुरा पनि पाइन्छ जो उनका संस्कृतका ग्रन्थमा देखिँदैन । द्विवेदीले गोरखनाथका हिन्दी ग्रन्थका विशेषता छुट्याएका छन् (२०५०:१८२) ।

नागेन्द्रनाथ उपाध्यायका अनुसार सधुक्कडी भाषामा रहेका गोरखनाथ र उनको परम्परा जसलाई गोरखनाथी भन्न सकिन्छ तिनका ग्रन्थहरूलाई व्यवस्थित तरिकाले सङ्कलन गर्ने र सम्पादन गर्ने पहिलो व्यक्ति पिताम्बर बडथ्याल थिए । उनले सन् १९३०मा नाथ कविताका बारेमा नागरिणी सभाको साहित्य परिषद्मा बोलेका थिए र पछि लेखका रूपमा प्रकाशित भयो । उनको निबन्धसङ्ग्रह **योगप्रवाह**मा धेरै गोरखनाथका हिन्दी ग्रन्थ सङ्कलन र सम्पादित भई व्याख्यासहित आएका छन् । पं.तारानाथ गैरोलाबाट प्राप्त गोरखनाथका सत्र पुस्तिकाको परिचय यसै निबन्धसङ्ग्रहमा पाइन्छ । ती १७ थान गोरखनाथी पुस्तिका थिए । तिनको नाम निम्नानुसार रहेको छ ।

*सबदी, पद, तिथि, बार, अभैमात्रा योग, संख्या दर्शन, प्राण संकली, आत्मबोध, नरवैबोध, काफरबोध, अबलि सिलक, जाती भौंरावली, रोमावली, साषी, मछीन्द्र गोरखबोध, गोरख गणेश संवाद, गोरखदत्त संवाद।* संवादहरूलाई बडथ्यालले गोरखनाथका शिष्यहरूको रचन मानेका छन् त्यसैगरी अन्य कतिपय ग्रन्थको आधिकारिकता बारेमा उनले शङ्का प्रकट गरेका छन् । सन् १९४२ मा गोरखनाथको सामग्रीलाई व्यवस्थित गरेर गोरखबानी (सङ्ग्रह) प्रकाशित गराएका थिए ।

यस सङ्ग्रहका रचनालाई उनले तीन भागमा बाँडेर सम्पादन गरेका थिए । पहिलो भागमा सबदी, पद, शिष्या दरसन, प्राणसंकली, नरवैबोध, आत्मबोध, अभैमात्राजोग, पंद्रह तिथि, सप्तवार, मछीन्द्र गोरखबोध, रोमावली, ग्यानतिलक, पंचमात्रा यी ग्रन्थलाई सम्पादन गरे । सबदी र पदहरूमा टीका लेखे र अन्य रचनाहरूका बारेमा पनि टिप्पणी लेखे । उनले गोरखनाथसम्बन्धी आठवटा हस्तलिखित पाण्डुलिपि सङ्ग्रह गरेका थिए जसमध्ये पुरोहित हरिनारायण शर्मा, जयपुरको प्रति सबैभन्दा पुरानो (संवत्

CC-0. Nepal Sanskrit Academy, Kathmandu

१७१५ र सन्न १६५८) मानेका छन्। प्रथम भागका रचनाहरू आठवटै पाण्डुलिपिमा पाइन्छन्।

पहिलो परिशिष्टमा *गोरष गणेश गुष्टि, ज्ञानदीप बोध, महादेव गोरख गुष्टि, सिष्ट पुराण, दयाबोध* र केही पदको सम्पादत गरेका थिए। उनले यी रचनालाई शिष्यले लेखेको मानेका छन्।

दोस्रो परिशिष्टमा सप्तबार, नवग्रह, ब्रत, पंच अग्नि, अष्ट मुद्रा, चौबिस सिद्धि, बतीस लच्छन, अष्टचक्र, रहरासि नामक रचना सम्पादन गरे। यस परिशिष्टका बारेमा कुनै टिप्पणी लेखेनन्। यसरी आठवटा पाण्डुलिपिको सङ्ग्रहबाट ४० वटा रचनाको सूची बनाए।

बडथ्यालले *सबदी*लाई गोरखनाथको प्रमाणिक ग्रन्थ मानेका छन् (उपाध्याय पृ.१३९-१४१)। सबदीको संरचनास्वरूप मुक्तक रहेको। प्रत्येक मुक्तक स्वतन्त्र जस्तो देखिन्छ। मुक्तक नभनेर प्रत्येक मुक्तकलाई सबदी नै भनिएको छ। सबदीमा रहेका २७५ सबदीमा पनि सुरुका १८९ सबदीलाई उनले बढी प्रमाणिक मानेका छन्। अन्य सबदीका बारेमा उनको भनाइ छ यी सबदी लाला योगीनाथ र बाबा रतन हाजीका हुन्। केही पद्यमा रत्ननाथ हाजी नै बोल्दछन् (उपाध्याय पृ. १४१-२)। रतन हाजी भनेर नाथसम्प्रदायमा प्रख्यात योगी दाङ नेपालका रत्ननाथ नै हुन् भन्ने कुरा **सिद्ध रत्ननाथ** पुस्तिकाले स्पष्ट पार्दछ। यसरी गोरखनाथको अत्यन्त महत्त्वपूर्ण ग्रन्थ सबदीमा पनि हाजी रतननाथको योगदान देखिनाले नेपाली नाथयोगीहरू अत्यन्त सम्मानित अवस्थामा रहेको कुरा स्पष्ट हुन्छ।

गोरखनाथका **सबदी**मा दर्शन, योगसाधना अध्यात्मसम्बन्धी विचार अभिव्यक्त भएका छन्। ठाउँठाउँमा उही विचार दोहोरिएका पनि छन्। यसमा अजपाजप, नादानुसन्धान, अतित्याग, अल्प आहार, अल्पवाणी, पिण्ड ज्ञान, कायाशुद्धि, कायासिद्धि, षट्चक्र ज्ञान, कुण्डलिनी साधना, कुण्डलिनी जागरण, कुण्डलिनी ऊर्ध्वगमन, नाडीशोधन, विपरीतकरणी, बन्ध, मुद्रा बेध, ॐकार साधना, गुरुभक्ति, गुरुशिष्यवाद, चारयोग (हठ, मन्त्र, लय र राजयोग)को समन्वित अवस्था, गुरुउपदेशपालना आदि योगसम्बन्धी विषयहरू रहेका छन्।

गोरखनाथका विचारको सार के हो भने मानिसले संसारबाट भाग्ने होइन, संयमसाथ जीवन बाँच्ने हो। यसका लागि योगसाधना गरेर शरीरका प्रत्येक अङ्गमाथि नियन्त्रण गर्ने, चञ्चल मनलाई पवनसाधनाले नियन्त्रण गर्ने। पवन चञ्चल छ त्यसैले मन चञ्चल छ। यदि पवनलाई स्थिर गर्न सकियो भने मन स्वतः स्थिर हुन्छ। प्राणायाम नै पवनलाई स्थिर गर्ने साधना हो, माध्यम हो यसलाई नियमित साधना गरियो भने केही समयमा नै पवन स्थिर हुन थाल्छ र मन स्वतः शान्त हुँदै जान्छ। गोरखनाथले

CC-0. Nepal Sanskrit Academy, Kathmandu

योगसाधनामा शरीरलाई अत्यन्त महत्त्व दिएको देखिन्छ त्यसमा उनको स्पष्ट धारणा छ ।

साधना गर्ने माध्यम शरीर हो । यदि शरीर स्वस्थ भएन भने कुनै यौगिक साधना हुन सक्दैन त्यसैले सर्वप्रथम शरीर स्वस्थ राख्नका लागि कायशोधन प्रक्रियामा जानुपर्छ । त्यो भनेको षट्कर्मपद्धति हो । शुद्ध शरीर नभई प्राणायामसाधना या पवनसाधना सफल हुन सक्तैन । नाथसिद्धान्तको मान्यताअनुसार सिद्धको शरीरमा रोग आउन सक्दैन, बुढोपन आउन सक्दैन, बिन्दुपात हुँदैन र बिन्दुपात नभएपछि पिण्डपात हुँदैन । उनले आडम्बर बनावटी भेष र व्यवहारलाई खण्डन गरेका छन् । यसै शरीरमा परमपद, नाथपद, निर्वाणपद प्राप्त गर्ने योगको लक्ष्य हो । गुरुले यो साधना शिष्यलाई गराउन सक्नुपर्छ अन्यथा ऊ सफल गुरु हुन सक्दैन (सि.सि.प.५: ७८ र ८४) ।

*सबदी* पछिको महत्त्वपूर्ण रचना *प्राणसंकली* हो र यसमा पवनसाधना या प्राणसाधना या प्राणायामको अभ्यासद्वारा आत्मबोधको चर्चा रहेको छ । सिद्धसिद्धान्तपद्धतिमा जस्तै प्राणसंकलीमा पनि पिण्डब्रह्माण्डवादको कुरा रहेको छ । यसमा पिण्डज्ञानमा जोड दिइएको छ । पिण्डको ज्ञान भएपछि मात्र ब्रह्माण्डको ज्ञान हुन्छ किनभने हाम्रो शरीर ब्रह्माण्डमा भएका सबै अस्तित्वको सूक्ष्मरूप रहेको छ त्यसैले यसमा ध्यान केन्द्रित गर्न सकियो भने ब्रह्माण्डको यथार्थ सजिलै बुझ्न सकिन्छ । अर्को रचना *मच्छीन्द्र गोरखबोध*मा गुरु शिष्यको संवाद मार्फत अध्यात्मयोगका गम्भीर विषय सहज र सरल तरिकाले सम्झाइएको छ ।

उनको *निगुरा* भन्ने रचनामा गुरुविना गरिने साधना पूर्ण हुन सक्दैन त्यसैले नाथसम्प्रदायमा शिष्यको पहिलो काम आफूलाई सही निर्देशन दिन सक्ने गुरु खोज्नु हो । गुरु नै ब्रह्म हो र सत्यरूप हो । गुरुमात्र ज्ञानको स्रोत हो । उसको ज्ञानवाणीले शिष्यको मनको चञ्चलता शान्त हुन्छ । मायाको रहस्य गुरुमात्र सम्झाउन सक्छन् र शिष्यलाई बचाउन सक्छन् । गुरुको ज्ञानको प्रकाशले शिष्य पार्थिव शरीरबाट माथि उठ्छ र अनि मात्र ब्रह्मग्रन्थि भेदन हुन सक्छ । यो ग्रन्थि मूलाधारमा रहन्छ । यो भेदन भएपछि स्वतः कुण्डलिनी जागरण हुन्छ र शरीरमा उर्जाको ऊर्ध्वगमन सुरु हुन्छ ।

शक्तिको यात्रा आधारचक्रबाट स्वाधिष्ठान, मणिपुर, अनाहत, विशुद्ध र आज्ञा चक्र हुँदै शिव भएको कैलास यानि सहस्रार कमल ब्रह्मरन्ध्रतर्फ उकालो लाग्छ । यो यात्रा, यो शक्तिनिपात गुरु निर्देशनविना सम्भव हुँदैन । गोरखनाथका अनुसार गुरुको शिष्यलाई निर्देशन मूलाधारचक्रदेखि आज्ञाचक्रसम्मको यात्रालाई मात्र हुन्छ । ब्रह्मचक्रबाट विष्णुचक्र हुँदै

CC-0. Nepal Sanskrit Academy, Kathmandu

शिवचक्रमा पुगेपछि (मूलाधार=ब्रह्मचक्र, मणिपुर=विष्णुचक्र र आज्ञाचक्र=शिवचक्र) त्यसपछि गुरु शिष्य एकै तहमा पुग्छन्। गुरुको दायित्व पूरा हुन्छ।

शरीरको रक्षा गर्नुपर्छ भनिएको छ किनभने यसै शरीरमा शिवपुरी कैलास छ। त्यहाँ चैतन्यरूप शिव छन्। यसैमा ऊर्जारूपमा कुण्डलिनी रूपमा शक्ति छन्। शक्ति यात्रा गर्ने मार्ग छ सुषुम्ना विभिन्न सहायक स्थानहरू छन् विभिन्न चक्रका रूपमा। यस यात्राको माध्यम पवन हो यानि प्राण हो।

गोरखका ग्रन्थहरूमा योग र ज्ञान दुवैलाई उत्तिकै महत्त्व दिइएको छ। योगयुक्त ज्ञान अथवा ज्ञानयुक्तयोग। पिण्डज्ञानविना शरीरशोधन हुन सक्दैन र कुनै व्यक्ति योगी हुन पनि सक्दैन। परमज्ञानका लागि शरीरशुद्धि हुनै पर्छ भने शरीर शुद्ध हुनका लागि पिण्डको यथोचित ज्ञान हुनु जरुरी छ। गुरुको निर्देशनविना पिण्डज्ञान हुन सक्दैन। यसरी गुरुको निर्देशन, पिण्डज्ञान, शरीरशुद्धि, सिद्धकाया र परमज्ञान यानि समरसत्व अन्तःसम्बद्ध छन्। समग्र प्रक्रिया घनिष्ठरूपमा गाँसिएको छ। सबैको प्रथम कडी गुरु हो भने अन्तिम कडी समरसत्वका रूपमा परमज्ञान हो।

चित्तलाई योगमार्गमा लैजान ज्ञान चाहिन्छ र त्यो ज्ञान गुरुवाहेक अरू कसैले दिन सक्दैनन्। त्यसैले सिद्धसिद्धान्तपद्धतिमा भनिएको छ गुरुले मात्र मार्ग देखाउन सक्छन्, उनीमात्र सक्षम कारण हुन् गोरखनाथको योगसाधनामा प्राणायामको सबैभन्दा धेरै महत्त्व रहेको छ चाहे त्यो बेध, बन्ध, मुद्रा या कुण्डलिनी जागरण होस् प्राणायाम साधनाविना कुनै साधना सम्भव छैन।

गोरखनाथको योगशास्त्रमा गुरुमुखबाट निस्केको अनुभवजन्य शब्द नै सिद्धान्त हुन्। गुरुचरणमा ध्यान प्रणाम गर्दै ध्यानमा लाग्नुपर्छ (सि.सि.प. ५: १६)। गुरुले शिष्यका आठवटा बन्धन जसलाई पाशाष्टक भनिन्छ, तिनको छेदन गरिदिनुपर्छ। ती पाश या बन्धन हुन् : जरा, जन्म, मरण, व्याधि, काम, क्रोध, अभिमान र अविद्या। यी पाशबन्धन मुक्त बनाउने गुरुलाई सद्गुरु भनिन्छ (सि.सि.प. ५:६८)। शिष्यलाई स्वरूपावस्थामा राखिदिन सामर्थ्य राख्ने गुरु सद्गुरु हुन् (५:७२)। नाथयोगमा समरसावस्था समाधि हो।

गोरख योगदर्शनमा नारीलाई भोग्या या कामिनीका रूपमा होइन, कौल साधनाको माध्यम सहजा, कुलजा र अन्त्यजाका रूपमा या महामुद्राका रूपमा होइन मातृशक्तिका रूपमा पूजनीय रूपमा स्वीकार गरिएको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

गोरक्षनाथको साधनामा हठयोगको प्रधानता छ। हठको सम्बन्ध प्राणसाधना, नाडीशोधन, आवश्यक आसन, बन्ध, वेध, मुद्रा, षट्कर्म सबै भेदहरूसित जोडिएको छ। हठ शब्दको गोरक्षसाहित्यमा र अन्य नाथसाहित्यमा विशद चर्चा पाइन्छ। 'ह ' भन्नाले दाहिने नासिका, पिङ्गला नाडी, सूर्य नाडी र 'ठ' भन्नाले वायाँ नासिका, चन्द्र नाडी या इडा नाडी। सिद्धसिद्धान्तपद्धतिमा हठको परिभाषा यसरी दिएको छ "हृदये प्राणवायुरुच्छ्वासनिः श्वासकरो हकार-सकारात्मकश्चास्यावस्थाभेदे हठयोग इति संज्ञा।

हकार कीर्तितः सूर्यष्ठकारश्चन्द्र उच्यते

सूर्याचन्द्रमसोर्योगाद् हठयोगो निगद्यते (१:६९)॥

अब संस्कृतमा रहेका गोरखनाथका ग्रन्थ र हिन्दीमा रहेका ग्रन्थका विषयवस्तुको सारसङ्क्षेप नगेन्द्रनाथका भाषामा भन्दा गोरखनाथका संस्कृत ग्रन्थहरू योगशास्त्र या योगविद्यासम्बन्धी शास्त्रग्रन्थहरू हुन् भने हिन्दीका रचनाहरू योगसाधनापरम्पराका उपदेशप्रधान रचना हुन्। हजारी प्रसाद द्विवेदीका शब्दमा गोरखनाथका संस्कृतेतर रचनामा धार्मिक विश्वास र नैतिक स्वरप्रधान छ (उपाध्याय पृ.१४५)।

### ६.४.३ जुम्ला, दाङ र गोरखाराज्य तथा नाथयोगीहरू

नेपालको नाथयोगपरम्परामा मत्स्येन्द्रनाथ र गोरखनाथपछि सबैभन्दा सम्मान गरिने नाथयोगी रतननाथ हुन्। यिनको समय वि.सं.१००० र १२०० बिच मानिन्छ। यिनका नामबाट काबुल, जलालाबाद, कान्धार, दिल्ली, पञ्जाव र उत्तरी भारतका धेरै ठाउँमा मठहरू रहेका र तिनको अहिले पुराना अवस्था भेटिन्छ। यिनी दाङ क्षेत्रका राजकुमार रहेका र नाथयोगी हुनुपूर्व यिनको नाम रत्नमाणिक थियो भनेर चर्चा गरेको भेटिन्छ। उनलाई काबुलका बादशाहले पीरको उपाधि दिएका थिए। त्यो समयदेखि अहिलेसम्म दाङ चौघडाका महन्तलाई पीर भनेर पुकारिन्छ। यस पदको ऐतिहासिक महत्त्व रहेको छ। रतनमाहात्म्य अर्को नेपाली नाथपरम्पराको महत्त्वपूर्ण कृति हो। दाङको रतननाथ मठ विगत लगभग एक हजार वर्षदेखि अविच्छिन्नरूपमा नाथपरम्पराअनुसार पात्र देवता, भैरव र बालासुन्दरीको विधिवत् पूजा हुने ठाउँ हो। यसले प्रयोग गरेको क्षेत्र विभिन्न राजा, महाराज र प्रशासकहरूले लिखत गरी दिएको जग्गा हो। यसले पुस्तकालय र अतिथिगृह पनि व्यवस्थित राखेको छ। नाथयोगपरम्परामा यस मठको धेरै ठुलो महत्त्व छ।

नेपालको नाथपरम्परामा जुम्लाका चन्दननाथको पनि ठुलो महत्त्व छ। उनको समय करिब १५ औं शताब्दी मानिन्छ। सिञ्जाराज्यका

CC-0. Nepal Sanskrit Academy, Kathmandu

राजाहरूलाई राजमुकुट पहिराउने काम नाथयोगीहरूले नै गर्थे र यो परम्परा चन्दननाथले बसालेका थिए। जुम्ला उपत्यकामा कालीमार्सीको खेत धानको खेती गर्ने चलन चन्दननाथ योगीले कश्मीरबाट बिऊ ल्याएर सुरु गरेको जनविश्वास रहेको छ (धमला.पृ.८४-८५.)।

दाङ क्षेत्रको ख्याति अफगानिस्तान, पाकिस्तान, भारतका विभिन्न ठाउँमा पीर रतननाथको कारणले फैलिएको हो (सिद्ध रत्ननाथ पृ.१६-१७)। दाङ क्षेत्रको संस्कृतिको विकासमा रतननाथ, जुम्लाक्षेत्रको संस्कृतिको विकासमा चन्दननाथको जस्तै अछाममा बैजनाथको प्रभाव देखिन्छ। समग्रमा मध्यपश्चिम र सुदूरपश्चिमका संस्कृतिमा रतननाथ, चन्दननाथ, बैजनाथ र अठारौँ शताब्दीमा सल्यानका भवन्तनाथको गहिरो प्रभाव देखिन्छ।

राजा रामशाह, द्रव्यशाह र पृथिवीनारायण शाहलाई योगी गोरखनाथले पटक पटक दर्शन दिएर मार्गनिर्देशन गरेको प्रसङ्ग पाइन्छ (धमला पृ.९६-९७)। गण्डकी क्षेत्रको कास्की, तनहूँ, लमजुङ र गोरखाका शक्तिपीठहरू र नाथमठहरूबिच नजकको सम्बन्ध देखिन्छ। त्यो अन्तःसम्बन्धलाई "जय जय गोरखकाली"को अभिव्यक्तिमा गोरखनाथ र देवी कालीलाई संयुक्तरूपमा सम्बोधन गरिएकाले पनि दुईबिचको घनिष्टता स्पष्ट हुन्छ। नेपालमा रहेका सबैजसो शक्तिपीठहरू तन्त्रसाधनाका केन्द्र हुन् भने नाथपरम्पराको साधनामा पनि तन्त्रसाधना गाँसिएको छ त्यसैले शक्तिपीठहरू नाथमठहरूबिच अन्तःसम्बन्ध रहेको स्पष्ट हुन्छ। नाथयोगीहरूले पूजा गर्ने दैवी शक्तिमध्ये पात्र देवता, भैरवनाथ र बालासुन्दरी एवम् ललितासुन्दरी देवी हुन्। रतननाथ मठ दाङमा अहिले पनि तन्त्रपरम्पराअनुसार पात्रदेवता, भैरवनाथ र बालासुन्दरीको नित्य पूजाआराधना गरिन्छ (ज्ञवाली २०७७:)।

### ६.४.३.१ सिद्ध रत्ननाथको जीवनलीला र यौगिक चमत्कार

"सिद्ध रत्ननाथः"मा सिद्ध रत्ननाथको जीवनलीला र विभिन्न ठाउँको भ्रमण, काबुलमा यौगिक चमत्कार, गोरखनाथले मृगस्थलीमा ध्यान लगाएर बस्नु, मत्स्येन्द्रनाथको नेपाल आगमन, जात्राको थालनी, सिद्ध रत्ननाथको शिष्यपरम्पराका बारेमा उल्लेख गरिएको छ। श्रीनाथ मेघमाला (श्रीनाथ पुराण)का अनेकौँ अध्यायमा विस्तारपूर्वक पात्रदेवताको कथा रहेको छ। त्यहाँका दुई पङ्क्ति निम्नानुसार रहेका छन्।

पात्रं श्रीरत्ननाथस्य पीठे सम्प्रति विद्यते।
श्रीनाथं मन्यमानास्तद् द्रष्टुं गच्छन्ति योगिनः।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

सिद्ध रत्ननाथसित सम्बद्ध मेघमाला यानि श्रीनाथपुराणमा अध्यायलाई मालिका भनिएको छ। २५ मालिकाबाट प्रथम, दोस्रो र तेस्रो खण्ड, २६ मालिकाको प्रथम खण्ड र २८ मालिकाबाट प्रथम र दोस्रो खण्ड एवम् ४६ मालिकाबाट दोस्रो खण्ड गरी ४ अध्यायका ७ खण्डमा सिद्धरत्ननाथको जीवनलीला र यौगिक चमत्कारका कुरा, मत्स्येन्द्रनाथ र गोरखनाथका कथा पनि समावेश गरिएको छ। २५ मालिकाको पहिलो खण्डमा सिद्ध अवतार प्रदर्शन कथामा सिद्ध कनिपाव नै अर्को जन्ममा रतननाथ भएर जन्मेका हुन् भनिएको छ। एक जमानामा गुरुभाइ कनिपाव र महायोगी गोरखनाथबिच विवाद भएपछि कनिपावलाई गोरखनाथले श्राप दिनुभयो जसले गर्दा उसको सिद्धपद गयो, सामान्य मानिस भयो। आफ्नो गल्ती महसूस गरी उद्धारको उपायका बारेमा याचना गर्दा अर्को जन्ममा सिद्धावस्था पाउनेछौ भनी आशीर्वाद दिएकाले उनी दाङ क्षेत्रका राजा माणिक्यपरीक्षक जसका सन्तान थिएनन् उनका दरबारमा बालकरूपमा देखापरे। राजा र रानीले सहसा उनलाई पुत्ररूपमा स्विकारेर रत्नपरीक्षक नाम राखे। राजा रत्नपरीक्षक गुरु गोरखनाथको दर्शन पाएर र उनको ज्ञान प्राप्त गरी उनका शिष्य बने। राजपाट त्यागी पात्रदेवताको तपस्याबाट सिद्धत्व प्राप्त गरे।

२५ मालिकाको दोस्रो खण्डमा रत्ननाथ दाङको जङ\गलमा तपस्यारत रहेका बेला दाङका तत्कालीन राजा शिकार खेल्दा मृगलाई बाण हानेर त्यो मृग खोज्दै जाँदा आफूले हानेको बाण तपस्यारत जोगीका अगाडि उल्टो रोपिएको देखेर उनी आत्तिए। सिद्धले तिमी नडराऊ, तिमीले न्यायपूर्ण तरिकाले शासन गरे भनेर त्यो काँण दिएर पठाए। त्यस काणलाई ती राजाका वंशजले छ महिना र योगीहरूले छ महिना पूजा गर्ने चलन थियो। दाङका राजाले रत्ननाथ मठलाई सम्मानसहित बेला बेलामा उपहार दिने र योगीहरूलाई कुनै समस्या नहोस् भनी हेरविचार पुऱ्याएको देखिन्छ। फागुन कृष्णएकादशी देखि शुक्लपूर्णिमासम्म रत्ननाथ पीठ, पात्रदेवता तीर्थमा ठुलो मेला लाग्छ। टाढा टाढाबाट योगीहरू आउँछन् र जनता आउँछन्। त्यसैबेला १२ पन्थी योगीहरूले श्रीनाथ पात्रदेवतालाई त्यहाँबाट जात्रा गरी पाटेश्वरीपीठमा पुऱ्याइन्छ। त्यहाँ १५ दिन विश्राम हुन्छ। पाटेश्वरीपीठमा पनि ठुलो मेला लाग्छ। फेरि फर्काएर पात्रदेवतालाई चौघरामा ल्याएर स्थापित गरिन्छ।

२५ मालिकाको तेस्रो खण्डमा सिद्ध रत्ननाथले यवनाधीशलाई शिक्षा दिएको कुरा छ। उनी भ्रमण गर्दै जाँदा यवन देशको राजधानी काबुलमा पुगे। सहरको बिचमा एउटा सुकेको बगैँचामा बसेर ध्यान गर्न थाले। त्यस बगैँचाका रुखविरुवा हराभरा भए, चराहरू पुतलीहरू उड्न थाले। बगैँचा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पहिलाको जस्तै भयो । त्यस बगैंचाको पालेले बादशाहलाई जोगी आएर ध्यान बसेपछि बगैंचामा आएको परिवर्तन सुनायो तर राजा र दरबारियाले पत्याएनन् । सिद्धले अन्तर्ध्यानबाट सबै देखे र बुझे अनि उनले श्रृगीनाद उल्टो बजाइदिए । तत्कालै यवन बादशाह र दरवारिया सबै पुरुषबाट महिलामा परिणत भए । सिद्धलाई प्रार्थना गरेपछि उहाँले श्रृङ्गीनाद बजाइदिँदा उनीहरू पहिलेजस्तै भए । सिद्धले मुस्लिम राजालाई उसका मुलुकमा हिन्दू प्रजालाई दुख नदिन आदेश दिए । बादशाहले सिद्धको आदेश शिरोपर गरे । सिद्धलाई सम्मानस्वरूप पीरको पदवी दिए । त्यसैले रत्ननाथपीठका महन्तलाई अहिले पनि पीर भनिन्छ । सिद्ध फर्किएपछि उनीहरूले सिद्धस्थान बनाई हिन्दु र मुसलमान दुवैलें पूजा गर्न थाले ।

२६औ मालिकाको प्रथम खण्डमा गोरखनाथका अनुयायी गोरखाली राजाको कामको वर्णन छ । गोरखाली राजाले गोरखनाथको श्रद्धा र नाथको प्रसादरूपी खड्गका प्रभावले नुवाकोट हुँदै काठमाडौं विजय गरे । उनले नाथसेवा र योगीसेवाको मर्यादा राखे । चातुर्मासमा योगीको सेवा गरे । दाङ चौघरा रत्नपीठमा प्रत्येक वर्ष नयाँ पीर बनाइन्छ र पुरना पीर योगीहरू काठमाडौं आएर बस्छन् । चातुर्मास सेवा नवरात्र सेवापछि विसर्जन गरिन्छ ।

अबको कथामा गोरखनाथ काठमाडौं क्षेत्रमा आउँदा कसैले पनि वास्ता गरेनन् । योगीले मृगस्थलीमा द्वादशमेघमालाको आसन बनाएर समाधिमा बस्नुभयो । अनावृष्टि र अनिकाल पर्‍यो । यहाँका राजा कदलीस्थलमा मत्स्येन्द्रनाथको शरणमा पुगे अनि नेपालका भएको अनावृष्टि र अनिकालको वृत्तान्त भने । अनावृष्टिको कारण नागहरूलाई गोरखनाथले आसन बाँधी बसेकाले हो । मत्स्येन्द्रनाथ लोक उपकारका लागि नेपाल आउने हुनुभयो (महामेघमालामध्ये २८ मालिकायां काष्ठमाण्डुपुर द्वादश वर्षानावृष्टि प्रदर्शन नाम प्रथम खण्ड) ।

अबको कथामा मत्स्येन्द्रनाथको नेपाल आगमन । गुरुको दर्शनका लागि गोरखनाथ उठेपछि मेघमाला स्वतन्त्र भए, जल वर्षा भयो । मत्स्येन्द्रनाथको रथ जात्रा सुरु, मत्स्येन्द्रनाथ र गोरखनाथको देवल बनाई पूजा, सम्मानको कथा छ (महामेघमालामध्ये २८औ मालिका मत्स्येन्द्रनाथ चरित्र प्रदर्शनं दोस्रो खण्ड) ।

४६ मालिकाको दोस्रो खण्डमा सिद्ध रत्ननाथबारे अलिकति चर्चा रहेको छ । गोरक्षनाथका शिष्य सिद्ध रत्ननाथ कौबेरी दिशा (उत्तर) रत्नावती पुरीमा विराजमान छन् । रत्ननाथका विशाल मठ अनेक ठाउँमा छन् । तिनमा अनेक सिद्ध योगीहरु छन् र उनीहरूले सेवित श्रीनाथ पात्रदेवता छन् । यस पुस्तकमा रहेको “श्रीनाथतीर्थावली” शीर्षकमा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

काबुलदेखि काठमाडौँ मृगस्थली, पाटेश्वरी लगायतका तीर्थको चर्चा गर्दै दाङमा रहेको रत्नपीठसम्मका तीर्थको चर्चा गरिएको छ ।

सिद्धरत्ननाथको शिष्यपरम्परा (जयसलमेर-राजगुरु-कुर्सीनामा) शीर्षकमा सिद्ध रत्ननाथ पुस्तकको पृष्ठ ३९ र ४०मा दिएको छ । जसअनुसार यो परम्परा वि.वि.१२१२ देखिको सुरु भएको उल्लेख गरिएको छ ।

विक्रमादित्यभूपाब्द आदित्यादित्य १२१२ सम्मिते ।
जयसल्लमेरुदुर्ग जयसल्लनृपोऽकरोत् ।
अथ राजगुरोः सिद्धरत्ननाथस्य योगिनः
लिख्यतेऽ खिलबोधार्थं क्रमाच्छिष्यपरम्परा ।

यो विवरण निम्नानुसार रहेको छ ।

| | | | |
|---|---|---|---|
| १. रत्ननाथ | २. भोलानाथ | ३. दीपनाथ | ४. धूनिनाथ |
| ५. सुन्दरनाथ | ६. अमरनाथ | ७. चञ्चलनाथ | ८. अचलनाथ |
| ९. धनानाथ | १०. रूपनाथ | ११. योधनाथ | १२. डूङ्गरनाथ |
| १३. शङ्करनाथ | १४. कृष्णनाथ | १५. चन्द्रनाथ | १६. भूरिनाथ |
| १७. गुमाननाथ | १८. वषण्णाथ | १९. मनोरूपनाथ | २०. पर्वतनाथ |
| २१. गोपालनाथ | २२. देवनाथ | २३. ईश्वरनाथ | २४. कुशलनाथ |
| २५. रामनाथ | २६. जगन्नाथ | २७. अचलनाथ | २८. सन्तोषनाथ |
| २९. भुतिनाथ | ३०. लालनाथ | ३१. वषण्णाथ | ३२. अवघट्टनाथ |
| ३३. मतनाथ | ३४. भोलानाथ | ३५. मोहननाथ | ३६. ध्याननाथ |
| ३७. कृष्णनाथ | ३८. मङ्गलेश | ३९.सन्तोषनाथ | ४०. भगवन्नाथ |
| ४१. गङ्गानाथ | ४२. हीरनाथ | ४३. क्षेमनाथ | |
| ४४. शिवनाथ | ४५. भूरिनाथ | ४६. अमरनाथ | |

### ६.४.३.२ नाथपीठमा महन्त परम्परा

नाथपीठका प्रमुखलाई धेरैजसो ठाउँमा महन्त भनिन्छ । उदाहरणका लागि भारतको हरिद्वार, नासिक, उज्जैन, पञ्जाव, दिल्ली, राजस्थान, गोरखपुर आदिमा र नेपालका पनि मृगस्थली सिद्धपीठ लगायतका सबैजसो नाथपीठमा पीठका प्रमुखलाई महन्त नै भनिन्छ तर नेपालको दाङ रतनुर क्षेत्रमा रहेको रत्नपीठका प्रमुखलाई पीर भनिन्छ। यो अरू ठाउँको व्यवस्थाभन्दा फरक छ । भारतमा पनि एक ठाउँको नाथपीठमा अलि फरक व्यवस्था देखिन्छ। त्यो हो कर्नाटक प्रदेशको मंगलुर शहरमा रहेको कदलीमठका प्रमुखलाई राजा पदवीले सम्मानित गरिन्छ र त्यसै पदवीले सम्बोधन गरिन्छ। यसरी नाथपीठहरूमा भारतको कर्नाटक र नेपालको दाङमा अलि फरक व्यवस्था पाइन्छ। यसका पछाडिका कारणहरूबारे केही चर्चाहरू पाइन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

चौघराको रत्ननाथ मठको स्थापना तत्कालीन राजगद्दी त्यागेर गोरखनाथको शिष्य बनेका योगी रत्ननाथले गरको हुनाले यस मठलाई स्थानीय राजखानदानको संरक्षकत्व र सहयोग प्राप्त भयो। साथसाथै दाङक्षेत्रका स्थानीय बासिन्दाले पनि यस मठलाई सदैव आफ्नो संस्था मानेर यसको सञ्चालनमा व्यवस्थापनमा सहयोग पुऱ्याए। देशविदेशमा टाढाटाढासम्म जस्तै काबुल, जलालाबाद, दिल्ली, राजस्थानमा रत्ननाथको गहिरो यौगिक प्रभाव रहेको, त्यहाँ उनका शिष्य परम्परा लामो समयसम्म रहेको र उनका सम्मानमा मठहरू बनेका थिए। तिनका भग्नावशेष अफगानिस्तान, पाकिस्तान र भारतको राजस्थानका विभिन्न शहरहरूमा देख्न पाइन्छ। रत्ननाथका अनुयायी हिन्दू र मुसलमान दुवै धर्मका श्रद्धालुहरू थिए त्यसैले उनको मठलाई दुवैथरिले तीर्थस्थानका रूपमा सम्मान गर्ने परिपाटी अहिले पनि विद्यमान छ (बुलियर २०१६:१८१-८५)।

राजस्थान जोधपुरका महाराजा मानसिंह नाथसम्प्रदायप्रति समर्पित व्यक्ति थिए। उनले पुष्करमा भव्य नाथमठ बनाएका थिए जहाँ वर्षेनी सयौं नाथयोगीहरू विशेष समारोहमा सहभागी हुन्थे (बुलियर पृ.५)। यसले अहिले कदरीमठ कर्नाटक र रत्नमठ दाङमा महन्तको चयन हुँदा सयौं यागीहरू उपस्थित भई सहभागी हुंने र त्यसपछि महन्त चयन प्रक्रियाको अभिन्न अङ्ग सामूहिक तीर्थयात्रा परम्परालाई सम्झाउँछ। राजस्थान नाथपरम्पराको उर्वरा भूमि हो तर अहिले धेरैजसो पुराना परम्परा लोप हुँदै गए। राजस्थानमा जीवन्त नाथसम्प्रदाय सम्बद्ध मठ फतेहपुरको अमृतनाथ मठ हो तर यहाँ नाथपरम्पराभन्दा बढी मिश्रित परम्पराको अभ्यास देखिन्छ।

दाङ चौघराको रत्ननाथ मठमा नयाँ पीर बनाउने र त्यहाँबाट पटवादेवीको मन्दिरको पात्रदेवताको एक महिने यात्रा चलाउने समयमा सयौं भारतीय र नेपाली नाथयोगी सहभागी हुन्छन्। नाथयोगीहरूको सबैभन्दा लामो यात्रा कर्नाटक मंगलूरमा रहेको नाथमठ जसलाई कदरीमठ भनिन्छ त्यहाँको महन्त यानि 'राजा'को चयन भएपछि योगीहरूको ठूलो समूह जसलाई 'झुण्डी' भनिन्छ त्यसले पात्रदेवता लिएर नाग पञ्चमीमा यात्रा सुरु गर्छ र त्यो यात्रा शिवरात्रिमा गएर टुङ्गिन्छ। प्रत्येक १२ वर्षमा कदरीमठका महन्तको चयनपछि नाथयोगीहरूको छ महिनाको तीर्थयात्रा त्यसकै अङ्गका रूपमा विकसित भएको छ। कर्नाटकको त्र्यम्बकेश्वरबाट सुरु भएर यो झुण्डीले परम्परादेखि स्वीकृत रुटलाई अनुसरण गर्छ। यात्राका क्रममा कहाँ कति दिनमा पुग्ने, कति दिन विश्राम गर्ने, भोजन र आरामको व्यवस्था मिलाइएको हुन्छ। यस यात्रामा कर्नाटक र महाराष्ट्रका सबै नाथमठहरूमा दर्शन पूजा गर्दै शिवरात्रिमा कदरीमठमा फर्किएर

CC-0. Nepal Sanskrit Academy, Kathmandu

महन्तलाई पदासीन गराइन्छ, अरू योगीहरू केही दिनको विश्रामपछि आफ्नो बाटो लाग्छन् ।

बुलिअर् (२०१६)ले कदरीमठका महन्तको चयन र दाङ चौघराको रत्ननाथ मठका महन्तको चयन प्रक्रियाको तुलना गरेकी छन् ।

१. कदरीमठका महन्तलाई राजा भनिन्छ भने रत्ननाथ मठका महन्तलाई पीर भनिन्छ ।

२. कदरीमठका महन्त चयनलाई "पट्टाभिषेक" भनिन्छ भने रत्ननाथ मठका महन्तको चयन प्रक्रियालाई "पीरस्थापना" भनिन्छ ।

३. कदरीमठका महन्तको चयन प्रत्येक १२ वर्षमा गरिन्छ र त्यसमा १२ पन्थी योगीहरू सहभागी हुन्छन् भने रत्ननाथ मठका महन्तको चयन प्रत्येक वर्ष गरिन्छ र त्यसमा पनि १२ पन्थी योगीहरू सहभागी हुन्छन् ।

४. कदरीमठका महन्तको चयन प्रक्रिया नासिक कुम्भमेलापछि सुरु हुन्छ भने रत्ननाथ मठका महन्तको चयन प्रत्येक वर्षको फागुन शुक्लएकादशीका दिन गरिन्छ ।

५. कदरीमठका महन्तको चयनपछि योगीसमूह "झुण्डी"ले नागपञ्चमी देखि शिवरात्रिसम्मको लगभग ८ महिनाको तीर्थयात्रा गर्छ । यस क्रममा उनीहरूले १३०० कि.मि.यात्रा गर्छन्, कर्नाटक र महाराष्ट्रका दश जिल्ला पार गर्छन्, ८७ ठाउँमा उनीहरूको पडाव हुन्छ । कहीँ केही दिन कही अलिक लामो समय रोकिन्छन् । जस्तै पूना क्षेत्रमा झुण्डी एक महिना रोकिन्छ । यात्राका क्रममा त्यस क्षेत्रमा भएका सबै नाथपीठहरूको विधिवत् यात्रा र पूजन गरिन्छ (बुलिअर् पृ.१३७) । रत्ननाथ मठका महन्तको चयनपछि योगी समूहले एक महिनाको तीर्थयात्रा गर्छ। दाङ चौघराबाट सुरु भई देउखुरीका मठमन्दिरका दर्शन पूजन गर्दै गोन्डाको पटवादेवीको मन्दिरमा १५ दिन पात्रदेवताको पडाव र पूजन हुन्छ। त्यतिबेला त्यहाँ मेला पनि लाग्छ। त्यसपछि पात्रदेवतालाई चौघराको रत्नमठमा ल्याएर स्थापित गरिन्छ। यो एक महिनाको कार्यक्रम हो ।

६. दुवै ठाउँको तीर्थयात्रामा पात्रदेवतालाई महन्तले बोकेका हुन्छन् । पात्र देवता नै मुख्य देवता हुन् , साथमा भैरव र देवी पनि हुन्छिन् (बुलिअर् पृ.१५२-५३) ।

### मक्खनचोर बाबा

मक्खनचोर बाबाका बारेमा स्वामी प्रपन्नाचार्यले **मिल्केका झिल्का** पुस्तकमा चर्चा गरेका छन्। उनी अक्कड स्वभावका साधु थिए। उनी

CC-0. Nepal Sanskrit Academy, Kathmandu

भन्ने गर्थे मान्छेले ठुलो ढुङ्गा फोरेर सानो आकारको बनाउन सक्छ, त्यसमा विभिन्न आकार प्रकार बेट्टा दिन सक्छ, ढुङ्गाबाट अनेकौं संरचना खडा गर्न सक्छ तर ढुङ्गा बनाउन सक्दैन। त्यसैगरी मानवले हीराबाट अनेक आभूषण बनाउन सक्छ तर हीरा बनाउन सक्दैन। प्रकृति जड वस्तु हो जडले आफैँ चेतनको सहयोगविना केही बनाउन सक्दैन। प्रकृतिमा विभिन्न धातुहरू निर्माण भइरहेका छन्, यत्रतत्र जङ्गल, नदीकिनारमा फलफूलका बोटहरू उम्रिएका छन्, फुलेका र फलेका छन्। ती सबै प्रकृतिलाई चलाउने चेतनशक्तिका कारणले भएको हो। प्रकृतिको सञ्चालक र नियामक चेतनशक्ति हो। त्यसैलाई कसैले ईश्वर भन्छन्, कसैले पुरुष र कसैले चैतन्यशक्ति। यस ब्रह्माण्डको सृष्टिमा अरू सबै प्राणीमा भन्दा मानवभित्र त्यो चेतनशक्तिको बढी मात्रा भएकोले मानवले बुद्धिले काम गर्दछन्, अरू प्राणीले सहजवृतिले काम गर्छन्। बुद्धि मानवभित्र चेतनाका रूपमा ईश्वरीय तत्त्व हो ,दैवी तत्त्व हो (पृ.४९)।

प्रपन्नाचार्यका अनुसार यी बाबा मुसिकोट र सल्यान क्षेत्रमा घुमफिर गर्ने र डोटी डडेल्धुरा क्षेत्रमा आफ्ना भक्तजनका माझमा ज्ञान र भक्ति बाँड्दथे र अनेक उपकारका काम गर्दथे। उनी मध्यपश्चिम सल्यान र मुसिकोट र सुदूरपश्चिम क्षेत्र डोटी डडेल्धुरा क्षेत्रमा घुम्ने लीला अवतारी योगी थिए। उनले अनेक चामत्कारिक कामहरू गरेका कथाहरू बुढापाकाले किंवदन्तीका रूपमा सुनाउँछन्। उनी विभिन्न क्षेत्रमा स्वेच्छाले भ्रमण गर्थे र श्रद्धालुहरूले उनलाई कहिले कुमाउ गढवालको अल्मोडा, नैनिताल, पदमपुरी क्षेत्रमा फेला पार्थे, कहिलेकाँही हरिद्वार, ऋषिकेश, प्रयागराज र अन्य तीर्थहरूमा फेला पार्थे। उनी सदैव आफ्नो साथमा एउटा नुनको पोका राख्दथे र यताउति हिँड्दा पनि त्यो नुनको पोका छाड्दैनथे। उनीसित गाँसिएको सबैजसो कथामा उनी र नुनको पोको अन्योन्याश्रितजस्तो देखिन्छ (पृ.४९)।

उनीसित जोडिएको एउटा किंवदन्ती भनौं वा कथा भनौं प्रसिद्ध छ। एकपटक उनको एकजना कटु आलोचक एक्लै तीर्थयात्रामा गएछ। रामेश्वर पुगेका बेला सिकिस्त बिरामी परेछ। त्यहाँको भाषा पनि नजान्ने र कोही साथी साथमा पनि नभएकाले पानी पिउन पनि पाएनछ, एक्लै बर्बराउदो रहेछ। ठिक त्यसै बेला हातमा नुनको पोको समातेर लोटामा पानी लिएर मक्खनचोर बाबाले त्यो बिमार मानिसलाई पानी पिलाएछन् र भनेछन् चिन्ता नगरी हिँड्नुस् म तपाईंका साथमा छु। एक छिनपछि बाबा कतै देखा परेनन्।

तीर्थयात्राबाट फर्केपछि ऊ बाबालाई खोज्दै मुसीकोट गयो, त्यहाँ फेला नपरेपछि डोटी सिलगढी गएछ र बाबालाई त्यहाँ दर्शन गरेर आफू

CC-0. Nepal Sanskrit Academy, Kathmandu

बिमार हुँदा रामेश्वरम्मा पानी पिलाएको र सहायता गरेकोमा धन्यवाद दियो तर डोटी सिलगढीका भक्तहरूले भने बाबा त महिनौँदेखि हामीसँगै हुनुहुन्छ कसरी तिमीलाई रामेश्वरमा पानी पिलाउनु भयो । जनसाधारणका लागि यो घटान रहस्यमय थियो तर योगीहरू जसले योगसाधना गरेर अष्टसिद्धि प्राप्त गरेका हुन्छन् उनीहरू आवश्यकताअनुसार रूप फेर्न र यात्रा गर्न सक्छन्, वायु पिएर बाँच्न सक्छन्, इच्छाजीवन बाँच्न सक्छन् भनिन्छ तर अहिले योगसाधना गर्ने साधकहरू भेटाउन गाह्रो छ त्यसैले सर्वसाधारण मानिसलाई योगीका चमत्कारका कुरा पत्याउन गाह्रो छ (पृ.५०) ।

**डा.रामनाथ अघोरी**

भारतमा जन्मेर नेपाललाई कर्मभूमि बनाएका नेपाली समाजलाई गुन लाएका नाम लिनुपर्ने योगीहरू शिवपुरी बाबा, खप्तड स्वामी, करफोक स्वामी, स्वामी सच्चिदानन्द, विशुद्धदेव, केवलानन्द दण्डीस्वामी जस्तै अर्का योगी हुन् **डा.रामनाथ अघोरी ।**

स्वामी प्रपन्नाचार्यका अनुसार यिनी २०१० सालमा शिवरात्रीको अवसरमा नेपाल आएका थिए । उनले पशुपति आर्यघाटनजिकै भस्मेश्वर श्मशानघाटमा फोहोर थुप्रिएको थियो, त्यसलाई सफा गरेर एउटा सानो कुटिया बनाएर बस्थे । उनी गोरा, हँसमुख, अग्लो दिव्य शरीर, ओजस्वी मीठो बोली भएका प्रभावशाली व्यक्ति थिए । त्यहाँ दरबारियादेखि श्मशानघाटमा काम गर्ने मानिससम्म सबै उनलाई दर्शन गर्न आउँथे । भक्तहरूको भीड लाग्थ्यो, उनले लक्षहोम, वेद पुराणलगायत अनेक धार्मिक ग्रन्थ पारायण गराउँथे । उनी होमियोपेथिक डाक्टर थिए । उनले आफ्नो कुटियामा होमियोपेथिक अस्पताल चलाएका थिए, बिरामी मानिसको भीड लाग्थ्यो भनिन्छ । उनले हजारौँ मानिसलाई औषधी गरेर रोगमुक्त पारेका थिए । उनले पशुपतिक्षेत्रमा रोगीहरूको सेवाका लागि भनेर एउटा होमियोपेथिक औषधालय खोलिदिएका थिए ।

श्मानघाटमा पानी परेका बेला लास जलाउन असुविधा भएको देखेर त्यहाँ टिनको छाना हालिदिएका थिए । नेपालमा होमियोपेथी औषधी सुरु गर्ने श्रेय उनैलाई जान्छ । कुटियाको अस्पताल केही समयपछि चौतरिया सत्तलमा, केही वर्षपछि वज्रघरमा र पछि गएर ललितपुर पुल्चोकमा सरेको हो भनिन्छ (मिल्केका झिल्का पृ.५३) । पछि गएर उनले जनकपुरमा जानकी अस्पताल पनि सुरु गरेका हुन् । रामनाथ अघोरीले विराटनगरमा काली मन्दिर बनाए, अनेक मन्दिरको जीर्णोद्धार गरे र एउटा सानो धर्मशाला पनि बनाएका थिए ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

उनले धेरै लेखकका पुस्तकहरू आफ्नो खर्चमा छपाइदिएको विवरण पाइन्छ। डा.दुर्गा प्रसाद भट्टराईका योगी गोरक्षनाथ, सत्यधर्म, धर्मशिक्षाको आवश्यकता, धर्मको समाज र व्यक्तिसितको सम्बन्ध, श्रीमद्भगवद्गीतासार, आत्मनिवेदन, उपदेशतरङ, म को हुँ? मनोविग्रह, परलोक परिचय, मृत्युविचार, कर्मविचार र अमूल्य उपदेश, प्रलापमाला, पशुपतिपुराण आदि छपाएर पुस्तकालय र जनतालाई वितरण गरेका थिए। यी पुस्तकका एकप्रति साहित्यकार शरदचन्द्र भट्टराईको सङ्कलनमा पाइन्छ।

यिनी नाथसम्प्रदायको बाह्र पन्थमध्येको एक धर्माइनाथसित सम्बद्ध थिए। यिनी अघोरविद्याका गुरु धर्मनाथी योगी थिए। यिनका बारेमा डा.दुर्गा प्रसाद भट्टराइले मृत्युविचार पुस्तकमा लेखेका छन्। नेपालमा विश्वविद्यालय खुल्नुपर्छ भनेर राजालाई भनेका, त्यसैगरी पूर्व पश्चिम राजमार्ग बनाउनुपर्छ भन्ने सुझाव राजा महेन्द्रलाई यिनले दिएका थिए त्यसैले यी दुवै काम नेपालको विकासमा कोशे ढुङ्गा सावित भएका छन्। त्यसको विचार दिने चिन्तक रामनाथ अघोरी थिए।

उनी बङ्गालको वीरभूमि जिल्लाअन्तर्गत रुतोजी गाउँमा वि.सं.१९६० सालको शिवरात्रिको मध्यरातमा जन्मिएका थिए, बाल्यकालको नाम थियो रामचन्द्र। यिनका पिताको नाम भागवत पाण्डेय थियो। त्यतिबेला बङ्गालमा तान्त्रिकहरूको बोलबाला थियो, धेरै तन्त्रपीठहरू थिए, त्यसमा तारापीठ तन्त्रका लागि प्रसिद्ध थियो। त्यहाँ वामाखेपा नामक प्रसिद्ध तान्त्रिक थिए। यिनै तान्त्रिकसित रामचन्द्रले दीक्षा लिए अनि यिनलाई अघोरी रामनाथ भन्न थालियो। रुतोजीमा जन्मे पनि यिनले पाकोरी गाउँमा बसेर साधाना गरेर गुरुमन्त्र सिद्ध गरेपछि भारतको यात्रामा निस्के। गंगासागर, हरिद्वार, काशी, गया धेरै तीर्थस्थलमा यज्ञशाला, धर्मशाला, अनाथआश्रम बनाए।

उनले भारतका धेरै ठाउँमा जस्तै अजमेर, कलकत्ता, गुवाहटी दिल्ली आदि स्थांनहरूमा अस्पताल, स्कुल र अनाथालय बनाएका थिए र तीमध्ये कतिपय अहिले पनि चलिरहेका छन्। आसामको शिवसागर जिल्लामा रहेको कालीपुर आश्रममा डा.रामनाथ अघोरीको सङ्गमरमरको सात फीट अग्लो मूर्ति बनाएर राखिएको छ, यसबाट त्यस क्षेत्रमा रामनाथ अघोरीको राम्रो प्रभाव रहेको देखिन्छ (पृ.५४)।

रामनाथ अघोरीका शिष्य डा.त्यागीनाथका अनुसार वि.सं. २०२९ सालमा भक्तहरूको पटक पटकको अनुरोधमा उहाँ गुजरातको भावनगर भन्ने ठाउँमा डा.सुशिला नायर तथा अन्य आफ्ना भक्तहरूलाई दर्शन दिन जानुभयो। त्यहाँबाट कलकत्ता जानुभयो। कलकत्तामा न्यायाधीश चटर्जीको

CC-0. Nepal Sanskrit Academy, Kathmandu

घरमा अचानक बाबाको पेटमा समस्या देखियो र तत्कालै कलकत्ताको विरला अस्पतालमा भर्ना गराए र उपचार सुरु भयो तर औषधोपचारकै क्रममा अस्पताल भर्ना भएको चौथो दिन उहाँले शरीर छाड्नुभयो। साहू बिरलाको व्यवस्थामा उनकै गाडीमा बङ्गलादेशको सीमाना पर्ने बालोर घाटमा लगेर समाधि दिइयो। रामनाथ अघोरीका गृहस्थी शिष्य मनोरञ्जन बनर्जी यानि चितो बनर्जीले ठुलो धनराशि खर्च गरेर भव्य समाधि, उनका नाममा धर्मशाला र मन्दिर बनाएका छन्। अस्पतालमा देह त्यागनुपूर्व उपस्थित सबै भक्तका माझमा उनले "मेरो लासलाई नेपाल पुऱ्याइदिनू" भनेका थिए (अर्जुन ज्ञवाली २०७७:२९०)। तर बङ्गाली भक्तहरूले आफ्नैक्षेत्रमा सम्मानका साथ समाधिस्थ गरे एवं उनका सम्मानमा धर्मशाला र मन्दिर बनाए।

दुवै देशमा कर्मथलो बनाएका डा.रामनाथ अघेरीले नेपालमा होम्योपेथी औषधालय खोलेर हजारौँ रोगीको उपचार गरे। लेखकहरूका पुस्तकहरू छपाएर पुस्तकालय र जनतालाई बाँडे। उनले देश विकासका लागि धेरै पढालेखा भएको जनशक्ति चाहिने र सोको व्यवस्थापन आफ्नै विश्वविद्यालय स्थापना गरेर मात्र सम्भव हुने सुझाव दिएका थिए। त्यसै गरी देश विकासका लागि देशको भूगोल सडक सञ्जालले छोएको हुनुपर्छ भनेर सुझाव दिए। परिणामस्वरूप राजा महेन्द्रले मेचीमहाकाली जोड्ने महेन्द्र राजमार्ग शिलान्यास गरे र धेरै वर्ष लागेर निर्माण भए पनि नेपालको मानक राजमार्ग यही नै हो। यसरी शिक्षा, स्वास्थ्य र राजमार्गको निर्माणमा समेत डा.रामनाथ अघोरीको योगदान रहेको छ। हामी नेपालीले रामनाथ अघोरीजस्ता सिद्ध योगी जसले श्मशानघाटमा बसेर नेपाल र नेपालीको हितको लागि काम गरे हामीले उनलाई सम्मान श्रद्धा गर्नुपर्छ।

**वसन्तनाथ**

गुजरात जन्मभूमि र नेपाल कर्मभूमि बनाएका थिए योगी वसन्तनाथ। स्वामी प्रपन्नाचार्यका अनुसार उनी बाह्रपन्थी नाथ सम्प्रदायमा धर्मनाथी योगी थिए। उनी सानै अवस्थादेखि गुजरातमा सङ्गीतमा प्रवीण सारङीवादक प्रसिद्ध सारङीवाला बाबाका साथमा बस्दथे र उनैसँग सङ्गीत सिकेका थिए। मातृभाषा गुजराती भए पनि उनी हिन्दी, अङ्ग्रेजी र संस्कृत भाषा राम्रोसँग बोल्न र लेख्न सक्थे ,पछि नेपाल आएपछि उनी नेपाली राम्रो बोल्थे र लेख्थे।

उनले गुजरातबाट अमरनाथको यात्रा गरे त्यस क्रममा कश्मीरको प्राकृतिक सुन्दरताबाट उनी अति प्रभावित भए। कश्मीरमा रहन थाले, प्रकृतिका सुरका लयमा सारङ्गीमा सङ्गीतका सुर निकाले तर उनको

CC-0. Nepal Sanskrit Academy, Kathmandu

सङ्गीतविज्ञता र सङ्गीततन्मयतालाई कसैले बुझेन । उनलाई अलिकति दिक्क लाग्यो र कश्मीरबाट फेरि गुजरात नै फर्किए । अर्को पटकको यात्रामा दार्जिलिङ गए,त्यहाँ उनले कलकत्ताबाट आएका सङ्गीतप्रेमी र सङ्गीतसाधकहरूलाई भेटे र साथमा अनेक राग, आलाप, मूर्च्छना निकालेर आनन्द लिए । दार्जिलिङको बसाइपछि उनले नेपालीभाषा र संस्कृति जान्ने मौका मिल्यो । उनलाई अब नेपाल घुम्ने, धेरै नेपालीलाई भेट्ने मन भयो ।

दार्जिलिङबाट पशुपतिनगर, पाँचथर, सिलोटी, कालिञ्चोक, शिवपुरी हुँदै जुम्ला, हुम्ला पुगे । त्यहाँबाट तिब्बतको ताक्लाकोट हुँदै मानसरोवरको यात्रा गरे । जुम्लाको चन्दननाथ र भैरवनाथमा कैयौँ वर्ष बसे अनि डोटी गए र त्यहाँ उनले धेरैलाई सङ्गीत सिकाए । प्रसिद्ध गायक प्रेम मोहन श्रेष्ठले उनीबाट नै सङ्गीत सिकेका हुन् । उनी सङ्गीतका ३६ राग र ५४ तालमा पोख्त थिए । उनको सङ्गीतका धुनले कैयौँ मानसिक रोगी निको हुन्थे । सङ्गीतसाधनालाई उनी परमात्मासँग जोड्ने माध्यम मान्दथे । उनले नेतृत्व गरेर द्यौसी भैलो खेलेर कतै पुस्तकालय, कतै वाचनालय, कतै स्कूल, कतै बाटो, कुलो जस्ता विकासनिर्माणका कामहरू भएका थिए । उनी नेपालमा पसेपछि यहीँ रमाए, यहीँका मानिससँग दुखसुख साटे र यहाँको विकासमा आफ्नो सङ्गीतसाधनाका माध्यमले जति सम्भव छ योगदान गरेर धरती छाडेर गए (ज्ञवाली २०७७: २८२-८३) ।

**योगी नरहरिनाथ (वि.सं.१९७१-२०५९; सन् १९१५-२००३)**

भारतका योगी, सन्त महन्त, संस्कृतका प्रकाण्ड विद्वान्हरूले सम्मान दिएको नेपाली व्यक्तित्व हो योगी नरहरिनाथ । मैले नजिकबाट दिल्लीमा, गुल्मीको रुद्रवेणी कोटहोममा, देवघाटको कोटीहोममा देखेको, संस्कृत धाराप्रवाह बोल्ने, सुशासनको चिन्ता, वैदिक संस्कृतिको चिन्ता र ऋग्वेदमा रहेको समाजवादी चिन्तनलाई ॐकार परिवारको आदर्श मान्ने, कुनै लोभलालच नभएको, समाज र संस्कृतिको, संस्कृत वाङमयको चिन्ता भएको फिरन्ता जोगी नरहरिनाथ । जहाँ यज्ञ गर्‍यो उठेको रकम त्यही एउटा समिति बनाएर जिम्मा लगाएने र आफू आफ्नो झोलीतुम्बा लिएर हिँड्ने महान् त्यागी पुरुष थिए योगी नरहरिनाथ ।

उनले बाह्र पन्थ नाथका भारतभरि रहेका मठहरूमा रहेका खासगरी राजस्थान जयपुर राजा मानसिंहको पुस्तकालयमा रहेका नवनाथसम्बन्धी, रत्ननाथसम्बन्धी, नाथयोगदर्शन सम्बन्धी अनेकौँ पाण्डुलिपिको सम्पादन गरी छपाएको थिए । नेपालमा रहेका सबैजसो नाथ मठ मन्दिर, भैरव मन्दिर र शक्तिपीठहरूका बारेमा लेखिएका अभिलेखहरू, ताम्रपत्रहरूको सङ्कलन गरेर अनुसन्धान गर्न चाहने व्यक्तिहरूका लागि सामग्री

CC-0. Nepal Sanskrit Academy, Kathmandu
जुटाइदिएका छन् । ती धार्मिक, सांस्कृतिक, ऐतिहासिक स्थलहरूबारे उनी आफूले पनि प्रशस्त लेखेका छन् । उनले वर्षौसम्म पैदल यात्रा गरेर नेपालका कुना कुनामा पुगेर इतिहाससम्बन्धी र संस्कृतिसम्बन्धी सामग्री सङ्कलन गरेर केही छपाए, केही त्यत्तिकै हस्तलिखित पाण्डुलिपि पोका थन्किएर रहेका छन् । योगीले सङ्कलन गरेको देशको इतिहास र संस्कृतिसम्बन्धी दुर्लभ सामग्री हो तर हामी नेपालीले त्यसको महत्त्व नबुझेकाले कतिपय सङ्कलन मृगस्थलीमा बिग्रिने र सड्ने अवस्थामा पुगेको छ ।

मृगस्थली गोरक्षपीठसँग ती ऐतिहासिक र सांस्कृतिक सामग्री छाप्ने आर्थिक क्षमता छैन । केही सामग्री दाङ रत्नपीठको पुस्तकालयमा पोका परेर रहेको हुनसक्छ । त्यसप्रति जिम्मेवार निकाय शिक्षा मन्त्रालय, संस्कृति मन्त्रालय, विश्वविद्यालय र अनुसन्धान केन्द्रहरू सचेत भएर समयमै दुःख गरेर सङ्कलन गरेको पाण्डुलिपि, अभिलेख र टिपोट बचाउन सकियो भने त्यो सामग्री भोलिका दिनमा अनुसन्धानका लागि दुर्लभ प्रमाण हुनेछ र नेपालका धेरै इतिहास र संस्कृतिका पाटाबारे हामीलाई जानकारी हुनेछ । यसरी यो राष्ट्रिय गौरवको एउटा आधार बन्न सक्छ त्यसैले हामी सबै योगीजीले सङ्कलन गरेका सामग्री जोगाउनेबारे अहिले सचेत बन्नु जरुरी छ ।

योगी नरहरिनाथको बाल्यकालको नाम बलविरसिंह हो । उनको जन्म थापावंशमा पिता श्रीललितसिंह र आमा श्रीगौरीदेवीका कोखबाट वि.सं. १९७१ सालमा कालिकोट जिल्लाको लालु गाउँमा भएको थियो । आठ वर्षको उमेरसम्म घरमै बाह्रखरी अक्षर चिनाउने काम ठुलो वर्णमालाको किताबसम्म पढे । आठ वर्षको उमेरमा व्रतबन्ध भयो । त्यसपछि ९ वर्षको उमेरमा जुम्लाको बटुक भैरवनाथ सिद्ध चन्दननाथ भाषापाठशालामा भर्ना गराइयो । त्यहाँ उनले १३ वर्षको उमेर हुँदासम्म अध्ययन गरे । तत्कालीन महन्त क्षिप्रानाथ उनको प्रतिभादेखि प्रसन्न हुनुभयो र १३ वर्षकै उमेरमा उनलाई नाथसम्प्रदायमा दीक्षा दिनुभयो । उनको दीक्षानाम योगी नरहरिनाथ रह्यो ।

जुम्लामा रहँदा गुरु क्षिप्रानाथले व्याकरण, तर्कशास्त्र, वेदान्तका आधारभूत ग्रन्थ भगवद्गीता पढाउनुभएको थियो । जुम्ला भाषापाठशालाको अध्ययन समाप्त भएपछि जुम्लाबाट काठमाडौँको मृगस्थली गोरक्षनाथ मठ सिद्धाचलमा आउनुभयो तर समय खेर नफाली अध्ययनलाई अघि बढाउन गुरुका आदेशले नरहरिनाथ भारतको हरिद्वारमा रहेको योगाश्रम संस्कृत महाविद्यालयमा जानुभयो । त्यस विद्यालयका संस्थापक महन्त पूर्णनाथ,

CC-0. Nepal Sanskrit Academy, Kathmandu
विद्वान् व्यक्तित्व महामहोपाध्याय द्रव्येश झा र पं.ज्ञानीराम शास्त्रीसित व्याकरण र साहित्यशास्त्रको गहन अध्ययन गर्नुभयो ।

त्यसपछि वाराणसीमा गोरक्षटिल्ला मैदागिनमा नाथसम्प्रदायका प्रख्यात विद्वान् योगी शङ्करनाथ फलेग्रहीसँग र महामहोपाध्याय हरिहर कृपालुसँग वि.सं. १९९२-९३ तिर व्याकरण र वेदान्तको गम्भीर अध्ययन गर्नुभयो । त्यसैवेला उहाँले वाराणसीबाट साधुसमाजको भारत भ्रमणमा सहभागी भएर विभिन्न ठाउँको भ्रमण गर्नुभयो, यसै क्रममा लाहौर पुग्नुभयो र त्यहाँ रहेको प्राच्य विद्यापीठमा मम्मटको काव्यप्रकाश, बाणभट्टको कादम्बरी र अन्य ग्रन्थहरूको अध्ययन गर्नुभयो । योगीजीलाई व्याकरणको गहिरो ज्ञान थियो । अर्जुन ज्ञवालीका अनुसार एकपटक विद्वान् शङ्करनाथ फलेग्रहीले बनाएको श्लोकमा योगीजीले व्याकरणगत त्रुटि औंल्याउनुभएको थियो रे (२०७७:२८७) । वि.सं. १९९५मा सरस्वती संस्कृत महाविद्यालय लुधियानाबाट योगी शास्त्री परीक्षा पास हुनुभयो । त्यहाँ प्राचार्य विश्वनाथ प्रभाकरसँग षड्दर्शनको गम्भीरतापूर्वक अध्ययन गर्नुभयो । साथसाथमा विभिन्न विधाका लेखनहरू र विभिन्न खाले प्राज्ञिक प्रतिस्पर्धामा सहभागी हुनुहुन्थ्यो र धेरैजसो साथीहरूलाई उछिन्नु हुन्थ्यो ।

वैदिक वाङ्मयको अध्ययनका लागि हरिद्वार गुरुकुल काँगडी विश्वविद्यालयमा जानुभयो । त्यतिबेला जगदेवजी त्यस विश्वविद्यालयका उपकुलपति हुनुहुन्थ्यो र उहाँ वेदका प्रकाण्ड विद्वान् हुनुहुन्थ्यो । जगदेवजी र अन्य वेदविद्वान्हरूको सान्निध्यमा चार वेद, ब्राह्मण ग्रन्थ, उपनिषद् र निरुक्त अध्ययन गर्नुभयो । साथसाथै वेदालङ्कारको परीक्षा पनि वि.सं.१९९७ मा पास गर्नुभयो । योगीजीले शैवदर्शनका बारेमा भारतका विभिन्न पुस्तकालयमा रहेको प्रकाशित र अप्रकाशित पाण्डुलिपिको पनि अध्ययन गर्नुभएको थियो । शैव दर्शनका बारेमा उहाँ जति परिपक्व विद्वान् नेपालले फेरि कहिले पाइएला भन्न सकिन्न ।

यसरी योगीजीले व्याकरण, तर्कशास्त्र, साहित्य र वेदवेदान्तको गहन अध्ययन गरीसकेपछि नेपालको मृगस्थलीलाई केन्द्र बनाएर वैदिक संस्कृति, वेदवेदान्तको ज्ञान समाजसित गाँस्ने प्रयास गर्नुभयो । यस क्रममा नेपालका सबैजसो गाउँको भ्रमण गर्नुभयो र देशका कुनाकुनामा छरिएर अलपत्र परेका शिलालेख, ताम्रपत्र, घण्टलेख, पात्रलेख, टिपोट, सन्धिपत्रहरू सङ्ग्रह गर्नुभयो र तिनको प्रकाशन गर्नुभयो । जसले गर्दा ती ऐतिहासिक सम्पदा लोप हुनबाट बचे । नेपालीमा सामाजिक चेत जगाउने उद्देश्यले मेचीदेखि महाकालीसम्म कोटीहोम महायज्ञ गर्दै हिँड्नुभयो । योगीजीले पैदल अध्ययन भ्रमणका आधारमा नेपालमा २५८३ वटा नाथक्षेत्र रहेको

CC-0. Nepal Sanskrit Academy, Kathmandu

सूची योगी वंशावलीमा पेश गर्नुभएको छ। (२०२२: ११-१७; योगी सिंहनाथ २०७७:७०)।

योगी नरहरिनाथलाई उहाँको नामबाहेक विभिन्न विशेषणले पनि चिन्ने गरिन्छ। तिनको सूची निम्नानुसार रहेको छ। राष्ट्रगुरु योगी नरहरिनाथ, शास्त्री, वेदविद्यालङ्कारः, कविरत्न, कविकोविद्, कविकान्त, कविभूषण, आशुकवि, महाकवि, धर्मशास्त्राचार्य, सांख्ययोगाचार्य, आयुर्वेदाचार्य, पुरातत्त्वविद्, इतिहास लेखक, इतिहास प्रकाशक, शतशोलिपिभाषाज्ञ, ४५ लक्षहोमकृत्, १२९ कोटिहोमकृत्, ५ शिवयागकृत्, शिवगोरक्षगोभक्त, आजीवन-विद्यार्थी, आजीवन-पदयात्री, आजीवन-योगाभ्यासी, आजीवन-स्वयंसेवक, आजीवन-परोपकारपरायण, विश्वशान्ति-विश्वकल्याण परायण, आबाल ब्रह्मचारी, सत्यपथचारी, सत्यव्रतधारी, शतशहस्र तीर्थयात्री, शुक्ल-यजुर्वेद-माध्यन्दिनीय शाखाध्यायी, ईशावास्योपनिषदध्यायी, धनुर्वेदोपवेदी, आजीवन-कठोर-तपसा-कृशतर-कलेवरः, कर्मवीर, हिन्दूराष्ट्रगुरु, वनस्पतिपरिचयज्ञ, व्याख्यानवाचस्पति, सहस्राधिक-पुस्तकलेखक, विश्वहिन्दू सम्मेलनकर्ता, विश्वहिन्दू महासंघ संस्थापक, विश्वयोगायुर्वेद विश्वविद्यालय प्रस्तावक, पञ्चभाषा विश्वविद्यालय प्रस्तावक, नेपाल (महेन्द्र) संस्कृत विश्वविद्यालय संस्थापकः, गिरीजापुरी सरयू संस्कृत विश्वविद्यामन्दिर संस्थापकः, नाथसन्देश, सरयूसन्देश, संस्कृतसन्देश, कर्मवीरसन्देश, आर्यवीरसन्देश, विश्वात्मदर्शन, हिमवत्संस्कृति, हिन्दूसंस्कृति, पुरुषार्थ, ग्रामगरिमा, प्रमुखानेक पत्रपत्रिका संस्थापक तथा सञ्चालकश्, आर्षविद्याशोधकेन्द्र, भद्रेश्वरविद्यापीठ, कोटिहोम वैदीक विद्यापीठावली संस्थापकः, गोत्र महर्षि नालिवेली वंशावली प्रकाशकजस्ता विभिन्न विशेषणहरूले चिन्ने गरिन्छ।

योगी नरहरिनाथले आफ्नो जीवनकालमा गोरक्षग्रन्थमाला अन्तर्गत ११४ वटा पुस्तकहरू, इतिहास तथा पुरातत्त्वसम्बन्धी ७ वटा पुस्तकहरू, पाक्षिक, मासिक, त्रैमासिक पत्रपत्रिकाहरू १०, अन्य विविध विषयका २६३ वटा पुस्तकहरू गरी जम्मा ५७१ वटा पुस्तकहरू (अप्रकाशित १७७ पुस्तकसमेत) प्रकाशित गर्नुभएको थियो। उहाँका अन्योक्ति मुक्तावली (केही भाग अप्रकाशित), इतिहासप्रकाशमा सन्धिपत्र सङ्ग्रह (कुल ८२ भागमध्ये ७५ भाग अप्रकाशित), इतिहास प्रकाश (कुल ८२ भागमध्ये ७९ भाग अप्रकाशित), शिखरिणीयात्रा (कुल १५ भागमध्ये १४ भाग अप्रकाशित), अभिलेखमालाहरू, करिब ६०० वटा थर गोत्र वंशावलीहरू, अवतारविभूति फल परिचय, मनुस्मृति पद्यमय टीका र कोटीहोम परिचय ७४ भाग लगायत १७७ वटा पुस्तकहरू प्रकाशन हुन बाँकी नै रहेको देखिन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

नेपालको इतिहास अध्ययन/अनुसन्धानमा पनि योगीजीको गहिरो लगाव रहेको थियो। नेपालको साहित्यिक इतिहासमा अत्यन्त महत्त्व राख्ने सुवानन्ददासलिखित साहित्यिक कृति नेपाली साहित्यिक इतिहासको हालसम्मको सबैभन्दा पुरानो कविता सङ्ग्रह, ऐतिहासिक एवम् पुरातात्त्विक कृतिहरूमा जुमला सेजाधिराज पुण्यमल्लदेवको शाके १२५८ (वि.सं. १३९३) को कनकपत्र, पुण्यमल्लदेवकै शाके १२५९ (वि.सं. १३९४) को कनकपत्र र पुण्यमल्लदेवकै शाके १२७८ (वि.सं. १४१३) को कनकपत्रको खोज योगी नरहरिनाथले नै गर्नुभएको थियो। (सूचनाको स्रोत : yogi naraharinath -Search (bing.com)

बृहद् अध्यात्मिक परिषद्ले योगीज्यूको देहावसानपछि उहाँका कृतिहरूलाई प्रकाशित गरेर पाठकसम्म पुऱ्याउने लक्ष्यका साथ देशका विभिन्न नाथ केन्द्रहरू र उहाँले यज्ञ गराएको स्थलहरूबाट उहाँका प्रकाशित र हस्तलिखित पाण्डुलिपिहरू सङकलन सुरु गरिएको कुरा त्यसका अध्यक्ष योगी श्रीषनाथ र महासचिव भण्डारीबाट थाहा भएको छ। त्यसक्रममा ५७१ वटा सङकलन भएका छन्। तीमध्ये १३९ पुस्तक मृगस्थलीबाट, ११ पुस्तक देवघाटबाट र १८ पुस्तक योगी वंशावली, भाषा वंशावली र देवमाला वंशावली समेत दाङबाट प्राप्त भएका छन् भने अन्य पुस्तक र पाण्डुलिपि अन्य विभिन्न ठाउँबाट प्राप्त भएका छन्।

योगीज्यूका अनलाईनमा निम्न पुस्तकहरू उपलब्ध छन्।

१. हाम्रो देशदर्शन
२. पशुपतिमतम् : शिवधर्ममहाशास्त्रम् पशुपतिनाथ दर्शनम्
३. दिव्य उपदेश अनुवादसहित
४. एतिहासिक यात्रा (नेपालको साँस्कृतिक इतिहासबारे वर्णनात्मक कविता)Yogi+Naraharinath+Pustakalaya+.jpg (914×1600) (bp.blogspot.com)

योगी नरहरिनाथले १२९ कोटीहोम ५वडा शिवयज्ञ र ४५ लक्ष्यहोमको आयोजना गरेर सफल बनाउनु भएको थियो। योगी नरहरिनाथले जीवनकालमा लेखेका तथा सम्पादन गरी प्रकाशन गरेका र उपलब्ध केही कृतिहरू यहाँ उल्लेख गर्नु सान्दर्भिक हुनेछ।

दिव्य उपदेश (सम्पादन, २०१६)
नवनाथ चौरासी सिद्ध, नाथमहिम्नस्तोत्र (२०२५)
शान्ति चरितम् (२०२५)
हिन्दू राष्ट्रमा गाईको महिमा (२०३०)
नाथ सन्देश भाग २ (२०३४)
देवभूमि भारत एवं आध्यात्मिक नेपाल (२०३८)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

गोरक्ष कल्पद्रुम (?)
संस्कृत सन्देश, वर्ष १, अङ्क ६ (२०१०)
इतिहास प्रकाश, अङ्क २, भाग १. (२०१३)
मत्स्येन्द्र पद्यशतकम् (अनु.१९८३ सन्.)
इतिहास प्रकाशमा सन्धिपत्र संग्रह (२०१३)
योगी वंशावली भाग १. (सम्पा.२०२०)
श्रीनाथ नित्यकर्म, भाग १. (सम्पा.२०२२

**योगी नरहरिनाथका दृष्टिमा नाथभूमि नेपाल**

योगी नरहरिनाथले **देवभूमि भारत एवम् आध्यात्मिक नेपाल** पुस्तकमा नेपालको भूगोललाई नाथयोगीका दृष्टिले हिमाल, पहाड, तराइमा कहाँ कुन कुन ठाउँमा कुन कुन नाथ र साधकहरूले साधना गरेर योगसाधनाका बलमा सिद्धयोगी बनेर रहेका थिए त्यसको नालीबेली उतार्नुभएको छ। यो पुस्तक नेपाली भूगोलको आध्यात्मिक व्याख्याजस्तो लाग्छ। नेपालको आध्यात्मिक चित्र, यौगिक साधनाको चित्र देखिन्छ। यो चित्रले नेपाली भूगोलभित्रको रसायन योगसाधना हो र त्यसको ज्ञान मत्स्येन्द्र, गोरख हुँदै सयौं नाथ सिद्धयोगीहरूले नेपाली भूमिमा दिएका हुन् र नाथसाधकहरूले त्यस ज्ञानलाई लामो समयसम्म निरन्तरता दिएका हुन्। अहिलेको उपभोक्ताप्रधान समाजमा अध्यात्मलाई उपेक्षा गरिएकाले नाथ योगसाधना उपेक्षित भएका छन् र शायद त्यसकै असर हो कि ? नेपालमा अशान्ति बेचैनी बढेको छ।

हामी एउटा कुरा निश्चितरूपमा के भन्न सक्छौं भने अध्यात्मिक चेतना र ज्ञानविनाको समाज व्यक्तिवादी, लोभी, क्रूर र हिंसक बन्छ। अहिले नेपाली समाज त्यही बाटोतिर लागेजस्तो देखिन्छ। यस समस्याको समाधान मेरो दृष्टिमा अध्यात्मिक ज्ञान र योगीका साधनामा फर्किने नै हो। पश्चिमा धनी मुलुकहरू भौतिक विकासको चरमचुलीमा पुगे पनि मानसिक शान्ति र सतोषको अनुभूति नभएकाले अहिले योगसाधना र पूर्वको अध्यात्मिक ज्ञानतर्फ लागेका छन्। यसबाट हामीले पाठ सिक्नुपर्छ केवल भौतिक विकास मानिस सुखी हुँदो रहेनछ। नत्र अमेरिकी, बेलाईती, फ्रान्सेली, जर्मन, क्यानेडियन, अष्ट्रेलियनहरू हजारौ योगकेन्द्र, ध्यान साधना केन्द्र बनाउने थिएनन् र तिनमा धाउने थिएनन्। त्यसैले हाम्रो भूमिमा रहेको योग र ध्यानको जरा कति महत्त्वपूर्ण रहेछ यसलाई हामीले नबिर्सौं। यस सन्दर्भमा योगी नरहरिनाथको नेपाली भूगोलको अध्यात्मिक व्याख्या अति सान्दर्भिक रहेको छ। त्यसलाई आधार मानेर नेपालमा नाथयोग परम्परा योगीजीका दृष्टिमा कस्तो रहेछ, हामी पनि हेरौं।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

रसुवा जिल्लामा रहेको नीलकण्ठ तीर्थ यानि बोलीचालीको भाषामा गोसाइँकुण्डको पश्चिम तिरमा नाथसम्प्रदायमा सर्वमान्य देव गोरक्षनाथ पात्रदेवताको स्थापना गरिएको छ र त्यसको नजिकै नेपाल एकीकरणका योद्धा अमरसिंह थापाको समाधि रहेको छ। यसले यो स्थान गोरखनाथसित र उनका अनुयायी नाथहरूसित गाँसिएको छ। नुवाकोट जिल्लाको खानीखोलको मत्स्येन्द्र वनमा मत्स्येन्द्रनाथको सदैव उपस्थिति रहन्छ भन्ने विश्वास रहेको छ। महेश खोलाको पश्चिमपट्टि छत्रेपाटीमा पञ्च धारणासिद्ध बालकनाथ योगीको धुनी रहेको छ। बालकनाथ योगीको समाधि पशुपतिनाथ सिद्धाचल मृगस्थलीमा रहेको छ (देभाआने पृ.३१-३५)। गोर्खा जिल्ला र लमजुङ योगी गोरखनाथको आशीर्वाद प्राप्त भूमि, गोरखाको गोरख गुफा त्यसको प्रमाण हो र गोरखनाथले पटकपटक यस क्षेत्रमा दर्शन दिएको प्रसङ्ग पाइन्छ। गोर्खा जिल्लाको बक्राङ पहाडमाथि सिद्ध लखन थापाको समाधि गुफा रहेको छ (ज्ञवाली २०७७: १४४)। कास्की जिल्लाको बेगनास तालको पूर्वमा रूपाताल त्यसको किनारमा पहाडको फेदीमा सीता गुफाको नजिकै सिद्ध भोलानाथ योगीको साधना गर्ने ठाउँ सिद्धाश्रम रहेको छ र त्यहाँ गोरखनाथको पूजा हुन्छ। सिद्धाचल मृगस्थलीबाट प्रतिमा लगेर गोरखनाथको मन्दिर स्थापना भएको छ। मन्दिरको नजिकै गोरक्षकुण्ड रहेको छ। पर्वत जिल्लाको धुवाकोट नजिक शिरकाडमा विशाल शिलामा शिव गोरखनाथको मन्दिर रहेको छ (देभाआने पृ.४७-५५)।

बागलुङ हरिचौरमा सिद्ध भोलानाथले स्थापना गरेको ॐकारेश्वर महादेवको मन्दिर रहेको छ। मोदी र भरुङ्गीको नदीको त्रिवेणी माता ठाँटीमा तुलानाथ योगी र नरबहादुर गुरुङ्गले गोरखनाथको स्थापना गरेका छन्। दामोदर कुण्ड, मुक्तिनाथ क्षेत्रका प्राचीन गुफाहरूमा सुन्दरनाथ योगी भ्रमण गरिरहन्छन् भनिन्छ। हिमाली क्षेत्रमा योगीहरू सिद्धहरू अदृश्यरूपमा विचरण गरिरहन्छन् भनिन्छ। गलेश्वरको प्रसिद्ध गुफामा योगी ईश्वरानन्दले २४ वर्ष साधना गरेको भनिन्छ। दाङको द्रोणाश्रमको नजिकमा सिद्ध पिप्लनाथले योगसाधना गरेको गुफा छ। उनले यस गुफामा पार्थिवी धारणा, पाथसी धारणा, तैजसी धारणा, वायवीधारणा र आकाशीधारणा गरी पाँच धारणा सिद्ध गरेका र सो शक्तिका कारण बिहान शरावतीमा स्नान गर्ने, देवी पाटन्मा पाटेश्वरीदेवीको पूजा अनुष्ठान गर्ने, पछि दाङ रत्नपीठमा पात्रदेवताको पूजा र ध्यान गर्ने र रातिका समयमा यसै हस्तशिला गुफामा आराम गर्थे भनिन्छ। उनले सिद्धिको शक्ति लोकहितमा प्रयोग गर्थे भनिन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

अहिले पनि पात्रदेवताको देवीपाटनको यात्रामा पात्रदेवता पूजारीले पिप्पलनाथको पूजा गर्छन्। पिप्पलनाथले पिपलको फल भोजनका रूपमा खाएर योगसाधना गर्दथे (देभाआने पृ.५७, ८०)। दाङको थानगाउँ सिद्ध रत्ननाथ र बालकनाथको ठाउँ हो। तुलसीपुर दाङमा सिद्ध रत्ननाथ र सिद्ध बालकनाथको समाधि रहेको छ। बालकनाथ योगी योगसाधनाका बलले नेपालका भारतका विभिन्न ठाउँको यात्रा गर्थे, दुखकष्टमा परेका भक्तहरूका बिचमा पुगेर उनीहरूको उद्धार गर्थे। सल्यानको रानागाउँमा सिद्ध भगवन्तनाथको मठ थियो अहिले अवशेष पनि छैन। दाङमा वागीश्वरी गंगा र वागीश्वरी देवी रहेका ठाउँमा भगवन्तनाथको श्रीग्राम मठ रहेको छ। उनले दाङ सल्यान दुवै ठाउँमा गोरखनाथ, कालिका, भैरवी, वागीश्वरी र पाटेश्वरीका मन्दिर र मठहरू बनाएका थिए। भगवन्तनाथका उत्तराधिकारी शिष्य भुवनेश्वर र उनका शिष्य लोकनाथले मठको विस्तार गरेको पाइन्छ। शारदा नदीको पश्चिममा भगवन्तनाथका शिष्य भुवनेश्वरनाथको सिद्धिदायिनी गुफा रहेको छ, यही उनले सिद्धासनमा बसेर तपस्या गरेका थिए भन्ने जन विश्वास छ (देभाआने पृ.८५-८७)।

सल्यान राना गाउँमा भगवन्तनाथपीठको पूजा पाठका लागि गुठी जमिन रहेको छ। यहाँ भगवन्तनाथ सिद्ध भएकाले गोरखा, नुवाकोटका देवीदेवतालाई आह्वान गरी प्रतिष्ठा गरिएको थियो। उनको शेषपछि केही समय यो व्यवस्थित रूपमा चल्यो। पछि क्रमशः व्यवस्था टुट्दै गएर अहिले अवशेष फेला पार्न पनि गाहारो छ। सल्यानको उत्तरमा रहेको मन्धाना (मदाना) भैरवदेवताको ठाउँ मानिन्छ (पृ.८७-८८)। प्यूठानको खैरा, क्वाडी, टारी, रातमाटेमा गोरखनाथ, सिद्ध फलाहारीनाथ, सिद्ध संसारीनाथ रहेका छन्। अलि माथि गोरखगुफा र मत्स्येन्द्रनाथको मन्दिर छ।

बाघदुलामा सिद्धको जीवित समाधि रहेको छ (पृ.९२)। सुर्खेत तारापुर विल्लकुञ्जमा सिद्ध काशीनाथ योगीको जीवित समाधि रहेको छ। धनकुटा जिल्लाको अरुण नदीपूर्व मिकलुड नागीको चट्टानमाथि गोखनाथको तप गर्ने गुफा छ, गोरक्षकुण्ड छ। काठमाडौँको चारैदिशामा गणेश, गोरख, भैरव र देवीका स्थानहरू रहेका छन् (पृ ३-५)। ठाउँठाउँमा विभिन्न भैरवका स्थानहरू रहेका छन् जस्तै, आनन्द भैरव, मन्थान भैरव, आकाश भैरव, कालभैरव, बालभैरव, नीलभैरव, चण्डभैरव, महाकालभैरव, करालभैरव, विकराल भैरव, कपाली भैरव, कोपभैरव, रुरुभैरव, उन्मतभैरव, क्रूरभैरव, उग्रभैरव, स्वच्छन्दभैरव, व्याघ्रभैरव, बटुकभैरव, ललितभैरव, वीरभद्र भैरव, प्रचण्ड भैरव, भीमभैरव, हलचोक आकाश भैरव, भक्तभैरव, खड्गभैरव आदि ६४ भैरवले पहरा दिने काम देशलाई सुरक्षा दिने काम गरेका छन् (ज्ञनाली २०७७: १४३ -५०)।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

**योगी शिवशक्तीश्वरानन्द**

नेपालमा पछिल्लो कालखण्डमा नाथयोग साधना र चिन्तनका बारेमा समर्पित व्यक्तित्व योगी शिवशक्तीश्वरानन्द हुन् । उनको खास नाम लाल बहादुर ढकाल हो । उनी गोरखा बारपाकका हुन् । उनले वि.सं.२०६०को दशकमा अज्ञात नाथ पन्थी (अ ना प) नामबाट नाथयोग दर्शनको चेतना प्रसारणमा लागेका थिए । यिनले ४० वर्षको कलिलो उमेरमा नै रुसको एकतेरियनबुर्गमा समाधि लिएका थिए । उनले नाथयोग साधना र चिन्तनका लागि गोरखा, लमजुङ, चितवन बनेपालगायतका धेरै ठाउँमा अ ना प का केन्द्रहरू खोलेर अध्यात्मको काम अघि बढाएका थिए । उनका अनुसार नाथपरम्परा सूक्ष्मरूपमा नवनिर्माणको क्रममा रहेको छ । अहिलेको अवस्थामा समाजका विभिन्न क्षेत्रमा छरिएर रहेका व्यक्तिहरूले नाथतत्त्व ग्रहण गरेर सामाजिक परिवेशअनुसार खानपीन, रहनसहन, जीवनशैलीमा नाथयोगसाधनाका माध्यमबाट देशमा चेतन फैलाउने काम गरिरहेका छन् र यही चिन्तन नै अ ना प चिन्तन र कार्यदिशा हो । सिद्धयोगीहरूले सामान्य मानिसहरूका शरीर र चिन्तन मार्फत समाजमा आवश्यक चेतनाको काम फैलाइरहेका हुन्छन् ।

छोटो समयमा उनले धेरै काम गरेको कुरा उनका प्रकाशनबाट स्पष्ट हुन्छ । उनका निम्नानुसारका प्रकाशनहरू रहेका छन् ।

१. अ ना प कार्यशैली तथा आध्यात्मिक कार्यदिशा (दर्शन विवेचन) भाग १
२. अ ना प कार्यशैली तथा आध्यात्मिक कार्यदिशा (दर्शन विवेचन) भाग २
३. सूक्ष्म शरीरको यात्रा भाग १
४. शिवगोरक्ष नाथप्रदाय
५. मन्त्रसाधना ऊर्ध्वगति
६. काठमाडौँ उपत्यकाका गोरक्षपादुकाहरू
७. नाथ पीठ परिचय, भाग १
८. मुद्रामृत ध्यान (संयुक्त लेखन योगी कर्मवीरानन्द र योगी शिवशक्तिश्वरानन्द)
९. महायोगीहरूको परिचय (संयुक्त लेखन योगी कर्मवीरानन्द र योगी शिवशक्तिश्वरानन्द)
१०. इन्ट्रोडक्सन अफ् महायोगी कर्मवीरानन्द र महायोगी शिवशक्तिश्वरानन्द (योगी सिंहनाथ २०७७: ६३-६६) ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

## अध्याय सात

# नाथ सम्प्रदायबारे ऐतिहासिक अभिलेखहरू

काठमाडौँमा सार्वजनिक भवनका रूपमा रहेको काष्ठमण्डपबाट प्राप्त विभिन्न समयका ६ ताम्रपत्रहरू नाथसम्प्रदायका बारेमा महत्त्वपूर्ण ऐतिहासिक लिखत प्रमाणहरू हुन् । ने.सं.४९९, ५३७, ५४३, ५८५, ६०५ र ६३२ का ताम्रपत्रका अभिलेखले नाथसम्प्रदायबारे प्रशस्त सूचना दिएका छन् । ने.सं. ४९९ वि.सं. १४३६को ताम्रपत्रमा राजा जयस्थिति मल्लले काष्ठमण्डप भवन 'हरिगनजोग' यानि नाथजोगीहरूलाई प्रयोग गर्न दिएको देखिन्छ । 'देवगोरक्ष' भनेर लेखिएकाले गोरखनाथलाई देवताका रूपमा सम्मान प्रकट गरेको पनि देखिन्छ । त्यस ताम्रपत्रमा 'योगी र दरसन जन' शब्दावलीले नाथयोगीलाई दर्शनधारी भनेर पनि सम्बोधन गरिने भएकाले त्यसतर्फ सङ्केत गरेको बुझिन्छ । काष्ठमण्डपको तल्लो तलामा रहेको गोरखनाथको मूर्ति पनि ताम्रपत्रको लिखतको समयकै हाराहारीको अनुमान गरिन्छ । नाथयोगीहरूले काष्ठमण्डप प्रयोग गर्ने अधिकार प्राप्त गरेपछि आफ्ना आराध्यदेव गोरखनाथको मूर्ति राखेको अनुमान गरिन्छ ।

काष्ठमण्डपको अर्को ताम्रपत्र ने.सं.५३७ वि.सं.१४७४मा 'जोगी भराद'लाई चिउरा बाँड्ने उल्लेख गरिएको छ । यसबाट त्यहाँ रहने जोगीहरूलाई सहयोग गरेको प्रसङ्ग देखिन्छ । काष्ठमण्डपमा नाथजोगीहरू रहने गरेको पुष्टि हुन्छ । त्यहाँको अर्को ताम्रपत्र ने.सं. ५८५ वि.सं. १५२२ मा राजा यक्षमल्लको पालामा गौडदेशबाट आएका चैतन्यनाथ योगीले काष्ठमण्डपमा रहेका 'अवधूत' यानि नाथयोगीहरूलाई असार महिनाको कृष्ण अमावस्या तिथि मंगलवारका दिन षड्रस अन्नदान वा 'चक्र' अर्थात् भण्डारा गरेको र त्यस्तो भण्डारा प्रतिवर्ष माघमास पूर्णिमामा गर्नका लागि ९ रोपनी जग्गा गुठी राखेको उल्लेख गरिएको छ (नरहरिनाथ, संस्कृत सन्देश २०१०) । यस अभिलेखमा ठुलो काष्ठमण्डपमा बस्ने जोगीहरूलाई 'योगीश्वर' भनेर उल्लेख गरिएको छ । यसले त्यो ठाउँमा नाथयोगीहरू रहन्थे भन्ने प्रमाणित हुन्छ । यहाँका नाथयोगीहरूको गौडदेशसित पनि सम्बन्ध रहेको देखिन्छ । यस अभिलेखमा 'नमः श्री गोरक्षनाथाय' भनेर सम्मान प्रकट गरिएको छ । एउटा संस्कृत श्लोकमा गोरखनाथको स्तुति गरिएको छ ।

अनादिपरमं ब्रह्म निष्कलं सचराचरम् ।
ध्यायन्ते योगिनो नित्यं गोरक्षं प्रणमाम्यहम् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

रत्नमल्ल र अरिमल्लको शासनका समयमा काष्ठमण्डपको ने.सं.६०५ वि.सं. १५४२को ताम्रपत्रमा हेतनाथ जोगी भलादले गोसाइँकुण्डको यात्राबाट फर्किएपछि त्यहाँ रहेका जोगीहरूलाई भण्डारा गरेको उल्लेख छ। हेतनाथले १५ रोपनी जग्गा गुठी राखेको देखिन्छ।

राजा रत्नमल्लको शासनकालमा काष्ठमण्डपको ने.सं.६३२ वि.सं. १५६९ को सुवर्णपत्रको लिखतमा बालानाथ नाम भएका नाथ योगीले काष्ठमण्डपमा प्रतिवर्ष 'जोगीचक्र' अथवा भण्डारा खुवाउनका लागि ४ तोला सुनको गुठी राखेको उल्लेख गरिएको छ र उनले आफ्नो ठेगाना 'श्री त्रिपुरास्थान खण्डलदेश' राखेका छन्। यसरी ने.स.५८५ र ६३२ का अभिलेखले यहाँका नाथहरूको सम्बन्ध गौडदेश भन्नाले बङ्गाल र आसाम, खण्डलदेश त्रिपुरा भारतको उत्तरपूर्वी राज्य त्रिपुरा बुभिन्छ यसरी बङ्गाल, आसाम र त्रिपुराका नाथहरूको नेपालका नाथहरूसित घनिष्ठ सम्बन्ध देखिन्छ।

काठमाडौँको असन टोलमा कंपनी चा कुशलेबाट प्राप्त ने.सं.६८८ .(वि.सं.१६२४)को ताम्रपत्रमा पद्मनाथ कुशलेले आफ्ना भाइ मायानाथका नाममा 'गोरखपादुका'मा सुनको तोरण चढाएको उल्लेख छ .(राजवंशी २०२९,पृ. ४३-४४)।

मृगस्थली गोरक्षपीठमा ने.सं. ७८८ वि.सं.१७२५को अभिलेखमा परदेशी वारनाथ जोगी गुठी राखी यो अभिलेख राखेका र त्यसमा 'श्री ३ गोरख' उल्लेख रहेको छ। उक्त अभिलेखमा त्यस गुठीबाट प्रत्येक वर्ष वैशाख शुक्ल अष्टमीमा गोरखनाथको पञ्चोपचारले पूजा गर्ने र बाह्रपन्थी नाथ जोगीहरूलाई भोजन गराउने उल्लेख छ। मृगस्थली गोरखनाथ मन्दिरसम्बन्धी यो नै पहिलो प्रमाणिक अभिलेख मानिन्छ। राजा जयस्थिति मल्लको ने.सं.८८३ (वि.सं.१८२०) को अभिलेखमा गोरक्षपीठमा आउने नाथज्यूहरूलाई एक कुरुवा चामल र नुन दिने व्यवस्था गरको देखिन्छ। मृगस्थली गोरक्षपीठमा रहेको ने.सं.८९२ (वि.सं. १८२९)को हिन्दी भाषामा लेखिएको अभिलेखमा गेवीनाथ माताकी चेली क्षमानाथ माताले गोरखनाथको सम्मानमा अखण्ड धुनी बनाएको उल्लेख छ।

मृगस्थली गोरक्षपीठका सम्बन्धमा वि.सं. १८४९मा राजा रणबहादुर शाहले पशुपतिनाथ र अन्य देवताको पूजाका लागि गुठी राख्दा गोरखनाथलाई च्यूरा नैवेद्य चढाउने व्यवस्था गरिएको देखिन्छ। त्यसैगरी वि.सं.१९०२ को अभिलेखमा उपेन्द्रविक्रम शाहले साम्राज्येश्वरी देवीको स्थापना गरी त्यसको पूजाको व्यवस्था गर्दा गोरखनाथलाई भाद्रशुक्ल चतुर्दशीका दिन पूजाका लागि २ रुपिया छुट्टयाएको देखिन्छ। १९८९को सरकारी लिखतमा पनि गोरखनाथमा एउटा बत्ती राख्ने उल्लेख त्यसैगरी

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पशुपतिको भण्डारखाल बगैंचाबाट गोरखनाथ मन्दिरका लागि प्रतिदिन ३ माला पुऱ्याउनुपर्ने उल्लेख गरिएको छ (टण्डन २०६५, पृ.६९-७४ र धमला २०७४, पृ.६०-६३) ।

राणाहरूले पनि आफू शासनसत्तामा हुँदा मृगस्थली गोरक्षपीठका बारेमा केही दानदातव्य गरी अभिलेख राखेको देखिन्छ। मृगस्थली गोरक्षनाथ मन्दिरमा रहेको वि.सं.१९०६ को शिलालेखमा जङ्गबहादुरकी आमा रक्षाकुमारी देवीले गोरखनाथ मन्दिरको गजुरको जीर्णोद्धार गरेको, केही सत्तलहरू बनाएको र प्रतिवर्ष गोरखनाथ मन्दिरमा होम गर्न र रोट चढाउनका लागि आफ्ना बाबु नरसिंह थापाबाट पाएको २२ रोपनी जग्गा गुठी राखिदिएको उल्लेख छ (टण्डन,पृ. ५१५)। उक्त मन्दिरमा श्री ३ वीरशमशेरले वि.सं. १९५१ को अभिलेखसहित घण्टा चढाएको देखिन्छ। वि.सं. १९८१मा श्री ३ चन्द्र शमशेरले त्रिशूल चढाएको बेहोरा त्यहाँ रहेको अभिलेखबाट देखिन्छ (टण्डन, पृ. ६१० र ६४५) ।

## ७.१ मृगस्थली गोरक्षपीठको महन्त परम्परा

मृगस्थली गोरक्षपीठलाई व्यवस्थापन गर्ने सम्बन्धमा महन्तको जिम्मा हुन्छ। योगी नरहरिनाथ सम्पादित **योगी वंशावली भाग १मा** आफू त्यहाँको २० औं महन्त भएको र आफूपछिका महन्त क्षिप्रनाथ २१औं महन्त भएको विवरण दिनुभएको छ। यो महन्त परम्परा छायाँनाथबाट सुरु भई अहिले सम्म अविच्छिन्न रूपमा चलिरहेको छ। यसको विवरण निम्नानुसार रहेको छ।

| | | | |
|---|---|---|---|
| १. छायाँनाथ , | २. गुहानाथ | ३. शम्भुनाथ | ४. कसपानाथ |
| ५. कमलनाथ | ६. ज्वालानाथ | ७. मायानाथ | ८. सिद्धनाथ |
| ९. बुद्धिनाथ | १०. प्रयोगनाथ | ११. बालकनाथ | १२. हुंकनाथ |
| १३. हंसनाथ | १४. इन्द्रनाथ | १५. भोलानाथ | १६. नारायणनाथ |
| १७. घारिनाथ | १८. भरपुरनाथ | १९. कुबेरनाथ | २०. नरहरिनाथ |
| २१. क्षिप्रनाथ. (२०२०, पृ. १२३-२४) | | | |

## ७.२ नाथसम्प्रदायबारे प्राप्त ताम्रपत्र र अभिलेखहरू

काष्ठमण्डप र मृगस्थलीबाट प्राप्त ताम्रपत्र र अभिलेखहरूले नाथयोगीहरूको काठमाडौं उपत्यका क्षेत्रमा गहिरो प्रभाव रहेको बुझिन्छ। काठमाडौं उपत्यकामा पनि काष्ठमण्डप र मृगस्थली बाहेकका अन्य अभिलेखहरू पनि छन् भने उपत्यकाभन्दा बाहिर विभिन्न जिल्लाहरूमा पनि अभिलेखहरू छन् तिनले नेपालमा नाथयोग सम्प्रदायबारे जान्नका लागि अत्यन्त महत्त्वपूर्ण भूमिका निर्वाह गर्छन्। यी लिखतले नाथहरूबारे

CC-0. Nepal Sanskrit Academy, Kathmandu
ऐतिहासिक र भौगोलिक रूपमा बुझ्न सहयोग पुऱ्याउँछन्। साथसाथै स्थानीय संस्कृति र नाथपरम्पराबिचको अन्त:सम्बन्ध बुझ्न पनि सजिलो हुन्छ। नेपालका विभिन्न ठाउँसित सम्बद्ध अब केही महत्त्वपूर्ण ऐतिहासिक अभिलेखबारे चर्चा गरौं।

कीर्तिपुर क्वाचोटोलमा रहेको गोरखनाथ मन्दिरको ने.सं.७८७ ने.सं.७५७ .(वि.सं.१७२४)को अभिलेखमा र दर्शनधारी जोगीले मिलेर गोरखनाथ र भैरवनाथको देवल बनाएको बेहोरा छ र दानदाताको नाममा यडका यानि काठमाडौं दर्शनधारी, बलम्बुका धर्मजोगी, कीर्तिपुरका देविदास जोगी, शिखाराम जोगी र रत्नदास जोगीको नाम छ (वज्राचार्य २०५६,पृ. ५१०)।

फपिडको डाँडामाथि रहेको गुफामा बस्ने जोगी अचिन्तनाथ जसराजले जयस्थिति मल्लका राज्यमा फर्पिंड क्षेत्रमा जययूथसिंहले भाइहरूसहित स्थानिय शासन गरिरहेको समयमा ने.सं.५११ (वि.सं.१४४८) माघ शुक्ल पञ्चमी तिथिमा 'गोरक्षपादुका' बनाएर स्थापना गरेको उल्लेख छ त्यसको सुरुमा 'श्री गोरक्षनाथपादुकाभ्यां नम:' लेखिएको छ भने अन्त्यमा 'गोरक्षपादुका'।. (वज्राचार्य,२०५६,पृ. १८०)

बनेपामा रहेको ने.सं.७५७. (वि.सं.१६९४)को अभिलेखमा गोरखपादुकामा दर्शनधारीले दियो बाल्ने व्यवस्था गरको उल्लेख रहेको छ। बनेपाको ने.सं.७६९ (वि.सं.१७०६)को अभिलेखमा गोरखनाथको प्रस्तर मन्दिर बनाएको उल्लेख छ (ज्ञानकाजी,२०४०,, पृ. ४३)।

साँखुको पाटीमा रहेको ने.सं.६७९ (वि.सं.१६१६)को ताम्रपत्रमा उल्लेख गरेबमोजिम जयअमृत मल्लले त्यो सत्तल बनाए र त्यहाँ आउने जतिजंगम र योगीलाई अन्नदान गर्न ३० रोपनी जग्गा गुठी राखे र त्यसबाट कुशल्या जोगीलाई चक्र या भोजभण्डारा गर्नुपर्ने व्यवस्था गरे। (धमला ,पृ.९३)

शक संवत् १६२५वि.सं. १७६० को प्युठानबाट ताम्रपत्रमा राजा पृथ्वीपतिले गुरु निर्मलनाथको थानमा केही जग्गा दान दिएको बेहोरा रहेको छ। साथै बाह्र पन्थ, राजगुरु मनसानाथ, पीर हरिहरनाथ, बालपनाथ र दुवनाथको नाम लेखिएको छ। अन्त्यमा 'नाथजी'का नामबाट गोरखनाथलाई सम्मान प्रकट गरिएको छ। (सूर्यमणि अधिकारी, २०४३, पृ.१५५-५६)

त्यसैगरी दैलेखमा ज्वालादेवी पीठमा बृहस्पतिनाथलाई दैलेखी राजा भूपनारायण शाहले पुजारी नियुक्त गरेको शक संवत् १६२८ यानि वि.सं.१७६३ को ताम्रपत्रमा उल्लेख गरिएको छ। (योगी नरहरिनाथ, पृ.१४२)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

गोरखाको गोरखनाथ गुफामा गीर्वाणयुद्ध विक्रम शाहको वि.सं.१८५९ को अभिलेखमा गोरखनाथको नाम नै उल्लेख भएको छ। यसरी गोरखनाथको नाम स्पष्टरूपमा किटान भएको त्यहाँको यो पहिलो अभिलेख हो। वि.सं. १८६९मा राजमाता ललितत्रिपुरासुन्दरीले 'श्री गोरखनाथको' प्रीतिका निमित्त गोरख गुफामा घण्ट चढाएको कुरा घण्टा अभिलेखमा उल्लेख छ (वज्राचार्य पृ ३४८ र ५५९)।

## ७.३ नेपाली मुद्रा

राजा पृथ्वीनारायण शाहले वि.सं.१८११ देखि काठमाडौँ विजय हुन अगावै नुवाकोटबाट जारी गरेको चाँदीको सिक्कामा सम्मानसहित गोरखनाथको नाम श्री गोरखनाथ भनेर अङ्कित थियो। त्यस समयदेखि वि.सं.२०६५ सम्म नेपाली मुद्रामा गोरखनाथको नाम श्री श्री गोरखनाथ भनेर अङ्कित रही रह्यो। राजतन्त्रको ठाउँमा गणतन्त्र स्थापना भएपछि गोरखनाथको नाम पनि मुद्राबाट हटाइयो।

## ७.४ गोरखनाथलाई साक्षी राख्ने चलन

वि.सं. १७९६ को गोर्खाली राजा नरभूपाल शाहले लमजुडका राजालाई लेखेको 'धर्मपत्र' (द्विपक्षीय सन्धि) मा श्रीगोरखानाथलाई साक्षी राखिएको छ। पृथ्वीनारायणले शाहले वि.सं.१८०४मा भक्तपुर मल्लराज्यका भारदार परशुराम थापालाई लेखेका पत्र र वि.सं.१८११ मा पूर्व दोलखाका भारदारलाई लेखेको पत्र, यी दुवै पत्रमा गोरखनाथलाई साक्षी राखिएको छ। त्यसैगरी वि.सं. १८२३मा रामेछापका रामचन्द्र पर्सैलाई लेखेको पत्रमा गोरखनाथप्रति अगाध श्रद्धा व्यक्त भएको छ। त्यहाँ पृथ्वीनारायण शाह लेख्छन् "गोर्षा भन्न् नेपाल् भन्न् उनै गोरखनाथ हुन् त दुवै एकै हुन्" यसरी गारखा र नेपाल गोरनाथकै पर्यायवाचीका रूपमा लिइएको छ। (भण्डारी, २०२५, पृ.९२९-९४४, मोहन प्र.खनाल, २०७० पृ.२२७)

पृथ्वीनारायण शाहले काठमाडौँ विजय गरिसकेपछि गोरखनाथको सम्मान गर्न १८२६ कार्त्तिक २१ गते लेखेको पत्रमा गुरुसम्मानस्वरूप "श्री गाुरषनाथजीकन चक्रपूवजाकन गुरु चर्हाऔ" थायमदु, असन टोल, इन्द्रचोक रहेका गोरखनाथ मठहरमा चक्रपूजा गर्न २१९-३ बटे चार रोपनी जग्गा गुठी राखिएको विवरण छ। बालाचतुर्दशीका दिन गुह्येश्वरीमा पनि चक्रपूजाका लागि गुठी राखिएको॥ वि.सं. १८२७को पत्रमा पृथ्वीनारायण शाहले नाथसम्प्रदायका लागि आम्दानीको विशेष व्यवस्था गरेको, गोसाईं भगवन्तनाथलाई जोगीहरूको मण्डल्याइको अख्तियारी दिएको छ (भण्डारी पृ.१०६२-६३)। यस पत्रमा १४ ज़ातका घरबाट वार्षिक १ आना दस्तुर

CC-0. Nepal Sanskrit Academy, Kathmandu

उठाउन पाउने अख्तियारी दिएको छ। यी जातहरू निम्नानुसार रहेका छन् : माझी, कुमाल, दनुवार, दरइ, थारु, पहरी, कुशहरी, धामी, हायु, सुनुवार, चेपाङ, जुलाहा, कुशल्या या कुशले र नेवार कुमाल। ती जातले नाथजोगी उनीहरूका क्षेत्रमा आउँदा साँझबिहान खान दिनुपर्ने उल्लेख छ। (धमला पृ.९७)

काठमाडौँका राजा जय प्रकाश मल्लले हनुमानढोका दरबारको दक्षिणतर्फ रहेको कुमारी घर सामु ने.सं.८७७ (वि.सं.१८१४) मा 'कांफारा' यानि कानफट्टा जोगीहरूलाई भोज गराएको प्रसङ्ग ठ्यासफु टिपोटमा उल्लेख छ (धमला पृ.९८)।

***गोरखावंशावली*** राजा राजेन्द्र शाहका आज्ञाले वि.सं. १८९४-९९मा तयार पारिएको हो र यसका सम्पादक शेरमान सिंह हुन्। यसको सुरुमा "श्री गणेशाय नमः" लेखिएको छ त्यसपछि लगत्तै "श्री गोरक्षनाथाय नाम" लेखिएको छ।यस लिखतले गोरखनाथलाई अत्यन्त सम्मान गर्ने परम्परा बसेको देखाउँछ।

## ७.५ नाथयोगीबारे आख्यान र जनश्रुतिहरू

नेपालमा नाथयोगीहरूले खेलेको सामाजिक सांस्कृतिक महत्त्व झल्काउने अनेक आख्यान र जनश्रुतिहरू छन् तीमध्ये केही अति महत्त्वपूर्ण छन्, तिनको सङ्क्षिप्त चर्चासहित विवरण यहाँ दिनु सान्दर्भिक देखिन्छ।

### ७.५.१ मच्छिन्द्रको जात्रामा कल्पवृक्षको आगमन

यस सन्दर्भमा स्थानीय आख्यान के रहेको छ भने राजा लक्ष्मीनरसिंह मल्लको समयमा (वि.सं.१६७७-१६९८) मच्छिन्द्रनाथको लगन जात्रा हेर्न स्वर्गबाट देवताहरू आउने गर्थे र त्यसै प्रसङ्गमा स्वर्गको कल्पवृक्ष मानिसका रूपमा लगन जात्रा हेर्न आएछन्। मच्छिन्द्रनाथका पूजारीले उनलाई चिने र समाते। पूजारीलाई कल्पवृक्षलाई काठमाडौँमा एउटै रुखको काठले ठुलो सत्तल बनाइ दिनुपर्ने सर्त राखेकोमा उनले सर्त स्वीकार गरेपछि उनलाई छाडियो। कल्पवृक्षले स्वर्ग गएको चार दिनपछि ठुलो सालको रुख पठाइदिए। त्यसै सालको रुखबाट काष्ठमण्डप बनेको हो र त्यही काष्ठमण्डप नाम अपभ्रंस भएर काठमाडौँ बनेको भनिन्छ।

यहाँनेर यो विषय नेपाली इतिहास र संस्कृतिको विषय भएकाले यसको चर्चा ऐतिहासिक र सांस्कृतिक सन्दर्भमा गर्दा यो काष्ठमण्डप राजा गुणकामदेवको पालामा वि.सं.१०४४-४७ तिर बनेको प्रमाण भनिन्छ त्यसैले धेरैपछि यो स्थानीय आख्यान किन जोडियो यो अनुसन्धानको विषय बनेको छ। यस आख्यानले यो मण्डपको निर्माणमा यहाँका मानिसको मात्र

CC-0. Nepal Sanskrit Academy, Kathmandu

योगदान रहेको छैन यसमा दैवी योगदान पनि छ भन्ने प्रसङ्ग जोडेर यसको महत्ता बढाउन खोजेको हो कि? (गौतमवज्र वज्राचार्य, पृ.४८)

### ७.५.२ काष्ठमण्डपको वास्तु सम्पन्न नभएको किंवदन्ती

*नाथतीर्थावली*मा वर्णन भएबमोजिम काष्ठमण्डपका मुख्य नाथयोगी लोयीपादले उक्त भवन सम्पन्न भइसकेपछि त्यसको वास्तु गर्न एउटा बृहत् यज्ञ गर्ने योजना बनाए र त्यस यज्ञमा सबै देवी देवतालाई निम्ता गरे। निम्ता गरेबमोजिम सबै देवीदेवता उपस्थित भए र यज्ञको काम भयो। निम्ता गरी आएका देवीदेवतालाई यज्ञको अन्तमा बिदा गर्नुपर्ने तर मुख्य आयोजक लोयीपाद अचानक गायब भए जसले गर्दा आएका देवी देवता बिदा हुन नपाएर काष्ठमण्डपमा अहिलेसम्म कहिले बिदा पाइएला भनेर अड्किएर बसेका छन् (पृ.२-३)। वास्तुपछि गरिने प्रतिष्ठा यस मण्डपको अहिले सम्म नभएको जनश्रुति रहेको छ र के भनाइ सुनिन्छ भने जब काठमाडौंको बजारमा नुन र तेलको भाउ एउटै हुन्छ त्यतिबेला यस मण्डपको प्रतिष्ठा हुनेछ। यही मान्यताअनुरूप काठमाडौंमा एउटा कार्यक्रम गरेर वर्षको एक दिन नुन र तेलको भाउ सुनाउने चलन छ। (चेतबहादुर सिंह,कान्तिपुर माघ २,२०६०)।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

# अध्याय आठ

# नेपालमा रहेका नाथमठ, मन्दिर र स्मारकहरू

## ८.१ काठमाडौँ उपत्यका र सेरोफेरोका नाथ मठमन्दिर र स्मारकहरू

यो विवरण धन बहादुर कुँवरको शोधप्रबन्ध,२०६५, दिलीपनाथ योगी २०७२ र धमलाको शोधप्रबन्ध २०७४ मा आधारित रहेको छ।

### १. काष्ठमण्डप, गोरखनाथको मूर्ति

काष्ठमण्डपका वारेमा वेस्टन ब्रिग्सले लेखेको उसैका शब्दमा उद्धृत गर्न सान्दर्भिक होला। "The word Kathmandu stands for' Kathmandir' or ' Temple of wood' a shring built about 1600 A.D.by Lakshmi in honour of Gorakhnath " (1938/2016,p.79 ).

यसै पृष्टमा उसले काष्ठमण्डपका चित्रहरू ओल्डफिल्डको स्केचेज् अफ् नेपाल, भोल.२ पृ.३२५ र २६ दिएको र कर्कपेट्रिकको किङ्गडम् अफ् नेपालको परिच्छेद ६ पेज १८८मा दिएको जानकारी गराएको छ साथै पर्सिभर लन्डनले पनि यसबारे चर्चा गरेको उल्लेख गरेको छ।

### २. मृगस्थली गोरक्षपीठ, गोरखनाथ पादुका, मठ तथा मन्दिर

### ३. वनकाली,मन्दिर तथा गोरखनाथ मूर्ति

### ४. थापाथली, गोखनाथ मन्दिर

यो पहिला बाह्र पन्थी नाथ सम्प्रदायको अखाडा हो। यहाँ अनेकौं योगीहरू बस्ने र साधना गर्ने गर्थे। यहाँ गौशाला थियो र पछाडिको ढोकाबाट गाईलाई वाग्मती नदीको किनारमा चराउने गरिन्थ्यो। वाग्मतीको किनारमा थापाथलीदेखि टेकुसम्म बाह्रपन्थी नाथहरूको अखाडा, उदासीनहरूको अखाडा, दशनामी सन्न्यासीहरूको अखाडा र बैरागीहरूको अखाडा गरी चार धार्मिक अखाडाहरू वाग्मती नदीको किनारमा लहरै रहेका थिए। थापाथलीदेखि टेकुसम्मको यो क्षेत्र धार्मिक पूजा, महोत्सव र अनुष्ठानको क्षेत्र थियो। गोरखनाथको मन्दिर, कालभैरवको मन्दिर, नारायणको मन्दिरमा वेदपाठका स्वरहरू, आरती र स्तुतिका, भजन र कीर्तनका स्वरहरू गुञ्जयामान भइरहन्थे। गुठी संस्थानले मन्दिरहरू व्यवस्थापन गर्ने जिम्मा पाएपछि नेपालका सबै ठाउँका मन्दिरहरूमा जीवन्तता घट्दै घट्दै गएर केवल मठ, मन्दिर र अखाडाहरू नाममात्रका अवशेष बनेका छन्। यो गम्भीर अनुसन्धानको विषय हो। सरकारी जिम्मा पाएपछि मठमन्दिर सप्रिनु पर्ने ठाउँ किन दिनानुदिन खस्किँदै गए। भारतमा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

सांस्कृतिक पुनरुत्थान भएको देखिन्छ, जीर्ण मठ मन्दिरका उद्धार भएका छन् ।

**५. इन्द्रचोक, गोरखनाथ मन्दिर**

यहाँ इन्द्रचोकमा गोरखनाथको मन्दिर कुन ठाउँम थियो किटानकासाथ तोक्न गाहारो छ। अहिले यहाँको मन्दिरको जग्गामा व्यक्तिका घर पसल बनिसकेका छन् । यो पूर्णरूपमा इतिहास बनेको छ । अनुसन्धाताले भविष्यमा पत्ता लगाउने आशा गरौं ।

६. शंखमूल, मन्दिर तथा मूर्ति

७. **हनुमानढोका**, पादुकास्थान. (पीरपाटी)

हनुमानढोका पीरपाटी नाथयोगीहरूको मृगस्थल पशुपतिपछिको सबैभन्दा महत्त्वपूर्ण केन्द्र थियो। यहाँ काठमाडौंभरिका नाथहरूको मूलमहन्त जसलाई पीर भनिन्थ्यो उनी रहने ठाउँ हो। पात्र देवताको गोसाइँकुण्डको यात्रा यही पीरपीठबाट चलाइन्थ्यो । राजपरिवारका सदस्यले भारदारले सरकारी ओहदाका मानिस पीरको आशीर्वाद लिन आउँथे तर पीरको त्यो विशाल क्षेत्र अहिले पिपलकाबोट मुनि एउटा चौकाजस्तो सानो आकारको क्षेत्रमा सीमित पारिएको छ। यस पीठका नाममा २०० रोपनीभन्दा बढी जग्गा थियो भनिन्छ। अहिले त्यो सबै व्यक्तिको हुन पुग्यो ।

८. सानो गौचरन, मन्दिर तथा मूर्ति
९. टेकु, पादुकास्थान
१०. हाडीगाउँ, पञ्चधारा , जोगीकुटीको मन्दिर
११. फर्पिङ, पादुकास्थान
१२. साँखु, गोरक्षधुनी तथा पादुका
१३. बुङमती, मूर्ति तथा पीठ
१४. बलम्बु गुर्जुधारा, न्ह्मोखेल, नाथपीठ
१५. थानकोट, इमाखेल, मन्दिर
१६. कीर्तिपुर, पादुकापीठ
१७. भक्तपुर, पुरानो ठिमी, बोडे मन्दिर
१८. वज्रवाराही, पादुकास्थान
१९. भक्तपुर बोलाछें, तालादनु मन्दिर
२०. भक्तपुर, गोरखपादुका
२१. मध्यपुर ठिमी, मन्दिर
२२. बनेपा, मन्दिर तथा पादुका
२३. धुलिखेल, मन्दिर तथा पादुका

CC-0. Nepal Sanskrit Academy, Kathmandu

२४. पनौती, मन्दिर
२५. ठैव गोरक्षनाथ मन्दिर तथा पादुका
२६. न्हयखा महादेवचोक, गोरक्षपादेका
२७. टोटवा ,गोरक्षनाथ पादुका
२८. जनबहाल,गारक्षपादुका
२९. लगन इनखा, गोरक्षनाथ तथा मत्स्येन्द्रनाथ मूर्ति
३०. सुनधारा, बागदरबार, गोरक्षपादुका
३१. ल्याखः दिगुटोल ठिमी, गोरख मन्दिर

उपर्युक्त ३१ स्थानहरूमध्ये अलिकति जीवन्तता रहेका पीठ मृगस्थलीको सिद्धपीठ हो । यसको अवस्था पनि नाजुक रहेको छ । गैाशाला, पुस्तकालय र अतिथिगृह २०७२ सालको महाभूकम्पले ध्वस्त बनायो। यथोचित जीर्णोद्धार सम्पन्न हुन सकेको छैन। पुस्तकालय पाठकको सबैभन्दा बढी आकर्षण हुने ठाउँ हो तर त्यो व्यवस्थित हुन सकेको छैन । महन्त शीर्षनाथको नेतृत्वमा हाल यहाँ धुनी जलिरहेको छ। मन्दिरमा नित्यपूजा चलिरहेको छ। केही योगीहरू मठमा हुनुहुन्छ र केही आउने जाने गर्नुहुन्छ ।

थापाथलीको नाथकेन्द्रमा योगी नारायणनाथले अलिकति जीवन्तता दिनुभएको छ । हनुमानढोकाको पीरपीठको कुनै व्यवस्थापन छैन । जबकि यो काठमाडौंमा नाथहरूको पीठको सन्दर्भमा मृगस्थलीपछिको सबभन्दा महत्त्वपूर्ण पीठ हो । श्रीपात्रदेवताको नीलकण्ठ गोसाईंस्थानको यात्रा हनुमानढोका पीरपीठबाट निकालिन्थ्यो र फिर्ता हुँदा पनि यही ल्याएर मात्र गोरक्षस्थान मृगस्थली लगिन्थ्यो। काष्ठमण्डप धेरै ठाउँमा पादुकाका अवशेष छन्, कस्को पादुका हो र त्यसको इतिहास के हो र के महत्त्व छ त्यहाँका मानिसहरूलाई जानकारी नै छैन ।

## ८.२ पश्चिम नेपालमा रहेका नाथसम्प्रदायका मठ मन्दिरहरू

### १. सल्यानमा र दाङमा भगवन्तनाथको मठ

सल्यानका राजा श्रीकृष्ण शाहले सिद्धयोगी भगवन्तनाथलाई सल्यान राना गाउँमा मठ स्थापना गर्न सहयोग गरेका र मठकालागि गुठी राखेको पाइन्छ। वि.सं १८२५मा धर्मपत्र लेखेका छन् त्यसमा उनले भगवन्तनाथमाथि बिगार नचिताउने भाकेका छन् र त्यस लिखतमा गोर्खाली भार्दार साक्षी राखेका छन् (टण्डन, पृ.१०७-८, भण्डारी २०२५, पृ.११९०) ।

वि.सं.१९०० सालमा सल्यानी राजा वीरबहादुर शाहले लेखेको पत्रमा पहिलेका राजा श्रीकृष्णशाहले भगवन्तनाथलाई सिद्धबाबा मानेको र मठ

CC-0. Nepal Sanskrit Academy, Kathmandu

स्थापना गराई पूजा गरेको उल्लेख गरिएको छ। योगी नरहरिनाथका अनुसार वि.सं.१८६९को पत्रमा पनि "भगवन्तनाथलाई गुठ विर्ता दियाका गाउ खेत जिमी"को विवरण पाइन्छ। (,नरहरिनाथ,२०२२ पृ.४६०)

राजा पृथ्वीनारायण शाहले सिद्धयोगी भगवन्तनाथलाई वि.सं १८२७मा नेपालभरिका जोगीहरूको मण्डल्याइ दिएका, जोगीहरूको मुद्दामामिलाबाट उठ्ने रकम र १४ जातका घरबाट वार्षिक १ आनाको दस्तूर र ती १४ जातका घरमा जोगीहरूले भोजन पाउने व्यवस्था समेत उक्त पत्रमा उल्लेख गरिएको छ। त्यसबाहेक वि.सं.१८३० र १८३१मा दुई पत्र लेखेको पाइन्छ। १८२७को पत्रमा "गोसाञी श्री भगवन्तनाथ" भनी सम्बोधन गरिएको छ भने पछिका पत्रमा अति सम्मानजनक सम्बोधन रहेको छ "स्वस्तिश्रीमत्परमहंसपरिव्राजकसकल चक्रचक्राधीश्वर श्री ६ मद्भगवन्तनाथदेवदेवेषु सदासमरविजयिषु"। पृथ्वीनारायण शाहको भगवन्तनाथलाई प्रति निकै सम्मानजनक दृष्टिकोण रहेको देखिन्छ। (भण्डारी, पृ.१०१९, धमला १२९-३०)

युवराज प्रतापसिंह शाहले वि.सं.१८२६ मा भगवन्तनाथका शिष्य लक्ष्मीनाथलाई उनको मठका लागि जग्गा जमीन थपिदिएकोबारे पत्र लेखेको देखिन्छ। वि.सं.१८४४मा रणबहादुर शाहले भगवन्तनाथका शिष्य भुवनेश्वर नाथलाई सम्मानका साथ सम्बोधन गरी पत्र लेखेको पाइन्छ "श्रीमद्गोरक्षप्रणीतागम धर्मानुष्ठानपरायण" यसले भगवन्तनाथको शिष्य परम्परा स्थापित भएको बुझिन्छ। उक्त पत्रमा त्यस मठका जोगीहरू हर्दमनाथ, लक्ष्मीनाथ र प्रेमनाथ काठमाडौँ आएका र दरबारको सम्पर्कमा रहेको बेहोरा रहेको छ। (भण्डारी,पृ.१०६१) वि.सं. १८२० देखि १८४४ सम्मको अवधि भगवन्तनाथको सक्रिय समय देखिन्छ। उनका आशीर्वादले पृथ्वीनारायण शाहलाई धेरै समरमा सफलता मिलोको प्रसङ्ग आउँछ। उनकै कारण सल्यानी राजखान्दान र गोरखाली राजखान्दानबिच वैवाहिक सम्बन्ध स्थापित भएको थियो।

श्रीकृष्ण शाहका छोरा रणभीम शाहको पृथ्वीनारायण शाहकी छोरी विलासकुमारीसित वि.स.१८२३ वैशाखमा विवाह भएको थियो। वि.सं. १८६१को ताम्रपत्रमा उक्त कन्यादान वि.सं.१८२३मा हुँदा पृथ्वीनारायणले दुल्लू, दाङ, देउखुरी दाइजोका रूपमा सङ्कल्प गरेका थिए र वि.सं .१८४३मा त्यस क्षेत्रमा गोरखाली सेनाले विजय हासिल गरेपछि सो क्षेत्र सल्यानलाई सुम्पेको थियो। (नरहरिनाथ,पृ.८५, आचार्य पृ.४३७,वज्राचार्य पउ.३९४) यस विवाह सम्बन्धले गोरखालीलाई पश्चिमतर्फको अभियानमा सजिलो भयो। वि.सं.१८२१ र १८२२को कीर्तिपुर युद्धमा पनि भगवन्तनाथको सहयोग थियो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पृथ्वीनारायणले उनलाई यात्रामा पाल्कीको सबारी सम्मान दिएका थिए। वि.सं.१८३०मा किराँततिरको समरमा पनि उनले तान्त्रिक विधिले तरवार मन्तरेर पठाएका थिए। राजा पृथ्वीनारायणले पूर्वमा विजय मिलेपछि खुशीयालीमा एउटा पगरी भगवन्तनाथलाई पठाएको उल्लेख छ (भण्डारी, पृ.११८६)। राजा पृथ्वीनारायणले भगवन्तनाथसँग राजनीतिक सरसल्लाह लिने गरेको बुझिन्छ। भगवन्तनाथको प्रभाव चारैतिर रहेको बेहोरा वि.सं.१८३१मा कुशले परिवारले दोलखाको भीमसेन मन्दिरमा गुठी राखेको ताम्रपत्रमा उनको नाम राखिएको छ। बेहोरा यस्तो रहेको छ : "श्री ३ प (रमहं)स परिव्राजक सकलचक्रचक्राधीश्वर महाराजधिराज योगेश्वर भगवन्तनाथजि" (वज्राचार्य,पृ.११७ -१८)।

भगवन्तनाथ पृथ्वीनारायणशाहको सल्लाह बमोजिम उनका अभियान चल्दासम्म र पृथ्वीनारायण शाह जिउँदो छदासम्म सल्यानमै बसे, उनको बसाइले गोरखाली सेनाको पश्चिमतर्फको अभियान सहयोग पुग्थ्यो। पृथ्वीनारायण शाहको वि.सं.१८३१ मा देहान्त भएपछि भगवन्तनाथ दाङमा बस्न थाले। उनको समाधि दाङको श्रीगाउँमा रहेको छ। त्यहाँको जमीन पनि उनलाई सल्यानी राजा श्रीकृष्णशाहले नै दिएका थिए।

कुनै कालखण्डमा नेपालभरिकै मण्डल्याइ गर्ने प्रसिद्ध भगवन्तनाथ मठ, अनेकौं नाथयोगीको साधनाकेन्द्र थियो, स्थानीय शासक र केन्द्रको शाह दरबार यहाँका योगीको आशीर्वादका लागि लालायित रहन्थे त्यही नाथ मठको आज भग्नावशेष खोज्नुपर्ने अवस्था छ। सल्यान रानागाउँको भगवन्तनाथमठ र दाङ श्रीगाउँको मठ दुवै अहिले इतिहास बनेका छन्, धेरै स्थानीयलाई यसको गौरव परम्पराको कुनै जानकारी नै छैन।

### दाङमा रत्ननाथ/ रतननाथ मठ

दाङ जिल्लामा घोराही बजारभन्दा अलिकति दक्षिण दिशामा रत्नपुर या रतनपुर भन्ने ठाउँ छ जसलाई चौघरा पनि भनिन्छ त्यहाँ प्राचीन नाथमठ छ त्यसलाई सिद्ध रतननाथमठ भन्छन्। सिद्ध रत्ननाथ सम्बन्धी धेरै आख्यानहरू भारतका विभिन्न नाथकेन्द्रहरूमा पाइन्छ। योगी नरहरिनाथ र पीर चन्द्रनाथ अनुवादक र सम्पादक रहेको २०४५ सालमा दोस्रो घटक छापिएको पुस्तिका "सिद्ध रत्ननाथः"मा सिद्ध रत्ननाथको जीवनलीला र यौगिक चमत्कारका बारेमा उल्लेख गरिएको छ। यसको परिचय खण्डमा दाङ देउखुरी क्षेत्रका राजा रत्नपरीक्षक जंगलमा शिकार खेल्न गएका बेला गोरखनाथसित जम्का भेट भयो। गोरखनाथले जीव हिंसा गर्नु हुँदैन, पाप लाग्छ भनेपछि राजा रत्नपरीक्षकले एउटा जीव अर्को जीवको जीवन हो त्यसैले शिकार गर्नु पाप होइन भनेर उत्तर फर्काए। गोरखनाथले अब तिमीले शिकार त गर्न सक्छौ त्यसको सर्त छ

CC-0. Nepal Sanskrit Academy, Kathmandu

उर बिना षेर बिना चांच पांष बिना हंसा ।
ऊ जीनावर मारो राजेसुरा जाकै रकत त मंसा ॥

यसको अर्थ : हे राजा, त्यस्तो जीव जस्को छाती छैन, नङ्ग्रा छैन, चुच्चो छैन, प्वाँख छैनन् तर जो हाँस रातदिन हिँडिरहन्छ हे राजा त्यस्तो जनावर मार जसमा रगत छैन र मासु पनि छैन । गोरखनाथको त्यस्तो विचित्र कुरा सुनेर राजा रत्नपरीक्षक अचम्म परे र त्यसको यथार्थ अर्थ जान्ने जिज्ञासा राखे । गोरखनाथले राजा साँच्चिकै जिज्ञासा बुझेर माथि भनेको दुई पङ्क्ति सविस्तार व्याख्या गरे । गोरखनाथको उपदेश सुनेपछि उनी गोरखनाथको शरणमा परे । उनको शरणागतिका लागि उपयुक्त मानसिकता देखी गुरु गोरखनाथले उनलाई हंसगायत्रीको दीक्षा दिनुभयो । एउटा अमृतपात्र दिनुभयो र योगी रत्ननाथ नाम राखिदिनुभयो ।

योगी परम्परामा के विश्वास गरिन्छ भने रत्ननाथले दीक्षा प्राप्त गरेपछि राजपाठ त्याग गरी जङ्गलमा गएर गोरखनाथले दिएको अमृतमय पात्रदेवताको लामो समयसम्म आराधना गरे र उनी सिद्ध योगी बने । सिद्धरत्ननाथले पात्र देवतालाई साथमा लिएर धेरै टाढा टाढाका ठाउँको यात्रा गरे । उनले काबुल, कन्धार, तक्षशीला, पेशावर, जलालबाद, दिल्ली, पुष्कर, कुरुक्षेत्रजस्ता ठाउँमा गएर सिद्धप्रभावले लोककल्याणको काम गरे । ती ठाउँमा रत्नपीठहरू बनेका थिए, कालान्तरमा कति भत्किए र कति पुरानो अवस्थामा छन् भने दिल्ली, राजस्थानका कतिपय ठाउँमा अझ पनि रत्नपीठमा पूजा आराधना चलिरहेको छ। नेपालमा सिद्ध रतननाथले अमृतमय पात्र देवतालाई दाङ रत्नपुर चौघरामा मन्दिर वनाएर राखे । उनको शिष्यपरम्परा जो सयौं वर्षदेखि अहिलेसम्म निरन्तररूपमा चलिआएको छ, त्यसले अहिले पनि पात्रदेवताको नित्य पूजाआराधना व्यवस्थित रूपमा चलाइरहेको छ । यो प्रशंसनीय कार्य हो ।

योगी नरहरिनाथका अनुसार यस पीठमा जुन पूजा भइरहेको छ त्यो सिद्ध रत्ननाथका जीवनकालदेखि निरन्तर रूपमा चलिआएको पद्धति हो । यस मठको पूजा आरती राती १० बजेबाट बिहान ४ वजेसम्म चल्छ र यो पूजा विशेष तान्त्रिक विधिबाट निश्चित योगीहरूले मन्दिरको माथिल्लो तलामा गरिन्छ (ज्ञवाली २०७७, पृ.२७२-७३) । योगी सिंहनाथका अनुसार यस मठका पूजाको सम्वन्ध गोरखपुरको गोरख मन्दिर र गोण्डा तुलसीपुरको पाटेश्वरी मन्दिरसित अन्तःसम्वद्ध छ । यहाँको अनुष्ठान सिद्धिने बित्तिकै पाटेश्वरीमा पूजा अनुष्ठान सुरु हुन्छ र त्यहाँ सिद्धिनेबित्तिकै गोरखपुरमा अनुष्ठान चल्छ यसरी यी तीनोटा स्थानमा गरेर २४ घण्टा नै अनुष्ठानले निरन्तरता पाएको हुन्छ। यी तीन संस्थाको २४ घण्टे अनुष्ठानचक्र बन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

रत्नपीठमा रातिको पूजा अनुष्ठान छाडेर साँझ र बिहान तीन तीन घण्टा पूजा,आरती र अनुष्ठान हुन्छ यसमा भित्रका र बाहिरका मानिस पनि सहभागी हुन पाउछन् तर रात्री अनुष्ठानमा तोकिएका योगी बाहेका अरू कसैले सहभागी हुन पाउदैन ।

रत्ननाथपींठमा रातिको पूजाविधि यस्तो रहेछ । राति ९ वजे नाथ र भैरव स्नान, गोरखनाथ, नवनाथ, ८४सिद्ध, कालभैरव, सिद्ध रत्ननाथ र अन्य त्यहाँ रहेका देवीदेवतालाई मार्जन र पञ्चामृत र गङ्गाजलले स्नान गराउने । त्यसपछि देवी देवतालाई आह्वान । अब सवा सातकिलो अक्षता, सवा किलो बेलपत्र, त्यति नै फूल र श्रृङ्गारले राति ११ देखि १२ बजेसम्म गोप्य पूजा । नाथजीका पुजारीले नगडा बजाउँछन् । कालभैरवका पुजारीले पीरजीसहित अन्य पुजारीलाई उठाउँछन् । अब पीरजी (महन्त या मठाधीश), भण्डारीजी (सहायक महन्त) र अन्य पुजारी शुद्धतासाथ स्नान गर्छन् । राति १बजे पीरजी र नाथ पुजारी ॐकार उच्चारण गरी मन्दिरमा प्रवेश गर्छन् अनि ढोका बन्द हुन्छ । उनीहरूले भित्रको पूजा सकेपछि बाहिर रहेको कालसेन भैरवको मन्दिरमा गएर लगभग १ घण्टा त्यहाँ पूजा हुन्छ, घण्टा नगडा बजांइन्छ । यो पूजाको प्रक्रिया समाप्त हुँदा ४ बज्छ । राति ९ बजेदेखि बिहान ४ बजेसम्म बाहिरका सबै ढोका र मन्दिरका ढोकासमेत बन्द हुन्छ यसलाई बन्धन परेको भन्छन् । बिहान ४ बजे राति पूजा गर्नेहरू विश्राम गर्छन् । बिहानको पूजा आरती अरू योगीहरूले गर्छन् (ज्ञवाली २०७७, पृ.७३-७४)

तान्त्रिक विधिले लगभग रातभर पूजा रत्ननाथ मठको विशेषता हो जो नेपाल र भारतका कुनै पनि नाथपीठ, मठ, मन्दिर र अखाडामा यस विधिले पूजा गरेको पाइँदैन । अर्को महत्त्वपूर्ण जानकारी रत्ननाथ मठको पूजा योगी रत्ननाथका समयदेखि लगभग १२औं शताब्दीदेखि अनवरत रूपमा चलिरहेको छ । यस पीठको अर्को विशेषता यहाँ रात्रिको विशेष पूजा अवधूतनाथले गर्छन् भने यस पीठको बाहिर रहेका मन्दिरमा पूजा औघड नाथहरूले गर्छन् यसरी दुवैथरी नाथहरूको यस पीठमा सहभागिता र सेवा निरन्तर रूपमा चलिरहेको छ । औघड नाथहरूको ठुलो जनसङ्ख्या यस क्षेत्रमा बसोबास गर्दछ ।

**रतननाथ मन्दिर फलावाङ, सल्यान**

पुरातत्त्वविभागका अनुसार सल्यान फलाबाङकोट चेते डाँडामा रतननाथको मन्दिर छ । सेरोफेरोका बुढापाका भनाइमा यो मन्दिर सिद्ध रत्ननाथको आज्ञाले बनेको हो । यसमा गोरखनाथ र रत्ननाथका मूर्ति छन् । गुठी संस्थानबाट वार्षिक ६ हजार प्राप्त हुन्छ, त्यसैबाट यसको व्यवस्थापन । विगत एक दशक देखि महन्तको छनोट भएको छैन । यस

CC-0. Nepal Sanskrit Academy, Kathmandu

मन्दिरमा प्रत्येक मङ्गलबार रोट चढाउने चलन छ। जेठदेखि कात्तिकसम्म गहुँका पीठाको रोट र मङ्सिरदेखि वैशाखसम्म चामलको पीठाको रोट चढाउने चलन रहेको छ (पुतवि पृ.३८,जीतबहादुर पृ.३५)।

**प्यूठानमा गोरखनाथ, निर्मलनाथको थान**

प्यूठानमा प्रायतनाथका गुरु निर्मलनाथको थान यानि मठ रहेको बेहोरा राजा पृथ्वीपतिले त्यस मठलाई जग्गा दिएको कुरा शक संवत् १६२५ (वि.सं.१७६०)को ताम्रपत्रमा उल्लेख छ। त्यसमा बाह्र पन्थका साथ राजगुरु मनसानाथ, पीर हरिहरनाथ, बालषनाथ, दुवनाथका नाम पनि लेखिएको छ। यसको अन्त्यमा 'तावापत्र नाथजीका है' लेखिएको छ। प्यूठानको दाखाम्बाडी गाउँको योगीटोलमा गोरखनाथको पादुका रहेको मन्दिर छ। बडा दशैं र चैते दशैंमा विशेष पूजा हुन्छ। यसबाहेक विजुवारमा सिद्ध संसारनाथ राजगुरु मन्दिरमा पनि नाथ सम्बन्धी स्मारक रहेको छ (घटराज भट्राई, पृ.७५)।

**दिलीपेश्वरनाथ मठ, डोटी**

नेपाली इतिहास र संस्कृतिविद् रामनिवास पाण्डेका अनुसार सुदूरपश्चिमको डोटी क्षेत्रमा रहेको दिलीपेश्वरनाथ मठमा वि.सं १७०५मा मान्धेरनाथ महन्त रहेका, १८३५ तिर पिमनाथ महन्त रहेका र १८६३ तिर लङ्गरनाथ महन्त रहेका थिए। लङ्गरनाथ महन्त रहेका बेला राजा श्री ५ गीर्वाणयुद्धविक्रम शाहले गुठी चढाएको पाइन्छ। अहिले पनि यस मठमा नाथयोगीले पूजापाठ धूप दीप चलाएका छन्। यसका साथै डोटी क्षेत्रमा रहका भैरव मन्दिरहरूमा नाथहरूले पूजा गर्ने गरेको पाइन्छ (२०३२: ५८९-९०)।

**वागीश्वरी मन्दिर, नेपालगञ्ज**

योगी नरहरिनाथका अनुसार नेपालगञ्जमा रहेको वागीश्वरी मन्दिरको सम्बन्ध दाङको रतननाथ मन्दिर र पाटेश्वरीसित रहेंको छ। यस मन्दिरमा नाथयोगीले पुजारीको काम गर्छन् (योगी नरहरिनाथ २०२६, पृ.५२)।

**श्री सिद्ध संसारनाथ, वैजनाथ अछाम**

अछामको प्रसिद्ध नाथ क्षेत्र वैजनाथ मन्दिर हो। अहिले यस मन्दिरका पुजारी नाथयोगीहरू छन् त्यसबाहेक नाथसम्बन्धी खास केही वृत्तान्त भेटिंदैन। योगी नरहरिनाथका अनुसार पुरानो अभिलेखहरूमा खासगरी वि.सं.१९०४को पत्रमा अछाममा श्री सिद्ध संसारनाथको उल्लेख पाइन्छ (इतिहास प्रकाशमा सन्धिपत्र संग्रह,पृ.२८६)। तर अहिले यस नामको स्थलबारे स्थानीय रूपमा जानकारी मिलेको छैन। कसैले पनि यसबारे केही भन्न सक्दैनन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

**गोरखनाथ, देवघाट**

डिल्लीराज शर्माका अनुसार देवघाटमा रहेको मणिमुकुन्दसेनको मन्दिरभित्र विभिन्न मूर्तिहरूमध्ये एउटा मूर्ति गोरखनाथ हो (शर्मा २०६०: ८४)। यसलाई शिवमन्दिरका रूपमा जानिन्छ। मानिसहरू शिवलिङ्गमा जल चढाउन आउँछन्। गोरखनाथको खासै महत्त्व त्यस मन्दिरमा स्थापित भएको छैन। तर यो देवघाटको पुरानो मन्दिरमा पर्छ र यति पुरानो मन्दिरमा गोरखनाथको मूर्ति हुनु संस्कृतिको दृष्टिले महत्त्वपूर्ण पक्ष हो।

**बटुक भैरव, पाल्पा**

पाल्पा जिल्लाको सदरमुकाम तानसेन बजारबाट करिव ६/७ कि.मि. पश्चिमतर्फ रिडी तम्घास जाने राजमार्गमा पहाडको सानो थुम्कामाथि रहेको भैरव मन्दिर पश्चिमाञ्चल क्षेत्रकै अतिप्रसिद्ध मन्दिर हो। प्रत्येक मङ्गलवार यहाँ रोट चढाउनेहरूको भीड लाग्छ, टाढा टाढाबाट भाकल गरे बमोजिम बलि चढाउन पनि उत्तिकै भीड लाग्छ। यस मन्दिरलाई भैरव अथवा वटुकभैरवको मन्दिर भनेर चिनिन्छ। यो मन्दिर मणिमुकुन्द सेन प्रथम (वि.सं. १५८०-१६१०)ले स्थापना गरेको विश्वास गरिन्छ। नाथयोगी यस मन्दिरका पुजारी हुन्छन्।

**पादुका ज्वालादेवी, भैरवस्थान , मनसानाथ माडु, दुल्लू, दैलेख**

नाथयोग परम्परासित दैलेख क्षेत्रको प्राचीनकालदेखि घनिष्ठ सम्बन्ध रहेको कुरा थाहा हुन्छ। नाथसम्प्रदायका १२ पन्थमध्ये एउटा पन्थ धर्मनाथी पन्थ हो र त्यसको उद्‌गमस्थल हजारी प्रसाद द्विवेदीका अनुसार दुल्लू, दैलेख हो (वि.सं. २०१० पृ.१०-११)। यहाँ धेरै ज्वाला क्षेत्रहरू रहेका छन् तिनको सम्बन्ध नाथहरूसित गाँसिन्छ। यस क्षेत्रमा 'गोरक्षगुहा' ८४ सिद्धका मूर्ति, सिद्ध पुण्यनाथ योगीको मूर्ति, ज्वालादेवीको पीठमा नाथ पुजारी रहने व्यवस्था शक संवत् १६२८ वि.सं १७६३को ताम्रपत्रमा राजा भूपनारायण शाहले दुल्लू धामी गाउँ बस्ने गउतरनाथका छोरा बृहस्पतिनाथलाई पुजारी नियुक्त गरेका छन्। यसरी तोकेर नाथलाई पुजारी वनाएकाले त्यहाँ नाथ पुजारी रहने चलन रहेको पुष्टि हुन्छ (नरहरिनाथ इतिहास प्रकाश पृ.१९८-२२४)। नाभिस्थानमा नाथ महन्त, भैरवस्थान र सिद्ध मनसानाथको संयुक्त माडु हुनु, ज्वाला नाभिस्थान, पादुकास्थान, शिरस्थान र महादेव मन्दिरमा नाथ जोगीहरू पुजारी छन् यसले दुल्लू दैलेखक्षेत्रमा धेरै अघिदेखि नाथसम्प्रदायको गहिरो प्रभाव रहेको देखिन्छ।

**सिद्धस्थान, लमजुङ**

राघनाशकोटको जङ्गलमा एउटा सानो माटोको मठ छ त्यसलाई सिद्धस्थान या गोरखस्थान भनिन्छ। यसलाई आउने जाने बटुवाले फूलपाती

CC-0. Nepal Sanskrit Academy, Kathmandu

र प्रसाद चढाएर पूजा गर्छन् । जनश्रुतिअनुसार यसै ठाउँमा लमजुङका राजकुमार द्रव्य शाहलाई गोरखनाथले दर्शन दिएका थिए र उनलाई गोरखाको राजा हुने वरदान दिएका थिए । यसरी गोरखा राज्यको इतिहास र पछि गएर नेपाल राज्यकै इतिहास यसै सिद्धस्थानसित गाँसिएको छ भनिन्छ ।

**गोरखगुफा, गोरखा**

सन् १९३८मा वेस्टन ब्रिग्सले At Gorkha in western Nepal , is found the cave temple of Gorakhnath (p.78). गोरखगुफाको चर्चा गरेका छन् र त्यस ठाउँको फोटो पनि प्लेट नं १मा राखेका छन् । गोरखगुफाको फोटो पर्सिभर लन्डनले आफ्नो पुस्तक नेपाल भोलुम् १ को पृ.६६मा राखेको जानकारी पनि दिएका छन् ।

गोरखा दरबारक्षेत्रमा एउटा गुफा रहेको छ र त्यसको प्रवेशद्वारमा सानो एउटा सिंहासन राखिएको छ । त्यसैमा गोरखनाथको पूजा गर्ने चलन छ । यस गुफाका बारेमा दुईथरि विचारहरू छन् । चिन्तामणि योगी लगायतका केही नाथ अनुयायीका अनुसार यस गोरखगुफामा महायोगी गोरखनाथ वैशाख पूर्णिमाका दिन प्रकट हुनुभएको थियो (२०६४:७) र त्यही पृथ्वीनारायण शाहलाई दर्शन दिनुभएको थियो । विश्वनाथ चापागाईंका भनाइमा गोरखनाथले यसै गुफामा तपस्या गरेर नाथ पन्थ सुरु गर्नुभएको हो (२०६७: १) । तर दिनेशराज पन्तको भनाइ चिन्तामणि योगी र विश्वनाथ चापागाइको भन्दा भिन्न छ । पन्तका अनुसार यहाँ रहेको मूर्ति गोरखनाथको हो कि बुद्धको छुट्याउन सकिएको छैन यो अनुसन्धानको विषय हो (२०६५: १०) ।

बाबुराम आचार्यका अनुसार गोरखगुफाको गोरखनाथसितको इतिहास राजा पृथ्वीपति शाहका पालादेखि बल्ल स्पष्ट हुन्छ । उनले गोरखनाथको प्रतीकका रूपमा सिंहासन स्थापना गराई नित्य पूजापाठका लागि लमजुङका घिमिरे परिवारका आशानाथलाई नियुक्त गरको र तिनका वंशज गृहस्थ कुँवर जोगी अहिले पनि त्यहाँका पूजा पाठ गरिरहेका छन् (योगी नरहरिनाथ पृ.११, लोकप्रसाद भट्टराई २७, ९२) । गोरखगुफामा पाइएको पहिलो अभिलेख घण्ट अभिलेख हो जो वि.सं.१८५८मा रानी सुवर्णप्रभादेवीले चढाएकी हुन् । त्यसमा लेखिएको छ 'श्री गोर्षाका गोर्षानाथ '। वि.सं. १८५९को अर्को अभिलेख रहेको छ यसमा लेखिएको छ ' श्री ५ गोरष नाथ जिउ' ।

गोर्खा गोरखनाथको परिचय वि.सं. १८६८को वाग्मती पुलको अभिलेखमा पाइन्छ । त्यसमा लेखिएको छ 'गोर्खाका भक्त राजाका सयौं उदय गर्ने कालिकादेवी जहाँ रहन्छिन् ,विघ्न नाश पार्ने योगी गोरखनाथ

CC-0. Nepal Sanskrit Academy, Kathmandu

जहाँ सधै रहन्छन् ... (धनवज्र वज्राचार्य पृ.५२२)। विश्वनाथ चापागाइँ र जगमान गुरुङका अनुसार गोर्खाको गोरख गुफा क्षेत्रमा लिच्छविकालीन बौद्ध चैत्यका अवशेष फेला परेका हुनाले यस क्षेत्रमा पहिला बौद्धको प्रभाव रहेको बुझिन्छ।

गोरख गुफामा नाथ योगीहरूले नित्य पूजा र गोरक्षसहस्रनामको पाठ गर्छन्। त्यहाँ प्रत्येक मंगलबार रोट चढाउने गरिन्छ र बेलाबेलामा भण्डारा लगाउने काम हुन्छ।

**खेचरनाथ, खार्पुनाथ, हुम्ला**

कर्णाली नदीको सङ्गम हुम्लाको खार्पुनाथ गाउँ, त्यसको नजिकमा रहेको खार्पुनाथ गुफाका बारेमा त्यहाँका जनता विश्वास गर्छन् त्यो गुफा नाथयोगीहरूको तपस्या गर्ने पवित्र स्थल हो। त्यसैगरी खेचरीनाथका बारेमा पनि यस्तै जनविश्वास रहेको छ (घटराज भट्राई, पृ.५२)।

**चन्दननाथ र बटुकनाथ ,जुम्ला**

सिंजा क्षेत्रको संस्कृति नाथ योगीहरूसित खासगरी चन्दननाथसित गाँसिएको छ। यस क्षेत्रको केन्द्र जुम्ला हो। जुम्लामा चन्दननाथ मन्दिर र बटुकभैरव मन्दिरलाई नाथसम्प्रदायका मुख्य स्मारकहरू मानिन्छ।

जुम्लामा चन्दननाथको मन्दिर रहेको छ र यस मन्दिरमा गोरखनाथको पादुका स्थापना गरिएको थियो (कुँवर,पृ.९७)। रत्नाकर देवकोटाका अनुसार पन्ध्रौं शताब्दीमा योगी चन्दननाथले जुम्ला प्रवेश गरेदेखि नाथहरूको प्रभाव बढ्दै गयो र त्यही वेग गोर्खासम्म पुगेको हो (२०५१: १६)। वि.सं.१४५५ तिर जुम्लामा राजा बलराजले कल्यालवंशको राज्य स्थापना गरे। जनश्रुतिअनुसार बलिराजा र चन्दननाथको घनिष्ठ सम्बन्ध थियो (अधिकारी पृ.१५-१६)।

सिद्ध चन्दननाथको स्थानमा वि.सं.१८७७ देखि २००८सम्म चढाएका घण्ट, त्रिशूल र अन्य विभिन्न चीजहरूमा लेखिएका ४९ वटा साना अभिलेखहरू योगीजीले इतिहास प्रकाश भाग १मा प्रकाशन गर्नुभएको छ जसमा श्री महाराज चन्दननाथ, श्री परमेश्वर चन्दननाथ, श्री चन्दननाथ चरणपादुका उल्लेख छ। दुईवटा अभिलेखमा गुरु दत्तात्रेयको मूर्ति र छाता चढाएको कुरा छ।

जुम्ला छिनासिममा स्थित बटुकभैरवको मन्दिर नेपालमा रहेका भैरव मन्दिरहरूमध्ये सबैभन्दा पुरानो भैरव मन्दिर मानिन्छ। यस मन्दिरका बटुकभैरवलाई चन्दननाथले मानसरोवरबाट ल्याएर स्थापना गरेका हुन् भनिन्छ। यस मन्दिरका पुजारी अहिलेपनि बाह्रपन्थी नाथयोगी नै हुन्छन्। त्यहाँ बटुक भैरवका साथै गोरखनाथको मूर्ति पनि रहेको छ। बटुकनाथ मन्दिरमा वि.सं.१८७२ देखि २०११ सम्म चढाएका घण्ट र अन्य धातुका

CC-0. Nepal Sanskrit Academy, Kathmandu

सामग्रीमा लेखिएका ५४ वटा सङ्क्षिप्त अभिलेख योगी नरहरिनाथले प्रकाशन गर्नुभएको छ जसमा नाथ पुजारीका नाम छन् र २००९को एउटा अभिलेखमा 'श्री गोरक्षपाल बटुकभैरवनाथजी' लेखिएको छ। यस लिखतबाट बटुक भैरव र गोरखनाथको अन्तःसम्बन्ध देखिन्छ (इतिहास प्रकाश भाग १, पृ.८६-९१)।

## ८.३ चक्र र शक्तिपीठको अन्तःसम्बन्धबारे मत्स्येन्द्रनाथ र गोरखनाथको व्यवस्था

मत्स्येन्द्रनाथको आठौं पटलको २०-२२ श्लोकमा चार पीठको उल्लेख गरिएको छ। ती हुन् : कामाख्या पीठ, पूर्णगिरि पीठ, उड्डीयान पीठ र पिठोपपीठ। कामाख्यालाई प्रथम पीठ मानिएको छ।

गोरखनाथले *सिद्धसिद्धान्तपद्धति*मा कामाख्या पीठ, पूर्णगिरि पीठ, जालन्धर पीठ र उड्डीयान पीठको उल्लेख गरेका छन् (२: १-९)। मत्स्येन्द्रनाथ र गोरखनाथ दुवैमा : कामाख्या पीठ, पूर्णगिरि पीठ,उड्डीयान पीठ तीन पीठका नाम एउटै छन् तर एउटा पीठको नाम फरक फरक रहेको छ। मत्स्येन्द्रनाथले पिठोपपीठ र गोरखनाथले जालन्धरपीठ। मूलाधारचक्रमा कामाख्यापीठको स्थान, चक्रको अभिष्ठात्री देवी डाकिनी, लिङ्ग स्वयम्भू लिङ्ग। अनाहत चक्रमा पूर्णगिरि पीठको स्थान, अधिष्ठात्री देवी काकिनी, लिङ्ग बाण लिङ्ग। विशुद्धचक्रमा जालन्धरपीठको स्थान, अधिष्ठात्री देवी शाकिनी। भ्रूद्वयको मध्यस्थित आज्ञाचक्रमा उड्डीयान पीठको स्थान, अधिष्ठात्री देवी हाकिनी।

शिवसंहितामा आज्ञाचक्रभन्दा माथि तीन चक्र रहेको मानिन्छ। नादपीठ, बिन्दुपीठ र शक्तिपीठ "पीठत्रयं ततश्चोर्ध्वं निरुक्तं योगचिन्तकै" (श्लोक १३८, कौ.ज्ञा. नि. पृ.५१६-१९)।

समग्र कौ.ज्ञा.नि.मां कुण्डलिनी शब्द एक पटकमात्र आएको छ "वामाख्या कुण्डली नाम..." (२०:११)। कुण्डलिनी साधनामा चार साधना समावेश हुन्छन् १.प्राण साधना, २. नाद साधना, ३. मन साधना र ४. बिन्दु साधना। यी साधनामा ब्रह्मचय अपेक्षित हुन्छन् भने कौलमार्गमा पञ्चमकार साधना प्रयोग स्वीकृत भएकाले ब्रह्मचर्य अपेक्षित हुँदैन त्यसैले होला मत्स्येन्द्रनाथले योगभोग साहचर्यवाद स्विकारेकाले ब्रह्मचर्यसित गाँसिने कुण्डलिनी साधनामा जोड नदिएको हुनुपर्छ। मत्स्येन्द्रनाथले ६४ योगिनीपूजामा अति जोड दिएका छन् भने गोरखनाथको गोरक्षसंहिताबाहेक अन्यत्र कतै पनि योगिनीको चर्चा आउँदैन। गोरखनाथ प्रतिपादित साधनामा योगिनीको खास भूमिका देखिँदैन।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

## ८.४ नेपालका नाथयोगीहरूले उपासना गर्ने मुख्य देवीदेवता

बाह्र पन्थी नाथयोगीहरू सिद्धान्त र व्यवहार दुवै हिसाबले शैव सम्प्रदायअन्तर्गत नै पर्दछन् तर दशनामी शैव सम्प्रदायअन्तर्गत पर्दैनन्। जसरी दशनामीले आदि शङ्कराचार्यको पद्धति अनुसरण गर्दछन् भने बाह्र पन्थी नाथ योगीहरू नवनाथका पद्धति त्यसमा खासगरी गोरखनाथको पद्धतिलाई अनुसरण गर्दछन् त्यसैले उनीहरूलाई गोरखनाथी भनेर पनि चिनिन्छ। कानमा मुद्रा या कुण्डल लगाउने हुनाले दर्शनी या कनफटा जोगी भनेर चिनिन्छ।

यिनीहरूले पनि दशनामी शैवले झैँ शिवशक्तिलाई मुख्य आराध्यदेव मान्दछन् तर शिवशक्तिलाई विभिन्न भैरव भैरवीका रूपमा पूजा गर्छन्। यिनीहरूले सनातनी हिन्दूहरूले पूजा गर्ने र उपासना गर्ने सबै देवी देवताप्रति सम्मान श्रद्धा राख्छन् तैपनि यिनीहरूका साधनामा र पूजा उपासनामा केही देवीदेवता प्राथमिकतामा पर्दछन्। नाथहरू बाहेक अरू हिन्दूहरूलाई पात्र देवताका बारेमा खास जानकारी नै छैन। नाथहरूका मठ, पीठ र मन्दिर परिसरमा बाहेक अन्यत्र पात्रदेवताका मठमन्दिर छैनन् र पूजा उपासनाको चलन पनि छैन तर नाथपरम्परामा पात्रदेवता नाथहरूका मुख्य देवता हुन्।

### ८.४.१ श्रीपात्र देवता

नाथ मठ मन्दिरमा, नाथ समूहमा या नाथहरूको झुण्डी यानि सामुदायिक यात्रामा नाथ सम्प्रदायका दृष्टिले मुख्य पूज्य देवता पात्र देवता हुन्। अरू सम्प्रदायभन्दा भिन्न र नाथका विशिष्ट पूज्य देवता पात्रदेवता हुन्। यो दैवी स्वरूपमा पूज्य पात्र हो यो धेरैजसो माटोको पात्र हुन्छ यसमा सृङ्गी, पवित्री, कर्णकुण्डल, सुमिरनी, एउटा रुद्राक्ष, गेरुरंगको कपडा, र चिलम राखिएको हुन्छ। यस पात्रलाई योगी गोरखनाथको स्वरूप मानिन्छ (बुलियर २०१६:३१, सार्दे २०१९: २९६)।

अफगानिस्तान, पाकिस्तान, बङ्गलादेश, भारत र नेपालमा रहेका नाथ मठ मन्दिरहरूमा हुने पात्रदेवताको पूजामा सबैभन्दा व्यवस्थित पूजा नेपालको दाङमा रहेको रत्ननाथमठ हुन्छ र यो रत्ननाथका समयदेखि निरन्तर चलिआएको छ। यहाँको पात्रदेवताको स्थापना पीर रत्ननाथले गरेका हुन् र आफू जीवित छँदासम्म आफूले नै पूजा गरे। यस मन्दिरमा लगभग एक हजार वर्षदेखि निरन्तररूपमा त्यही विधिविधानले पूजा भइरहेको छ। पात्रदेवताको विशिष्ट पूजाको निरन्तरता यस मठको विशेषता हो। संसारमै यो अद्भुत कुरा हो। यहाँ मध्यरातमा पात्रदेवताको पूजा हुन्छ (नरहरिनाथ २०१३:१९०)।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

प्रत्येक वर्ष चैत्र महिनाको नवरात्रिको पञ्चमी तिथिमा दाङको रतननाथ मठका नयाँ पीरको नेतृत्वमा पात्रदेवतालाई भारत उत्तरप्रदेश गोण्डा तुलसीपुरको पटवा देवीको मन्दिरमा पुऱ्याइन्छ र पाँच दिन त्यहाँ राखेर दशमीका दिन फेरि दाङको रतननाथ मठमा फिर्ता ल्याइन्छ। यस झुण्डीमा अनेकौं योगीहरू साथमा जान्छन्। त्यो झुण्डीको भौतिक नेतृत्वले पीरले गरे पनि त्यसको आध्यात्मिक नेतृत्व पात्रदेवता यानि गोरखनाथले नै गरेको मानिन्छ। रतननाथ र पटवादेवीलाई सिद्ध गोरखनाथका चेला चेली मानिन्छ। पटवादेवीको स्थानमा सिद्ध रतननाथले साधना गरेको स्थल भनिन्छ। दाङको रतननाथ पीठ, गोण्डको पटवादेवी मन्दिर र गोरखपुरको गोरखनाथ मन्दिरको पूजा पद्धतिमा अन्तःसम्बन्ध रहेको छ।

त्यसैगरी पहिला पहिला प्रत्येक वर्ष जनैपूर्णिमाका दिन काठमाडौं मृगस्थली गोरक्षपीठबाट हनुमान ढोका पीरपाठ हुँदै पात्रदेवताको यात्रा श्रीनीलकण्ठ तीर्थ यानि गोसाँइकुण्ड पुऱ्याएर स्नान गराइन्थ्यो र त्यस तीर्थयात्रामा त्यो नाथ झुण्डीमा धेरै सन्त जोगीहरू जान्थे र पात्रदेवताको यात्रा फिर्ता भएपछि साधु जोगीहरूलाई भण्डारा गरिन्थ्यो। काठमाडौंमा पात्रदेवतालाई ६ महिना मृगस्थलीमा र ६ महिना हनुमानढोका पीरपीठमा राख्ने चलन छ। जगमान गुरुङले पात्रदेवता ६ महिना मृगस्थली र ६ महिना दक्षिणकाली गोरखमठमा राख्ने चलन थियो भनेका छन् (२०६१: ३५) तर अहिले त्यो चनल पाइँदैन (धमला २०७४: १४४)।

नेपालको दाङ र काठमाडौंमा जस्तै भारतमा पनि पात्रदेवता सहित झुण्डीले यात्रा गर्ने परम्परा रहेको छ। त्यसैगरी प्रत्येक १२ वर्षमा नासिक कुम्भका बेला कर्नाटक राज्यको मंगलुर शहरमा रहेका कद्री मठका लागि महन्तको चयन हुन्छ र सो चयन बाह्र पन्थी नाथ योगीमध्येबाट नै हुन्छ। त्यस पछि पात्रदेवता र साथमा अन्य देवीदेवता लिएर पुराना र नयाँ दुवै महन्तका साथ सयौं नाथयोगीहरू महिनौं लगाएर नासिकबाट यात्रा सुरु गरेर शिवरात्रिमा मंगलुरको कद्रीमठमा पुगेर नयाँ महन्तलाई पदासीन गराइन्छ। यो याात्रा लगभग ६ महिना लाग्छ।

नाथसम्प्रदायका योगीले पात्रदेवतासहित यात्रा गर्ने यो सबैलामो यात्रा हो। पहिला पहिला हिगलाज देवीको मन्दिरमा त्यसैगरी हिमाञ्चल प्रदेशमा रहेको ज्वालामाइको मन्दिरमा पनि पात्र देवताका साथ झुण्डी जाने चलन थियो रे पछि हिगलाज देवीको मन्दिर पाकिस्तानको दूरदराज क्षेत्रमा पऱ्यो त्यहाँ कराँची शहर हुँदै जानुपर्ने भएकाले यात्रा असम्भव भयो भने नाथहरूको प्रभाव घट्दै गएकाले ज्वालामाइको झुण्डी पनि बन्द भयो। नेपालमा दाङबाट गोण्डाको पटवादेवीको मन्दिरमा पात्र देवतासहित

CC-0. Nepal Sanskrit Academy, Kathmandu

झुण्डी जाने र भारतमा नासिकबाट पात्रदेवता सहित मंगलुर झुण्डी जाने चलन अहिलेसम्म चलेको छ ।

### ८.४.२ भैरव देवता

भैरवलाई सबै दिशाको रक्षक मानेर पूर्व, पश्चिम, उत्तर, दक्षिण, ईशान, वायव्य, नैर्ऋत्य र आग्नेय, माथि आकाश र तल पाताल गरी दश दिशामा पूजा गरिन्छ । विभिन्न शैव पुराणहरूमा र तन्त्र ग्रन्थहरूमा अष्ट भैरव र चतु:षष्टि (६४) भैरवको चर्चा पाइन्छ । भैरवलाई भगवान् शिवको उग्ररूप मानिन्छ । योगी नरहरिनाथको **नवनाथ चौरासी सिद्ध,नाथ महिम्न स्तोत्रमा** रहेको भैरव स्तुतिमा यिनको वर्ण नीलो र कुकुरलाई वाहनका रूपमा प्रयोग गर्ने भनिएको छ । भैरवका विभिन्न नामहरू दिइएका छन् जस्तै काल भैरव, कराल भैरव, कपालिभैरव, चण्डभैरव, संहार भैरव रुरुभैरव, उन्मत्त भैरव आदि । प्राय:जसो नाथमठहरूमा कालभैरवको पूजा हुन्छ तर दाङ चौघराको रत्नमठमा भैरवका आठरूप नै अष्टभैरवका रूपमा पूजा गरिन्छ । भैरवको सम्बन्ध समयसित छ त्यसैले मृत्यु जित्न चाहनेका लागि भैरवको पूजा सान्दर्भिक हुन्छ । भैरवले ब्रह्माको माथि फर्केको टाउको काटेका थिए । नाथसम्प्रदायमा भैरवपूजा कापालिकको प्रभाव देखिन्छ र काठमाडौंका कुशले जाति नै कापालिकको निरन्तरता हो पनि भनिन्छ (बुलिय: ३८) । नाथहरूले अत्यन्त महत्त्व दिएर पूजा गर्ने उपासना गर्ने देवता हुन् भैरव । भैरव शिवकै रूप हो ।

सबैजसो तन्त्र ग्रन्थका प्रस्तोता र व्याख्याता भैरव हुन् । धेरेजसो तन्त्रग्रन्थमा देवी र भैरवको संवाद देखिन्छ उदाहरणका लागि मत्स्येन्द्रनाथ प्रणित कौलज्ञान निर्णयका २४ अध्याय सबैमा देवीले जिज्ञासा राख्ने र भैरवले जिज्ञासाबमोजिम व्याख्या गर्ने काम भएको छ । त्यसैगरी विज्ञानभैरवतन्त्रमा पनि भैरव र भैरवीको संवाद रहेको छ । योगी सिंहनाथका अनुसार "नाथ सम्प्रदायम भैरव पूजन, भैरव इष्ट जंजीरा, भैरव चोला जप, भैरव चालिसा, काल भैरव बीज मन्त्र, भैरव आरती गरिन्छ (२०७७: ७७) । नेपालमा जुम्लाको भैरवनाथको मन्दिर सबैभन्दा प्राचीन र सिद्धपीठ मानिन्छ । भारतको काशी या वाराणसीको सुरक्षा जिम्मा कालभैरवको मानिन्छ । उनलाई बनारसका कोतवाल यानि सुरक्षानिकाय मानिन्छ । शिवपुराणअनुसार बनारसमा कालभैरवको दर्शन नगरी विश्वनाथको दर्शन गर्नेले कुनै फल पाउँदैन । गोरखनाथले सिद्धसिद्धान्तपद्धतिमा योगी गर्नुपर्ने आचरणमा एकान्तवास,गुरुदीक्षा अनुरूप साधना भैरवको ज्ञान र यथाविध पूजा गर्नुपर्दछ भन्नुभएको छ (५: १६) । अर्को श्लोकमा सिद्धयोगी भैरव समान स्वतन्त्र विचरण गर्न सक्दछ (५:

CC-0. Nepal Sanskrit Academy, Kathmandu

३४) भनिएको छ। नाथपरम्पराबाट गरिने भैरव पूजा र वज्रयानी परम्पराबाट एवं तान्त्रिक परम्पराबाट गरिने भैरव पूजा तात्विक भिन्नता रहेको छ। नाथ सम्प्रदायअन्तर्गत नेपालका विभिन्न ठाउँमा र भारतका विभिन्न ठाउँमा गरिने पूजा मुख्यरूपमा सात्त्विक पूजा हो, त्यसमा मासुको प्रसाद लाग्दैन ।

भारतमा भैरवपूजा शिव र विष्णुका साथमा उनीहरूकै सरह सात्त्विक रूपमा हुन्छ, मत्स्येन्द्रीय कौल प्रभाव देखिँदैन तर शाक्तपीठ जस्तै कामाख्या र कलकत्ता कालिकामा शक्तिका साथमा भैरव पूजामा उनलाई पनि देवीलाई जस्तै बलि चढाएको देखिन्छ। भारतमा एउटै मन्दिरमा सात्त्विक पूजा र बलि पूजा दुई थरि पूजा गरेको देखिँदैन । नेपालमा एउटै मन्दिरमा एउटै देवतालाइ विभिन्न रूपमा मानेर फरक फरक तरिकाले पूजा गर्ने चलन छ। नेपालमा भैरवपूजाका बारेमा पनि यही विविध प्रकारको पूजा नियम लागु भएको देखिन्छ। वैष्णव, शैव र गोरखनाथीले भैरवको सात्त्विक पूजा गर्छन् भने कापालिक मत्स्येन्दीय कौलले, शाक्तहरूले वज्रयानी बौद्धले मद्य, मासुका साथ पूजा गर्छन् र बलि दिन्छन्। नेपालको पहाडी भेकतिर जस्तै पाल्पाको भैरवमा भाकल गर्ने र मन्दिरको बाहिर पट्टि रहेको मौलोमा पशुबलि दिने चलन छ र त्यसैगरी अन्यत्र पनि भैरव र देवी कालीलाई उग्र देवदेवीका रूपमा बलिका साथ पूजा गर्ने चलन रहेको छ। नेपालको जनजीवनमा भैरव पूजनमा शाक्त या तान्त्रिक परम्पराको प्रभावको निरन्तरता रहेको छ।

नेपालमा झैं भारतको महाराष्ट्रमा नाथपरम्पराका अनुयायीले निम्नानुसारका अष्टभैरवको पूजा गर्ने चलन रहेको कुरा **नाथपन्थपरिचय** पुस्तकमा पाइन्छ ।

| | | |
|---|---|---|
| १. बटुभैरव | २. रुद्रभैरव | ३. चंण्डभैरव |
| ४ असिताङ्गभैरव | ५. क्रोधभैरव | ६. उन्मत्तभैरव |
| ७. कपालभैरव | ८. संहारभैरव (नाथपन्थपरिचय १९६७: २०) | |

### ८.४.३ त्रिपुरसुन्दरी, योगमाया र बालासुन्दरी

विभिन्न थरिका देवीहरू नाथहरूको पूजाका अनिवार्य अभिन्न अङ्ग हुन्। श्रीयन्त्रका रूपमा पनि देवीको अनुष्ठान नाथपरम्परामा चलिआएको हो। त्रिपुरसुन्दरीको बालरूप बालासुन्दरी हुन्। प्रत्येक नाथ मठमन्दिरको पूजामा पात्र देवता, त्रिपुर सुन्दरी र भैरवनाथको पूजा अनिवार्य नित्य र विशेष पूजा हो। त्यसका साथ अन्य देवी देवताको पूजाउपासना पनि गरिन्छ। यौगिक दीक्षा लिंदा, सिद्धिका लागि अनुष्ठान गर्दा र अन्त्येष्टी कार्यक्रम खासगरी शङ्खढालमा त्रिपुरसुन्दरी र बालासुन्दरीको स्थापना नगरी ती अनुष्ठान सम्पन्न हुँदैनन्। तंन्त्रको दश महाविद्यामा त्रिपुरा विद्या पनि पर्दछ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

नाथहरूको सबै साधनामा देवीका विभिन्न स्वरूपहरूको उपासना गरिन्छ। नाथहरूले महादेव शिवलाई भैरव भनेर उपासना गरेझैँ शक्ति देवीलाई भैरवीका रूपमा उपासना गर्दछन्। हजारी प्रसाद द्विवेदीका अनुसार नाथहरूले भैरवी, अष्टनायिका, मातृकाहरू, योगिनीहरू, शाकिनी, डाकिनी र अन्य धेरै देवीहरूलाई श्रद्धा गर्छन् (१९५०:७२-७३)। यस बाहेक चामुण्डा, काली, दुर्गा, अम्बा, रेणुका माता, महिषासुरमर्दिनी इत्यादि देवीलाई सम्मान र उपासना गर्दछन्। जसरी पात्रदेवताले गोरखनाथको प्रतिनिधित्व गर्दछन् त्यसैगरी जात्राहरूमा छाताले त्रिपुरसुन्दरी या वालादेवीको प्रतिनिधित्व गर्छ (बुलियर: ३२)।

## ८.४.४ योगी गोरखनाथको मूर्ति एवं पादुका

नाथसम्प्रदाय गुरु गोरखनाथले स्थापना गरेको मानिन्छ। उनलाई योगी र गुरु मात्र होइन शिवरूप मानिन्छ। मन्दिरहरूमा खासगरी उनका चरणपादुका राखिन्छ र उनका सम्मानमा अखण्ड धुनी जगाइन्छ। कहींकहीं उनको मूर्ति पनि राखेको पाइन्छ। गोरखनाथको सबभन्दा पुरानो मूर्ति मंगलुरको मञ्जुनाथ मन्दिरमा महाराष्ट्रको पन्हले काजी गुफामा दुईवटा मूर्ति पाइएको कुरा एम् एन् देशपाण्डेले पत्ता लगाएका थिए। यी दुवै मूर्ति चौधौं शताब्दीका भएको अनुमान गरिएको छ (भेरोनिक् बुलियर् २०१६: २९-३०)। नेपालको धेरै ठाउँमा गोरखनाथका पादुका राखेको पाइन्छ। कामाडौ काष्ठमण्डप र मृगस्थलीमा एवम् दाडको रत्नपीठमा गोरखनाथको मूर्ति पनि रहेका छन्।

नाथ योगीहरूको जीवनशैली र चिन्तन मनन गोरखनाथको योग शिक्षामा र उनले सिकाएको योगसाधनामा अडिएको छ। खासगरेर **गोरक्षसंहिता, गोरक्षशतक,सिद्धसिद्धान्तपद्धति र गोरखवाणी** यिनका विचारका मुख्य सिद्धान्त ग्रन्थ हुन्। गोरखनाथको विचार र दर्शन बुझ्न यी ग्रन्थलाई बुझ्नुपर्छ। नाथहरूले गर्ने साधनामा गोरखनाथले सत्त्व गुण, त्रिपुर या योगमाया देवीले रजो गुण र भैरवले तमो गुणको प्रतिनिधित्व गर्दछन्। यी तीन मिलेर सत्त्व,रज र तम गुणमार्फत नाथसम्प्रदायले समग्रता प्राप्त गर्दछ (बुलियर्: ३९)।

## ८.४.५ श्रीयन्त्रको पूजा

नाथहरूको एउटा मुख्य पूजापद्धति भनेको चक्रपूजा हो। चक्रपूजामा श्रीचक्र या श्रीयन्त्रको नै पूजा हुन्छ। यसलाई त्रिपुराचक्र पनि भनिन्छ। यस श्रीचक्रमा नौवटा कोणहरू हुन्छन् जसमध्ये पाँच कोण तलतिर फर्केका र चार कोण माथितिर फर्केका हुन्छन्। तल फर्केका कोणले चन्द्रमा र माथि फर्केका कोणले अग्निको प्रतिनिधित्व गर्दछन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

अर्को शब्दमा तल फर्केका कोणले शक्तिको र माथि फर्केका कोणले शिवको प्रतिनिधित्व गर्दछन् । यसरी श्रीचक्रको पूजा भनेको शक्ति र शिवको पूजा हो । नव चक्रमध्ये पहिलो चक्रलाई बैन्दव चक्र यानि बिन्दुसित सम्बद्ध चक्र भनिन्छ र यो अरू सबै चक्रको स्रोत चक्र हो । यो आन्तरिक चक्र र अरू सबै बाह्य चक्र मानिन्छ । बैन्दव त्रिकोणले त्रिमातृका यानि पश्यन्ति, मध्यमा र वैखरीको प्रतिनिधित्व गर्दछ ।

गोपीनाथ कविराजका अनुसार श्रीचक्रका नौकोणलाई नवयोनि चक्र पनि भनिन्छ । यिनका नौ कोणले नौ तत्त्वको प्रतिनिधित्व गर्दछन् जस्तै पहिलो र दोस्रो कोणले धर्म र अधर्मको तीनदेखि छ कोणसम्मले आत्मा, अन्तरात्मा, परमात्मा, ज्ञानात्माको प्रतिनिधित्व । सात र आठ कोणले जीव र ग्रात्यको प्रतिनिधित्व र नवम कोण या नवम योनिले प्रमाणित ज्ञान यानि प्रमाको प्रतिनिधित्व गर्दछ (कविराज, सेलेक्टेड राइटिडस् पृ.१००-०१) । नेपालमा बौद्ध र नाथबिचको अन्त:सम्बन्ध यही चक्रपूजाले स्थापित गर्दछ । काठमाडौँ उपत्यकामा धेरैजसो जात्राको उपक्रम नाथहरूले चक्रपूजा नगर्दासम्म सम्पन्न हुँदैन ।

### ८.४.६ नवनाथ र सिद्धहरू

नाथसम्प्रदायको सबै खाले पूजा र उपासनामा ९ नाथ र ८४ सिद्धहरूको ठुलो महत्त्व रहेको छ । उनीहरूलाई सम्मान र श्रद्धा गरिन्छ । नवनाथ र सिद्धहरूका नामका बारेमा एकरूपता पाइँदैन । बौद्ध साधकहरूको पनि सिद्धहरूको सूची छ, राहुल सांकृत्यायनले तिब्बतबाट प्राप्त सूची प्रकाशित गरेका छन् । नाथहरूको आफ्नो सूची छ त्यसमा पनि दक्षिणभारतको सूची पन्जाब एवं बङ्गालको सूचीमा पनि अलिकति भिन्नता देखिन्छ । राजस्थानको सूची र नेपालको सूचीमा धेरै समानता पाइन्छ । योगसाधना आसनहरू, प्राणायाम र साधनाहरू नवनाथ र ८४ सिद्धहरूसित गाँसिएका छन् । यसले नाथहरूको गुरुपरम्परालाई जनाउँछ, नाद परम्परालाई जनाउँछ । नाथपरम्परामा गुरुको धेरै महत्त्व छ । गुरुको सहायताविना कुनै सिद्धि प्राप्त गर्न सकिँदैन भन्ने विश्वास रहेको छ ।

### ८.४.१ क.गोरखनाथ र भैरवलाई रोट चढाउने व्यवस्था

थापाथली मठका महन्त श्री नारायणनाथ (संवाद मिति २०७८ असार १३ गते)का अनुसार नाथ मठमन्दिरमा तीन खालका रोट पकाइन्छ र चढाइन्छ । ती हुन् : पक्की रोट, ताई रोट र भुङ्ग्रे रोट ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

**१. पक्की रोट**

पहिलो प्रकारको रोट बनाउँदा केवल घिउमा पिठो मुछेर र पकाइन्छ। यस प्रक्रियामा पिठो मुछ्दा पानी मिसाइँदैन। यसरी पकाएको रोट जति समय राखे पनि बिग्रँदैन। यस्तो रोटलाई पक्की रोट भनिन्छ र यो सिद्ध गोरखनाथलाई चढाइन्छ।

**२. ताई रोट**

दुधमा पिठो मुछेर पकाउने रोटलाई ताई रोट भनिन्छ। यस्तो रोट पनि सिद्ध गोरखनाथ बाबालाई नै चढाइन्छ।

**३. भुङ्ग्रे रोट**

पानीमा पिठो मुछेर धुनीको भुङ्ग्रोमा पकाउने रोटलाई भुङ्ग्रे रोट भनिन्छ। यस्तो रोट भैरवलाई चढाउने गरिन्छ।

**महाराष्ट्रको नाथपरम्परामा १२ आचार्यहरूलाई मुख्य नाथपन्थी आचार्य मानिन्छ। ती हुन् :**

१. श्री भैरवनाथाचार्य
२. श्री मत्स्येन्द्रनाथाचार्य
३. जालन्धरनाथाचार्य
४. जोगनाथाचार्य
५. सन्तनाथाचार्य
६. सुरवर्णनाथाचार्य
७. महेन्द्रनाथाचार्य
८. नाटकेश्वरनाथाचार्य
९. वाघोडीनाथाचार्य
१०. कलङ्कनाथाचार्य
११. घाढाचुडीनाथाचार्य
१२. अघोरनाथाचार्य (नाथपन्थपरिचय १९६७: १७)

## १०. बाह्रपन्थी पञ्चायती/सामाजिक र निजी मठहरू

नाथयोगीहरूको धार्मिक संगठन **बाह्रपन्थ योगी महासभाले** बाह्र पन्थका मूल मर्मलाई बचाउने प्रयास गर्छ। यसले नाथहरूको पहिचान एवं नाथहरूबाट समाजले अपेक्षा गरेको व्यवहारमा नाथहरूलाई सङ्गठित गर्ने, योगीहरूसित सम्बद्ध धार्मिक कार्यक्रम आयोजना गर्ने नाथसिद्धहरूबारे जानकारी गराउने, विभिन्न ठाउँमा रहेका मठमन्दिरहरू बचाउने योजना बनाउने काम गर्दछ। योगीहरू विशेष उद्देश्यका लागि भेला हुने ठाउँलाइ दलिचा भनिन्छ यस्तो ठाउँ सभा कक्ष पनि हुन सक्छ र खालि ठाउँ पनि हुन सक्छ। योगीहरू त्यहाँ भेला भएर पात्रदेवताको सामूहिक पूजा गर्छन्। पात्रदेवताको सम्मान नाथहरूको सामूहिक पहिचान हो।

नाथमठका मुख्य जिम्मेवार व्यक्तिलाई विभिन्न ठाउँमा विभिन्न नामले पुकारिन्छ जस्तै महन्त, पिर, राजा, राजगुरु, मठाधीश। नेपालको दाङको रत्नमठका महन्तलाई पीर भनिन्छ भने भारतको कर्नाटक मंगलुरको

CC-0. Nepal Sanskrit Academy, Kathmandu

कद्रीमठको महन्तलाई राजा। त्यसबाहेक अन्यत्र मठका मठाधीशलाई महन्त भनिन्छ। यसरी हेर्दा नाथमठका मठाधीशलाई सम्बोधन गर्ने सबैभन्दा प्रचलित नाम महन्त वा पिर हो। काठमाडौँ हनुमानढोकास्थित नाथपीठका मठाधीशलाई पिर भन्ने चलन छ अन्यथा थापाथली अखाडा, मृगस्थली पशुपति, काठमाडौँ उपत्यकाका अन्य स्थलहरूमा र बाहिरका गोरखनाथी मठहरूका मठाधीशलाई महन्त नै भन्ने चलन छ।

बाह्रपन्थ योगीहरूको सामूहिक धार्मिक यात्रालाई झुण्डी भनिन्छ यो नेपाल र भारतमा समानरूपले प्रचलनमा रहेको छ। काठमाडौँ मृगस्थली र हनुमानढोका पिरपीठबाट पात्रदेवताको यात्रा गोसाईकुण्ड यात्रा चलाउँदा झुण्डी जाने, दाङ रत्नपीठबाट पात्रदेवतालाई गोण्डा पटवादेवीको मन्दिरमा यात्रा चलाउँदा झुण्डी जाने, फर्पिङको जात्रामा झुण्डी जाने चलन रहेको छ। पहिला पहिला यी झुण्डीहरू धेरै भव्यरूपमा सयौँको सङ्ख्यामा योगीहरूको सहभागिता हुन्थ्यो भने अहिले केही योगीहरूमात्र सहभागी हुन्छन्। दक्षिण भारतको नासिकमा कुम्भ मेलामा स्नान गरेपँछि बाह्रपन्थी योगीहरू आफ्ना इष्टदेवता, पात्रदेवता लिएर लगभग ६ महिना धार्मिक यात्रा गरेर कद्री मठ मंगलुर पुगेर महन्त जसलाई त्यहाँ राजा भनिन्छ पदासीन गराइन्छ। यो भन्दा ठुलो र धेरै दिन चल्ने नाथ झुण्डी हो। सामुदायिक मठका मठाधीश बनाउने काम चाहे त्यो कद्रीमठको कुरा होस् या दाङ रत्नमठको यही झुण्डीले गर्दछ। यस झुण्डीलाई बाह्रपन्थका सामुदायिक मठहरूको व्यवस्थापनका बारेमा निकै अधिकार हुन्छ।

नाथयोगीहरू चाहे त्यो भारतको कर्नाटकको मंगलुर, राजस्थानको जयपुर, जोधपुर, गोगामेढी, पन्जाब, या गढवाल या ग्वालियर या नेपाल यी सबै ठाउँमा राजगुरुका रूपमा सम्मानित थिए। नाथमठहरूले राज्यको संरक्षण पाएका थिए। काठमाडौँका सबै मठहरूले शाह राजाहरूको संरक्षण पाएका थिए। सल्यानका योगी भगवन्तनाथलाई त्यहाँका राजा श्रीकृष्ण शाहले गुरु मानेका थिए र मठ मन्दिरका लागि जमिन दान दिएका थिए। यिनै भगवन्तनाथलाई पछि राजा पृथ्वीनारायण शाहले देशभरिका जोगीको मण्डल्याइ दिएका थिए र पटक पटक भेटी दक्षिणा उपहार टक्रयाएका थिए। दाङ रत्नपीठ र त्यहाँका मन्दिरहरूको व्यवस्थापन पहिला स्थानीय राजाले र पछि शाह राजाले गरेको देखिन्छ।

जयपुरका राजा मानसिह आफै नाथसाहित्यका ज्ञाता थिए। उनले नाथसम्बन्धी धेरै पाण्डुलिपि आफ्नो पुस्तकालयमा सङ्ग्रह गरेका थिए। त्यसमध्ये नवनाथकथा, रत्ननाथको जीवनी योगी नरहरिनाथले राजा मानसिहको पुस्तकालयबाट प्राप्त गरी प्रकाशन गर्नुभएको थियो। राज्यव्यवस्था परिवर्तन भएपछि परिवर्तित सन्दर्भमा जुन मठका मठाधीशले

CC-0. Nepal Sanskrit Academy, Kathmandu
स्थानीय व्यापारी धनीमानी सित सम्बन्ध राख्न सिपालु भए ती मठहरू नयाँ रूपमा विकसित भएजस्तै राजस्थानको फतेहपुरको मस्तराम मठ, हरियाणा रोहतकको अस्तल बोहर, गोरखपुरको गोरखनाथ मन्दिर जुन मठहरूले समयानुकूल नाथपरम्पराको यौगिक शुद्धतामा नअडिएर समाजमा चलेका पूजापद्धति अपनाए। गोरखनाथका साथ अन्य देवीदेवताहरू खासगरी विभिन्न बार र तिथिअनुसार पूजा गरिने देवीदेवता राखे र मिश्रण प्रक्रियामा गए तिनीहरू टिक्न सके जसले पुरानो योगी परम्परालाई निरन्तरता दिन खोजे उनीहरू खुम्चिँदै गए।

अहिले नाथ पन्थीका दुईखाले मठहरू छन्। सामुदायिक र निजी। सामुदायिक भन्नाले जो पहिला राज्यद्वारा पोषित थिए जसले भेष बाह्रपन्थीको नियम पालना गर्ने प्रयास गरे। जसका महन्त योगी महासभाले खटन गर्थ्यो र जसले आफ्ना आर्थिक श्रोतहरू जुटाएनन्, नेपालका धेरेजसो गोरखनाथ मठहरू पशुपति मृगस्थली, थापाथली, हनुमानढोका, फर्पिङ, गोरखा, दाङ, जुम्ला सबै यसै वर्गमा पर्दछन् त्यसैले यिनको अवस्था दयनीय बनेको छ। निजी मठहरू महन्तले आफ्ना चेलाचपेटाका सहयोगमा निजी प्रयासमा स्रोत जुटाएर खडा गरेका मठमन्दिरहरू हुन्।

यस्ता मठमन्दिरले पनि भेष बाह्र पन्थको साधारण आचरण सम्बन्धी नियम त पालना गर्छन् तर निजी मठमा उत्तराधिकारी महन्तले व्यक्तिगत रूपमा रोजेर जिम्मा दिन्छन्। उनको स्वेच्छाबाट उत्तराधिकारी बनाउँछन् जो गुरुप्रति नै जिम्मेवार हुन्छ। स्रोतको व्यवस्थापन पनि आफैँले जुगाड गरेर संस्था सञ्चालन गरिन्छ। अस्तल बोहर रोहतक र गोखनाथ मन्दिर गोरखपुर अहिले महन्तको तजबीजमा चलेका नाथपीठ हुन् महन्तले उत्तराधिकारी चयन गर्छन् र जिम्मा लगाउँछन्।

गोरखपुरमा विगत चार पुस्तादेखि त्यही भइरहेको छ। नेपालमा नाथपीठ र मन्दिरहरू व्यक्तिको नेतृत्वमा निजी रूपमा त्यसरी उल्लेख गर्ने गरी स्थापित भएर काम गर्न सकेका छैनन्। शैव र वैष्णव मठ मन्दिर निजी रूपमा विकसित भएका धेरै उदाहरणहरू छन्। उदाहरणका लागि शैव सम्प्रदायका महेश आश्रम, हरिहर आश्रम, गलेश्वर आश्रम देवघाट संस्थागतरूपले विकसित भएका छन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

# अध्याय नौ

## नाथहरूमा नाद र बिन्दुपरम्परा (सन्न्यासी र गृहस्थ योगी)

मानवसमाजमा ज्ञान र संस्कृतिको परम्परा दुई तरिकाले हस्तान्तरण र पुस्तान्तरण हुँदै आएका छन् । ती दुई परम्पराको नाम हो : नाद परम्परा र बिन्दु परम्परा । नाद भनेको ध्वनि । गुरुले शिष्यलाई उपदेश मार्फत यानि वाणी, ध्वनि मार्फत् आफ्नो सम्प्रदायको ज्ञान र संस्कृतिको परम्परा हस्तान्तरण गर्दछ, शिष्यले फेरि आफ्नो शिष्यलाई यसैगरी पिँढी दर पिँढी विभिन्न सम्प्रदाय चलेका छन् । गुरुशिष्य परम्परालाई नाद परम्परा भनिन्छ भने सन्तान परम्परालाई बिन्दु परम्परा भनिन्छ । बिन्दु भनेको वीर्य हो । पुरुषको वीर्य र नारीको रजको संयोजनबाट गर्भाधान भई सन्तान जन्मिन्छ । माता पिता र सन्तान दर सन्तान हुँदै अघि बढ्ने परम्परा बिन्दु परम्परा हो । यसरी परिवार, कुल र वंश परम्परा बिन्दु परम्परा हो ।

नाथ सम्प्रदायको परम्परामा सुरुमा नाद परम्परा मात्र रहेको देखिन्छ तर पछि सन्न्यासी/अवधूतहरूले नारीसित सम्बन्ध गरी सन्तान जन्माएको र ती सन्तानबाट फेरि अरू परिवार परम्परा बढ्दै गयो । नाथ जोगीका सन्तानले आफूलाई नाथ नै भन्ने भए । उनीहरूको पहिचान नाथसित नै गाँसियो । त्यसमध्ये कतिपयले नाथमठ मन्दिरको काममा रुचि राखे र अवधूत नाथहरूसित दीक्षा लिए । कतिपय ठाउँमा धेरै अघिदेखि नै नाथयोगीलाई विवाहका लागि प्रोत्साहन गरियो जसले गर्दा नाथपरम्परा उनीहरूको परिवार मार्फत सुरक्षित रहोस् भन्ने चाहना देखिन्छ ।

नाथपरम्परामा गृहस्थी नाथयोगीलाई औघड भनिन्छ । नेपाल र भारत दुवै देशमा औघडहरूको सङ्ख्या सन्न्यासी नाथयोगीका तुलनामा कैयौं गुना बढी छ । विवाह नगरी ब्रह्मचर्यमा रहेर सन्न्यासी भएका नाथयोगीलाई अवधूत भनिन्छ । खासगरी नाथमठहरूको महन्त हुन अवधूत हुनुपर्ने पुरानो मान्यता हो । भारतका सबैजसो सामुदायिक मठ/पञ्चायती मठहरूमा र नेपालमा पनि पशुपतिको मृगस्थली सिद्धाचलमठमा, हनुमान ढोका पीरपीठमा, दाङको रत्नमठमा महन्त या पिर अवधूतलाई बनाइन्छ । यिनै अवधूत महन्तहरूको नेतृत्वमा खासगरी नयाँ महन्तको नेतृत्वमा धर्म प्रचारका लागि झुण्डीमा यात्रा गर्ने परम्परा रहेको छ । तर कैयौ निजीमठमा गृहस्थ नाथयोगी महन्त रहेको परम्परा पनि छ । विभिन्न ठाउँमा गृहस्थ योगीका फरक फरक पहिरन र फरक फरक अभ्यास देखिन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

नेपालका सन्दर्भमा राजा पृथ्वीनारायण शाहका पालादेखि नै गृहस्थ नाथहरूले अवधूत सरह नै मान्यता पाएको देखिन्छ। राजाले गुरु मानेका, सल्लाहकार मानेका योगी भगवन्तनाथ गृहस्थ योगी थिए। सल्यान राना गाउँमा मुख्य मठ र दाङमा पनि मठ भएका योगी भगवन्तनाथलाई राजा पृथ्वीनारायण शाहले विशेष अधिकारसहित नेपालका योगीहरूको मण्डल्याइ दिएका थिए। भगवन्तनाथको मठका महन्त तथा उत्तराधिकारी उनकै छोरा थिए।

त्यसैगरी गोरखाको गोरखनाथ (गोरख गुफा) र भैरवका पुजारी पृथ्वीनारायण शाहकै पालादेखि गृहस्थी योगी रहेको पाइन्छ। सुरुका योगीहरूलाई दरबारले नै विवाहका लागि सुझाव दिएको र उनीहरूका सन्तान भएपछि त्यहाँको पूजा अनुष्ठानको निरन्तरता रहने भएकाले गोरखा दरबारले यस्तो गरिएको हो भनिन्छ। गोरखामा गोरखनाथ पूजाको इतिहास सत्रौं शताब्दीदेखि निरन्तर रूपमा चलिआएको देखिन्छ। सुरुमा पूजा गरेका योगीका सन्तानहरूले नै अहिलेसम्म निरन्तर रूपमा पूजा गरिआएका छन्। उनीहरू गोरखा बजार नजिककै एउटा गाउँमा बसोबास गर्छन्। त्यसलाई जोगीगाउँ भनिन्छ। लोग्नेमानिसहरूले पालो मिलाएका छन् त्यसै बमोजिम गोरखनाथ र भैरवनाथको पूजा गर्छन्। मन्दिरको कामको समय बाहेकको समयमा उनीहरूले परिवारका सदस्यहरूका साथमा खेतिपाती गर्छन्।

गोरखाका गृहस्थ जोगीहरूले दीक्षा लिएका हुन्छन्, कर्णकुण्डल पहिरिन्छन् र मृत्यु संस्कार शङ्खढाल प्रक्रियाबाट अवधूत योगीसरह नै गर्दछन्। गोरखाको गोरखनाथ र भैरवनाथको पूजा अनुष्ठानको अभ्यासमा नाथपरम्पराको भारतमा देखिने अवधूत र गृहस्थनाथबिचको भिन्नता यहाँ देखिँदैन। गोरखा र सल्यानको अभ्यासमा बिन्दुपरम्परा र नादपरम्परा मिसिएको छ। बाबु छोरा गुरु शिष्य भएपछि दुवै परम्परा मिसियो। भारतका नाथ मठका तुलनामा नेपालमा बिन्दु र नादको मिश्रित परम्पराले सम्माजनक मान्यता पाएको देखिन्छ।

दाङको रत्नपीठमा रत्ननाथकै पालादेखि अवधूत योगीहरूले त्यहाँको पूजा अनुष्ठान गर्दै आएको इतिहास छ। पछिपछि रत्नमठका नाथयोगीहरू घरबार गरी गृहस्थी बने र सन्तान जन्माए र ती सन्तानहरूले रत्नमठको सेरोफेरोमा बसोबास गरे। यस्ता गृहस्थ योगीको जनसङ्ख्या निकै भयो। उनीहरूले जङ्गबहादुर प्रधानमन्त्री भएका बेला रत्नमठको सेवा सुविधा भारतबाट आएका अवधूतहरू जसलाई उनीहरूले परदेशी जोगी भन्थे, उनीहरूले मात्र उपभोग गरिरहेका थिए त्यसमा दाङका गृहस्थ नाथको सहभागिता हुनुपर्ने भनेर निवेदन राखेकोमा जङ्गबहादुरले १८५३ मा अब उपरान्त घरवारे जोगीले पनि रत्ननाथ मन्दिरको सेवा गर्नू भनेर (बुलियर

CC-0. Nepal Sanskrit Academy, Kathmandu

३०७) एउटा परिपत्र गरेका रहेछन् ।। मठको पिर बन्ने र मुख्य मन्दिरको सेवा त अहिले पनि अवधूत योगीबाट नै हुन्छ तर बाहिरका मन्दिरको सेवा र मठको अन्य कार्यक्रममा गृहस्थ योगीको सक्रिय सहभागिता रहन्छ ।

मन्दिरको छिमेकीका रूपमा त्यसको सेराफेरोमा घरबारे जोगीहरूले बस्ती बनाए बसेका छन् र मन्दिरका सबै आयोजनामा सक्रिय सहभागिता जनाउँछन् (नरहरिनाथ, इतिहासप्रकाश सन्धिपत्र : ४९८-५००) । दाङमा गृहस्थ जोगीको परम्परा गोपीनाथका समयदेखि चलेको भनिन्छ १८२७मा उनले गृहस्थ योगीले मान्यता पाउने राजकीय लिखत पाएका थिए । १८८१ मन्दिरको जिम्मेवारी सम्बन्धमा भक्तिनाथ र कल्याणनाथबिच विवाद भयो । भक्तिनाथले मन्दिरको सेवा गरे र उनका दुई छोराहरूले परम्परा अघि बढाए । मन्दिरमा पूजाको कार्य गृहस्थ योगीले गर्छन् ।

पूजाको स्वरूप गुठी संस्थान र मन्दिरका पदाधिकारीबिच सम्झौता भएर निर्धारण गरिएको छ जस्तै प्रत्येक मंगलबार रत्ननाथलाई रोट चढाउने, प्रत्येक दिन खिचडी भैरवलाई चढाउने, हवन र ठूला कार्यक्रम बलिदिने दशैमा गर्ने । गृहस्थ जोगहिरूका कुलदेवता कालभैरव हुन् । उनीहरू कुलपूजा रत्नमठ परिसरभित्र रहेको कालभैरवको मन्दिरमा आएर गर्छन् । दाङका रत्नपीठको भित्री मन्दिरको पूजा सन्न्यासी योगीहरूले बाहिरी सेरोफेरोमा रहेका मन्दिरको पूजा गृहस्थ जोगीले गर्छन् । चोघराको एउटै पीठको परिधिभित्र भित्री र बाहिरी पूजा चलेको छ ।

भित्री र बाहिर पूजाको यस्तैखाले व्यवस्था हरियाणा रोहतकको नाथपीठ अस्थल बोहरमा पनि देखिन्छ । बाहिरपट्टि अलिक सानो मन्दिर र भित्र पुरानो ठुलो मन्दिर छ । गृहस्थ नाथहरूको सहभागिता र सहयोग भइरहन्छ । त्यसैगरी कर्नाटक मंगलूरको कद्रीमठको बाहिरी सेरोफेरोमा गृहस्थी नाथहरूको ठुलो बस्ती छ । सहरको अन्यत्र भागमा पनि गृहस्थ नाथहरू प्रशस्त छन् । उनीहरूले कद्री मठलाई आफ्नो जातको मठ मान्दछन् र त्यसको व्यवस्थापनमा गहिरा चासो राख्छन्, त्यसको उन्नति र अवनतिसँग आफ्नो जातको प्रतिष्ठा जोडिएको मान्दछन् । बाहिरबाट आएको महन्त यानि राजाले सन्न्यासी नाथ र गृहस्थनाथबिचको समन्वय नबिगारोस् भन्ने कुरामा उनीहरूको चासो रहन्छ ।

नयाँ महन्त/राजालाई स्वागत गर्ने र त्यस ठाउँको रहनसहन मठसित जोडिएको धार्मिक कृत्यबारे जानकारी गराउँछन् र महन्तलाई सफल बनाउन सहयोग गर्छन् । यहाँको मठको मठाधीशको चयन नासिक कुम्भमा बाह्र पन्थ महासभाको नियमबमोजिम उसको नेतृत्वमा हुने र नाथहरूको झुण्डीले नासिकबाट धर्मयात्रा गर्दै मंगलूर पुगेर नयाँ महन्तलाई पदासीन गराउने परम्परा छ । महन्त बाहिरबाट ल्याइने हुँदा उनलाई यस

CC-0. Nepal Sanskrit Academy, Kathmandu

क्षेत्रको बारेमा जानकारी हुँदैन त्यसैले नयाँ महन्तलाई त्यहाँका गृहस्थ नाथहरूको सहयोग आवश्यक पर्दछ। महन्त पदासीन भइसकेपछि त्यहाँका नाथ गृहस्थले उनलाई गुरु मान्दछन्, मन्त्र दीक्षा लिन्छन्, सिंगीनाद घाटीमा पहिरिन्छन् र गुरुबाट प्राप्त सानो नादलाई उनीहरूले घरमा गरिने दैनिकी पूजाका बेलामा बजाउँछन् (बुलियर ३०९-१०)।

भारतको राजस्थान राज्यको पुष्करमा पुष्कर तालको एकातिर पुरानो बाह्र पन्थी नाथ सम्प्रदायको सार्वजनिक मठ जसलाई उनीहरू पञ्चायती मठ मन्दिर भन्दछन्। त्यसको नाम हो श्री गोरक्ष मन्दिर बाह्र पन्थ दलिचा, त्यहाँ पात्रदेवताको पूजा अनुष्ठान सन्न्यासी योगीले गर्दछन् भने पुष्कर तालको अर्कोपट्टि नयाँ र भव्य श्री महायोगी गोरखनाथ मन्दिर रहेको छ। त्यसको पूजा र व्यवस्थापन एउटा समिति पुष्कर सर्व गृहस्थनाथ महासभा मार्फत गृहस्थ योगीहरूले गर्छन्। राजस्थानका गृहस्थ योगीले नादसेली लगाउँछन् तर कान चिरेर कुण्डल लगाउँदैनन्। गृहस्थयोगी पञ्चायती मठ मन्दिरमा गएर पूजा गर्छन् तर अवधुतहरू गृहस्थ मन्दिरमा आएर पूजा गर्दैनन् (बुलियर ३१०)।

यसरी नेपालको दाङ चौघराको रत्ननाथ मठ, कर्नाटक मंगलूरको कद्री मठ क्षेत्र र राजस्थानको पुष्करमा अवधूत मठक्षेत्रमा अवधूत योगीहरूभन्दा गृहस्थ योगीहरूको संख्या धेरै ठुलो रहेको पाइन्छ। गृहस्थयोगीहरूले त्यस ठाउँमा रहेको अवधूत मठ मन्दिरलाई आफ्नो जाति मन्दिर सम्झिने र त्यहाँका महन्तलाई गुरु सम्झिने हुनाले पञ्चायती मठ मन्दिर र निजी मठ मन्दिरका बिचमा सहकार्यको घनिष्ठ सम्बन्ध रहेको देखिन्छ। वास्तवमा हेर्दा ती सामुदायिक/पञ्चायती मठ मन्दिर प्रति गृहस्थ योगीहरूको गहिरो चासो र ती संस्थाहरूको सुरक्षाको चिन्ता देखिन्छ। त्यसको एउटा कारण उनीहरूको पहिचान नाथ सम्प्रदायसित खासगरी गोरनखनाथसित जोडिएको छ। नाथसम्प्रदायका सांस्कृतिक स्थलहरू मठमन्दिरहरू लोप हुँदै जानु, त्यसको साहित्य नाश हुनु भनेको समग्र मानव जाति र सम्बद्ध राष्ट्रको लागि अपूरणीय क्षति हो। अझ सम्बद्ध समुदाय गृहस्थ नाथहरूको सांस्कृतिक पहिचान कमजोर हुनु हो। पहिचान भनेको खास अर्थमा सांस्कृतिक पहिचान हो।

भारतको ग्वालियरमा एउटा नाथपीठ छ जसको नाम ढोलिबुआ मठ हो। त्यसको सञ्चालन गृहस्थ योगीले गर्छन्। बाबुछोराको परम्परामा बाबु गुरु छोरा शिष्य हुने परम्परा रहेको छ। यहाँ बिन्दु परम्परा र नाद परम्परा मिसिएको छ। उद्बोधनाथ योगी महन्त हुँदा उनले आफ्ना छोरा केशरीनाथलाई शिष्य बनाए र उत्तराधिकारी बनाए। त्यसपछि केशरिनाथका छोरा शिवनाथ र पछि उनका छोरा नरहरिनाथ।यसरी बाबु

CC-0. Nepal Sanskrit Academy, Kathmandu

छोरा नै गुरु शिष्य हुने परम्परा स्थापित भयो । यहाँका गृहस्थ नाथ योगी संगीतका लागि प्रसिद्ध छन् खासगरी ढोल बजाउनका लागि । त्यसैले मठको नाम ढोलिबुआ, ढोल+बुआ महाराष्ट्री भाषामा बुआ आदरार्थी शब्द हो । महिपतिनाथ यहाँका अतिप्रसिद्ध संगीतज्ञ नाथ महन्त थिए उनीबाट नै संगीतको परम्परा चलेको हो । यहाँका गृहस्थीनाथले गेरुवा वस्त्र सेली सिहनाद यस्ता नाथ सम्प्रदाय झल्किने वस्त्र लगाउँदैनन् । उनीहरू राजकीय पहिरन जस्तै रेशमी वस्त्र र घाटीमा सिकी माला र टाउकोमा पगरी लगाउँछन् । त्यस मठका नाथहरूलाई ग्वालियर दरबारको राजगुरु मानिन्छ र मठको उत्सवमा ग्वालियरका राजा हात्तीमा सवार हुने चलन थियो । उनीहरूको भनाइ छ सम्प्रदायको आचरण मनले आत्मसात गर्ने हो बाहिर देखाउन जरुरी छैन (बुलियर ३११) ।

## ९.१ नेपालमा गृहस्थ नाथ योगी 'औघढ'

नाथहरू पनि अरू दशनामी सन्न्यासी जस्तै दुईथरि पाइन्छन् । एकथरि आजीवन विवाह नगरी आश्रम, मठ, मन्दिरमा ब्रह्मचारी या सन्न्यासीका रूपमा रहने र अर्काथरि विवाह गरी गृहस्थ बनेका । त्यस्ता घरबारे नाथलाई "औघड" भनिन्छ (जोन लाक १९८०, पृ.४३१ र धमला, २०७४ पृ(५०) । नाथ जोगी भएर फेरि गृहस्थीमा फर्कनेलाई "कुँवर" भन्ने चलन पनि रहेछ (घटराज भट्टराई, २०६७, योगी नरहरिनाथ, सन्धिपत्र संग्रह,पृ.५२५ र२६) र बलभद्र योगीका अनुसार त्यस्ता कुँवरहरू नाथपीठमा पुजारी भएका उदाहरणहरू छन् रे उनीहरूले चाहे भने पछि फेरि सन्न्यासी पनि हुन सक्दा रहेछन् । (धमला ५१) । सामान्यत योगी शब्द नामको सुरुमा हुने विवाह नगरेका सन्न्यासी र नामको अन्त्यमा योगी लेख्ने विवाह गरेका घरबारे भन्ने बुझिँदो रहेछ । योगी नरहरिनाथ र चिन्तामणि योगी । पहिलोले सन्यासी भन्ने बुझाउँछ भने दोस्रोले घरबारे या औघड नाथ भन्ने बुझाउँछ ।

रौतहटको मस्तनाथ मठमा घरबारे नाथ जोगीका लागि पूजा गर्न र मठमा बस्ने सन्न्यासी नाथ योगीहरूलाई पूजा गर्न भित्री र बाहिरी दुईथरि मन्दिर रहेका छन् भने नेपालको दाङमा रहेका रतननाथ मठ जसलाई चौघरा मठ पनि भनिन्छ त्यहाँ भने घरबारे र सन्न्यासी दुवैथरिका नाथहरूले मठमन्दिरको व्यवस्थापनमा र पूजाआजामा समानरूपमा सहभागी हुने चलन छ। यो कुरालाई भेरोनिक् बुलिअर्ले **मोनास्टिक् वान्डेरर्** पुस्तकअन्तर्गत "द गृहस्थ अर् हाउसहोल्डर योगिज्" शीर्षकमा १९ पेज लामो विवरण दिएका छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

घरबारे नाथजोगीहरू नेपालभरि नै फेला पर्छन् तर ठुलो सङ्ख्यामा सुदूर पश्चिम र मध्यपश्चिमका गाउँहरूमा पाइन्छन्। "बाह्रपन्थी नाथयोगी संघ" २०७१ साल देखि क्रियाशील रहेको छ। यसले नाथयोगीहरूको विवरण राख्ने, नाथ मठमन्दिर र तिनका सम्पत्तिको विवरण राख्ने, नाथसंस्कृति संवर्धन गर्ने र खासगरी घरबारे नाथहरूको सदियौंदेखि चलिआएको फेरी लाउने लगायतका संस्कृति संरक्षणमा चासो देखाएको छ।

## ९.२ थारू नाथ जोगी

ब्रिग्सले के लेखेका छन् भने उनले नेपाल र भारत दुवैतिरका थारु समुदायमा जोगी थर भएका मानिसहरू फेला पारेका थिए (१९३८: ५९)। अहिले पनि थारु समुदायमा कनफटा, भगत, महन्त र जोगी थर भएका मानिसहरू प्रशस्त फेला पर्छन्। उनीहरू आफूहरू नाथयोगी र थारु महिलाका सम्बन्धबाट जन्मेका सन्तान मान्दछन्। के विश्वास गरिन्छ भने कुनै समयमा एक जना नाथयोगीले एउटी थारु महिलालाई साध्याका रूपमा, सिद्धि साधनाका लागि महामुद्राका रूपमा स्वीकार गरेपछि उनीबाट सन्तान भए। उनीहरू नै थारु जोगी भएका हुन् (गौतम: ६६)। उनीहरू कनफट्टा रतननाथ वा रथीनाथको उपासना गर्दछन्। उनीहरू मरेपछि जमीनमा गाड्ने चलन छ।

## ९.३ नेवार नाथ जोगीहरू

इतिहास शिरामणि बाबुराम आचार्यले काष्ठमण्डपलाई काठमाडौंमा रहेको सबैभन्दा पुरानो स्मारक मानेका छन् र यस स्मारकमा कुशलेहरू बसोवास गर्थे र उनीहरूले गोरखनाथ मन्दिरको संरक्षण र व्यवस्थित गर्ने जिम्मा थियो (गौतम २६९:६०)। धन बहादुर कुँवर (२०६५) र दिलीपनाथ योगी (२०७२) का अनुसार काठमाडौंका कुशलेहरू नेवार समुदायभित्रको नाथसम्प्रदायका अनुयायीहरू हुन्। यिनीहरूलाई सामाजिक रूपमा अलि तल्लो तहमा राखिन्छ।

टीपी धमलाका अनुसार ८४ सिद्धहरूमध्येका कुशलनाथका अनुयायी कालान्तरमा कुशले भनिएका हुन् र गोरखनाथ यिनका कुलदेवता हुन् (२०७४ :१३६-३७)। पूर्वी नेपालको दोलखामा कुशले बस्ती रहेको छ र तिनीहरू मूलभूत रूपमा नाथसम्प्रदायका अनुयायी हुन् तर काठमाडौंबाट टाढा भइसकेपछि उनीहरूको सांस्कृतिक अभ्यासमा मिश्रणले मौलिकता ढाकेको छ त्यसैले झट्ट हेर्दा उनीहरूको अभ्यास नाथहरूको जस्तो देखिँदैन। माझ नेपालको नेवार समुदायमा जुगी भनेर जानिने उनीहरूलाई कपाली, दर्शनधारी र कुशले पनि भनिन्छ। यिनीहरू गोरखनाथका अनुयायी हुन्। ऐश्वर्यधर शर्माको नेवार जातिको सूचीमा जुगीलाई वाद्यकार, दर्शनधारीलाई योगी, जोगी

CC-0. Nepal Sanskrit Academy, Kathmandu
कानफट्टालाई दर्शनधारी लेखिएको छ। यस सूचीमा जुगी, जोगी र दर्शनधारी र कनफट्टालाई एउटै तहमा राखिएको छ।

धनबहादुर कुँवरका अनुसार कुशलेहरूले कनफटा जोगीले झैं कान चिरेर कुण्डल लगाउँदैनन् तर कानको लोतीमा प्वाल पारेर नाद लगाउँछन् यसलाई कुण्डलको एक प्रकार मान्न सकिन्छ। यिनीहरूको जीविका मन्दिरहरूमा माला बनाउने, सरसफाइ गर्ने र बाजा बनाउने काम गरेर चल्छ। काठमाडौँमा कुशलेलाई नेवारीमा 'त्वाजन' भनिन्छ यसको अर्थ हो टोलका मान्छे। टोलको सत्तलमा बसेर देवता मन्साएर टोलको सुरक्षा गर्नु यिनीहरूको सामाजिक दायित्व मानिन्छ। (कुँवर २०६५ :२००)। कुशलेहरूले नेवारसमाजमा मानिस मरेको १३औं दिन जजमानको घरबाट भोजनको भाग पाउँछन्। कुनै कुनै कुशलेले सोमवारका दिन निधारमा भस्मको त्रिपुण्ड्र लगाएर, घाँटीमा हाडको माला लगाएर, बायाँ हातमा त्रिशूल र अर्को हातमा डमरु र काँधमा झोली लिएर भिक्षा माग्न जाने चलन छ (टण्डन २०५६ :४५)। कुँवरका अनुसार यस्तो भेषमा माग्ने कुशलेलाई नै कपाली भनेर चिनिन्छ। जोहन् लब्केले (१९८० :४३७) र मेरी स्लसर (१९८२ :३६६-६७) दुवैले नेवार कुशले प्राचीन शैव कापालिक सम्प्रदायका अनुयायी रहेका र पछि गएर यिनीहरू नाथ सम्प्रदायसित गाँसिएका हुन्। यस तर्कलाई जगमान गुरुङले स्विकारेको पाइन्छ (२०६१ :९९)। राजा पृथ्वीनारायण शाहले वि.सं. १८२७ मा भगवन्तनाथलाई नेपालभरिको मण्डल्याइ दिँदा 'कुशल्या (कुशले) समेतका घरही वार्षिक १ आना दस्तुर पाउने व्यवस्थासहितको लिखत रहेको छ (धमला २०७४ :१३२-३६)।

यसरी नेवार समुदायका कुशले र कपालीहरूलाई पनि नाथपरम्परा अन्तर्गत नै राखिन्छ तर उनीहरू गोरखनाथीय परम्पराभन्दा मत्स्येन्द्रनाथको कौल परम्पराको नजिक रहेको मानिन्छ। उनीहरू पहिला पहिला कौल साधना गर्थे र शक्ति आर्जन गर्दथे तर पछिपछि साधनाको क्रम घट्दै गयो, साधना केवल कथाका रूपमा सीमित भयो। कपालीहरूलाई कसरी सामाजिक रूपले अलि तल्लो दर्जामा राखियो यो अनुसन्धानको विषय रहेको छ।

## ९.४ भारतका गृहस्थ नाथयोगीको परम्परा

### १. भर्तरी जोगी

भर्तरी जोगी गृहस्थ जोगी हुन्। यिनीहरूको पेसा फिडल बजाउने, गाथा गाउने र माग्ने हो। यिनीहरू दाढी पाल्छन्, लामो जोगिया रङको कोट लगाउँछन्, एउटा झोला बोकेका हुन्छन् र बाजा बजाउदै भर्तृहरीको गाथा गाउँदै यताउति हिँडेका हुन्छन् र वरिपरि भएका मानिसहरूसँग रुपिया पैसा माग्छन्, घरघरमा पनि बाजा बजाउँदै भर्तृहरि गाथा गाउँदै भिक्षा माग्ने गर्छन्। उनीहरूले

CC-0. Nepal Sanskrit Academy, Kathmandu
छोराको मुण्डन संस्कार गर्ने बेलामा उसलाई सम्प्रदायको दीक्षा दिन्छन् (क्रुक १९७५)। भर्तरी जोगीहरू राजस्थान र पन्जाबमा हिन्दु हुन्छन् भने उत्तरप्रदेशमा मुसलमान, उनीहरूले इस्लामको पाँच आदेश मान्दछन् र इस्लामी क्यालेन्डर अनुसरण गर्दछन्। उनीहरू मुसलमान मस्जिददेखि हिन्दू मन्दिरसम्म घुम्दै नाथपरम्पराका गाथा र गीतहरू गाउँदै हिँड्छन् (क्याथरिन १९९९:२९)।

## २. नन्दिया जोगी

यिनीहरू पनि भर्तरी जोगीले जस्तै कपडा लगाउँछन् तर बाजा लिएर हिँड्दैनन्। उनीहरू एउटा असाधारण गोरु या गाई जसको पाँच खुट्टा छ केही अनौठो बनोट छ त्यसलाई अघि लगाएर हिँड्छन् र उसलाई नन्दीको अवतार, महादेवको वाहन मान्दछन्, उसलाई विभिन्न तरिकाले सजाउँछन्, माला लगाइदिन्छन् र धर्मभीरु मानिसबाट महादेव र नन्दीका नाममा दान उपहार माग्छन्। यसरी नन्दीमाथि उनीहरूको व्यवसाय टिकेको हुनाले उनीहरूको नाम नन्दिया जोगी परको हो (बुलियर ३०४)।

## ३. डाब्रे जोगी वा भरदी जोगी

महाराष्ट्रमा सानो आकारको ढोललाई डबरा भनिन्छ। डबरा बजाउँदै भैरवको गीत गाउँदै माग्ने डाब्रे जोगी हुन्। यस्तो डबरा बजाउने, गीत गाउने सानो उमेरका केटाकेटी हुन्छन् जसलाई बाबु आमाले भाकलबमोजिम भैरवको मन्दिरमा लगभग सात आठ वर्षका बालबालिका मन्दिरमा छाडिदिएका हुन्छन् तिनै बालबालिका डाब्रे बजाउँदै भैरवको गीत गाउँदै भीख माग्छन्। गुरुले यिनलाई दीक्षा दिन्छन्, सिंगीनाद दिन्छन् र डाब्रे दिन्छन् र भैरवको गीत गाउन र भरद नृत्य पनि सिकाउँछन्। डाब्रे जोगी मरेपछि जमिनमा गाडिन्छ र तेस्रो दिनमा भण्डारा गरिन्छ (बुलियर ३०४-५)।

## ४. रावल जोगी

रावल योगीको चर्चा लगभग सबैजसो नाथ ग्रन्थमा पाइन्छ। ब्रिग्सले पनि रावलको उल्लेख गरेका छन्। रावल जोगीहरू कानमा समुद्रसिपीका मुद्रा लगाउँछन्। उनीहरूले गोरखनाथ, मत्स्येन्द्रनाथ, त्रिशूल र शिवलिङ्गलाई सम्मान गर्छन्। उनीहरू गाई र सुँगुरबाहेक अरू सबै पशुको मासु खान्छन्। धेरै रक्सी खानेमा यिनीहरू बदनाम छन्। भैरवका नाममा बस्ती टोलटोलमा दान र उपहार माग्दै हिँड्छन् तर धेरैजसोले आजभोलि माग्ने पेसा छाडेर कपडा सिलाउने पेसा गर्न थालेका छन्। (सिराज उल् हसन १९८९:२८१-८५)।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

# अध्याय दश

## उपसंहार

नाथदर्शन आध्यात्मिक दर्शन हो किनभने यसले ब्रह्माण्डको उत्पत्ति र व्यष्टिको उत्पत्तिमा पनि शिव र शक्तिलाई स्रोत मान्दछ । पाँच मुख्य तत्त्व आकाश, वायु, अग्नि, जल र पृथ्वी जो ब्रह्माड निर्माणका आधार हुन् साथै चर अचर, जीवजन्तु सबैको कारण तत्त्व हुन् ती तत्त्वहरू शिवबाट आएको मान्दछ । सम्पूर्ण नाथयोग साधनाको लक्ष्य मानव शरीरभित्रको शक्ति यानि ऊर्जालाई शिव यानि चेतनमा विलीन गराउने हो र त्यस साधनालाई चक्र साधना र कुण्डलिनीसाधना भनिन्छ । नाथयोगको साधना प्रणाली भौतिक हो । शरीर साधनाको साधन र लक्ष्य दुवै हो । आसन साधनामा शरीरका विभिन्न अङ्गहरू साधन हुन् यानि माध्यम हुन् भने प्राणायाममा बाहिरबाट शरीरभित्र प्रवेश गर्ने वायु साधनाको माध्यम हो, चक्रसाधना र कुण्डलिनी साधनामा समेत वायु नै प्रमुख साधन या माध्यम हो ।

बाह्य योगिक साधना जस्तै आसन, षट्कर्म, प्राणायामको आधार भौतिक शरीर हो भने चक्र र कुण्डलिनी साधनाको आधार सूक्ष्म शरीर हो । यसरी नाथहरूका केही योग साधनाको आधार बाह्य शरीर र शरीरका अङ्गहरू हुन् भने केही योग साधनामा सूक्ष्म शरीर जस्तै प्राण र मन हो त्यसैले नाथसाधनालाई कायासाधना भनिन्छ तर सबै खाले साधनाको लक्ष्य गोरखनाथको भाषामा पक्व देह प्राप्ति या वज्रदेह हो । समग्रमा मत्स्येन्द्रको कौल परम्पराको साधनाको लक्ष्य सिद्धि प्राप्ति यानि शक्ति प्राप्ति हो भने गोरखनाथको साधनाको लक्ष्य शक्ति र चेतना, चन्द्र र अग्नि यानि शक्ति र शिवको एकता जसलाई "सामरस्य" अथवा समरसता भनिन्छ त्यसको प्राप्ति हो ।

नाथपरम्पराको आदर्श ८४ सिद्ध र नवनाथका विचार र सिद्धान्त हुन् । ती सिद्धान्तलाई व्यवहारमा उतार्ने साधना अथवा पद्धति हठयोग हो । कौल सिद्धान्त र हठयोग सिद्धान्त र योगपद्धतिलाई पिँढी दर पिँढी समाजमा निरन्तरता दिने नाथयोग परम्परा हो । शैव परम्पराअन्तर्गत नाथहरूको साधना प्रधान विशिष्ट दर्शन परम्परा रहेको छ । वेदान्तीका आदर्श शङ्कराचार्य भएझैं नाथहरूका आदर्श योगी गोरखनाथ हुन् ।

मत्स्येन्द्रनाथ र गारखनाथका विचार नै नाथपरम्पराका अनुकरणीय सिद्धान्त हुन् । मत्स्येन्द्रनाथको कौलज्ञान निर्णयले कौलज्ञान २६ खण्डमा र

CC-0. Nepal Sanskrit Academy, Kathmandu

गोरखनाथका धेरै ग्रन्थहरू मध्ये **सिद्धसिद्धान्तपद्धति**मा नाथहरूको सिद्धान्त यानि नाथ दर्शनलाई निम्नानुसारका छ खण्डमा पिण्डोत्पत्ति, पिण्डविचार, पिण्ड संवित्ति, पिण्डाधार, पिण्डपदयो समरसता र अवधूतयोगिलक्षणम् स्पष्ट पारिएको छ। सिद्धहरूका निश्चित विचार र मान्यताहरूलाई नै सिद्धान्त भनिन्छ। गोरखनाथका दृष्टिले व्यष्टि पिण्ड र समस्ती पिण्डको ज्ञान र ती दुईबिच एकता "समरसता" नाथयोग दर्शनका मुख्य सिद्धान्त हुन्। आसन, प्राणायाम, चक्र साधना, कुण्डलिनी साधना, अजपा गायत्री यसका साधन या पद्धति हुन्।

नाथयोगीहरू अवधूत र औघढ गरी दुई थरिका छन्। अवधूत या सन्न्यासी नाथहरू मठ मन्दिरमा बस्छन् भने औघढ नाथहरू गृहस्थ योगी हुन्। नाथपरम्परामा दुई थरिका मठमन्दिर या पीठहरू रहेका छन्। ती हुन् : सामाजिक /पञ्चायती र निजी नाथमठहरू पीठहरू, मन्दिरहरू र गृहस्थ नाथका गाउँघरसमेत नाथपरम्परालाई निरन्तरता दिने कारक तत्त्व हुन्। नाथपरम्पराका विशेषता गोरखनाथका विचार र मान्यताहरूलाई जीवनमा ढाल्ने साधनाका यौगिक बाटाहरू हुन् त्यसैले यसका साधक योगीहरू भए। योगी परम्परा या सिद्धपरम्पराका सिद्धान्त र साधनाका बारेमा धेरै ग्रन्थहरू छन् त्यसमध्ये प्रतिनिधिमूलक ढङ्गले मत्स्येन्द्रनाथको कौलज्ञाननिर्णय, गोरखनाथको सिद्धसिद्धान्तपद्धति, गोरक्षसिद्धान्त, गोरक्षपद्धति, शबदी, गोरखवाणी र स्वात्मारामको हठयोगप्रदीपिकाको माथिका पृष्ठहरूमा चर्चा गरिएको छ र यी नै प्रतिनिधिमूलक नाथदर्शन परम्पराका ग्रन्थहरू हुन्।

नेपालको समग्र सभ्यता र संस्कृति विकासमा नाथयोगीहरूको ठुलो योगदान रहेको छ। काठमाडौं उपत्यकाको सभ्यता र संस्कृति, मत्स्येन्द्रनाथसित गाँसिएको छ त्यसैले उनका सम्मानमा राजकीय स्वरूपमा प्रत्येक वर्ष भव्य उत्सवका रूपमा जात्रा निकालिन्छ र यो जात्रा सबै समुदायको समन्वयको, हर्ष र उल्लासको जात्राको रूपमा मनाइन्छ। उपत्यकाका विभिन्न जात्राहरूको निर्विघ्न सम्पन्नताका लागि र नाथयोगीले तान्त्रिकविधिले चक्रपूजा गर्ने परम्परा रहेको छ यसले उपत्यकाको वज्रयानी परम्परा र नाथपरम्पराबिच समन्वय रहेको देखिन्छ। त्यसैगरी वज्रयानीहरूले गर्ने भैरवपूजा र कुमारीपूजा एवं नाथयोगीहरूले गर्ने भैरवपूजा र बालासुन्दरी देवीको पूजामा धेरै तादात्म्य देखिन्छ।

अहिले हाम्रो पहिचान नेपाली भनेर हुन्छ भने पहिला बेलायत र भारतले पनि नेपालीलाई गोरखाली भनेर चिन्दथ्यो। त्यसो भएर ब्रिटिस इन्डियाका समयमा गोर्खाली रेजिमेन्ट, गोरखाली पल्टन स्थापना गरे।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

भारतका विभिन्न भागमा खासगरी दार्जिलिङ, सक्किम र भारतका विभिन्न ठाउँमा जहाँ नेपाली बस्ती रहेका छन् त्यहाँ उनीहरू आफूलाई गोरखाली भनेर चिनाउन बढी मन पराउँछन्। नेपाली रहनसहन र संस्कृतिलाई पनि गोरखाली भनेर चिनाउँछन्। नेपालमा पनि गोर्खा, गोरखाली, गोरखापत्र, गोरखाभाषा र गोरखाली संस्कृति यी शब्द हाम्रो पहिचानसित जोडिएर प्रयोग भएका छन्। यो बडा रमाइलो कुरा छ यी सबै शब्द योगी गोरखनाथकै नामसित जोडिएका छन्। यसरी हाम्रो पहिचान योगी गोरखनाथ र उनको चिन्तन परम्परासित गाँसिएको छ।

नाथदर्शनको मूल चिन्तन प्राण, मन र बीजको अन्त:सम्बन्ध हो। प्राण (पवन या वायु, श्वास प्रश्वास) जबसम्म चञ्चल रहन्छ ,मन चञ्चल रहन्छ जब मन चञ्चल रहन्छ बीज (शुक्र र रज) चञ्चल रहन्छ त्यसैले प्राणायामको अभ्यास गरेर श्वास प्रश्वासलाई सन्तुलित र स्थिर गर्ने प्रयास गर्नुपर्छ जति जति वायु सन्तुलित र स्थिर हुन्छ त्यति त्यति मन र बीज सन्तुलित र स्थिर हुन्छ। समग्र चक्रसाधना र कुण्डलिनीको लक्ष्य प्राण, मन र पवनको संयम र स्थिरता त्यसमार्फत सूक्ष्म शरीरमा तल फर्केको शक्तिलाई विभिन्न शक्तिका केन्द्र (चक्र) हुँदै सहस्रारमा पुऱ्याएपछि साधकको शरीर अमर हुन्छ किनभने त्यहाँ सहस्रारको चन्द्रबाट अमृत टप्केको छ त्यसलाई खेचरी मुद्रामार्फत् साधकले पान गर्छ।

नाथयोग साधनामा गुरुलाई सर्वशक्तिमान् मानिन्छ। गुरुको निर्देशन नभई कुनै सिद्धि प्राप्त हुँदैन त्यसैले दीक्षाको ठूलो महत्त्व छ। गोरखनाथको सि.सि.प. अनुसार गुरु स्वयं साधनामार्फत सिद्ध भएपछि मात्र शिष्य बनाउनुपर्छ, शिष्यमा आवश्यकता अनुरूप शक्ति निपात गर्न नसक्नेले शिष्य बनाउनु हुँदैन। नाथदर्शनमा गुरु, दीक्षा र शक्तिपातको धारणाको अति महत्त्वपूर्ण स्थान रहेको छ। नाथदर्शनअनुसार सिद्ध गुरुको निर्देशनमा गरिने योगसाधनाले प्रतिवर्ष साधकको शरीरमा उपलब्धिका लक्षण देखा पर्छन् र यसरी गुरुको निर्देशनमा १२ वर्ष साधना पूरा गर्दा ऊ स्वयं शिव बन्दछ, सम्पूर्ण सिद्धि उसको नियन्त्रणमा हुन्छन्। नाथदर्शनअनुसार गरिने साधनाले साधकको शरीरका प्रत्येक अङ्ग वज्रजस्ता बलिया हुन्छन् त्यसैले साधक वज्रकाय बन्छ। साधकले टाढाको वाणी सुन्न सक्ने, टाढाको दृश्य देख्न सक्ने, अरूका मनका विचार पढ्न सक्ने हुन्छ। सबै दृष्टिले ऊ सक्षम महामानव, महायोगी र सिद्ध बन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

# सन्दर्भ ग्रन्थसूची

अधिकारी, सूर्यमणि (वि.स.२०४३). *पश्चिम नेपालको ऐतिहासिक अन्वेषण.* कीर्तिपुरः नेपाल र एसियाली अनुसन्धान केन्द्र, त्रि.वि. ।

आचार्य, वावुराम (वि.स.२०२४). *श्री ५ महाराजाधिराज पृथ्वीनारायण शाहको सङ्क्षिप्त जीवनी, भाग ३.* काठमाडौँ: श्री ५ महाराजधिराजको प्रेस सचिवालय, राजदरवार ।

अवेद्यनाथ, महन्त (२०६४). "आशीर्वचन" **हठयोग : स्वरूप एवं साधना**. गोरखपुरः श्री गोरखनाथ मन्दिर ।

आर.जी.भण्डारकर (१९१३). *वैष्णविज्म,शैविज्म एन्ड माइनर रेलिजस् सिस्टम* , स्ट्रेसवर्ग ।

उपाध्याय, नागेन्द्रनाथ (२००९). *गोरखनाथ नाथ सम्प्रदाय के परिप्रेक्ष्य में* द्वितीय संस्करण. वाराणसीः विश्वविद्यालय प्रकाशन ।

ओशो .(२०१०). *डाइ ओ योगी डाइ.* नयाँ दिल्ली: फुल सर्कल पब्लिसिङ ।

कविराज, गोपीनाथ (सम्पा.१९२५). *गोरक्षसिद्धान्तसंग्रह* . वनारस: गवर्नमेंट संस्कृत लाईब्रेरी ।

कविराज, गोपीनाथ (१९९०)."फिलसफी अफ् द नाथस्." *सेलेक्टेड राइटिङस् अफ् एम्एम् गोपीनाथ कविराज.* १५९-६४. वाराणसी: माता आनन्दमयी आश्रम ।

कविराज, गोपीनाथ (१९८७)."सम् आस्पेक्टस् अफ् द हिस्ट्री एन्ड डक्ट्रिन्स अफ् द नाथ्स्." *नोट्स अन् रिलिजन् एन्ड फिलसफी.* सम्पा.गौरीनाथ शास्त्री, ५६-५९.वाराणसी: सम्पूर्णानन्द संस्कृत युनिभर्सिटी ।

कुँवर, धनवहादुर (वि.सं.२०६५). *काठमाडौं उपत्यकाका कुसले जातिको सामाजिक तथा धार्मिक जीवन र परिवर्तनका स्वरूपहरू* (अप्रकाशित शोधप्रवन्ध). कीर्तिपुरः मानिविकी तथा सामाजिक शास्त्र संकाय, त्रि.वि.।

क्रुक, डब्ल्यु (१९७५). *द ट्राइब्स एन्ड कास्टस् अफ् द नर्थवेस्टर्न प्रविन्सेस्.* दिल्ली: कस्मो, (प्रथम संस्क.१८९६) ।

खनाल, मोहनप्रसाद (२०७०). *नेपाली भाषाका हजार वर्ष.*(दोस्रो संस्क.) काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

गीता प्रेस (सन् २०१७). *हनुमान चालिसा* , गोरखपुर : गीताप्रेस ।

गुरुङ, जंगमान (वि.सं.२०६७). *गण्डकी प्रस्रवण क्षेत्रको सांस्कृतिक सम्पदा.* काठमाडौँ : पश्चिमाञ्चल विकास मञ्च ।

गोरखनाथ (वि.स.२०७७). *सिद्धसिद्धान्त पद्धति.* नेपाली अनुवाद. सिंहनाथ योगी (डा. कर्णवहादुर थापा). काठमाडौँ : इन्डिगो इन्क प्रा.लि. ।

गोरखनाथ (.२००३). *गोरखवाणी.* सम्पादित. बडथ्याल, पीताम्वर. प्रयाग : हिन्दी साहित्य सम्मेलन ।

गौड, रामदास (१९९३). *हिन्दुत्व (हिन्दू धर्मकोश).* पुनर्मुद्रित संस्करण वाराणसी : ज्ञानमण्डल लिमिटेड

गौतम, भूमिराज (२०६९). "नाथ सम्प्रदाय र सिद्ध रतननाथः एक परिचय" *मिलनविन्दु.* काठमाडौँ : राष्ट्रिय सांस्कृतिक अध्ययन केन्द्र, ने.सं.वि. ।

घुरे, जी. एस्. (१९५२). *कास्ट एन्ड क्लास इन इन्डिया.* न्युयोर्क : फिलसफिकल लाइब्रेरी ।

घुरे, जी. एस्. (१९५३). *द इन्डियन साधुज्.* बाम्वे :द पपुलर वुक्स डिपो ।

चतुर्वेदी, परशुराम (२००८). *उत्तर भारतकी सन्त परम्परा.* प्रयाग : भारती भण्डार ।

चापागाईं, विश्वनाथ (२०६७) *श्री गुरु गोरखनाथ महिमा.* काठमाडौँ : गुठी संस्थान ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu


चालिसे चक्रपाणि. (१९०१) *सन्. श्री मत्स्येन्द्रनाथको कथा* .बनारस : प्रभाकरी कम्पनी ।

जोशी, सत्यमोहन. (वि.सं. २०३९, *तेस्रो संस्करण २०७२). नेपाली चाडपर्व.* ललितपुर : साझा प्रकाशन ।

ज्ञवाली, अर्जुन. (वि.सं.२०७६). *महायोगी गुरु गोरखनाथ : अवतरण र नेपाल एकीकरण.* काठमाडौँ : ब्रदर बुक्स, ।

ज्ञवाली, अर्जुन (वि.सं.२०७७). *महायोगी गुरु गोरखनाथ र नेपाल.* काठमाडौँ : इन्डिगो इन्क प्रा.लि. ।

ज्ञवाली, अर्जुन (वि.सं २०७८). *गोरखनाथ दर्शन* . काठमाडौँ : ब्रदर बुक्स ।

टण्डन, गोविन्द (वि.सं.२०५६).पशुपतिक्षेत्रको सांस्कृतिक अध्ययन भाग १ र २

थापा, डम्वरजंग (वि.सं.२०६२). *महामहेश्वर महायोगी गुरु गोरक्षनाथजी का महिमा एवं परम्पराका इतिहास.* सुश्री सीतामैयासिंह थापा ।

दासगुप्त, शशिभूषण (वि.सं.१९४६). *अब्स्क्योर रिलिजस् कल्ट्स.* युनिभर्सिटी अफ् कलकटा ।

देवकोटा, रत्नाकर (वि.सं.२०५१). *कर्णाली अञ्चलका प्रमुख धार्मिक र सांस्कृतिक स्थलहरू.* काठमाडौँ : नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठान ।

द्विवेदी, हजारी प्रसाद (सम्पा.२०१४). *नाथसिद्धों की बानियाँ.* प्रथम संस्करण, काशी : नागरी प्रचारिणी सभा ।

द्विवेदी, हजारी प्रसाद (१९५०). *नाथ सम्प्रदाय.* इलाहाबाद : हिन्दुस्तानी अकादमी ।

धमला, थर्कप्रसाद (वि.सं. २०७४). *नेपालमा नाथयोग परम्परा.* विद्यावारिधि शोधप्रवन्ध. नेपाल संस्कृत विश्वविद्यालय ।

नर्दी, डब्ल्यु ब्रुक् एन्ड मोरिस् सी जी (१९२८). *द गुर्खाज्* . लन्डन : वड्ली हेड लिमिटेड ।

नर्दी, डब्ल्यु ब्रुक्.(वि.सं.१९९८) *द ल्यान्ड अफ् द गुर्खाज् अर् द हिमालयन किङ्डम अफ् नेपाल.* दिल्ली, मद्रास : एसियन सर्भिस एडुकेसनलज् ।

पाठक, वी.एस्. (वि.सं.१९६०) *शैव कल्ट्स इन नादर्न इंडिया.* वाराणसी : मोतीलाल वनारसीदास ।

पाण्डे, रामनिवास (२०३५) "पश्चिम नेपालको शैवशाक्त परम्परा" *नेपाली संगोष्ठी -२०३२.* तुलसी दिवस (संयोजक) काठमाडौँ : नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठान ।

वडथ्याल, पीताम्वर (सम्पा.२००३). *गोरखबानी.* प्रयाग : हिन्दी साहित्य सम्मेलन ।

बुलिअर्, भेरोनिक् (२०१६). मोनास्टिक वान्डेरर्स : *नाथयोगी असेटिक्स इन् मडर्न साउथ एसिया.* दिल्ली : मनोहर पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स ।

बुलियर, भेरोनिक्, *द नेपलिज् स्टेट एन्ड गोरखनाथी योगिज् : द केस अफ् द फर्मर किङ्डमज् अफ् दाङ भ्याली* : १८-१९थ सेन्चुरिज्

ब्रिग्स, जर्ज वेस्टन. (१९३८, ८ औं पुनर्मुद्रण २०१६) *गोरखनाथ एन्ड द कनफटा योगिज्.* मोतीलाल बनारसीदास पब्लिसर्स ।

भट्टराई, घटराज (वि.सं.२०६७). *नेपालका धार्मिक स्थलहरू.* काठमाडौँ : विद्यार्थी पुस्तक पसल ।

भण्डारी, देवीप्रसाद (वि.सं.२०२५). *श्री ५ पृथ्वीनारायण शाहदेवको उपदेश.* ललितपुर : जगदम्वा प्रकाशन ।

मत्स्येन्द्रनाथ. २००९. *कौलज्ञाननिर्णय भाग १ र २. द्विवेदी, श्यामाकान्त (हिन्दी व्याख्या).* वाराणसी : चौखम्वा कृष्णदास अकादमी ।

मल्लिक, कल्याणी. (१९५०). *नाथ सम्प्रदायेर इतिहास, दर्शन ओ साधना प्रणाली.* कलकत्ता विश्वविद्यालय, ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu


मानन्धर, जितबहादुर. (२०४६). *विरञ्चि नारायण* . काठमाडौँ : लेखक स्वयम् ।

मौक्तिकनाथ योगी (वि.सं.२०२२). *नवनाथ कथा तथा भैरवनाथावतारकथा.* सम्पादक. योगी नरहरिनाथ. काशी : गोरक्षटिल्ला, ।

योगीराज मत्स्येन्द्रनाथ.(२००९). *कौलज्ञाननिर्णय, भाग १, २.* वाराणसी : चौखम्वा कृष्णदास अकादमी, ।

योगी, दिलीपनाथ (वि.सं.२०७२). *श्री नवनाथ जीवनी.* काठमाडौँ : श्री गणेश सम्झना प्रिन्टिङ प्रेस ।

योगी, दिलीपनाथ (वि.सं.२०६४). *श्रीनाथ विधि,* काठमाडौँ : विदुर खड्का र अश्विनीकुमार नाथ ।

योगी, नरहरिनाथ (वि.सं. २०१०) *संस्कृत सन्देश,* वर्ष १, अङ्क ६

योगी, नरहरिनाथ. (वि.सं.२०१३) *इतिहास प्रकाश,* अङ्क २, भाग १. काठमाडौँ : इतिहास प्रकाशन संघ

योगी, नरहरिनाथ (वि.सं. २०१३). *सिद्धरत्ननाथ.* दाङ : चौघेरा ।

योगी, नरहरिनाथ (वि.सं. १९८३) (अनु.). *मत्स्येन्द्रपद्यशतकम्.* काठमाडौँ : देवीमान सिंह बस्न्यात, तिलङ्गा भवन ।

योगी, नरहरिनाथ.(वि.सं. २०२२) *इतिहास प्रकाशमा सन्धिपत्र संग्रह.* भाग १. काठमाडौँ : इतिहास प्रकाश संघ ।

योगी, नरहरिनाथ. (सम्पादित) (वि.सं. २०२०) *योगी वंशावली भाग १. गोरक्षग्रन्थमाला.* पुष्प ९० काशी : योगप्रचारिणी गोरक्षटिल्ला ।

योगी, नरहरिनाथ (२०२१). *गोरखा वंशावली.* गोरक्षग्रन्थमाला ८७, काशी ।

योगी ,नरहरिनाथ (२०१३).देवमाला वंशावली, काठमाडौँ : क्षिप्रानाथ योगी ।

योगी, नरहरिनाथ. (सम्पादन) (वि.सं. २०२२). *श्रीनाथ नित्यकर्म भाग १.* काशी : योगप्रचारिणी गोरक्षटिल्ला ।

योगी, नरहरिनाथ (२०१६). *रत्नबोध.* काशी : योगप्रचारिणी ।

योगी, नरहरिनाथ (२०२५). *नवनाथ चौरासी सिद्ध.* वाराणसी : राष्ट्रिय प्रेस ।

योगी, विलासनाथ (२०६६). *नवनाथ (चरित्र दर्शन र साक्षात्कार विधि).* हरियाणा : श्री वाबा मस्तनाथ मठ, रोहतक ।

योगी, विलासनाथ (२००६). *श्री नाथ सिद्ध पाठ.* हरियाणा : श्री वावा मस्तनाथ मठ अस्थल वोहर ।

योगी, विलासनाथ (२०६९). *श्रीनाथ रहस्य (खण्ड १, २ र ३).* हरिद्वार : अखिल भारतवर्षीय अवधूत भेष वाह्रपन्थ, योगी महासभा, गोरक्षनाथ मन्दिर, अपर रोड ।

योगी, सिंहनाथ (कर्णबहादुर थापा) (२०७७ अनु.सम्पा.) *सिद्धसिद्धान्तपद्धति.* काठमाडौँ : इन्डिगो इन्क ।

योगी, चिन्तामणि (२०६४)."गुरु गोरखनाथ र उहाँका शिष्य" *गोरक्ष निखिल वाणी.* वर्ष ८ अङ्क १२ पूर्णाङ्क ९६ ।

राई, नोवलकिशोर राई, नेत्रमणि दुमी (२०७३). *जोसमनी धर्म सम्प्रदाय र दर्शन.* काठमाडौँ : नेपाल प्रज्ञा–प्रतिष्ठान ।

राघव, राघवेन्द्र शर्मा (२००६). *शिवसंहिता योगशास्त्रम्.* दिल्ली : चौखम्वा संस्कृत प्रतिष्ठान ।

राघव, राघवेन्द्र शर्मा (अनु.२००४). *श्रीघेरण्डसंहिता.* दिल्ली : चौखम्वा संस्कृत प्रतिष्ठान ।

राजवंशी, शंकरनाथ. "काठमाडौँ मल्लकालको ऐतिहासिक पत्र, वि.सं. १६२४ को महेन्द्र मल्लका पालामा पद्मनाथले राखेको ताम्रपात्र", *प्राचीन नेपाल.* संख्या २०, वि.सं. २०२९ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

लम्साल, देवीप्रसाद (सम्पा.). (वि.सं. २०२३) *भाषावंशावली.* काठमाडौं : नेपाल राष्ट्रिय पुस्तकालय ।

लेच, निल्स ज्याकोब (२०१८). (सम्पा.) *द गोरक्षयोगशास्त्र.*

वज्राचार्य, धनवज्र र मल्ल, के.पी. (सम्पा.) (१९८५). *गोपालवंशावली.* काठमाडौं : नेपाल रिसर्च सेन्टर ।

वज्राचार्य, धनवज्र .(वि.सं.२०५६) .(सम्पा.). *पूर्वमध्यकालका अभिलेख.* कीर्तिपुर : नेपाल र एसियाली केन्द्र, त्रि.वि.।

शर्मा, जनकलाल (वि.सं.२०२०/२०५२). *जोसमनी सन्तपरम्परा* र साहित्य, ललितपुर : साझा प्रकाशन ।

शर्मा, डिल्लीराम (वि.सं.२०६०). *गण्डकी प्रस्रवण क्षेत्रको सांस्कृतिक सम्पदा : कला र वास्तुकला.* काठमाडौं : नेपाल र एसियाली अनुसन्धान केन्द्र ।

शर्मा, ऐश्वर्यधर (वि.सं.२०४५). "जातिमाला" *स्वस्थानी (व्रतकथा).* परिशिष्ट ,काठमाडौं ।

सिद्ध रत्ननाथ (वि.सं.२०१३). *अनुवादक सम्पादक योगी नरहरिनाथ. पिर. चन्द्रनाथ.* दाङ : सिद्धरत्ननाथ मठ, चौघरा ।

सिंह, मोहन (१९३७). *गोरखनाथ एन्ड मेडिएभल हिन्दु मिस्टिसिज्म.* लाहोर : ओरियन्टल कलेज ।

स्लसर, मेरी सेफर्ड, (वि.सं.१९८२). *नेपाल मन्डल: अ कल्चरल स्टडी अफ् द काठमान्डू भ्याली,* भोलुम् १ .न्यु जेरसी : प्रिन्स्टन् विश्वविद्यालय प्रेस ।

स्वात्माराम (१९९८). *हठयोगप्रदीपिका* . मुङ्गेर, विहार : बिहार स्कुल अफ् योग, पुनर्मुद्रण ।

ह्वाइट, डेभिड गोर्डन (१९९६). *द अल्केमिकल बडी : सिद्ध ट्रेडिसनस् इन् मेडिएभल इन्डिया,* सिकागो : युनिभर्सिटी अफ् सिकागो ।

ह्वाइट, डेभिड गोर्डन (२०००). "तन्त्र इन् प्राक्टिस : म्यापिड अ ट्रेडिसन्" *तन्त्र इन् प्राक्टिस.* ह्वाइट, डेभिड गोर्डन, ३-३८. (सम्पा.). प्रिन्स्टन यूनिभर्सिटी प्रेस ।

ह्वाइट, डेभिड गोर्डन "ह्वाइ गुरुज् आर् हेभी." *नुमेन, भोल्.* ३१, १ (१९८४), ४०-७३. हसन, सैयद सिरज उल् (प्रथम संस्करण १९२०, १९८९). द कास्ट एन्ड ट्राइब्स् अफ् एच् इ एच् द निजाम्स डोमिनियन्स्, दिल्ली एन् एडुकेसनल् सर्भिस् ।

B 24-44 (Gorakṣayogaśāstra) . ngmcp (uni.hamburg.de)

The_Gorakayogasastra_An_Early_Text_of_H.pdf

The Gorakṣayogaśāstra: An Early Text of Haṭhayoga Nils Jacob Liersch Email: nilsliersch@web.de 08.06.2018

http://oshosearch.net/Convert/Articles_Osho/Death_is_Divine/Osho-Death-is-Divine-00000001.html

https://yogendranathyogi.blogspot.com/2010/12/natha-panth-twelve-panthas.html "Yogendra Nath Yogi: Nātha Paṇth-Twelve Panthas" .

Yogi+Naraharinath+Pustakalaya+.jpg (914×1600) (bp.blogspot.com)

yogi naraharinath -Search (bing.com)

571 valuable books of Yogi Naraharinath collected -myRepublica -The New York Times Partner, Latest news of Nepal in English, Latest News Articles (nagariknetwork.com)

http://enfO{lding.org/wikis-4/tantra-wikiwikis-4tantra-wiki/tantra-glossary/natha/natha-history/

CC-0. Nepal Sanskrit Academy, Kathmandu

# परिशिष्ट

**परिशिष्ट एक**

## महत्त्वपूर्ण पारिभाषिक शब्दहरू

नाथ साहित्यमा पटकपटक प्रयोग भएका केही मुख्य पारिभाषिक शब्दहरूको व्याख्या तल दिइएको छ ।

| | |
|---|---|
| अलख | अदृश्य, सर्वात्मक सत्ता |
| अखण्ड धूना | परापूर्वकालदेखि निरन्तर रूपमा जल्दै आएको जोगीहरूको धुनी |
| अन्तर्मुखी | भित्री लक्ष्यमा ध्यान गर्ने साधक |
| अम्बर | आकाश |
| अवधूत | सन्यासी नाथ योगी<br>सबै खाले प्रपञ्चमा अनासक्त, परम सिद्ध, महायोगी |
| अपवर्ग | मुक्ति/ मोक्ष |
| अपराविद्या | संसारका विभिन्न विषयवस्तुको ज्ञान दिने विद्या |
| अमरोली क्रिया/साधना : | तान्त्रिक साधना, कापालिक योगीहरूले मूत्राधारको मध्यभागको मूत्रलाई<br>पिउने र शरीरमा मालिस गर्ने साधना |
| असङ्ग | अनासक्त, फलको आशा नराखी काम गर्ने व्यक्ति |
| अश्विनी मुद्रा | गुदालाई सङ्कुचन गर्ने साधना जसका कारण अपान वायु माथितिर प्रवाहित |
| अष्टसिद्धि | सिद्धहरूले प्राप्त गर्ने आठ प्रकारका शक्तिहरू : अणिमा, महिमा, लघिमा,<br>गरिमा, प्राप्ति, प्राकाम्य, वशित्व, ईशित्व । |
| अक्षर | नाश नहुने अविनाशी |
| आकाशी मुद्रा | दुवै आँखाले आकाशतिर हेर्ने साधना |
| आकाशवृत्ति | कसैसँग केही न मागी जे प्राप्त हुन्छ त्यसैमा सन्तुष्ट रहनु |
| आदेश | नाथयोगीहरूले अभिवादनका लागि प्रयोग गर्ने शब्द |
| आसन | निश्चित शरीरको मुद्रामा बस्नु (पद्मासन, सिद्ध आसन) |
| ईशित्व | आफूले चाहेको बेला कुनै वस्तुको सृष्ट र विनाश गर्ने सिद्धि/क्षमता |

CC-0. Nepal Sanskrit Academy, Kathmandu

| | |
|---|---|
| उल्टावम्शी | यसलाई हठयोग साधनामा उल्टा साधना पनि भनिएको छ । मूलाधारमा रहेको बिन्दुलाई सहस्रारचक्रमा पुऱ्याउनका लागि गरिने योग साधना खासगरी कुण्डलिनी साधना । |
| ऊर्ध्वरिता | मूलाधारबाट रज या वीर्यलाई सहस्रारतिर फर्काउने प्रयास गर्ने योगी |
| उद्गीथ | ॐकार या ॐ |
| ऋतम् | अपरिवर्त्य सत्य (यसैबाट ऋतु) |
| ॐ/ॐकार | वेदहरूको सार सूक्ष्मवेद |
| औघड | गृहस्थ नाथयोगी |
| कन्दस्थान | मूलाधार र मणिपुरको बिचमा रहेको १२ इञ्च अग्लो र ४ इञ्च चौडा ग्रन्थि जो सबै नाडीहरूको स्रोत हो |
| कथनी करनी | जे शब्दमा भनिन्छ त्यसै अनुरूप व्यवहार गर्नु |
| कं | जल, पानी |
| काया | शरीर |
| क्रियायोग | कुण्डलिनी योगको अभ्यास पक्ष क्रियायोग हो |
| कुम्भक | श्वास रोक्ने, वायु शरीरमा रोकेर राख्ने साधना |
| कुण्डलिनी शक्ति | मूलाधारचक्रमा निष्क्रिय अवस्थामा रहेको शक्ति/ऊर्जा, जागृत भएपछि सुषुम्ना नाडी मार्फत ऊर्ध्व गतिमा सहस्रारचक्रतर्फ प्रवाहित हुन्छ |
| कुण्डलिनी योग | मूलाधारचक्रमा निष्क्रिय अवस्थामा रहेको शक्ति/ऊर्जालाई जगाउने दर्शन र सोकालागि गरिने साधना / अभ्यास |
| कैवल्य | परमतत्त्वसित एकात्मकता, वैराग्य, स्वतन्त्रता |
| खं | आकाश, ब्रह्म |
| ग्रन्थि | गाँठो |
| गुरु | अन्धकार हटाएर उज्यालो दिने व्यक्ति |
| गोरख धन्धा | गोरखनाथको साधनामा अति धेरै योग, क्रिया, मुद्रा, साबर तन्त्र मन्त्र र यन्त्र रहेकाले ती सबलाई सङ्केत गर्ने अभिव्यक्ति |
| गोरक्ष गायत्री | नाथपरम्परामा अति महत्त्वपूर्ण मानिने र |

CC-0. Nepal Sanskrit Academy, Kathmandu

| | |
|---|---|
| | नाथहरूका बाह्र पन्थका सबै अनुयायीले स्मरण गर्नुपर्ने १८ प्रश्नोत्तर |
| गौ | गाई, इन्द्रिय, पृथ्वी |
| चन्द्र नाडी | इडानाडी (बायाँ नासिका) |
| झुण्डी | कुम्भ मेलाका अवसरमा नाथयोगीहरूले पात्र देवता लिएर गर्ने सामूहिक कार्य |
| तन्मात्रा | आकाश, वायु, अग्नि, जल र पृथ्वी यी पाँच महाभूतका सूक्ष्म विशेषता शब्द, स्पर्श, रूप, रस र गन्ध |
| दादा गुरु | गुरुको पनि गुरु |
| दोष | शरीरका तीन विकारहरू कफ, वात र पित्त |
| दृढकाया /पक्वकाया | योगसाधनाले बलियो बनेको शरीर |
| धारणा | धेरै वस्तुहरूबाट चित्तलाई एक वस्तु या चीजमा केन्द्रित गर्ने अभ्यास |
| ध्यान | सबै अन्य विषयवस्तु बिर्सेर लामो समयसम्म निरन्तररूपमा एउटै वस्तु वा विषयमा केन्द्रित हुने अवस्था |
| नाथयोगी | मत्स्येन्द्रनाथ र गोरखनाथपरम्परा मान्ने सन्न्यासी र गृहस्थी दुवैथरी योगी |
| नाद | ध्वनि, शब्द, मन्त्र |
| नाद परम्परा | मन्त्र दिएर बनेको परम्परा, गुरु शिष्य परम्परा |
| नाद साधना | योग साधनाको एउटा प्रकार जसमा मनलाई बाह्य एवं आन्तसिक ध्वनि सुन्नमा केन्द्रित गर्ने साधना |
| नासाग्र दृष्टि | एकटक लगाएर नाकको टुप्पोलाई हेर्नु र ध्यान केन्द्रित गर्नु |
| निवृत्तिमार्ग | अनाशक्ति, मुक्तिको बाटो |
| निरञ्जन | निर्मल, शुद्ध ,पवित्र |
| निराकार | निश्चित स्वरूप न भएको |
| पञ्च तत्त्व /महाभूत | आकाश, वायु, अग्नि, जल र पृथ्वी |
| पञ्च प्राण/वायु | प्राण, अपान, समान, उदान र व्यान |
| पञ्च उपप्राण | नाग, कूर्म, कृकल, देवदत्त र धनञ्जय |
| पञ्च ज्ञानेन्द्रिय | आँखा, कान, नाक, जिब्रो र छाला |
| पञ्च कर्मेन्द्रिय | हात, खुट्टा, मुख, गुदा, जननेन्द्रिय |
| पञ्चकोश | अन्नमय, प्राणमय, मनोमय, विज्ञानमय, आनन्दमय |

CC-0. Nepal Sanskrit Academy, Kathmandu

| | |
|---|---|
| पञ्चमकार | मासु, मदिरा, माछा, मुद्रा र मैथुन |
| परिग्रह | चाहिने भन्दा बढी वस्तु सङ्कलन गर्ने प्रवृत्ति |
| पराविद्या | अविनाशी तत्त्वको ज्ञान दिने विद्या |
| पूरक | वायु शरीर भित्र जाने |
| पोता चेला | चेलाको पनि चेला |
| प्रवृत्तिमार्ग | माया मोह र आशक्तिको बाटो |
| प्राण | वायु/पवन |
| प्राणायाम | वायु नाक मुखबाट शरीर भित्र जानु र बाहिर आउने प्रक्रिया |
| फक्कड | त्यागी, पूर्ण वैरागी योगी |
| बन्ध | योगसाधनामा शरीरका अङ्गहरू मांशपेशीलाई सङ्कुचन गरेर ऊर्जालाई भित्र राख्ने अभ्यास जस्तै, मूलबन्ध, जालन्धर बन्ध र उड्डियान बन्ध |
| ब्रह्म नाडी | सुषुम्ना नाडी |
| ब्रह्म ग्रन्थि | मूलाधार चक्रमा अवस्थित ग्रन्थि |
| बिष्णु ग्रन्थि | अनाहत चक्रमा अवस्थित ग्रन्थि |
| भ्रामरी प्राणायाम | श्वासलाई भ्रमरको जस्तो आवाजका साथ बाहिर फाल्ने |
| मन्त्रदीक्षा | मन्त्र दिएर शिष्य बनाउनु |
| मुमुक्षु | मोक्षको चाहने राख्ने व्यक्ति |
| योगी | योगसाधनालाई जीवनको आधार र लक्ष्य मान्ने व्यक्ति |
| रुद्र ग्रन्थि | आज्ञाचक्रमा अवस्थित ग्रन्थि |
| रेचक | वायु बाहिर जाने /फ्याँक्ने |
| बिन्दु | रज या वीर्य |
| बिन्दु परम्परा | रज र वीर्यको सम्बन्धबाट चलेको पितापुत्रपरम्परा |
| बिन्दु साधना | रज वा वीर्यलाई नियन्त्रण गर्ने र कुण्डलिनी जगाएर शरीरको माथिल्लो भागमा तान्ने साधना |
| सगर्भ प्राणायाम | मन्त्र उच्चारणका साथ गरिने प्राणायाम |
| सिद्ध | योग साधनाबाट सिद्धि प्राप्त गरेको योगी |
| सर्पिणी/भुजङ्गिनी | कुण्डलिनी शक्ति |
| सूर्य नाडी | पिङ्गला नाडी (दाहिने नासिका) |
| शाम्भवी मुद्रा | दुई आँखाबिचको भृकुटीमा दृष्टि केन्द्रित गर्ने अभ्यास |

CC-0. Nepal Sanskrit Academy, Kathmandu

| | |
|---|---|
| षट्कर्म | शरीर शुद्धिका छ कर्महरू : धौती, नेति, वस्ती, नौली, त्राटक र कपालभाती |
| षडङ्ग | अष्टाङ्गको ठाउँमा नाथयोगले स्वीकारेका षडङ्ग हुन्: आसन, प्राणायाम, प्रत्याहार, धारणा, ध्यान र समाधि |
| शक्तिपात | गुरुले योगबलले विशेषगरी स्पर्श गरेर शिष्यलाई शक्ति प्रदान |
| रहनी सहनी | संयमी भएर आचरण रहने (खासगरी योगीहरू) तीर्थयात्रा |
| भण्डार कर्म | नाथहरूको भान्सा या भण्डारमा श्री गणेश र अन्नपूर्ण माताको पूजापाठलाई भणडरा कर्म भनिन्छ । |
| भेष भगवान् | सबै नाथका इष्ट देवता या योगी महासभा |
| योगारुढ | योगसाधनाको उच्च तहमा अवस्थित योगसाधक |
| राजयोग | ध्यानयोग |
| प्रत्याहार | बाहिर दौडिने चित्तलाई भित्रतिर फर्काउने अभ्यास |
| संवित् | कुनै विषयको राम्रो जानकारी हुनु या सूक्ष्म ज्ञान हुनु |
| साध्या | नारीलाई योग साधनाको माध्यमका रूपमा स्विकार्ने तान्त्रिक परिपाटी |
| क्षेत्र | २४ तत्त्वको समष्टिरूप शरीर या ब्रह्माण्ड |
| क्षेत्रज्ञ | शरीर बुझ्ने र सञ्चालन गर्ने चेतना या ब्रह्माण्ड सञ्चालन गर्ने समष्टि चेतना |
| क्षर | नाशवान् |
| योनिमुद्रा | हातको एउटा विशिष्ट मुद्रा, योग साधनामा हातका औंलाहरूले मुखमा रहेको सात प्वालहरू थुन्ने साधना |
| व्युत्क्रम कपालभाति | नाकको प्वालबाट पानी तानेर मुखबाट फाल्ने |
| वशित्व | जीव र निर्जीव दुवैलाई आफ्नो अधीनमा राख्ने सिद्धि/क्षमता |

CC-0. Nepal Sanskrit Academy, Kathmandu

## परिशिष्ट दुईः सिद्धहरूको नाथ र बौद्ध सिद्धसूची

### सूची १ .हठयोगप्रदीपिका प्रथम उपदेश श्लोक ५-९ अनुसार

| | | | | |
|---|---|---|---|---|
| आदिनाथ | मत्स्येन्द्रनाथ | शाबरानंद | भैरव | चौरंगी |
| मीन | गोरक्ष | विरूपाक्ष | विलेशय | मंथान भैरव |
| सिद्धिबुद्ध | कंथडि | कोरंटक | सुरानन्द | सिद्धिपाद |
| चर्पटि | कानेरी | पूज्यपाद | नित्यनाथ | निरंजन |
| कपाली | बिन्दुनाथ | काकचंडीश्वर | आलाम, | प्रभुदेव, |
| घोडाचोली | टिंटिणी | भानुकी | नारदेव | खंड कापालिक |

(३० नाम,उपाध्याय पृ.१२-१३)

### सूची नम्बर २ वर्णरत्नाकर सप्तम कल्लोल ,चौरासी सिद्ध वर्णनानुसार

| | | | | |
|---|---|---|---|---|
| सीलनाथ (मीननाथ?) | गोरक्षणाथ | चौरंगानाथ | चामारीणाथ | तंतिपा |
| हलिपा | केदारिपा | ढोंगपा | दारिपा | विरूपा |
| कपाली | कमारी | कान्ह | क्नखल | मेषल |
| उन्मन | कांतलि | धोबी | जानन्धर | डोंगी |
| मवह (सरह) | नागार्जुन | दौली | भिषणि | अचिति |
| चंपक | मेदिनि | चेंटस | भूसुरी | धाकालि |
| कूजी | चर्पटी | भादे | चांदन | कामारि |
| करवत | धर्मपापतंग | भद्र, | पतलिभद | पालिहिह |
| भांड | मीनो | निर्दय | सबर | सांति |
| भर्तृहरि | भीसन | भटी | गगणपा | गमरा |
| मेंडरा | कुमारी | जीवन | अधोसाधर | गिरिवर |
| सोयारी | नागवालि | धिभरह | सारङ, | विविकिधज |
| मंगरधज | अचिंत | विचित | नेवक | चाटल |
| नायन, | भीला | पाहिल, | पासल, | कमल |
| कंगारी | चिपिल | गोविंद | भीम | भैरव |
| भद्रमारी | भूरुकुटी उचरासी सिद्ध | | | |

(७७ नाम,उपाध्याय पृ.१३-१४)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

सूची नम्बर ३ ससक्य विहारको ८४ बौद्धसिद्धहरूको सूची

| | | | | |
|---|---|---|---|---|
| लुइपा | लिलापा | विरूपा | डोबिपा | सरहपा |
| सरहपा | कंकालिपा | मीनपा | गोरक्षपा | चौरंगिपा |
| वीणापा | शान्तिपा / रत्नाकर | तंतिपा | चमरिपा | खड्गपा |
| नागार्जुन | कण्हपा / चर्यपा | कर्णरिपा / आर्यदेव | थगनपा | नरोपा |
| शालिपा | तिलोपा | क्षत्रपा | भद्रपा | दोखंधिपा |
| अजोगिनपा | कालपा | धोंभिपा | कंकणपा | कमरिपा / कंबलपा |
| डेंगिपा | भदेपा | तंधेपा | कुकुरिपा | कुचिपा |
| धर्मपा | महिपा | अचिंतिपा | भ्लहपा | नलिनपा |
| भुसुकुपा | इन्द्रभूति | मेकोपा | कुठालिपा | कर्मरिपा |
| जालन्धरपा | राहुलपा | घर्बरिपा / धर्भरिपा | धोकरिपा | मेदिनिपा |
| पंकजपा | घंटपा | जोगिपा | चेलुकुपा | गुन्डरिपा |
| लुचिकपा | निर्गुणपा | जयानंत | चर्पटिपा | चंपकपा |
| भिखनपा | भलिपा | कुमारिपा | चवरिपा | मणिभद्रा (योगिनी) |
| मेखलपा (योगिनी) | कनखलापा (योगिनी) | कलकलपा | कंतालिपा | धहुलिपा |
| उधलिपा | कपालपा / कमलपा | किलपा | सागरपा | सर्वभक्षपा |
| नागबोधिपा | दारिकपा | पुतुलिपा | पनहपा / उपानहपा | कोकालिपा |
| अनंगपा | लक्ष्मीकरा (योगिनी) | समुदपा | भलिपा | |

(पुरातत्त्व निबन्धावली, पृ. १४६, १४८, १५४, उपाध्याय पृ. १५)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

नागेन्द्रनाथ उपाध्यायले तयारी गरेको सूची ४

| | | | | |
|---|---|---|---|---|
| मत्स्येन्द्रनाथ | गोरखनाथ | आदिनाथ | जालन्धरनाथ | चर्पटीनाथ |
| कानिफनाथ | चौरंगीनाथ | भतृहरिनाथ | गोपिचन्द्रनाथ | गैनिनाथ |
| उदयनाथ | सत्यनाथ | सन्तोषनाथ | रेवणनाथ | कंथलिनाथ |
| नागनाथ वा भागनाथ | कूर्मनाथ | विरूपाक्ष | निवृत्तिनाथ | ज्ञाननाथ |
| दण्डनाथ | भवनार्जि | नागार्जुन | विष्ण | ऋचलनाथ |
| गणेशनाथ | मयनावती | अडबंग | मवगलनाथ | प्राणनाथ |
| दत्तात्रेय | निरन्जनानाथ | जडभरत | भीमनाथ | शाबरानन्द |
| भैरव | विलेशय | मन्थान भैरव | कोंकण | अनङ्ग |
| ऋरुणाचलनाथ | सारंगधर. | मेघनाथ | सिद्धबुद्ध | कणिक |
| कार्त्तिकनाथ | गजकर्ण | औघड | एकनाथ | ओम्कारनाथ |
| गजबलि | अचलेश्वर | शेलनाथ | नथनाथ | सत्यामलनाथ |
| गैवीनाथ | गुप्तनाथ | उद्‌बोधनाथ | केशरिनाथ | शिवदिननाथ |
| नरहरिनाथ | लक्ष्मणनाथ | मल्हारनाथ | वुग्गानाथ | सुरतनाथ |
| कम्बलनाथ | धर्मनाथ | धुरन्धरनाथ | करनारिनाथ | दूरंतनाथ |
| गोदडनाथ | हरिश्चन्द्र | अवद्यनाथ | वैराग्यनाथ | कंथाधारीनाथ |
| मलयार्जुननाथ | सहस्रार्जुननाथ | देवदत्त | वशिष्ठ | हरिनाथ |
| कुलेश्वर | महेश्वर | सुखनाथ | पारिजातनाथ | विमलनाथ |
| कृशरनाथ | सुधाकरनाथ | भोजदेव | प्रजापति | कुलदेव |
| वृत्तिदेव | विघ्नेश्वर | हुताशन | निराकार | निर्विकल्प |
| निरामय | विधि | प्रकाश | विमर्श | आनन्द |
| पूर्ण | स्वमा | प्रतिमा | सुभग | घूगो |
| चम्भा | | | | |

(उपाध्याय २००९: २९,१०६)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

# परिशिष्ट तीन: दाङको रत्नपीठले निकालेको ४ पन्ने जानकारी

ऐतिहासिक [illegible] वृक्ष

ऐतिहासिक कुवा

बाला सुन्दरी देवी मन्दिर
अखण्ड धुना
दुर्गा देवी मन्दिर
ऐतिहासिक वटवृक्ष
सन्त निवास, सत्संग भवन
भजन मण्डप
गौशाला

## हाम्रो रत्न [illegible] पर्वहरु

### १. पीरफेरे मेला

यसको पौराणिक महत्व पीठाधिपति अर्थात पीठको मठाधीश चयन गर्ने विषयसँग महत्व राख्दछ । हरेक वर्ष विजया एकादशीका दिन अर्थात शिवरात्रीभन्दा दुई दिन अगाडि योगीहरुको सर्वसहमतिबाट आयाल ब्रह्मचारी, अविवाहित योगीलाई पीर मठाधीशका रुपमा एक वर्षका लागि चयन गरिन्छ। पीर फेर्ने भएको हुनाले पनि पीरफेरे नाम रहन गयो। यो अवसरमा मन्दिर परिसरमा भव्य मेला लाग्दछ। भक्तजनहरुको बाक्लो उपस्थिति रहन्छ। पीरफेरे मेला यहाँको ठूलो पर्व हो।

### २. गोरखनाथ देवता सिद्धरत्ननाथजीको भारत स्थित देवीपाटन धार्मिक यात्रा

हरेक वर्ष चैत्र शुक्ल पञ्चमीका दिनमा भारत स्थित देवीपाटन मन्दिर पुगि चैत्र दशमीसम्म पूजा अर्चना गर्ने [illegible] सवारी हुने धार्मिक परम्परा रहि आएको छ। यात्रा २३ दिनको हुन्छ। यो यात्राको परम्परा सिद्ध पीर योगी रत्ननाथजीले चलाउनु भएको हो। जुन परम्परा आजका दिनसम्म [illegible] रुपमा चलिरहेको छ। यसलाई देवीपाटन धार्मिक यात्रा पनि भनिन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

३. पात्रदेवताको महा स्नानपूजा

हरिबोधनी एकादशीका दिनमा रात्रिकालको समय पात्रदेवता भगवानलाई विभिन्न अमृतमय तिर्थको जल, हातले फलेको अखण्डदाना भएको चौध माना अक्षता, बेलको चन्दनको शिवलिङ्ग, बेलको चन्दनको बत्ती, बेलपत्र, श्रीखण्डको अत्तर, विभूति गाईको दुध, घ्यु, जौ, तिल, कुश सबै पवित्र सामाग्रीले पीरजीद्वारा गरिने महा पूजालाई महास्नान पूजा भनिन्छ। यस दिन पात्रदेवताको सर्वसाधारणका लागि खुला दर्शन बाहिरी पूजा गरिन्छ। यो पर्व पनि यस मठको शिवशक्तियुक्त परम्परा हो।

४. कालीरोटि महाभण्डारा पर्व

जनै पूर्णिमाका दिनमा पीर महाधिसको तर्फबाट योगी, भक्तजन सबै सबैको शान्ति, स्वस्ती कल्याण गर्ने हेतुले कालीरोटी महाभण्डारा लगाउने यहाँको यो दोश्रो ठूलो हो। पुत्रदा एकादशीका दिनदेखि शुरु भएर चार दिन चार रातसम्म अखण्ड रुपमा ५ मुरी भन्दा बढी पिठो त्यसैका साथमा त्यहि अनुपातमा घ्यु, भेली, सोफ, मरिचको मिश्रण गरेर बनाईएको एक विशेष प्रसादलाई कालिरोटी भनिन्छ। चार दिन चार रातसम्म अखण्डरुपमा दर्शनी योगीले बनाएको कालीरोटि प्रसाद जनै पूर्णिमाका दिन सबै सर्वसाधारणलाई वितरण गरिन्छ। जसमा विभिन्न स्थानबाट भक्तजनहरु कालिरोटि प्रसाद लिन आउनुहुन्छ। यसका अतिरिक्त खीचडी भण्डारा, नागा निर्वाण पर्वपूजा, बडादशैं पूजा (घटस्थापनादेखि दशमीसम्म), लक्ष्मीपूजा, महाशिवरात्रि, होली पूर्णिमा चीर दाह, गोरक्ष जयन्ती, (देव ध्वजारोहण पर्व) अक्षय तृतिया, कृष्ण जन्माष्टमी, धर्मजागरण लगायतका पर्वहरु पर्छन्।

वि. सं. २०७६ अक्षय तृतीयामा पुनः आरम्भ भएको श्री गोरखनाथ वैदिक गुरुकुलमा अहिले दैनिक अखण्ड रुपमा बटुक तथा कन्याहरुबाट रुद्राभिषेक भइरहेको छ। त्यसको साथमा बटुक, कन्या तथा अन्य संस्कृत भाषा पढ्न चाहने जो कोहि महानुभावले पनि अध्ययन गर्न सक्नु हुनेछ। अहिले बिहानी कक्षाका रुपमा संस्कृत भाषा, व्याकरण, रुद्री लगायत अन्य वैदिक दर्शनहरु अध्यापन भई रहेको छ।

ॐ आदेश ! ॐ आदेश !! ॐ आदेश !!!

[illegible]

गोरक्ष-पात्रदेवता-सिद्धरत्ननाथ मठ

रत्नपुर चौघेरा, दाङ, फोन नं. ०८२-५६०५८४

CC-0. Nepal Sanskrit Academy, Kathmandu

CC-0. Nepal Sanskrit Academy, Kathmandu

गोरक्षपात्र देवता सिद्धरत्ननाथ मन्दिर

गोरक्षपात्र देवता रत्ननाथ मन्दिरलाई पुरानै शैलीमा पुनः निर्माण गर्दै

भैरवनाथ मन्दिर

पञ्चस्थल (दलिचा)

कालसेन भैरव मन्दिर

गोरक्षनाथ नवनाथ मन्दिर

ऐतिहासिक रत्नेश्वर महादेव

गुरुकुल योगी नरसिंहनाथद्वारा कोटि हवन गरिएको गोरक्षरत्ननाथ पाठशाला

सिद्ध बैजनाथ जिवित समाधि

गोरक्षरत्ननाथ पुस्तकालय

प्रभात चित्रालय

CC-0. Nepal Sanskrit Academy, Kathmandu

## परिशिष्ट चार
## चौरासी सिद्ध र तिनीहरूसित सम्बद्ध योगासनहरू

मंजुनाथ

सनकनाथ

सनन्दननाथ

सनातननाथ

सनत्कुमारनाथ

नारदनाथ



कर्मनाथ

रेवणनाथ

CC-0. Nepal Sanskrit Academy, Kathmandu

कनकाई

तुपकाई

कृष्णपाद

गोविन्दनाथ

वालगुदाई

वीरवंकनाथ

सांगनाथ

बुद्धनाथ

CC-0. Nepal Sanskrit Academy, Kathmandu

विभाण्डनाथ

वनखडीनाथ

मण्डपनाथ

भग्नभांडनाथ

धुर्मनाथ

गिरिवरनाथ



सरस्वतीनाथ

प्रभुनाथ

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पिपलनाथ



रत्ननाथ

संसारनाथ



भगवन्तनाथ



उपन्तनाथ

चन्दननाथ

तारानाथ

खार्पूनाथ

CC-0. Nepal Sanskrit Academy, Kathmandu



खेचरनाथ

छायानाथ

रारंभनाथ

नागार्जुननाथ

सिद्ध गोरीया

मनोमहेशनाथ



श्रवणनाथ



बालकनाथ

CC-0. Nepal Sanskrit Academy, Kathmandu

शुद्धनाथ

कायानाथ

सवाईपाद

भावनाथ

पाणिनाथ

वीरनाथ

तुकनाथ

ब्रह्मनाथ

CC-0. Nepal Sanskrit Academy, Kathmandu

शीलनाथ

शिवनाथ

ज्वालानाथ

नागनाथ

गम्भीरनाथ

सुन्दरनाथ

अमृतनाथ



चिडियानाथ

CC-0. Nepal Sanskrit Academy, Kathmandu

गेलारावल

जोगरावल

मलिकानाथ

मल्लीनाथ

रामनाथ

आम्रनाथ

गहिनीनाथ

ज्ञाननाथ

CC-0. Nepal Sanskrit Academy, Kathmandu

मुक्तानाथ

विरूपाक्षनाथ

अडवंगनाथ



धीरजनाथ

घोडाचोली

पृथ्वीनाथ

हंसनाथ

गैवीनाथ

CC-0. Nepal Sanskrit Academy, Kathmandu

सिद्ध चर्तपनाथ

कपिलनाथ

गंगानाथ

बिचारनाथ

जालन्धरनाथ

श्रृगारीपाद

लोहीपाद

पुण्यपाद

**(स्रोत धमला २०७४: २९८-३०७)**

CC-0. Nepal Sanskrit Academy, Kathmandu



CC-0. Nepal Sanskrit Academy, Kathmandu

## परिशिष्ट ५

### (क) नेपालमा चक्रपूजा हुने ७२ स्थानहरूको विवरण

| | | | | |
|---|---|---|---|---|
| कुमारीचोक | काष्ठमण्डप | बाङ्गेमुढा | इन्द्रचोक | असन |
| हाडीगाउँ | देउपाटन | बाडेगाउँ | चापागाउँ | पाटन |
| ठैव | भादगाउँ | लुभु | बनेपा | साँखु |
| कीर्तिपुर | पनौती | फर्पिङ | खोकना | मृगस्थली |
| गोकर्ण | हलचोक | कुन्छ्रा | पालुङ | टिस्टुङ |
| पसिखेल | थेचो | ढलगाउँ | दहचोक | फूटू |
| ठिमी | चोभार | टोखा | कोडवु | धर्मस्थली |
| इन्द्रपंगु | कागनीगाउँ | मधुर | खड्पु | शंखु |
| चपलीगाउँ | चौकोट | गैगाउँ | किसिपिढी | मच्छेगाउँ |
| चित्तपोल | पाँगा | कमुगाउँ | बोडे | साँगा |
| भमरकोट | ग्ला | बुलु | कपन | चाँगु |
| थानकोट | सतंगोल | जीतपुर | नकदेश | धर्मपुर |
| सानागाउँ | लेले (रिङापुर) | बुडमती | सुनाकोठी | हरिसिद्धि |
| धुलिखेल | बालागाउँ | दथुगाउँ | बलम्बु | फूलचोकी |
| ल्हासा (तिब्बत) | पेकिङ (चीन) | | | |
| १५ | १५ | १४ | १४ | १४= ७२ स्थान |

*(स्रोत ज्ञवाली २०७६: २६८, थापा (आत्रेय) २०६२:८३-८४)*

### (ख) २७ स्थानमा हुने चक्रपूजाको विवरण

| | | |
|---|---|---|
| ठैव गाउँमा फागुन शुक्लपक्ष | श्रीपशुपतिनाथ फागुन कृष्णपक्ष | श्रीमत्स्येन्द्रनाथ, असन, चैत्र शुक्लपक्ष |
| चापागाउँ चैत्र शुक्लपक्ष | इन्द्रचोक चैत्र शुक्लपक्ष | हाँडीगाउँ वैशाख कृष्णपक्ष |
| साँखुमाईमा वैशाख कृष्णपक्ष | भक्तपुरमा वैशाखको बिस्केटपर्वमा | पाटन मत्स्येन्द्रनाथमा वैशाख कृष्णपक्ष |
| कीर्तिपुर श्रीबाघभैरव, वैशाख शुक्लपक्ष | लुभु महालक्ष्मीस्थानमा वैशाख शुक्लपक्ष | बनेपा श्रीचण्डेश्वरीमा वैशाख शुक्लपक्ष |

CC-0. Nepal Sanskrit Academy, Kathmandu

| | | |
|---|---|---|
| पनौती श्री भैरवमा जेठ शुक्लपक्ष | श्री वागीश्वरी वैद्य असार कृष्णपक्षं | इन्द्रचोकमा तस्मै भण्डारा असार कृष्णपक्ष |
| बाँडेगाउँमा भाद्र कृष्णपक्ष | बाङ्गेमुढामा श्रीनारायणमा भाद्र कृष्णपक्ष | काष्ठमण्डप मन्दिरमा भाद्र कृष्णपक्षमा |
| द्यौपाटनको धोबीटोलमा भाद्र कृष्णपक्ष | गोकर्णेश्वर वासुकिमा भाद्र कृष्णपक्ष | काठमाडौं मरुसत्तलमा भाद्र कृष्णपक्ष |
| श्री गद्दीबैठकमा आश्विन कृष्णपक्ष | दक्षिणकाली फर्पिङ्मा आश्विन कृष्णपक्ष | पाटन धुँ बहालमा आश्विन कृष्णपक्ष |
| खोकना श्रीकालीमा आश्विन शुक्लपक्ष | मृगस्थली अखाडामा मार्ग कृष्णपक्ष | इन्द्रचोकमा झण्डा फेर्ने, रोट प्रसाद चढाउने माघ शुक्लपक्ष |

*(स्रोत ज्ञवाली २०७६: २६८, थापा (आत्रेय) २०६२:८३-८४, लेखकद्वयले विश्वनाथ योगीबाट प्राप्त)*

CC-0. Nepal Sanskrit Academy, Kathmandu

CC-0. Nepal Sanskrit Academy, Kathmandu

नेपाल प्रज्ञा-प्रतिष्ठान

9 789937 781015